# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २८ असार २०८०

# बिहीवार

# बैठक सङ्ख्या- २७

राष्ट्रिय सभाको आजको बैठक सम्मानननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १०:०१ बजे प्रारम्भ भयो ।

(१०:०३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई एक/एक मिनेटको समय निर्धारण गरेको छ ।

माननीय अनिता देवकोटा ।

(१०:०४ बजे) **माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, विगतमा दाङ जिल्लामा डेङ्गुका बिरामीहरू रहेका कुरा सर्वविदितै छ । नेपाल सरकार स्वास्थ्य मन्त्रालयले listing गर्ने बेला दाङ जिल्ला डेङ्गु प्रभावित जिल्लाका रूपमा listing हुन सकेको छैन । के आधारमा छुट्न गयो? के आधारमा listing गरियो? म यो सम्बन्धित निकायलाई सोध्न चाहन्छु । तसर्थ दाङ जिल्लालाई पनि डेङ्गु प्रभावित जिल्लाका रूपमा सूचीकृत गरी डेङ्गु नियन्त्रण, रोकथाम र उपाय र साधनका लागि कार्यक्रमहरू समावेश गर्न, सञ्चालन गर्न नेपाल

सरकार स्वास्थ्य मन्त्रालयलाई, सम्बन्धित निकायलाई सम्मानित सभाका माध्यमबाट ध्यानाकर्षण गराउँछु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्ष**:- माननीय ईन्दु कडरिया ।

(१०:०५ बजे) **माननीय श्री ईन्दु कडरिया (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, धेरै जसो स्वास्थ्य क्षेत्रहरूमा यतिबेला जनशक्ति र स्वास्थ्य उपक्रमणहरूको अभाव छ भनेको सुनिएको छ । सरकारले प्राविधिक र छिट्टै रोजगारीको सम्भावना भएको विषय अध्ययन अध्यापन गरेर नर्सिङ कलेजहरूलाई एक सय शैयाका अस्पताल अनिवार्य बनाउँदै दर्जनौं नर्सिङ कलेजहरूलाई बन्द गर्न बाध्य पारिएको भनेर सुनिएको छ । बन्द गर्दै बोडरमा भएका नर्सिङ कलेजहरूलाई बन्दै गर्दै बोडरमा खोलेका कलेजहरूले जान शैक्षिक माफियाहरूले नै प्रेरित गरेको पनि भनेको सुनिएको छ । यो महत्त्वपूर्ण विषयमा सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण होस् भन्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय कुमार दसौंदी ।

(१०:०५ बजे) **माननीय श्री कुमार दसौंदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- अध्यक्ष महोदय, यो महङ्गीले चैं जनतालाई आहत बनाएको छ । हरेक चिजको मूल्यवृद्धि भ'को छ । तर मूल्यवृद्धिलाई नियन्त्रण गर्ने सरकारको योजना, कार्यक्रम केही देखिँदैन । यसका बाबजुद स्वयम् सरकारले सञ्चालन गरेको नेपाल आयल निगमले झन्डै १५ दिनमा सवा अरब मुनाफा गर्छ तर सरकारले त्यो पेट्रोलियम पदार्थको मूल्य घटाएर जनतालाई राहत दिने कुरामा कुनै सोच पनि छैन, चिन्तन पनि छैन । यो सरकारको काम भनेकै जनतालाई दुःख दिने, आहत दिने हो कि जनतालाई राहत दिने हो? राहत दिने हो भने तत्काल स्वचालित मूल्यबाट स्वचालित ढङ्गले मूल्य कायम गर्ने कुरा गरियोस् र यो बढेको मूल्य समायोजन गरियोस् भन्ने माग गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय खिमलाल देवकोटा ।

(१०:०६ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, संविधानले प्राकृतिक स्रोत साधनको उपयोगलगायतमा स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिएको छ । स्थानीय तहको सम्बन्धमा आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कानुन बनाउने, कर सङ्कलन गर्नेलगायतको अधिकार स्थानीय तहलाई छ । यो विषय स्थानीय सरकार सञ्चालन ऐनमा समेत लिपिबद्ध छ । तर अन्नपूर्ण संरक्षण आयोजना ACAP ले स्थानीय तहका विकास निर्माणलगायतका काममा व्यवधान सिर्जना गरेको भन्ने व्यापक गुनासो छ । यस्तै गुनासो गण्डकी सरकारको पनि छ ।

वन तथा भूसंरक्षण मन्त्रालयको २०७१ फागुन २५ को राजपत्रमा प्रकाशित सूचनाअनुसार ACAP स्थानीय समुदायलाई हस्तान्तरण गर्ने भन्ने छ । तर हालसम्म पनि हस्तान्तरण नभएकोमा प्रभावित क्षेत्रका समुदाय, स्थानीय सरकार आन्दोलित छन्, आक्रोशित छन् । यो समस्याको समाधानमा सरकारको विशेष पहलकदमीका लागि अनुरोध छ । ACAP जस्तै देशभर संरक्षण आयोजनाको नाममा स्थानीय समुदाय, स्थानीय सरकार प्रताडित छन् । पञ्चायतकालीन कानुनलाई टेकेर नागरिकलाई दुःख दिने काम नगरियोस् । पुराना ऐन कानुनलाई संविधानको भावनाअनुसार समेत सुधार गरियोस् । ACAP कै सम्बन्धमा माछापुच्छ्रे गाउँपालिका ...... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय दीपा गुरुङ्ग ।

(१०:०७ बजे) **माननीय श्री दीपा गुरुङ्ग (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम हिजो प्रधानमन्त्री पुष्पकमल दाहालज्यूको जीवन सङ्गिनी कम्रेड सीता दाहाल असामयिक निधनप्रति श्रद्धा सुमन व्यक्त गर्दै शोकाकुल परिवारप्रति समवेदना दिन चाहन्छु ।

अध्यक्ष महोदय, असारको बर्खे झरीले लम्जुङको थुप्रै ठाउँमा बाढी पहिरो धनजनको क्षति भएको साथै देशको थुप्रै ठाउँमा बाढी पहिरो धनजनको क्षति भएको छ । यसमा सरकारको ध्यान पुगेको छैन । त्यसैले यस्तो दुःखद घटनालाई सरकारले व्यवस्थित ढङ्गबाट राहत सहुलियतका साथै स्थानान्तरण गर्ने उचित बसोबासको व्यवस्था मिलाउनको निम्ति अध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

(१०:०८ बजे) **माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, हरेक वर्ष सडक सञ्जालमा जोडिने आशामा बसेका हुम्लेली जनता १७ वर्षदेखिको आशा यस वर्ष पनि पूरा हुन सकेन । आगामी आर्थिक वर्ष ०८०/०८१ मा जसरी पनि हुम्ला सदरमुकाम राष्ट्रिय सडक सञ्जालमा जोड्ने गरी बजेटको सुनिश्चितता आयोजनाको पूर्णता हुने व्यवस्था मिलाउन सरकारसँग जोडदार माग गर्दछु । उत्तर- दक्षिण कर्णाली कोरिडोरअन्तर्गत सो सडक लालीबगर दुल्लीकुना सडक खण्डको ट्र्याक खोल्ने काम हाल नेपाली सेनाले गरिरहेको छ । कडा चटान र पहाडी खण्ड भएकोले अत्यन्तै जोखिमपूर्ण पनि छ । जोखिम मोलेर सेनाले काम गरिरहेको छ । खर्च कटौतीको नाममा जोखिममा काम गरिरहेका सेनाको जोखिम भत्ता काटेर सरकारले अन्याय गरेको छ । त्यस्तो ठाउँमा जोखिम भत्ता नकाट्न उच्च मनोबलका साथ तीव्र रूपमा काम गर्ने वातावरण मिलाउन सरकारको ध्यानाकर्षण गराउँछु । साथै सो सडक आयोजनमा काम गर्ने स्थानीय श्रमिकहरूलाई पारिश्रमिक दैनिक नगदमै भुक्तानी दिने व्यवस्था मिलाउन सम्बन्धित पक्षलाई अनुरोध गर्दछु ।

Lumpy skin रोगबाट ठूलो सङ्ख्यामा पशु चौपायको रोग मरेको छ । अझै महामारीको रूपमा नै रहेको छ । खोप व्यवस्थापनमा सरकार चुकेको छ । पीडित किसान आन्दोलनमा छन् । तत्काल खोपको व्यवस्थापन गरेर पीडित किसानलाई तत्काल राहतको व्यवस्था मिलाउन माग गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय भैरव सुन्दर श्रेष्ठ ।

(१०:०९ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, यो जाजरकोट जिल्लामा रहेको नलसिंह गाड हाइड्रोपावरको ...... आको रूपमा त्यहाँ एउटा मोटरेवल पुल नलगाड नगरपालिकाभित्रै बनिरहेको छ । त २०७२ सालमा ठेक्का सम्झौता भएर २०७४ सालमा सम्पन्न गरिसक्नुपर्ने आयोजना अहिलेसम्म त्यो पुल सम्पन्न नभएर चैं जनतालाई आउजाउमा निकै अप्ठ्यारो, निकै समस्या परिरहेको छ । र के सुनिन्छ भन्दाखेरि त्यो ठेक्का सम्झौता गर्ने ठेकेदारले उल्टै आयोजनाको नाममा र मन्त्रालयको नाममा मुद्दा पुनरावेदन अदालत, उच्च अदालत पाटनमा मुद्दा दिएको छ भन्ने कुरा सुनिएको छ । यो मन्त्रालय र आयोजना चैं त्यो ठेक्का सम्झौता गर्ने ठेकेदारको मिलोमत्तोमा यस्तो भएको भए वा

मन्त्रालय यसको बारेमा के छ? या त मन्त्रालयले यस्तो खालको चैं जसले ठेक्का लिन्छ त्यसले नै फेरि मन्त्रालयको नाममा, यो आयोजनाको नाममा मुद्दा हाल्नुपर्ने परम्पराको विकास गरेको हो कि के हो? म प्रष्ट हुन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय महेश कुमार महरा ।

(१०:१० बजे) **<u>माननीय श्री महेश कुमार महरा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, २०७२ साल साउन महिनाको अविरल वर्षाका कारण डडेल्धुरा जिल्लाको आलिताल गाउँपालिकाको वडा नम्बर ७ मा पर्ने बलौचा, ओबा र खिन्नेभाडी चैं त्यो गाउँहरू भासिएर, जसमा ४५ घरहरू पूर्ण रूपमा विस्थापित भए भने केही अरू पनि विस्थापित भएका छन् । यो कुरालाई मैले यो पटक पटक सदनमा उठाएँ । आजसम्म कुनै सुनुवाइ भएन । र आजको कुनै ती समुदाय जङ्गलमा त्रिपालमुनि बसिरहेका छन् । किन यो सरकार चैं बेखबर भएको छ? म फेरि सम्माननीय अध्यक्ष महोदयमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । यो वर्षा, यो झरीमा पनि ती समुदाय वनका भित्र त्रिपालमुनि बसिरहेका छन् । यथाशीघ्र चैं यो समस्या हल गरियोस् भनेर म अध्यक्ष महोदय मार्फत सरकारको ध्यानाकर्षण गराउँछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सिंग वहादुर विश्वकर्मा ।

(१०:११ बजे) **<u>माननीय श्री सिंग वहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, यतिखेर खेतीको मुख्य सिजन किसानहरूलाई धान रोपाइँ गर्न भ्याइनभ्याइ छ । तर बालीका लागि चाहिने मल नपाएर हैरान छन् । यता कृषि सामग्री कम्पनी लिमिटेडमार्फत जेठ महिनादेखि भित्रिएको ३५ सय टन निर्यात मल जाँचपास गरेर लानुपर्नेमा आयातकर्ता र सरकार दुवैको लापर्बाहीले कागजी प्रक्रिया र सिफारिस पत्र पेस नहुँदा डेढ महिनादेखि तातोपानी भन्सार ......मा थन्किएको छ । गत वर्ष पनि ५ महिना भन्सारमै थन्किएको थियो । तत् सम्बन्धमा सम्बन्धित मन्त्रालय र निकायको ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

(१०:११ बजे) **सम्मानननीय अध्यक्ष**:- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त विनियोजन विधेयक, २०८० अन्तर्गत विभिन्न निकायहरूसँग सम्बन्धित विनियोजन शीर्षक र माथिको छलफलका क्रममा उठेका प्रश्नहरूको सम्बन्धित मन्त्रीले जवाफ दिने क्रम प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउदलाई परराष्ट्र मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१०:१२ बजे) **माननीय परराष्ट्र मन्त्री श्री नारायण प्रकाश साउद**:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभामा विनियोजन विधेयक, २०८० अन्तर्गत परराष्ट्र मन्त्रालय मातहतका निकायहरूको लागि विनियोजन गरिएको बजेट तथा कार्यक्रमउपर भएको छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनुभएका विभिन्न विषयहरू तथा राख्नुभएका जिज्ञासाहरूका सन्दर्भमा आफ्नो धारणा राख्न चाहन्छु ।

यो सम्मानित सदनमा माननीय विमला पौडयाल राई, माननीय जितेन्द्र देव र माननीय रमेशजंग रायमाझीले परराष्ट्र मन्त्रालयका सन्दर्भमा पनि गम्भीर किसिमले विभिन्न मुद्दाहरू चाहिँ उठाउनुभ'को थियो । उहाँहरूलाई यसमा भाग लिनुभ'कोमा म आफ्नोतर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । परराष्ट्र नीति, नेपालको असंलग्न परराष्ट्र नीतिबाट नेपाल विचलित भएको हो कि भन्ने सन्दर्भमा पनि चाहिँ यहाँ कुरा उठेको थियो । परराष्ट्र नीति सञ्चालनका मूलभूत आधार नेपालको संविधानले निर्दिष्ट गरेको छ । र असंलग्नताका ती आधारहरूमध्ये एक प्रमुख आधार असंलग्नता ती आधारहरूमध्ये प्रमुख आधार रहि आएको छ । नेपालको सार्वभौमिक समानता पारस्परिक सम्मान र लाभका आधारमा छिमेकीलगायत अन्य मुलुकसँग सम्बन्धलाई सुदृढ र विस्तार गर्दै आएको छ । गुण र दोषका आधारमा अन्तर्राष्ट्रिय मुद्दामा स्वतन्त्र धारणा बनाउने, मतदान गर्ने तथा अन्तर्राष्ट्रिय सम्बन्धलाई न्यायपूर्ण, निष्पक्ष, उत्तरदायी र सहयोगात्मक बनाउने दिशामा नेपालको कूटनीति प्रयास उन्मुख छ ।

नेपालको स्वतन्त्र, सन्तुलित, निष्पक्ष र वस्तुनिष्ट दृष्टकोणका कारण विश्व जगतमा विश्वसनीयता र सम्मान आर्जन हुन सकेको छ । हालै मात्र पनि ३ देखि ६ July 2023 मा अजरबैजानको बाकुमा सम्पन्न None Alignment Movement को मन्त्रीस्तरीय बैठकमा भाग लिएर

म गत हप्ता मात्र स्वदेश फर्केको छु । उक्त बैठकलाई सम्बोधन गर्ने क्रममा मैले बदलिँदो अन्तर्राष्ट्रिय परिवेशमा असंलग्न आन्दोलनको सान्दर्भिकता र महत्त्वलाई थप उजागर गर्न सहकार्य गर्ने नेपाल सरकारको प्रतिबद्धता व्यक्त गरेको थिए । साथै हालको विश्वका जल्दाबल्दा राजनीतिक तथा आर्थिक मुद्दाको समाधानका लागि असंलग्न आन्दोलनमा आबद्ध सदस्य राष्ट्रको ऐक्यबद्धता र सहकार्यमा जोड दिएको थिए । तसर्थ असंलग्न परराष्ट्र नीतिको अवलम्बनतर्फ नेपालको प्रतिबद्धता अटुट रहेको स्पष्ट पार्न चाहन्छु ।

नेपाल सरकारबाट २०७७ कार्तिक ७ मा स्वीकृत परराष्ट्र नीति २०७७ को सोही वर्षको मङ्सिर महिनामा परराष्ट्र मन्त्रालयले सार्वजनिक गरेको र सोको प्रति मन्त्रालयको Website मा समेत उपलब्ध रहेको छ । परराष्ट्र नीति २०७७ का सम्बन्धमा नीति अध्ययन प्रतिष्ठानबाट मन्त्रालयलाई पृष्ठपोषण प्राप्त भएको छ । परराष्ट्र नीति २०७७ मा उल्लेख भएको व्यवस्थाबमोजिम नेपाल सरकारले आवश्यकताअनुसार SDT को पुनरावलोकन वा परिमार्जन गर्दै आवश्यकता अनुरुप नयाँ निर्माण गर्नेछ । BRI सम्झौता अनुरूप कार्यान्वयन नभ'को सम्बन्धमा नेपाल र चीन बिच २०१७ मा BRI सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भ'को हो । सोहीअनुसार दुई देशको बिच BRI कार्यान्वयन योजनामा छलफल जारी रहेको छ । चीनका तत्कालीन State Counsellor एवम् परराष्ट्रमन्त्री वान ई यो मार्चकको March २०२०/०२२ मा सम्पन्न नेपाल भ्रमणमा हस्ताक्षर भएअनुसार केरुङ-काठमाडौं रेल्वेको सम्भाव्यता अध्ययन तथा दुई देशबिच अन्तरदेशीय विद्युत् प्रसारण लाइनको सम्भाव्यता अध्ययन भइरहेको छ ।

राजदूत नियुक्तिका सम्बन्धमाः हाल स्थायी नियोग, New York तथा Geneva, Canada, France, Thailand, UAE र Kuwait गरी सात स्थानमा राजदूत पद रित्त रहेको छ। राजदूतको नियुक्ति, नियुक्तिमा नेपाल सरकारले परराष्ट्रभित्रबाट ५० प्रतिशत र परराष्ट्र बाहिरबाट ५० प्रतिशत गर्ने हाम्रो कार्यविधिको प्रावधान छ । र सोही कार्यविधिअनुसार नियुक्त गर्ने सम्बन्धमा उच्च तहमा छलफल भइरहेको छ । र यो प्रक्रिया अब तत्कालै टुङ्गिनेछ भन्ने म विश्वास दिलाउन चाहन्छु ।

अध्यक्षज्यूको रसिया भ्रमणका, भ्रमणमा भएका सहमतिका विषयमा परराष्ट्र मन्त्रालयबाट समन्वयन र सहजीकरण नभएको सम्बन्धमा पनि चाहिँ यहाँ प्रश्न उठेको छ । सम्माननीय अध्यक्षज्यूको रसिया भ्रमणका अवसरमा भएका कुराकानीका आधारमा सङ्घीय संसद सचिवालय र पूर्वाधार शिक्षा र स्वास्थ्य मन्त्रालयमबाट परराष्ट्र मन्त्रालयमा पत्राचारहरू प्राप्त भएका छन् । यस विषयमा म आफैंले नेपालको लागि रसियाका राजदूतलाई मन्त्रालयमा बोलाएर ती

प्रस्तावहरूको विषयमा विस्तृत विवरण माग गरेको छु । राजदूतले मस्कोसँग समन्वय गरी थप विवरण उपलब्ध गराउने जानकारी गराउनुभएको छ ।

त्यसैगरी परराष्ट्र मन्त्रालयको सम्बन्धित महाशाखाबाट पनि रसियन राजदूतमा आफ्ना समकक्षीसँग कुरा भइरहेको छ । तसर्थ यस विषयमा हाल रसियन पक्षबाट थप विवरणको प्रतीक्षा भइरहेको अवस्था म स्पष्ट पार्न चाहन्छु ।

नेपाली नियोगको सेवा प्रवाह सम्बन्धमा, विदेशमा रहेका नेपालीहरूको हक, हित र सुरक्षाप्रति संवेदनशील हुनेतर्फ नेपाली राजदूत तथा नियोग प्रमुखहरूलाई अभिमुखीकरण गरिएको छ । विदेशमा अप्ठ्यारोमा परेका नेपालीहरूको उद्धार एवम् आवश्यकताअनुसार नेपाली फर्कन सहजीकरण गर्ने कार्यलाई नियोगले उच्च प्राथमिकतामा राखेका छन् । विदेशमा रहेका नेपालीहरूको हक, हितको सुरक्षा गर्न र आवश्यक सहयोग उपलब्ध गराउन विदेशस्थित नेपाली नियोगहरूको भूमिकालाई थप प्रभावकारी बनाउन परराष्ट्र मन्त्रालय प्रतिबद्ध रहेको छ । केही नियोगहरूमा अन्य टेलिफोन सेवाका अतिरिक्त हटलाइन सेवा सञ्चालनमा ल्याइएको छ । यसलाई क्रमशः साधनस्रोत सम्पन्न तुल्याउँदै विस्तार गर्दै लगिनेछ । यसका अलावा नियोगहरूले Website, दूतावासबाट समय सयममा जारी हुने तथा फेसबुक पेज जस्ता सामाजिक सञ्जालमार्फत सम्पर्कको व्यवस्था मिलाइएका छन् । नियोगहरूलाई नेपाली नागरिकको समस्या सम्बोधनका लागि आवश्यक जनशक्ति तथा साधनस्रोत सम्पन्न तुल्याउने कार्यलाई प्राथमिकतामा राखिएको छ ।

तर माननीय सांसदज्यूहरू संसार चाहिँ विभिन्न time zone मा बाँडिएको छ । कहिले काहीँ हामीले फोन गर्ने ठाउँमा रात परेको हुन्छ, कहिले विहान हुन्छ, कहिले सुतिराख्या हुन्छ । सीमित मान्छे मात्रै हाम्रो ती देशको राजदूत, राजदूतावासमा काम गरिरहेको अवस्था हुन्छ । यस्तो अवस्थामा कहिले काहीँ चाहिँ त्यहाँको Time Zone अनुसार यहाँबाट चाहिँ फोन गयो भने सजिलो हुन्छ । हुन त हामी २४ औं घण्टा सेवा उपलब्ध गराउने प्रयासमा छौं । त्यसको लागि निर्देशन दिएको छ । तर मान्छेहरूको सीमितताले हामीसँग चाहिँ जनशक्तिको सीमितताले केही समस्याहरू रहेको कुरा म स्पष्ट गर्न चाहन्छु ।

यसको सँगसँगै माननीय सांसदहरूले सम्मानित सदनमा व्यक्त गर्नुभएका विचारहरूलाई सरकारले मार्ग निर्देशनमा, मार्ग निर्देशनको रूपमा लिइँदै आएको कुरा स्पष्ट गर्न चाहन्छु । तर विभिन्न देशहरूसँगको हाम्रो सम्बन्ध देशको प्रतिरक्षा, सुरक्षा र सेना जस्तो विषयमा बेल्दा संवेदनशील र संयमता अपनाउन म सबै सांसद माननीयज्यूहरूलाई विनम्रतापूर्वक आग्रह गर्न चाहन्छु ।

असंलग्न परराष्ट्र नीति र नीतिको विषय नेपालका लागि धेरै लामो समयदेखि अभ्यास हुँदै आएको विषय हो । त्यसकारण असंलग्न परराष्ट्र नीति नेपालले अपनाउँदै आएको छ । यो कुरा म पुनः स्पष्ट गर्न चाहन्छु । र यसको सँगसँगै हाम्रो सबै देशसँग सुमधुर सम्बन्ध रहेको कुरा पनि म स्पष्ट गर्न चाहन्छु । नेपाली सेना United, संयुक्त राष्ट्रसङ्घको मिसनअन्तर्गत विश्वमा शान्ति स्थापनाका लागि निरन्तर क्रियाशील रहेको कुरा पनि म स्पष्ट गर्न चाहन्छु । र नेपालको सेना देशको प्रतिरक्षा गर्न सक्षम र समर्थिकमा भएको कुरा पनि म स्पष्ट गर्न चाहन्छु । आर्थिक कूटनीतिमा प्रभावकारीताका सन्दर्भमा आर्थिक कूटनीतिको सञ्चालनद्वारा मुलुकको सामाजिक, आर्थिक विकासमा योगदान पुऱ्याउने आर्थिक रूपान्तरण र जनताको समृद्धिका लागि पारस्परिक हित र लाभका आधारमा छिमेकीलगायत विश्वका सबै मित्र राष्ट्रहरूसँगको मैत्रीपूर्ण सम्बन्धलाई थप सुदृढ बनाउने, आपसी सहयोगका क्षेत्रहरू विस्तार गरी सहकारीलाई बढवा दिने, भूपरिवेष्ठित देशको अधिकार सुनिश्चत गर्ने दिशामा वर्तमान सरकारको कूटनीति प्रयासको उन्मुख छ ।

नेपालको परराष्ट्र नीति, वार्षिक नीति तथा कार्यक्रम र बजेट मार्फत अभिव्यक्त राष्ट्रिय विकासका उद्देश्यहरू हासिलका लागि सबल र प्रभावकारी आर्थिक कूटनीतिको सञ्चालन सरकारको प्रमुख प्राथमिकता हो । यस विषयलाई आत्मसात गरी मन्त्रालय र नियोगबाट सञ्चालित हुने आर्थिक कूटनीतिका कार्यक्रमलाई थप प्रभावकारी बनाउने प्रयास भइरहेको छ । यस्ता कार्यक्रमहरूमा आर्थिक कूटनीतिसँग सम्बन्धित विषयगत निकास, निजी क्षेत्र र गैरआवासीय नेपालीहरूसँगको समन्वय र सहकार्यलाई थप मजबुत र प्रभावकारी बनाइएको छ ।

पर्यटन, निर्यात र लगानीका क्षेत्रमा विभिन्न प्रदेशमा रहेको सम्भावना र क्षमता पहिचान गर्ने प्रयास गरिएको छ । आर्थिक कूटनीतिका कार्यक्रमलाई नेपाल सरकारको व्यापारघाटा न्यूनीकरण योजनासँग समेत तादात्म्य हुने गरी तथा समग्र आर्थिक, सामाजिक विकासमा टेवा पुग्ने गरी अगाडि बढाउने गरी समन्वयात्मक ढङ्गले कार्यहरू भइरहेका छन् ।

कूटनीति नियोगको पुनरावलोकन सम्बन्धमा, नेपालले विभिन्न मुलुकहरूका नियोगहरू स्थापना गर्दा छिमेकी मुलुकहरू ठूलो सङ्ख्यामा नेपालीहरूको उपस्थित रहेको मुलुकहरू, दुई पक्षीय व्यापार, लगानी, पर्यटनलगायतका आर्थिक सम्बन्धको अवस्था र सम्भाव्यता रहेका मुलुकहरू विभिन्न महादेशमा राजनीतिक, आर्थिक र सामाजिक रूपले महत्त्व राख्ने राष्ट्रहरू तथा भौगोलिक प्रतिनिधित्वका आधारमा आदिका आधारमा नियोगहरू स्थापना भएका छन् । परराष्ट्र नीति सम्बन्धमा विभिन्न समयमा गठन भएका उच्चस्तरीय कार्यदलहरूबाट गरिएका अध्ययनबाट प्राप्त सुझावलाई क्रमशः कार्यान्वयन गर्दै लगिएको छ ।

समावेशिताको विषय, नेपाल सरकारले लिएको समावेशीताको नीतिका फलस्वरूप परराष्ट्र मन्त्रालयको जनशक्ति पनि क्रमशः समावेशी हुँदै गएको छ । भविष्यमा परराष्ट्र मन्त्रालयबाट गठन हुने कार्यदल समिति तथा संवैधानिक नियुक्तिहरूमा समावेशीता देखिने गरी लागु हुँदै जानेछन् ।

विदेशमा मृत्यु भएका शव व्यवस्थापनको सम्बन्धमा, श्रम मन्त्रालयको सन्दर्भ, नेपालीहरूको विदेशमा विविध कारणले हुने मृत्युको सम्बन्धमा उक्त मुलुकको कानुनबमोजिम प्रहरी अनुसन्धान तथा न्यायिक निरुपणमा केही समय लाग्ने भएकोले नेपाली नियोगले शव तत्काल पठाउने अवस्था नहुन सक्दछ । अन्यथा नियोगहरूबाट यस प्रकारका सेवा चौबिसै घण्टा प्राप्त हुन सक्ने गरी व्यवस्था मिलाइएको छ ।

नियोगमा निजी, जिन्सी सामान धुल्याउने सन्दर्भमा, नेपालको सन्दर्भमा यद्यपि लागु हुने कतिपय पुराना ऐन,कानुनहरू, विदेशस्थित नेपाली नियोगहरूको काम कारबाहीको हकमा लागु हुन सक्ने तत्वलाई विचार गरी पुराना ऐन, कानुनलाई क्रमशः परिमार्जन गर्दै लगिएको छ । गत वर्ष जारी भएको विदेशस्थित नेपाली नियोगको कार्यविधि, २०७९ ले विदेशस्थित नेपाली नियोगहरूलाई पुराना सामान धुल्याउने तथा खरिद प्रक्रियामा समेत केही सहज भएको छ ।

पासपोर्ट छपाइका सम्बन्धमा, विदेश जाने नेपालीहरूको सङ्ख्या दिनानुदिन बढी रहेसँगै राहदानीको मागमा निरन्तर वृद्धि भएको छ । हालको नेपाल सरकारको निर्णयबमोजिम तत्काल राहदानी सेवाको निरन्तरता सुनिश्चित गरिएको छ । राहदानी पुस्तिका अभाव हुन नदिन आगामी कम्तिमा पाँच वर्षसम्म माग सम्बोधन हुने गरी Competitive bidding मार्फत खरिद प्रक्रियाअगाडि बढाउने तयारी गरिएको छ ।

अन्त्यमा माननीय सदस्यज्यूहरूबाट प्राप्त रचनात्मक सुझावको लागि हार्दिक आभार प्रकट गर्दै बजेट कटौतीको प्रस्ताव राख्नुहुने माननीय सदस्यहरूलाई आफ्नो प्रस्ताव फिर्ता लिन आग्रह गर्दै म आफ्नो भनाइ समाप्त गर्न चाहन्छु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउदले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय डाक्टर विमला राई पौडयाल ।

(१०:२५ बजे) **माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, पहिलो कुरा त म परराष्ट्र मन्त्रीज्यूलाई हार्दिक आभार व्यक्त गर्न चाहन्छु । धन्यवाद दिन चाहन्छु । धेरै राम्रोसँग उहाँले हाम्रा Concern हरू सुनेर त्यसको राम्रोसँग जवाफ दिनुभा'को छ । धेरै सन्तोषजनक जवाफहरू पनि दिनुभा'को छ । यसका लागि थुप्रैका धन्यवाद दिन चाहन्छु ।

एउटा उत्तर नआ'को विषय भनेको चाहिँ मैले सुनेअनुसार हाम्रो अध्यक्ष, सम्माननीयज्यू सोवियत सङ्घमा गएर फर्किसकेपछि त्यहाँको अध्यक्षज्यूलाई चाहिँ यता निम्तो पठाउने भनेर, भ्रमणको लागि निम्तो पठाउने भनेर एउटा पत्र सभामुखबाट परराष्ट्रमा गएको छ र त्यो अझै पनि त्यहाँबाट Process भा'को छैन भन्ने कुरा चाहिँ सुन्नमा आ'को छ । त्यस्तो के भइराखेको छ? र त्यो किन त्यसरी रोकिएको हो? हामी बोलाउँछौं, बोलाउँदैनौं किनभने उतातिर तयार भएर बस्ने यतातिर नबोलाउने अलि अफठ्यारो हुन्छ कि जस्तो त्यो लाग्छ । त्यसमा जवाफ दिनुपऱ्यो ।

र अर्को चाहिँ यो नियोगको सेवाको सम्बन्धमा चाहिँ Time Zone हेरेरै त्यहाँका मान्छेले फोन गर्ने हुन तर अझै पनि सेवा चाहिँ राम्रो प्रभावकारी हुन सकिरा'को छैन । यसमा अझै ध्यान दिनुपर्छ ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय खिमलाल देवकोटा ।

(१०:२७ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय विमला राईले भने जस्तै रसियाकै मैले एउटा उदाहरण दिन चाहन्छु । हामीले भर्खरै परराष्ट्र मन्त्रीज्यूले हामी, हाम्रो परराष्ट्र नीति असंलग्न छ भन्नुभो' । तर हामीले लेख्दाखेरि, बोल्दाखेरि असंलग्न भन्छौं । तर हामी कुनै शक्ति केन्द्रसँग हामी संलग्न छौं । शक्ति केन्द्रअनुसारको हामी त्यो इशारामा हामी चलिरा'छौं । उदाहरण भनेको रसिया र युक्रेनकै युद्धमा हामी भन्न सक्छौं ।

र भारतले रसिया र युक्रेन युद्धकै सवालमा हामी कुनै पनि हामी रसियासँग हामी सम्बन्ध बिगार्न चाहँदैनौं । हाम्रो पुरानो सम्बन्ध हो भनेर भारतले भन्यो । त्यसको फाइदा हामीले लियौं किनभने त्यो बेलामा संसारभरी पेट्रोलियम पद्धार्थको हाहाकार थियो । त्यो फाइदा हामीले

किनभने भारतसँग हाम्रो पेट्रोलियम पदार्थको आयात हामीले भारतबाट गर्ने हुँदाखेरि हामीले त्यहाँबाट फाइदा लियौं । एउटा यो पाटो त्यो ।

र मैले यहाँ भन्न खोजेको कुरा चाहिँ के हो भने सम्माननीय अध्यक्ष महोदय, अहिले भारतका प्रधानमन्त्री अहिले के रे भारत, अमेरिकाको कँग्रेसमा गएर भाषण गर्नुभो' । सारा सिङ्गो अमेरिकाभरी भारतका प्रधानमन्त्रीको हाई हाई भयो । तर पनि भारत चाहिँ अब हामी होइन म यो विषय किन भन्न ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणको सम्बन्धमा प्रष्ट पार्न माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउदलाई समय उपलब्ध गराउँछु ।

**(१०:२८ बजे) <u>माननीय परराष्ट्र मन्त्री श्री नारायण प्रकाश साउद</u>**ः- सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यूको रसिया भ्रमणको बारेमा मैले उल्लेख गरिसकेको छु । सम्माननीय अध्यक्षज्यूले रसिया भ्रमणको सिलसिलामा त्यहाँका सभामुखलाई आमन्त्रण गर्नुभा'को छ र उहाँले नेपाल भ्रमणको बारेमा चाहिँ तिथि, मिति तोक्ने बारेमा पत्राचार पनि भा'को छ । त्यो सरकारको Consideration भित्र, छलफलभित्र, गृहकार्यभित्र रहेको हुनाले त्यो कुरा सरकारले चाहिँ आवश्यकताअनुसार चाहिँ अगाडि बनाउने कुरा म स्पष्ट गर्न चाहन्छु । र यसको सँगसँगै रसियाका संसद प्रमुखलाई पठाइएको जुन निमन्त्रणा छ, त्यो चाहिँ सम्बन्धित गन्तव्यसम्म पठाइसकिएको बेहोरा पनि म चाहिँ अनुरोध गर्न चाहन्छु ।

रसियासँग हाम्रो सम्बन्ध रहि आएको छ । र हाम्रो सम्बन्ध राम्रो रहिआएको छ । अर्को सांसदजीले सोध्नुभा'थ्यो । त्यसमा सरकार चाहिँ ती सम्बन्धलाई निरन्तरता दिन चाहन्छ । कुनै पनि देशसँग हाम्रो चाहिँ सुमधुर सम्बन्ध छ । र त्यो सम्बन्धलाई हामी निरन्तरता दिन चाहन्छौं र रसियासँगको सम्बन्धलाई पनि हामी सुमधुर किसिमले अगाडि बढाउन चाहन्छौं । धन्यवाद ।

**(१०:३० बजे) <u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, विनियोजन विधेयक आज जति सक्दो छिटो निर्णयमा पुऱ्याउनुपर्ने कुरामा सम्बन्धित माननीय मन्त्रीज्यूहरूको ध्यानाकर्षण

गराउँदछु । माननीय सदस्यहरू, परराष्ट्र मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहन बहादुर बस्नेतलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जावफ दिन समय उपलब्ध गराउँछु ।

(१०:३१ बजे) **माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री श्री मोहन बहादुर बस्नेत**:- सम्माननीय अध्यक्षज्यू, म माननीय स्वास्थ्य मन्त्रालयसँग सम्बन्धित विनियोजन विधेयकमाथिको छलफलमा उठेका विषयहरू र शून्य समयमा उठेका विषयहरूमा केही कुरा चाहिँ यहाँ निवेदन गर्न चाहन्छु ।

शून्य समय र यो विनियोजन विधेयकमाथि छलफलमा कुरा उठाउनुहुने माननीयज्यूहरू क्रमशः गोमा देवी तिमल्सिना, तुल प्रसाद विश्वकर्मा, दुर्गा गुरुङ्ग, नारायण दत्त मिश्र, नारायण प्रसाद दाहाल, भुवन वहादुर सुनार, मदन कुमारी शाह, माननीय सुरेश कुमार आलेमगर, दिल कुमारी रावल थापा, रामचन्द्र राई, भैरव सुन्दर श्रेष्ठ, विमला घिमिरे, तुलसा कुमारी दाहाल, ईन्दु कडरिया, भगवती न्यौपाने, कुमार दसौदी, डाक्टर विमला राई पौडयाल, तारामान स्वांर, दुर्गा गुरुङ्ग, जयन्ती देवी राई, शेखर कुमार सिंह, तुल प्रसाद विश्वकर्मा, नारायण प्रसाद दाहाल, गोपी बहादुर सार्की आछामी, गोपाल बहादुर बस्नेत, सिंग वहादुर विश्वकर्मा, जितेन्द्र नारायण देव, गरिमा देवी तिमल्सिना, विना पोखरेल, मदन कुमारी शाह, नर बहादुर विष्ट, रमेशजंग रायमाझी, देवेन्द्र दाहाल, राधेश्याम पासवान, हरि राम चौधरी ।

सम्माननीय अध्यक्षज्यू, म पहिला उठेका कुराको ठ्याक्कै प्रश्नमा पुग्नुभन्दा अगाडि म स्वास्थ्य मन्त्रालयले अहिले मानव जीवन, मानव सरोकार र आधारभूत स्वास्थ्यसम्बन्धी जोडिएका केही खड्किएका विषयहरूका बारेमा केही कुरा म यहाँ निवेदन गर्न चाहन्छु । माननीय सदस्यज्यूहरूले धेरै कुराहरू उठाउनुभा'को छ । स्वास्थ्य मन्त्रालयको बजेट ४० प्रतिशत कटौती भएर योजना आयोगबाट सिलिङ गएको थियो म आउने बेलामा । र माननीयज्यूहरू सबैको जोड बल र म र मेरो स्टाफहरूले चाहिँ औचित्य पुष्टि गर्दै अर्थमन्त्रालयमा हामीले अहोरात्र खट्दाखेरि यहाँ भनिएको जस्तो ८३ अरब, ९९ करोड बजेट पहिला चाहिँ आएको थियो । पछि हामीले १० अर्ब, ११ करोड बजेट थप्न चाहिँ तपाईं सबैको सहयोगबाट हामी सफल भएका छौं । त्यसका लागि म तपाईंहरू सबैलाई आभार व्यक्त गर्न चाहन्छु सम्माननीय अध्यक्षज्यूसहित सबै माननीयज्यूहरूलाई ।

र दुई/चारओटा कुराहरू यहाँ खड्किने गरेका छन् । हाम्रो संविधानले आधारभूत स्वास्थ्य निःशुल्क उपलब्ध गराउने यो जनताको नैसर्गिक अधिकार हो । मौलिक हक कायम हामीले गरेका छौं । तर अब मैले नढाँटीकन भन्नुपर्छ सबैलाई थाहा छ । कि जे भनेको छ । त्यस्तो हुन सकिरहेको अवस्था छैन । र अहिले स्वास्थ्य मन्त्रालयले बजेट ठुलो सङ्ख्यामा घट्दा पनि अहिले पनि २० प्रतिशत कटौती छ । त्यति हुँदाहुँदै पनि भएको सीमित स्रोत साधन र जुन जुन ठाउँमा लगानी गरेको विषय चाहिँ अलिकता त्ससको रिजल्ट देखिएको छैन । आधारभूत स्वास्थ्य उपचारका लागि त्यो ठाउँमा कटौती गरेर भए पनि आधारभूत स्वास्थ्य निःशुल्क उपलब्ध गराउने विषयमा स्वास्थ्य मन्त्रालयले माननीयज्यूहरू सबैको साथ सहयोगकै कारणले पनि हामी प्रभावकारी ढङ्गबाट अगाडि बढ्या छौं । र मैले केही कुराहरू यहाँ निवेदन गर्नै पर्दछ । कुनै पनि अस्पतालको सम्झौता हुँदा १० प्रतिशत बेडहरू उपचारसहित निःशुल्क दिनुपर्ने प्रावधान छ । तर आजसम्मन दशकौंदेखि यो कुरा सम्भव भएन व्यावहारमा लागु भएन । म स्वास्थ्य मन्त्री भएर आएपछि यसलाई कडाइका साथ लागु गऱ्या छु । र आज चाहिँ हजारौंहजार देशभरिका चाहिँ बिरामीहरूले निःशुल्क उपचार गर्नपाउने अवस्था बनेको छ । यदि त्यो सम्झौताअनुसारले काम भएन भने । सबैको साथ सहयोग लिएर मैले दर्ता खारेजसम्मको प्रक्रियामा नि पुग्न सक्छु भनेर चाहिँ मैले भन्या छु । यो काम सुरु भा' छ । र यो एउटा कुरा मैले निवेदन गर्न चाहें ।

र अर्को चाहिँ देशका सबै संघीय अस्पतालहरू, १६ ओटा अस्पतालहरूमा हामीले अहिलेसम्म ३ हजार ५ सय २३ बेड गरिब निमुखा, विपन्न, असहाय र बेवारिसेका लागि हामीले यो निःशुल्क उपलब्ध गराइसकेका छौं । यसमा चाहिँ बजेट कसरी व्यवस्था हुन सक्छ यत्रो बेड? भन्ने कुराहरू आउन सक्छ । त्यसमा चाहिँ चुस्त दुरुस्त व्यवस्थापन गरेर विकास समिति वा अस्पतालले केही थोरै उनीहरूले पनि हेर्नुपर्ने र जति पुग्दैन यसका लागि यो स्वास्थ्य मन्त्रालयले बेहोर्ने यो सम्झौताअनुसार हामीले आजसम्म मैले फेरि पनि निवेदन गरें । ३ हजार ५ सय २३ बेड हामीले निःशुल्क गरेका छौं । यसले हजारौंहजार विपन्न गरिब नेपाली दाजुभाइ, दिदीबहिनीहरूका लागि बिरामीहरूका लागि ठुलो उपलब्धि भएको छ भनेर म यहाँ निवेदन गर्न पाउँदा मलाई गर्व पनि महसुस हुन्छ । अब यति मात्रै होइन हामीले प्रदेश अस्पताल र स्थानीय अस्पतालमा पनि स्थानीय जनप्रतिनिधिहरू र प्रदेशका चाहिँ मन्त्रीज्यूहरूसँग कुरा गर्न थालेका छौं । बागमती प्रदेश र मधेस प्रदेशले हामी निःशुल्क गर्छौं भनेर मसँग वहाँहरूले केही कुरा राख्नुभा' छ र अरू त्यो क्रममा हामी अहिले जाँदै छौं । र यो १० प्रतिशत मैले अलिकता कुरा क्लियर गर्न जरुरी हुन्छ । यसको मापदण्ड के त भन्ने हुन्छ । मापदण्ड चाहिँ हामी यहाँ सबै

जनप्रतिनिधिहरू छौं । जनताका प्रतिनिधि छौं । र यो मापदण्ड चाहिँ २२ ओटा जिल्लामा यो विपन्नताको कार्ड प्राप्त गरेको छ । ती विपन्नताको कार्ड प्राप्त गरेका हाम्रा दाजुभाइ, दिदीबहिनीहरू वहाँहरूले त्यहाँ त्यो कार्ड देखाएर निःशुल्क पाउने, बाँकीको हकमा स्थानीय वडा कार्यालयहरूले सिफारिस गर्नुपर्ने र स्वास्थ्य मन्त्रालयले समन्वय गर्दिने । अर्को व्यवस्था नभएसम्म यदि यो चाहिँ parliament को चाहे राष्ट्रिय सभा होस् । चाहे व्यवस्था उतापट्टि प्रतिनिधि सभा होस् । चाहे cabinet होस् सबैले सल्लाह दिएर अर्को मापदण्ड बनाउनुपर्छ भन्ने दिन आयो भने त्यसलाई संशोधन गर्न सक्ने गरी अहिलेलाई हालको अर्को व्यवस्था नभएसम्म भनेर यो काम लागु गरेका छौं ।

र अर्को कुरा अहिले एउटा खड्केको विषय भीआईपीहरू, भीभीआईपीहरू किन विदेश जान्छन्? सामान्य रोग उपचार गर्न पनि किन विदेश जाने? किन नेपालमा नगर्ने? किन हाम्रा डाक्टरलाई विश्वास नगर्ने? किन राज्यको पैसा धेरै खर्च गर्ने यो कुरा दशकौंदेखि पार्लियामेन्टमा म जुन बेलादेखि प्रवेश गरेँ यो ठाउँमा । म दशकौं भैसक्यो मैले पनि प्रतिनिधि सभामा प्रवेश गरेको । यो कुराहरू उठिरहेको छ । तर उठिरहेको छ सुनिएर व्यवस्थापन गर्ने कुरा भएन । यसका लागि मैले क्याबिनेटमा पनि सम्माननीय प्रधानमन्त्रीज्यूलगायत मन्त्रीज्यूको उपस्थितिमा मैले निवेदन गरेँ । कि यो अब यसलाई एउटा व्यवस्थापन गर्न पर्‍यो । त्यो व्यवस्थापन गर्ने विषयमा स्वास्थ्य मन्त्रालयले एउटा निर्णय लिएको छ । त्यो निर्णय सम्माननीय अध्यक्षज्यूमार्फत माननीयज्यूहरूसँग म निवेदन गर्न चाहन्छु । त्यो निर्णय के हो भनेदेखि चाहिँ केन्द्रीयस्तरमा अथवा संघीयस्तरमा यो सबै विधाका expert डाक्टरहरू एकदमै विशेषज्ञहरू, विषय विशेषज्ञहरूको टिम बनाएर । एउटा त्यो चाहिँ खडा गर्ने त्यसले प्रदेशस्तरमा पनि त्यसै गरी सातओटा प्रदेशमा खडा गर्ने र कसैलाई पनि उपचार गर्न पर्‍यो, त्यो स्थिति आयो भने सबभन्दा पहिला हामीले त्यो टिम विशेषज्ञहरू कुन रोग हो? भीआईपी अथवा भीभीआईपीमा के रोग हो? अथवा रोग पत्ता लाउनुपर्ने विषय कस्तो symptom देखिएको छ? त्यसका लागि चाहिँ त्यो मेडिकल टिम सशक्त मेडिकल टिम बनाउने र त्यो मेडिकल टिमले चाहिँ यहाँ हामीले treatment अगाडि बढाउने र ती टिमहरूले अब लगायतका मेडिकल association छ । सबैले यो चाहिँ यहाँ हुन सक्दैन । अब विदेश जानपर्छ भन्ने अवस्था आयो भने ठिक छ । होइन भने हामीले नेपाली डाक्टरहरूबाटै नेपाली स्वास्थ्यकर्मीहरूबाटै भीआईपी, भीभीआईपीहरूको उपचार गर्नको लागि स्वास्थ्य मन्त्रालय प्रतिबद्ध रहेको र त्यसका लागि आवश्यक व्यवस्थापन हामीले मिलाइसकेको कुरा पनि म निवेदन गर्न चाहन्छु । र यो मन्त्रालयमा अहिले हुनत, कतिपय बेथितिहरू छन् । यो विषयमा कुरा उठ्या छन् । त्यसलाई सुधार गर्ने क्रममा हामीले धेरै कदमहरू चालेका छौं । मैले

समयको कुरा पनि यहाँ उठेको छ । छोट्करीमा उठेको प्रश्नहरूको जवाफ दिने कुरामा म यहाँ आउन चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, यहाँ कुरा उठेको छ । कि स्वास्थ्य सेवा सही ढङ्गबाट जनताले पाउन सकेनन् । दुर्गम ठाउँहरूमा डाक्टर पुगेनन् । स्वास्थ्यकर्मी पुगेनन् । अब यहाँ चाहिँ बजेट एकदमै अभाव छ । स्वास्थ्य मन्त्रालयमा बजेट कम छ । म धन्यवाद दिन चाहन्छु माननीयज्यूहरूलाई फेरि पनि तपाईंहरूकै बलबुतामा र सहयोगबाट हामीले १० अरब, ११ करोड बढाउन सक्षम भा'का छौं । अझै २० प्रतिशत हाम्रो बजेट प्राप्त भ'को छैन । त्यसमा पनि एउटा गजबको कुरा छ । म ०५८ सालमा स्वास्थ्य राज्यमन्त्री थिएँ । ०५९ सम्म थिएँ । त्यो बेलासम्म सुर्तीजन्य पदार्थमा उठेको पैसा चाहिँ यो स्वास्थ्य मन्त्रालयले प्रयोग गरिरा'को थियो । हामी हिंड्यौं ०६० सालबाट त्यो सुर्तीजन्य पदार्थमा चाहिँ ट्याक्स उठेको पैसा चाहिँ जम्मा ४० करोड स्वास्थ्य मन्त्रालयले पाउँदो रछ । यस्तो विडम्बना छ । यो कुरा मैले धेरै पटक क्याबिनेटमा पनि उठाको छु । तपाईंहरूले सहयोग गर्नुपर्छ । र यो पैसा ६ अरब पैसा छ त्यो पैसा यदि ६ अरब पैसा चाहिँ हामीले प्राप्त गर्नुपर्दछ स्वास्थ्य मन्त्रालयले । त्यो प्राप्त गर्‍यौं भने माननीय सदस्यहरूले उठाउनुभा' छ दरबन्दीहरूका समस्याका बारेमा । यहाँ कुरा उठ्यो कि डडेल्धुरामा सोहृओटा दरबन्दी भा'को डाक्टरहरू भा'को ठाउँमा एक जना छैन । यो कुरा मैले यहाँ सुन्नेबित्तिकै त्यहाँ एउटा भए पनि दरबन्दी कताकतैबाट कटौती गरेर लानका लागि चाहिँ मैले आदेश दिइसक्या छु । त्यो हुँदै छ । अरू डाक्टरहरू चाहिँ हाम्रै एमबीबीएसका छात्रवृत्तिवालाहरू पढाइरा' छौं । यो हाम्रो बिजोग छ । त्यसकारण पैसा यसको लागि विनियोजन छैन । यहाँ नर्सिङ अब म्यानपावरको कुरा उठेको छ । विदेश दलालहरूले लगिरा' छ । हाम्रा बहिनीहरूको त्यहाँ बिजोक भैरा' छ । र यहाँ अहिले चाहिँ अब यो भागको हिसाबले भन्ने हो भने हामीसँग एक चौथाई दरबन्दी पनि छैनन् । म २२ वर्ष अगाडि यो मन्त्रालयमा आउँदा ३३ हजार कर्मचारी थियो । अहिले ३१ हजार रहेछ । तर हामीले स्थानीयस्तरमा त्यत्रा अस्पतालहरू बढाएका छौं । वडास्तरीय रूपमा सम्मन हामीले हाम्रा संरचना पुर्‍या छौं । शिलान्यास सबै गर्‍या छ । उद्घाटन एउटा भा' छैन । त्यस्तो खालको अवस्था छ । विशेष बजेट बेग्लै छुट्याइरहेको अवस्था छैन । त्यो स्थिति सत्य हो । तर त्यति हुँदाहुँदै पनि अहिले सरकारले क्रमश भवनहरू बनेका छन् । यसलाई चाहिँ पेमेन्ट गर्दै जाने । त्यसपछि आएर निर्माणधीन छन् । पेमेन्ट गर्दै जाने र नयाँ बन्न पर्ने बाँकीलाई केही समय रोक्ने हाम्रो बाध्यात्मक अवस्था पनि छ । र त्यति भवन मात्रै बनेर भएन । त्यो भित्र equipment चाहियो । त्यो भित्र स्वास्थ्य जनशक्ति चाहियो । त्यसका लागि दरबन्दी चाहियो । equipment

चाहियो । म अहिले यही equipment का बारेमा पनि केही कुरा उठ्या छन् । स्वास्थ्य मन्त्रालयमा केही बेथितिहरू भएका थिए भनेर । यसलाई चाहिँ कुन कुन ठाउँमा गलत तरिकाले खरिद प्रक्रिया अगाडि बढेको छ । सबैलाई चिठ्ठी लेखेर मैले चाहिँ विभागमा ती सामग्रीहरू थुपार्ने काम गर्दै अहिले नभएका अस्पतालहरूमा वितरण गर्ने काम हामीले गर्‍यौं । यो विषयमा यति कुरा निवेदन गर्न चाहें । र आगामी दिनहरूमा यसमा बेथिति नहोस् भन्नका लागि चाहिँ यो expert हरूको टिमलाई राखेर त्यो छानबिन गरेर मात्रै स्वास्थ्य सामग्री खरिद प्रक्रिया अगाडि बढाउने र त्यसलाई निर्णयमा पुर्‍याउने भनेर अहिले चारओटा अस्पतालमा छानबिन पनि मैले सुरु गराएर तीनटाले चाहिँ लिए । एउटाले चाहिँ अब त्यो लिन पाएको अवस्था छैन । अब हामीले यसलाई पनि अलिकता कोसिस गर्या छौं । थिती बसाल्न र आर्थिक अनुशासन कायम गर्नका लागि ।

अब यहाँ कुरा उठेको थियो । भरतपुर अस्पताल अहिले चाहिँ बिजोक भएर बस्या छ क्यान्सर अस्पताल भनेर त्यहाँ बोर्ड चाहिँ बनाइदिने काम हामीले गरिसक्या छौं । र यो चाँडै यसको समस्या समाधान हुन्छ । गेटा मेडिकल कलेजको बजेटका कुरा उठ्या थिए । यसमा बजेट विनियोजन भैसकेको छ । र यो बसाइसराइ र स्वास्थ्य सेवा अब सबै चाहे त्यो उद्योगधन्दा व्यापार, व्यवसाय, स्वास्थ्य सेवा, शिक्षा यी सबै कुराहरू नहुँदा बस्तीहरू चाहिँ दिन प्रतिदिन सहरी एरियामा चाहिँ स्थानान्तरण भैरहेको अवस्था निश्चित हो । तर हामीले स्वास्थ्य सेवालाई चाहिँ ग्रामीण, ग्रामीणीकरण गर्दै जनताको घरदैलोमा पुर्‍याउने विषयमा वडास्तरसम्म यो व्यवस्था हुँदै गएको र केही कमी कमजोरी चाहिँ केही थोरै equipment र विशेष गरी म्यानपावरको चाहिँ दक्ष जनशक्तिको अभाव हुँदै हो । र म फेरि निवेदन गर्न चाहें । त्यो ६ अरब पैसा यो मन्त्रालयले पाउनेबित्तिकै यसबाट हामी दक्ष जनशक्तिको व्यवस्थापन गर्छौं । यसमा माननीयज्यूहरूको हामीले सहयोगको अपेक्षा गरेका छौं ।

अब यहाँ अहिले भर्खरै पनि उठ्यो । यो दाङमा चाहिँ डेङ्गो प्रभावित जिल्लाको रूपमा यो म अब अफिस गएर यसको बारेमा अब यो तथ्याङ्कहरू हेरेर यसलाई निर्णय गर्ने छु । त्यसपछि आएर यो नर्सिङ कलेजहरू बन्द हुन थाले म्यानपावर पुगिरा' छैन भन्ने विषय यहाँ कुरा उठ्यो । यो विषयमा एउटा गम्भीर विषय के छ भने चिकित्सा शिक्षा विधेयकको कारणबाट अहिले चाहिँ जुन यो paramedics नर्सिङ डाक्टरहरूको उत्पादन हुने हो त्यो कुरा कमजोर भैरहेको छ । दुर्गम जिल्लाहरूमा हामी नयाँ ठाउँहरू खोल्यौं शिक्षाका लागि, स्वास्थ्य सेवा दिनका लागि त्यो ठिक छ । तर भएकाहरूलाई पनि यो जनशक्ति उत्पादन गर्न दिइरहनुपर्ने थियो । त्यो कुरा अप्ठ्यारो भ'को छ । यसलाई चाहिँ व्यापाक रूपमा छलफल बनाएर अर्को नीति निर्माण गरेर नगएसम्म

यो समस्या समाधान गर्न गाह्रो छ । मैले यो कुरा निवेदन गरें । यो अनुगमन, निरीक्षणको कुरा आ'को छ । यसमा हामीले ७७ जिल्लामा अनुगमन र निरीक्षणको प्रभावकारी कदम चाल्ने हिसाबले संयन्त्रहरू निर्माणमा आएपछि गरिसकेका छौं ।

र यो मातृ मृत्यु दरको कुरा उठेको छ । यसमा चाहिँ धेरै प्रगति भ'को छ । माननीयज्यूहरू तर चाहिँ बाल मृत्यु दरको हिसाबले हामीले धेरै अझै गम्भीर हुनुपर्ने अवस्था छ । त्यसका लागि हामीले कार्यक्रमहरू अगाडि सारिरहेको अवस्था छ । यो रामराजा प्रसाद अस्पतालको पनि यहाँ कुरा उठेको थियो । त्यसमा चाहिँ अध्यक्षज्यू विकास समितिका अध्यक्षज्यूले राजीनामा गर्नुभा'को कुरा रहेछ । सायद चुनाव लड्न जानुभा' होला त्यसले अलि अलमल भा' रैछ । यसलाई चाँडै यो विकास समिति बनाएर यसको प्रक्रिया अगाडि बढाउँछौं यो स्वास्थ्य मन्त्रालयको प्राथमिकतामै परेको विषय हो ।

त्यो तिलगंगाले उत्पादन गरेको lens अन्तर्राष्ट्रिय बजारमा ब्रान्ड बनाएर किन मार्केटिङ नगर्ने भन्ने कुरा यहाँ उठेको छ । यो यसको लागि धेरै धेरै धन्यवाद दिन चाहन्छु । एउटा नेपाली डाक्टर, एउटा नेपाली डाक्टरले नेतृत्व गरेको संस्थाले अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति प्राप्त गर्दै मेडलहरू अथवा चाहिँ सम्मानहरू बटुल्दै वहाँ हिँडिरहनुभा'को छ । यसलाई स्वास्थ्य मन्त्रालयले गम्भीरतापूर्वक ध्यानमा राखेर हिजो पनि त्यहाँ अनुदान दिएको छ । यसलाई चाहिँ के गरेर यो ब्रान्डिङका लागि मदत पुग्न सक्छ । त्यसको लागि स्वास्थ्य मन्त्रालय चाहिँ सक्रिय रहन्छ । यो सिक्कल सेलको कुरा उठेको छ । यसका लागि हामीले प्रायोरिटीमा राखेर यसका चाहिँ कुरा उठेका र त्यो symptoms देखेका जिल्लाहरूमा यसको उपचार पद्धतिको लागि स्वास्थ्य मन्त्रालयले आफ्नो व्यवस्था अगाडि बढाइरहेको छ । अब यो दुर्गम ठाउँमा चाहिँ स्वास्थ्यकर्मीहरू पठाएको छैन भन्ने कुरा पटक पटक उठेको छ ।

र सम्माननीय अध्यक्षज्यू, माननीय सदस्यज्यूहरू, यो मन्त्रालयमा म गएपछि यो समस्या अत्यन्तै गम्भीरताका साथ मैले देखें । ८ सय मान्छेहरू स्वास्थ्य मन्त्रालयमा काजमा बसेका छन् । म जस्तै माननीय मन्त्रीज्यूहरूले राख्या हो । त्यसमा अलिकता च्याँखे हानेर अरू कर्मचारीहरूले थप्नुभो' होला बेग्लै कुरा हो । तर नेतृत्व हामी जस्ताले गर्‍या हो । र मैले एक जना पनि ल्या छैन । म यो कुरा म स्पष्टसाथ निवेदन गर्न चाहन्छु । यसलाई कडाइका साथ कदम चालेन भने यो स्वास्थ्य मन्त्रालय सुधार्न सकिने अवस्था छैन । र आजसम्म जेनतेन चलेको थियो । अब चल्नेवाला छैन । त्यसैले म ११ महिना यो मन्त्रालयमा २२ वर्ष अगाडि बसेर यो समस्या त्यही बेलामा पनि बुझ्या थिएँ । म दोस्रो दर्जाको मन्त्री थिएँ । मैले चाहेर पनि धेरै काम त्यो बेलामा गर्न सकिन । अहिले म first man छु । मेरो दायित्व हो । र यहाँ

यो अलि अलि यताउति मिलाए भरमा मिल्नेवाला छैन । यसलाई ठुलो अपरेसन गर्न पर्ने स्थिति छ । किन डडेल्धुरामा १६ जनामा एक जना रहेन? किन यहाँ ट्रमा सेन्टरमा चाहिँ २० जना पुग्ने भन्या ठाउँमा २२ जना चाहिँ अर्थोपेरिकडाक्टर साहबहरू हुनुहुन्छ? सबैलाई राजधानी चाहिया छ । सबै मन्त्रीज्यूको आफन्त पर्छ । सबैले चाहिँ सिफारिस गर्छ । त्यसकारणले यो बेथितिलाई हटाउनका लागि मैले यसमा चाहिँ अत्यन्तै जोखिमताका साथ मैले कदम उठाको छु । र सबै त्यति मात्रै होइन सम्माननीय अध्यक्षज्यू, माननीयज्यूहरू बेथितिसँग कर्मचारी नियुक्ति गरेर यसरी नगैदिएको कारणले गर्दाखेरि यही वर्ष १० महिनादेखि तलब खान पाका थिएनन् स्थायी कर्मचारीहरूले समेत, त्यो म आएपछि मैले निवेदन गरैं । माननीयज्यूहरूले हाउसमा यी विषयहरू उठाउनु पनि भा'को थियो । सदनको दुवै सदनमा र त्यसपछि ९५ करोड पैसा एक मुस्ट ल्याएर यो ..... भने हुन्छ एक किसिमको यस्तो अवस्थाको कर्मचारीलाई तलब खुवा'को छ । राज्यले धान्न सक्छ यो अवस्थामा? र अर्को पल्ट यही छाड्ने हो भने डेढ अरब चाहिन्छ यहाँ । र सङ्घलाई दरबन्दी मान्ने स्थानीय निकायहरूले दरबन्दी दियो । अनि त्यो दरबन्दी चाहिँ फेरि फिर्ता गर्दिने आफूले भर्ना गरिहाल्ने त्यो समाप्त गर्नका लागि मैले हुनत cabinet मा पनि मैले समर्थन पा' छु । मन्त्रीज्यूबाट पनि पा' छु । माननीयज्यूहरूले पनि मलाई भेट्दा भन्नुभा' छ । अरू क्षेत्र पनि भनेको छ । यो बोर्ड decision हो । यो decision लाई कार्यान्वयन गर्न सकेन भने आगामी दिनहरूमा स्वास्थ्य मन्त्रालयले आधारभूत स्वास्थ्य त दिन त परै जाओस् । स्वास्थ्य मन्त्रालय चल्ने स्थिति छैन । मैले धेरै risk मा ल्याछु । फोन आउन थाल्यो, आत्महत्या गर्छु भनेर । सचिवज्यूहरू आँखा तर्काउँछन् । त्यसपछि अब अरू प्रशासनमा थर्काउँछन् । मलाई थाहा छ । त्यो आत्महत्याको कुरा कहाँ बाहिर उठेको छ । त्यो के हो काडमाडौंमा दरबन्दी हुँदाहुँदै त्यो promotion को हिसाबले चाहिँ वहाँले नुवाकोट जान चाहनुभो' नुवाकोट वहाँले इच्छा लागुन्जेल बस्नुभो' । त्यसपछि हामीले यो काज दरबन्दी आआफ्नो स्थानमा मिलाउने किसिमले लाग्न थाल्यौं । लागिसकेपछि वहाँले फेरि के भन्नुभो' भने ट्रमा सेन्टरमै चाहिन्छ मलाई, भएन भने म आत्महत्या गर्छु भनेर मेरो मन्त्रालयमा आएर चाहिँ सचिवज्यूहरू कहाँ आएर कराउन थाले छ । दौडेर वहाँहरू आउनुभो' । आत्महत्या गर्छु भन्छ, अब के गर्ने हजुर भनेर, चाहिँ हाम्रो त एक जना सचिवज्यू महिला पनि हुनुहुन्छ । पुरुष पनि हुनुहुन्छ अर्को । वहाँहरू आत्तिन लाग्नुभो' । मैले भनैं यो सबै नौटङ्की हो, नाटक हो । कडाइका साथ तपाईं प्रस्तुत हुनुस् । यहाँ नै आत्महत्या गर्छु भनेर, मैले म ढाँट्दिन । तपाईं कहाँ गर्छु भनेर म कहाँ पठाइदिनुस्, आत्महत्या गर्न भनैं मैले । त्यो कुरालाई अहिले सामजिक सञ्जालमा अहिले लेखेर चाहिँ मन्त्रीले यसो भन्यो उसो भन्यो यहाँ कुरा उठिरा' छ । र साँच्ची नै त्यो मात्र होइन मलाई चाहिँ धम्क्याउने फोन आउन सक्या छैन एउटा पनि । मेरो स्वकीय

सचिवालयमा धेरै धम्कीहरू आउन थाल्या छ । र यसलाई पार लाएरै छाड्ने हो । सम्माननीय अध्यक्षज्यू मलाई यो सदनको पनि सहयोग चाहिन्छ । यो चिरफार स्वास्थ्य मन्त्रालयले गरेरै छाड्छौं । थिती बसाल्छौं । संविधानलाई कार्यान्वयन गर्छौं । विधानलाई कार्यान्वयन गर्छौं । र आधारभूत स्वास्थ्य सेवा ग्रामीणस्तरसम्म जहाँ जहाँ स्वास्थ्यकर्मीहरूको पहुँच छैन, डाक्टरहरूको पहुँच छैन, त्यो ठाउँमा हामी पुऱ्याएर छाड्छौं । त्यसका लागि चाहिँ मलाई साथ चाहिन्छ । मैले यिनै कुराहरू निवेदन गरें र अहिले सबै एकै दिन सबै मन्त्रीज्यूहरूको जवाफको पनि बेला भएको हुनाले फेरि म सम्माननीय अध्यक्षज्यू, माननीयज्यूहरू म अनुरोध गर्न चाहन्छु । म सङ्लो भएर, मैले व्यक्तिगत कुनै फाइदा नलिएर, स्वास्थ्य मन्त्रालयमा भएको बेथितिहरूलाई समाप्त गर्दै जनताका आधारभूत स्वास्थ्य सेवा चाहिँ एकदमै हामीले चाहिँ अगाडि बढाउन खोजेका छौं । यसलाई मद्दत चाहिन्छ । र एउटा कुरा उठ्या छ स्वास्थ्य बिमाको कुरा । स्वास्थ्य बिमा मूल मन्त्र हो यो ठाउँमा । तर यसमा पनि बेथिति छ । र यतिसम्म कि १ लाख रुपियाँ उसको चाहिँ उसले पाउने हो भने एकै लाख रुपियाँको prescription दिएर पैसा असुल गर्ने अवस्थाहरू छ । र यसमा पनि हामीले केही मैले समय गाह्रो छ मलाई, मैले यसमा चाहिँ थिति बसाल्नका लागि नियम, कानुनको परिधि भित्र रहेर हामीले यसलाई के गर्दा ठिक हुन्छ । यो समस्याका कसरी समाधान हुन्छ भन्ने विषय पहिचान गरेर यसलाई उचित कार्यविधिहरू अगाडि सारेर हामी यो समस्यालाई पनि समाधान गर्ने र यो स्वास्थ्य बिमा चाहिँ भ्रष्टाचारको अखडा बन्न नसकोस् । बेथिति बन्न नसकोस् । मन परी ढङ्गबाट बिरामी नभा' मान्छेहरूलाई पैसा चाहिँ असुल गराएर यो चाहिँ भन्सार नबनाओस् भन्ने हिसाबले हामीले हाम्रो कारबाहीलाई अगाडि बढाएका छौं । म यिनै कुरा निवेदन गर्दै आफ्नो भनाइ अन्त गर्न चाहन्छु । धन्यवाद । नमस्कार । जय नेपाल ।

(१०:५२ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, शून्य समयमा र विशेष समयमा माननीय सदस्यहरूले उठाउनुभएका विषयमा अन्य बैठकमा समय लिएर जवाफ दिनुहुन र आज विनियोजन विधेयकउपर छलफल हुँदा उठेका सवालमा मात्र जवाफ दिन सम्बन्धित मन्त्रीहरूको ध्यानाकर्षण गराउँदछु ।

माननीय सदस्यहरू, विनियोजन विधेयक आज जति सक्दो छिटो निर्णयमा पुऱ्याउनुपर्ने कुरामा सम्बन्धित माननीय मन्त्रीज्यूहरूको पुनः ध्यानाकर्षण गराउन चाहन्छु । माननीय सदस्यहरू, माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहन बहादुर बस्नेतले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु ।

विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँदछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय दिल कुमारी रावल थापा "पार्वती"।

(१०:५३ बजे) **माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्षज्यूमार्फत म केही प्रश्न राख्न चाहन्छु । सर्वप्रथम त स्वास्थ्य मन्त्रीज्यूले स्वास्थ्य क्षेत्र सुधारको प्रतिबद्धता देखाउनुभा'को छ । यसको सफलताको शुभकामना दिन चाहन्छु । यो बोली व्यवहारमा लागु होस् ।

र मेरो केही प्रश्न आधारभूत वस्तुमा कर लगाउने वर्तमान सरकारले जनस्वास्थ्यसँग प्रत्यक्ष नकारात्मक असर पारी, सुर्ती तथा मदिराजन्य वस्तुमा कर किन बढाइएन? १८२ देशको हस्ताक्षर गरेको WHO Framework Convention on Tobacco Control को महासन्धि नेपाल पक्ष राष्ट्र हो । हालै जेनेभामा भएको विश्व स्वास्थ्य सम्मेलनमा स्वास्थ्य मन्त्री स्वयम् सहभागी भई सुर्तीजन्य पदार्थमा ७५ प्रतिशतभन्दामाथि कर बढाउँदै लाने प्रतिबद्धता थियो । तर प्रस्तुत बजेटमा सुर्तीजन्य वस्तुमा कर नबढाएकोमा यो अन्तर्राष्ट्रिय प्रतिबद्धता उल्लङ्घन भएन र? त्यस्तै गरेर नागरिकको जनस्वास्थ्यसँग प्रत्यक्ष प्रभाव राख्ने Food and drug administration नीति कार्यान्वयन गर्ने बारे सरकारको तयारी के छ? सुनिन्छ, यस विषयमा कृषि र स्वास्थ्य मन्त्रालयबिच विवाद छ । कसले नेतृत्व गर्ने ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय खिमलाल देवकोटा ।

(१०:५४ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, सार्वजनिक पदमा बसेका व्यक्तिले शब्द चयन गर्दाखेरि अलिकति विचार गर्नुपर्छ । जस्तोः माननीय मन्त्रीज्यूले एकदम राम्रो काम गर्नुभा' छ । रिफर्म गर्नुभा' छ गर्दै हुनुहुन्छ । त्यो हामीले पनि हेरेका छौं, सुनेका छौं । थाहा पनि पाएका छौं । तर कतिपय विषयमा चाहिँ प्रधानमन्त्री, मन्त्री जो सुकै होस् है, सबभन्दा पहिलो किन भने सरकार भनेको लोक कल्याणकारी राज्य पनि हो । संविधानले समाजवादको कुरा पनि गर्छ । अझ स्वास्थ्यको कुरा गर्ने हो भनेर त आधारभूत स्वास्थ्य निःशुल्कको पनि कुरा गर्या छ । कुनै कर्मचारी जोसुकै

होस्, कर्मचारी चाहेँ स्थायी होस्, चाहे अस्थायी हो जुन सुकै होस्, सरुवा गरेको ठाउँमा जानुपर्छ, पठाउनु पनि पर्छ । सरकार कहिले कहीँ मन्त्रीहरू आक्रामक पनि हुनुपर्छ । कम्ती सिस्टम रिफर्मको बेलामा तर शब्द चयनमा अलि ख्याल गर्नुपर्छ । विचार गर्नुपर्छ भन्ने मात्रै मेरो भनाइ हो । यति सुझाव हो सबै मन्त्रीज्यूलाई हो यो । even प्रधानमन्त्रीसहित सबैलाई हवस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय गोमा देवी तिमल्सिना ।

(१०:५५ बजे) **माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**ः- सम्माननीय अध्यक्षज्यू, स्वास्थ्य मन्त्रीज्यूले धेरै राम्रा कुराहरू भन्नुभो', खुसी लाग्यो । तर मैले एउटै कुरा बोल्दाखेरि भनेको थिएँ, त्यो स्वास्थ्यमा र हस्पिटलहरूको त्यो सिन्डिकेटको बारेमा चाहिँ मैले कुरा उठाको थिएँ । त्यसको बारेमा केही पनि आएजस्तो लागेन । त्यो सिन्डिकेट चाहिँ त्यसरी नहोस् र कटोस् हटोस् भन्ने म चाहना राख्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा स्पष्ट पार्न माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहन बहादुर बस्नेतलाई समय उपलब्ध गराउँछु ।

(१०:५६ बजे) **माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री श्री मोहन बहादुर बस्नेत**ः- सम्माननीय अध्यक्षज्यू, माननीयज्यूहरूले फेरि थप महत्त्वपूर्ण कुराहरू सोध्दिनुभा'को छ । जसले गर्दा स्वास्थ्य मन्त्रालयलाई चाहिँ सुधार गर्ने र आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने कुरामा थप मदत मिलेको छ भन्ने मलाई महसुस भएको छ । यो अघि समयकै कारणले म यो त्यही पनि लामो भैसक्या थियो मैले सबै जवाफ दिन पाइरहेको छैन । म व्यक्तिगतमा भोट्दाखेरि पनि त्यो कुराहरू भन्ने छु । र अहिले केही थप कुराहरू उठिरहेको छ । त्यो उठेको विषयमा ।

यो आधारभूत वस्तुहरूमा ट्याक्स लगाउने र चाहिँ सुर्तीजन्य पदार्थमा ट्याक्स नथप्ने गलत भो' भन्ने कुरा भ'को छ । र सुर्तीजन्य पदार्थमा ट्याक्स वृद्धि हुनपर्थ्यो, नभएको कुरामा म पनि तपाईंहरूको भनाइमा समर्थन गर्न चाहन्छु । सरकारको मन्त्रीले यसो भन्यो भन्ने कुरा

आउला । सत्य कुरा बोल्नुपर्छ । र मैले सुर्तीजन्य पदार्थमा ट्याक्स थप्नुपर्यो । र त्यो त्यसबाट उठेको पैसा एउटा बास्केट फन्डमा राख्नुपर्यो । र कार्यविधि बनाउनुपर्यो र गरिब, विपन्न बिरामीहरूका लागि ७७ जिल्लामै यो फन्ड अस्पतालहरूमा पठाउनुपर्यो भनेर मैले पटक पटक निवेदन गरको हुँ । अब यहाँ माननीय मन्त्रीज्यूहरू पनि हुनुहुन्छ यहाँ क्याबिनेटमा पनि दोहोर्याई तेहेर्याई कुरा राखिसक्या छु । र यसमा चाहिँ कर वृद्धि गर्ने काम इजरायलजस्तो देशमा ८५ प्रतिशतसम्म सुर्तीजन्य पदार्थमा ट्याक्स छ । र WHO को यहाँ कुरा उठ्यो । कि म निश्चित रूपमा गएकै हुँ जेनेभा र यसमा पनि यो सुर्तीजन्य पदार्थमा र गुलियो पेय पदार्थमा, जङ्क फुडमा चाहिँ कर बढाउनुपर्छ । हामी त्यो प्रयास गर्छौं भनेर मैले भनेकै हो । र त्यो प्रयास वहाँ पनि भनेको हुँ, यहाँ पनि भनेको हुँ । पटक पटक कराएको पनि हुँ । यो यसो भैरहेको छैन । यो चाहिँ सच्याउन पर्ने अवस्था हो । त्यसकारणले म आगामी दिनहरूमा सच्चिन्छ भन्ने कुरामा मेरो प्रयास पनि जारी रहन्छ । तपाईंहरूको यो शब्दले पनि बल पुग्छ । र मैले यति कुरा निवेदन गरें । यो कुरा उठाउँदा WHO को चाहिँ जनरल secretary ले मेरो भनाइलाई tweet पनि गर्नुभा' थियो । यो व्यवहारमा परिणत नहुँदा नेपाली जनताको आधारभूत स्वास्थ्य उपचारका लागि पनि त्यसले चाहिँ राम्रो काम गरिरा' छैन । ट्याक्स वृद्धि हुँदाखेरि झोंक चलेर सुर्तीजन्य पदार्थ नखाइदिए । बिरामी हुँदैन मान्छे । हजारौं वार्षिक अहिले यही कारणले मरिरा' छ भने किनेर खाइदिए ट्याक्स आउँछ । गरिबहरूलाई त्यो पैसा जान्छ । राम्रै हुन्थ्यो । सरकारलाई केही दायित्व पर्ने नि होइन । कसैलाई केही नोक्सान, नोक्सान पर्छ भने सुर्तीजन्य पदार्थ उत्पादन गर्नेहरूलाई पनि अब केही होला सायद यस्तो, मैले यति कुरा यहाँ निवेदन गर्न चाहें ।

र यो सिन्डिकेटको बारेमा मलाई जानकारी थियो, मैले नोट पनि गरेको थिएँ । तर अहिले समयको कुराले यो राख्न सकिन । यो सिन्डिकेटबारेमा यो माननीयज्यूहरूले भन्नुभा'को कुरा यदाकदा सुन्न थालिएको छ । र एउटा हस्पिटलै तोकेर पनि यहाँ कुरा उठेको छ, बीएनबीमा पठाइयो भनेर । मैले यो विषयमा त्यहाँ हाम्रो स्टाफहरूलाई यो क्षेत्रका चाहिँ व्यक्तिहरूलाई म यो कुरा गरेर यो के रहेछ, यो विषयमा सोध्न लगाउँछु । र यो गलत काम हो । गलत काम हो भन्ने मलाई थाहा छ । उल्लेख गर्नुभो' । धन्यवाद दिन चाहन्छु ।

अब यहाँ माननीयज्यूहरूले चाहिँ मन्त्रीहरू कतिपय सुधारका काममा आक्रामक पनि हुनुपर्छ । अब शब्द चयनमा चाहिँ ख्याल गर्नुपर्छ भन्ने कुराहरू राख्नुभो' । यो कुरा ठिकै हो तर अहिले आक्रामक हुँदा एक थरीले चाहिँ भर्याङदेखि त्यो माथि मेरो अफिसको पछाडिसम्म सारा कार्यालय सचिवज्यूहरू, अतरिक्त सचिव प्रशासनमा बसेर, लस्कर भएर बसेर चाहिँ हामी जाँदै

जान्नौं, हामी यो जिल्ला जाँदै जान्नौं । हामी यो मान्दै मान्दैनौं । एकछिनलाई मानिलिऊँ, डोल्पाको मान्छे काठमाडौंमा आएर १० वर्ष बसिसक्यो । उही गए भैहाल्यो नि त, के रे भन्दा यहाँ छोराछोरी पढाउन हाल्या छ रे । यसो गर्या छ रे । हामीलाई अप्ठ्यारो हुन्छ । यो त्यो अब जनताको सेवामा हामीले दिन सकिरा' छैनौं । यहाँ यो भनेर पाइन्छ र? पटक पटक यी कुराहरू उठाइ उठाउँदाखेरि केही नलागेपछि अन्तिममा आएर झुन्डिएर मर्छु भन्दाखेरि पठाइदिनु न त म कहाँ मैले भनेकै हो । त्यसपछि तुरुन्त वहाँले त्यो चिठ्ठी बुझ्नुभो' । बुझेर वहाँ अहिले हाजिर भएर त्यो अस्पतालमा काम गर्न लाग्नु भएको छ । त्यसकारण कहिले कहीं परिस्थितिजन्य कुरामा केही लागेन भने कडाइका साथ प्रस्तुत हुन पर्छ भन्ने पनि हुनत मलाई यहाँ आक्रामक शैलीमा प्रस्तुत हुनुपर्छ भन्नुभो' मलाई यो अनुमोदन चाहिँ मैले पाएको छु भन्ने मलाई लाग्छ हैन? यति नगरे जाँदै जाँदैनन् । अहिले सबै हिंडिरा' छन् । फटाफट हिंडिरा' छन् । त्यो बेलादेखि मकहाँ अरू समस्याहरूपछि चाहिँ चिठ्ठी बुझेन है भन्ने देखिएको छैन । एक/दुई जनाले फटाफट मैले क्याबिनेटमा पनि मलाई यो सरकार संशोधन गर्ने बारेमा डाक्टरहरूलाई, स्वास्थ्यकर्मीहरूलाई मैले दुर्गम ठाउँमा पठाउँदै छु । तोकिएको ठाउँमा पठाउँदै छु । त्यसकारणले मलाई कृपया कसैले पनि यो कुरा नभन्दिनुस् भनेर मैले त्यहाँ पनि निवेदन गरें । यहाँ पनि निवेदन गर्न चाहन्छु । अब ३/४ महिनापछि रिजल्ट हेरौं न त, सम्माननीय अध्यक्षज्यू माननीयज्यूहरू । त्यसबाट होला नि त केही अब जे पायो त्यही सबै धम्क्याएर ठगेर खाएर चाहिँ यहाँ काम नगरेर बस्न त सधैं पाइँदोरहेनछ भन्ने त त्यो राज्यको दायित्व होला नि त त्यो । त्यो राज्यको दायित्व राज्यको प्रतिनिधिलाई निर्वाह गरेको मात्र हुँ । धन्यवाद ।

(११:०० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय वन तथा वातावरण मन्त्री विरेन्द्र प्रसाद महतोलाई वन तथा वातावरण मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(११:०१ बजे) **माननीय वन तथा वातावरण मन्त्री श्री वीरेन्द्रप्रसाद महतो**:- सम्माननीय अध्यक्षज्यू, म समयको परिधिभित्रै रहेर माननीयजीहरूले उठाउनुभएको जिज्ञासा र प्रश्नहरूको जवाफ म दिने कोसिस गरिरहेको छु । वन तथा वातावरणको बजेटमाथि सल्लाह सुझाव तथा जिज्ञासा राख्नुहुने सबै माननीय सदस्यज्यूहरूलाई धन्यवाद दिन चाहन्छु । आर्थिक वर्ष

२०८०/०८१ को लागि वन तथा वातावरण मन्त्रालयको लागि रु. १२ अरब ११ करोड १३ लाख बजेट प्रस्तावित गरेको छ । त्यस्तै ससर्त अनुदानमार्फत प्रदेश सरकारलाई २ अरब ७३ करोड र स्थानीय तहलाई ५९ करोड विनियोजन गरेको छ ।

माननीय सदस्यज्यूहरूबाट उठान भएका वन क्षेत्रको दिगो व्यवस्थापन, जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको प्रबन्धन, वन उद्यम, मानव वन्यजन्तुबिचको द्वन्द्व व्यवस्थापन, जलवायु परिवर्तन, न्यूनीकरण र अनुकूलन, चुरे संरक्षण, वातावरण संरक्षणका विषयहरू, राष्ट्रिय वन नीति, २०७५ को पन्ध्रौ आवधिक योजना, आर्थिक वर्ष, २०८०/०८१ को नीति तथा कार्यक्रम एवम् बजेट वक्तव्यले परिलक्षित गरेका विषयहरू नै हुन् । त्यस यिनै विषयवस्तुमाथि केन्द्रित रहेर बजेट प्रस्ताव गरिएको छ । वनको दिगो व्यवस्थापन, काठको उत्पादन वृद्धि र सोमार्फत रोजगारी सिर्जनाका लागि समुदाय तथा सरकारद्वारा व्यवस्थित वन क्षेत्रमा सिल्भी कल्चरका आधारित रही वनको व्यवस्थापनका लागि प्रदेश सरकारमार्फत कार्यन्वयन गर्ने गरी ससर्त अनुदानमा कार्यक्रमहरू प्रस्तावित गरिएको छ । यसका साथै प्रदेश सरकारहरूबाट पनि स्थानीय वनको अवस्थाअनुसार सिल्भी कल्चरमा आधारित रही वनको दिगो व्यवस्थापन गर्न मापदण्डहरू स्वीकृत गरी वन व्यवस्थापन गर्न थालनी गरिएको छ । यसबाट वनको दिगो व्यवस्थापन, भई काठ दाउरा उत्पादनमा वृद्धि हुने र विदेशी काठको आयात कमी हुने देखिन्छ ।

हरियाली प्रबन्धनका कार्यक्रमहरूलाई प्राथमिकतामा दिएको छ । जसको लागि वृक्षारोपण, बिरुवा उत्पादन, सहरी वन, हरियाली पार्कका कार्यक्रमहरू संघ र प्रदेश र स्थानीय तहहरू तथा उपभोक्तालगायतका सरोकारवालाहरू सहितको सामुहिकतामा कार्यान्वयनमा ल्याइने छ । वन उद्यम प्रबन्धन, वृक्षारोपण तथा दिगो वन व्यवस्थापनका लागि आगामी आर्थिक वर्षमा संघ, प्रदेश र स्थानीय, तीनै तहबाट समृद्धिका लागि वन कार्यक्रम सञ्चालन गरिने छ । वन अतिक्रमण, वन डढेलोलगायतबाट वनको संरक्षणमा यस मन्त्रालय सजग रहेको छ । राष्ट्रिय वन क्षेत्रहरूमा अतिक्रमण तथा डढेलो नियन्त्रणका कार्यक्रमहरूलाई ससर्त अनुदानका रूपमा प्रदेश सरकारहरूमार्फत बजेट उपलब्ध गराइएको छ । त्यस्तै देशभर रहेका २० वटा संरक्षण क्षेत्रहरूमा हुने डढेलो तथा अतिक्रमण व्वस्थापनका कार्यहरू राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट कार्यान्वयन हुने गरी बजेटको व्यवस्था गरिएको छ ।

जडीबुटी उत्पादन, प्रशोधन, भण्डारण, व्यवसायीकरण र विदेश निकासीका लागि जोक दिने गरी बजेट विनियोजन गरिएको छ । जडीबुटी विकास कार्यक्रम कार्यान्वयनका लागि सातवटै प्रदेशमा ससर्त अनुदानमार्फत कार्यक्रमहरू राखिएका छन् । वनस्पति विभागबाट समेत जडीबुटीको उत्पादन तथा निर्यात प्रबन्धनमा टेवा पुर्याउने गरी कार्यक्रमहरू प्रस्तावमा गरिएका

छन् । जडीबुटीको प्रशोधन, भण्डारण तथा मूल्य अभिवृद्धिमा टेवा पुर्याउने उद्देश्यस्वरूप जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडलाई प्रशोधन केन्द्र स्थापनाका लागि नेपाल सरकारले सेयर लगानीको रूपमा बजेटको व्यवस्था गरिएको छ । मानव वनजन्तु द्वन्द्व व्यवस्थापनका साथै प्रजाति संरक्षणका लागि राष्ट्रिय वन क्षेत्र, जैविक मार्गहरू तथा निकुञ्ज आरक्षणभित्र घाँसे मैदानको व्यवस्थापन, विद्युतीय तारबार, निकुञ्ज तथा वनभित्र पोखरी मर्मत तथा निर्माण वैकल्पिक खेती प्रबन्धनका लागि यस वर्ष पनि बजेट विनियोजन गरिएको छ ।

बाँके, बर्दिया, बारा, पर्सा, चितवन, नवलपरासी, कञ्चनपुर, सुनसरी, सप्तरी, झापालगायतका जिल्लाहरूमा विद्युतीय तारबारका लागि बजेटको व्यवस्था गरिएको छ । वन्यजन्तुबाट हुने क्षतिको राहत वितरण प्रतिक्रियालाई छिटो र छरितो सरलीकृत गर्दै बाँदर र निलगाईबाट समेत हुने क्षतिलाई समेट्नका लागि वन्यजन्तुबाट हुने क्षतिको राहत निर्देशिका, २०६९ लाई विस्थापित गर्ने गरी नयाँ निर्देशिका स्वीकृतिका लागि नेपाल सरकार मन्त्रीपरिषद्मा प्रस्ताव पेस गरेको छ । चुरे संरक्षणका लागि चालु आर्थिक वर्ष १ अरब ५ करोड बजेट विनियोजन गरिएको छ । चुरे क्षेत्रमा नदी प्रणालीमा आधारित रही ५ वटा कार्यान्वयन निकायमार्फत भूसंरक्षण, जलपूर्वभरण, वृक्षारोपण, कृषि वन, खोला किनारा, स्थिरीकरण लगायतका कार्यक्रमहरू सञ्चालनमा छन् । यसका साथै चुरे क्षेत्रबाहेकका क्षेत्रमा भूसंरक्षणका कार्याक्रमहरू ४ वटा, संघीय बृहत् जलाधार कार्यालयहरू तथा ससर्त अनुदानका कार्याक्रमहरूमार्फत प्रदेश सरकारहरूले कार्यान्वयन गर्ने गरी बजेट विनियोजन गरिएको छ । जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका लागि नेपाल सरकार तथा विभिन्न विकास साझेदार निकायहरूसँगको सहकार्यमा प्रत्यक्ष वा अपरोक्ष रूपमा जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलमा सघाउ हुने, पुग्ने कालका कार्यक्रमहरूको लागि संघ र प्रदेश, स्थानीय तहबाट कार्यान्वयन हुने गरी बजेट विनियोजन गरिएको छ । जलवायु परिवर्तन अनुकूलनका लागि अन्तर्राष्ट्रिय जलवायु वित्त र प्रविधिमा नेपालको पहुँच बढाउँदै लगिने छ । विकास र वातावरणलाई सँगसँगै लग्न सके मात्रै हाम्रो विकासको दिगो हुन्छ । आयोजनाहरूसँग सम्बन्धित वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयनमा मन्त्रालय सजग छ । जसका लागि नियमित अनुगमन वातावरणीय परीक्षणका कार्यहरू नियमित रूपमा गर्रिँदै आएको छ ।

वातावरण संरक्षणमा प्लास्टिक झोला, नियन्त्रणकारी योजना कार्यान्वयन, मापदण्ड तथा निर्देशिका तर्जुमा, अनुगमन, पार्क निर्माण तथा व्यवस्थापन, प्रयोगशाला स्तरोन्नति, प्रचारप्रसार, अध्ययन, अनुसन्धानलगायतका कार्यक्रमहरू तय गरिएको छ । वन तथा वातावरण मन्त्रालयले यस मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित वन ऐन, २०७६, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण

ऐन, २०२९, वातावरण संरक्षण ऐन, २०७६ जस्ता कानुनी प्रावधानबमोजिम कार्य सम्पादन गर्दै आएको छ । यी नीतिगत तथा कानुनी दस्ताबेजहरूलाई अझै जनमैत्री तथा कार्यान्वयन योग्य बनाउनको लागि सम्बन्धित ऐन तथा नियमलाई समयसापेक्ष रूपमा संशोधन गरी एकीकृत गर्दै अगाडि बढाइने छ ।

माननीय सदस्यज्यूहरूबाट प्राप्त सुझावलाई हरसम्भव सम्बोधन हुने गरी बजेट परिचालन तथा कार्यक्रमको सञ्चालन हुने कुरामा प्रतिबद्धता जाहेर गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, वन तथा वातावरण मन्त्री विरेन्द्रप्रसाद महतोले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रीहरूको मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गारउँदछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई एक मिनेटको समय निर्धारण गरेको छु ।

माननीय इन्दिरा देवी गौतम ।

(११:०९ बजे) **माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्ष महोदय, मन्त्रीज्यूले यो वन तथा वातावरणको सम्बन्धमा यो जानकारी गराउनुभो' । यो त नीति तथा कार्यक्रमको प्रस्तुति गर्नुभो' उहाँले । त्यो विनियोजन विधेयकमाथिको छलफलमा उठेका विषयहरूलाई उहाँले प्रष्ट पार्न सक्नुभएन । मैले नै त्यतिबेला पनि धेरै कुराहरू मानिसहरूलाई जङ्गली जनावरहरूबाट आक्रमण भइरहको, अतिक्रमण भइरहेको र यहाँ विविध जनताहरूको बारेमा पनि कुरा उठाएको थिएँ । केही समययता बाँदर र जङ्गली बदेलको सङ्ख्यामा अत्यधिक वृद्धि भई गाउँले जनजीवनमा यिनीहरूको बिगबिगीले कृषि बालीहरू नोक्सान पुर्याएका छन् । जनताको कृषि बाली, अन्नपातहरू जोगाउनका लागि बाँदर र जङ्गली बदेलको नियन्त्रणमा सरकारले ठोस योजना अगाडि सार्नुपर्छ भन्ने कुराहरू राखेको थिएँ ।

अनि त्यसै गरी मैले अर्को कुराहरू चैं जस्तो अहिले म यहाँ थप्न चाहन्छु । मैले कतै समाचारहरू पढेको थिएँ । हाम्रो छिमेकी मुलुक चीनले अर्को छिमेकी मुलुक श्रीलङ्काबाट एक लाख बाँदर आयात गर्ने सहमति गरेको छ । यस किसिमको आयात हाम्रो छिमेकी मुलुकले नेपालबाट ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय खिमलाल देवकोटा ।

(११:१० बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, हामीले संविधान जारी गरेको एक दशक पुग्न लागिसक्यो । तर अहिलेसम्म हामीले पञ्चायतकालीन कानुनहरू बोकेर हिंडिराख्या छौं । जस्तोः राष्ट्रिय निकुञ्ज तथा वन संरक्षण ऐन, २०२९ छ । मैले सम्माननीय अध्यक्षज्यूमार्फत मेरो माननीय मन्त्रीज्यूको मेरो प्रश्न छ, तपाईंले यो कानुनलाई हाम्रो संविधानको भावनाअनुसार सँग तालमेल चैं कहिले मिलाउनुहुन्छ? विभिन्न संरक्षणको नाममा, विभिन्न जस्तै अन्नपूर्ण संरक्षण क्षेत्रमा पनि त्यहाँ ACAP का कारणले त्यहाँ २०७१ सालमै त्यो ACAP चैं त्यहाँको प्रभावित क्षेत्रका समुदायलाई हस्तान्तरण गर्ने भनेर २०७१ सालमै यो एउटा राजपत्रमा यो छापिएको छ । त्यो अहिलेसम्म हस्तान्तरण हुँदैन । किनभने हामीले गणतन्त्र ल्या' छौं, त्यसपछि सङ्घीयता पनि ल्या' छौं । तर पुराना पञ्चायतकालीनकै कानुनलाई बोकेर अहिलेसम्म संरक्षण क्षेत्रको नाममा नागरिकले यति धेरै दुःख पा' छन् । चाहे माडीको कुरा गरौं, चाहे बर्दियाको कुरा गरौं, चाहे पर्साको कुरा गरौं, चाहे रसुवाको कुरा गरौं, मैले यो कुरा चैं सम्माननीय अध्यक्षज्यूमार्फत मन्त्रीज्यूको ध्यानाकर्षण गराउँछु । हवस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय वन तथा वातावरण मन्त्री विरेन्द्रप्रसाद महतोलाई समय उपलब्ध गराउँछु ।

(११:११ बजे) **माननीय वन तथा वातावरण मन्त्री श्री वीरेन्द्रप्रसाद महतो**:- सम्माननीय अध्यक्षज्यू, माननीज्यूहरूले राख्नुभएको जिज्ञासा यो जङ्गली अतिक्रमणमा बाँदर, हात्ती, नीलगाई, यी बदेलजस्त यी जीवजन्तुहरूले जुन किसानहरूलाई दिने गरेको, बेला बेलामा दिने गरेको जुन समस्याहरू छ, त्यसको बारेमा हामी यसमा एकदमै ध्यान यसमा हामी लागिपरिरहेका छौं । यसपालि हामीले अहिले मन्त्रिपरिषद्मा प्रस्ताव गरेको पहिले हामीले यो बाली नाली क्षति पुर्याएको बापत नीलगाई र बाँदरलाई हामीले छोडेका रहेछौं । यसपालि हामी त्यसमा थप्नको लागि मन्त्रीपरिषद्मा पठाइसकेका छौं । र यो कस्तो छ भने यो जति गरे पनि, जति हामी तारबार लगाउन कोसिस गरे पनि यसलाई अलिकति जोगाउन, यसलाई यसबाट कम क्षति हनु उसबाट हामी लागी त परेका छौं । तर पनि अपर्याप्त बजेट भएको कारणले पनि यसमा

अलिकति हामी त्यति आक्रमणको रूपमा त्यति अगाडि बढ्न सकिरहेका छैनौं । तर मलाई लाग्छ यसपालिको यो जुन आक्रमणमा हात्ती आक्रमणको पनि बिमा गरेका छौं । यसले बाघ आक्रमणबाट घाइतेहरू या मारिनेहरूको परिवारको लागि बिमाको पनि व्यवस्थापन गरिएको छ । र हरेक यो बाँदरको export को कुरो छ । यो हाम्रो कानुनले मिल्दैन । र यसमा धेरैचोटि हामीले question उठाइसकेका छौं । र यसमा अब के सुधार गर्नुपर्ने कुरोहरू छ, यसमा हामी सुधार गर्नेतिर लाग्ने छौं । यसमा हाम्रो ध्यान ग'को कुरो म माननीयज्यूलाई अवगत गराउन चाहन्छु ।

राष्ट्रिय निकुञ्जको कुरोहरू छ । राष्ट्रिय निकुञ्जमा आजदेखि होइन, यो उहाँले, माननीयज्यूले उठाउनुभ'को कुरा एकदमै जायज कुरो हो । किनभने एकदमै पुरानो नियम कानुन हामीभित्र छ । ती नियम कानुनले बाँधिसकेको हुनाले हामी केही पनि गर्न सकिरहेका छैनौं । यहाँसम्म कि यतिसम्म पनि कुरोहरू उठिसकेका छन्, यो संरक्षण क्षेत्रभित्र, निकुञ्ज क्षेत्रभित्र एक ठाउँबाट अर्को ठाउँ जोडिने २/३ किलोमिटर बाटोले गरेर २० किलोमिटर, २५ किलोमिटर घुमेर आउन बाध्य भएका छन् । र त्यहाँ थुप्रो समस्याहरू देखापरेको छ । त्यसकारण यसलाई हामीले नियम कानुनलाई change नगरीकन कुनै उपाय मैले देखेको छैन । र यसमा हामी लागिपरेका छौं । त्यसकारण आउने दिनमा यो नियम कानुनलाई समय सान्दर्भिक हामी change गर्ने कोसिसमा छौं । धन्यवाद ।

(११:१४ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, वन तथा वातावरण मन्त्रालयसम्बन्धी विनयोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सुरेन्द्रराज आचार्यलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(११:१५ बजे) <u>**माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री सुरेन्द्रराज आचार्य**</u>:- सम्माननीय अध्यक्ष महोदय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको आर्थिक वर्ष २०८०/०८१ को प्रस्तावित बजेट तथा कार्यक्रममाथि २०८० असार १८ गते यस सम्मानित सभामा छलफल भएको थियो । उक्त छलफल कार्यक्रममा माननीय सदस्यज्यूहरूले दिनुभएको अमूल्य सल्लाह, सुझावप्रति सम्माननीय अध्यक्षज्यूमार्फत हार्दिक

आभार प्रकट गर्न चाहन्छु । छलफलमा माननीय सदस्यज्यूहरूबाट उठान भएका विषय वस्तुहरूका सम्बन्धमा मन्त्रालयको तर्फबाट स्पष्ट पार्ने अनुमति चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गत महिला, बालबालिका ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति तथा यौनिक, लैङ्गिक अल्पसङ्ख्यक र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ संस्थासम्बन्धी कार्यक्षेत्र पर्दछन् । यस मन्त्रालयमा आर्थिक वर्ष २०८०/०८१ का लागि रु.१ अर्ब ५७ करोड ६२ लाख बजेट विनियोजन भएको छ । आर्थिक वर्ष २०८०/०८१ को मन्त्रालयलाई प्राप्त कुल बजेटमध्ये सामाजिक विकास कार्यक्रमअन्तर्गत अपाङ्गता, अधिकार प्रवर्द्धन कार्यक्रमको लागि ६ पोइन्ट ४५ प्रतिशत, ज्येष्ठ नागरिक संरक्षणको लागि ७ पोइन्ट ३४ प्रतिशतका साथै बाल विकास कार्यक्रमको लागि १२ पोइन्ट ८० प्रतिशत बजेट विनियोजन भएको छ । यस मन्त्रालयको बजेटको ठुलो हिस्सा चालु खर्चबाट कार्यान्वयन गर्ने प्रकृतिको छ । तथापि माननीय सदस्यज्यूहरूले मन्त्रालयको पुँजीगत खर्चतर्फ कम भएको विषयमा जिज्ञासा राख्नुभएको छ । मन्त्रालयभित्रका पुँजीगत कार्यक्रमहरू सामान्य प्रकृतिका रहेका छन् । खासगरी दुइओटा आयोजनाहरू अघि बढाउन नसकेको कारणले मन्त्रालयको पुँजीगत खर्च कम भएको देखिएको हो ।

काठमाडौंको गोठाटारमा अस्पतालसहितको वृद्धाश्रम र तनहुँको ढकालटारमा बाल सुधार गृह निर्माण गर्ने कार्यक्रम रहेको थियो । गोठाटारमा अस्पतालसहितको वृद्धाश्रमको लागि छुट्याइएको जग्गामा सुकुम्वासी बस्ती भएको कारणले Site Clear हुन नसकेका कारण निर्माण चरणमा जान सकेन । ढकालटारमा निर्माणाधीन बाल सुधार गृहको बहुवर्षीय आयोजना स्वीकृतिका लागि आवश्यक बजेट विनियोजन नभएको कारणले ठेक्का लाग्न सकेन ।उल्लेखित कारणहरूले गर्दा मन्त्रालयको पुँजीगत खर्च कम देखिएको । महिला तथा बालबालिका विभाग खारेज भएता पनि विभागले सम्पादन गरिरहेको कार्य र कर्मचारीहरूको व्यवस्थापनको टुङ्गो नभएसम्म कर्मचारीहरूको तलब, भत्ताको व्यवस्था गर्न आवश्यक हुने भएकोले बजेटको व्यवस्था भएको हो । मन्त्रालयअन्तर्गतको रूपान्तरण कार्य आयोजनाको रूपमा राष्ट्रपति महिला सशक्तिकरण आयोजना कार्यान्वयन रहेको छ । प्रत्येक आर्थिक वर्षमा यस आयोजनाको लागि अन्यत्र रकमान्तर गर्न नपाउने गरी बजेट Earmark गरिएको हुन्छ । विगतमा विनियोजन, विनियोजित बजेटबाट आयोजनामा बजेट कम भएको अवस्थामा मन्त्रालयमा अन्य बजेट उपशीर्षकमा बजेट बचत भएको बजेटबाट रकमान्तर गरेर समेत व्यवस्थापन गरिएको थियो ।

चालु आर्थिक वर्षमा विनियोजित बजेटबाट स्वीकृत कार्यक्रमबमोजिम कार्यक्रम सञ्चालन गर्न बजेट प्राप्त भएको छ । पर्याप्त भएको छ । हालसम्म ५ सय ३६ जना दुर्गम क्षेत्रमा ज्यान

जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार गरी महिलाहरूको जीवन रक्षामा सहयोग गरिएको अवस्था छ । र आगामी आर्थिक वर्षमा कार्यक्रमको प्रभावकारीता अध्ययन गरी उक्त परियोजनालाई थप परिमार्जन गरी निरन्तरता दिने कार्यक्रम रहेको छ । यस कार्यक्रममा बजेटको कमी नरहेको जानकारी गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, चालु आर्थिक वर्षमा ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना तथा सञ्चालनको लागि रु. १ अर्ब ८० लाख विनियोजन भएको थियो । उक्त कार्यक्रमअन्तर्गत विभिन्न १० ओटा स्थानमा ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना र सञ्चालनको लागि कार्यक्रम प्रस्ताव गरी २०७९/०८/१८ मा सम्बन्धित स्थानीय तहमा बजेट हस्तान्तरणको लागि अर्थ मन्त्रालयमा अनुरोध गरी लेखी पठाइएकोमा राजस्वका स्रोतहरूमा सङ्कुचन भएको कारणले अर्थ मन्त्रालयबाट रकम हस्तान्तरण हुने सकेन । तसर्थ सो रकम खर्च हुन सकेन ।

पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को निर्णयबमोजिम पशुपति क्षेत्र विकास कोषको स्वामित्त्वमा रहेन गरी भोगाधिकार समाज कल्याण केन्द्र पशुपति, पशुपति वृद्धाश्रमलाई रहने गरी कागेश्वरी मनोहरा वडा नम्बर ८ गोठाटार स्थित १० रोपनी जग्गा अस्पतालसहितको ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माण गर्ने उद्देश्यका लागि मन्त्रालयलाई जग्गा उपलब्ध गराइएको हो । उक्त जग्गा मन्त्रालयले पूर्णस्वामित्त्वमा लिन मिल्ने अवस्था छैन ।

बालसुधार गृहको उचित व्यवस्थापनको लागि मन्त्रालय नियमित रूपमा लागि परेको छ । आर्थिक वर्ष २०८०/०८१ मा बाल सुधार गृहहरूको सञ्चालन, व्यवस्थापन र मर्मतको लागि चालु आर्थिक वर्षको भन्दा २४ पोइन्ट ९८ प्रतिशतले बजेट विनियोजनमा वृद्धि गरिएको छ । मन्त्रालयबाट नियमित रूपमा अनुगमनसमेत भइरहेको अवस्था छ ।

पुस्तकालय सुदृढीकरणको लागि प्रत्येक वर्ष मन्त्रालयसँग सम्बन्धित आवश्यक पुस्तक तथा प्रकाशनको खरिद गर्ने प्रयोजनको लागि बजेट विनियोजन गर्ने गरिएको छ । प्रत्येक वर्ष प्रकाशन हुने नयाँ पुस्तकहरू खरिद गरी पुस्तकालयलाई थप व्यवस्थित गर्ने गरिएको छ । आगामी आर्थिक वर्षमा स्थानीय तहसँगको सहकार्यमा ज्येष्ठ नागरिक मिलन केन्द्र, दिवा सेवा केन्द्र स्थापना र सञ्चालन गर्ने कार्यक्रम रहेको छ । वृद्धा अवस्थामा, वृद्धा अवस्था व्यवस्थापनको लागि वृद्धा स्याहार सुसारसम्बन्धी Manual तयार गर्ने र प्रदेशस्तरमा ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरणसम्बन्धी कार्यक्रम रहेको छ । संविधानको धारा ४० मा भएको व्यवस्थाका सम्बन्धमा मन्त्रालयको कार्यक्षेत्रअन्तर्गत नमुना बस्तीका दलित, अल्पसङ्ख्यक, अतिसीमान्तकृत, सीमान्तकृत समुदायका

लैङ्गिक हिंसा र मानव बेचविखनबाट पीडित र प्रभावित विपन्न महिलाहरूका लागि रोजगारमूलक तालिम दिई महिलाहरूको आर्थिक अवस्था सुधार गर्ने कार्यक्रम रहेको छ ।

सम्माननीय अध्यक्ष महोदय, मन्त्रालयबाट सामाजिक सङ्घ, संस्थाहरूलाई विगतदेखि नै प्रदान गर्दै आएको ससर्त अनुदानलाई निष्पक्ष, पारदर्शी र प्रभावकारी रूपमा वितरण गर्नको लागि संस्थागत अनुदानसम्बन्धी मापदण्ड तयार गरी सोहीबमोजिम ससर्त अनुदान बजेट विनियोजन गर्ने मन्त्रालयको योजना रहेको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई अपाङ्गतामैत्री नमुना मन्त्रालयको रूपमा विकास गर्ने कार्य अगाडि बढिरहेको छ । सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यलाई प्रभावकारी गराउनको लागि अन्तर तह समन्वय कार्यक्रम सञ्चालन गरेर मन्त्रालयबाट सञ्चालित कार्यक्रम र प्रवाह गरिएको ससर्त अनुदानको प्राभावकारीता सम्बन्धमा अनुगमन गर्न अन्तर मन्त्रालय एकीकृत अनुगमनको कार्यक्रम रहेको छ ।

अन्तमा माननीय सदस्यज्यूहरूबाट जिज्ञासा राख्नुभएका अमूल्य सुझावहरू दिनुभएकोमा म हार्दिक धन्यवाद दिँदै आफ्ना भनाइहरू अन्त्य गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री सुरेन्द्रराज आचार्यले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय भगवती न्यौपाने ।

(११:२३ बजे) **<u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यू, सरकार एकातिर फजुल खर्च रोक्ने प्रतिबद्धता गर्छ भने अर्कोतिर यो मन्त्रालयअन्तर्गत पनि फर्निचर, गाडी र मोटरसाइकल जस्ता शीर्षकहरूमा चाहिँ पर्याप्त बजेट विनियोजन गरिएको छ । यो किन गरियो? भनेर म सोध्न चाहन्छु ।

त्यस्तै गरेर चालु आर्थिक वर्षमा पनि पुस्तकालय सुदृढीकरण गर्नका निम्ति भनेर १ लाख विनियोजन गरिएको थियो । र यस वर्ष पनि विनियोजन गरिएको छ । त्यसो गर्नुभन्दा एउटा

व्यवस्थित पुस्तकालय निर्माण गर्ने र ई-लाइब्रेरीसमेत बनाउने त्यस्तो गर्दाखेरि राम्रो हुन्थ्यो होला नि त । यो बारेमा प्रष्ट हुन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय खिमलाल देवकोटा ।

(११:२३ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, मेरो दुइटा प्रश्न छ विशेष गरी यो प्रश्नभन्दा पनि एउटा प्रश्न हो । एउटा सुझाव हो । पहिलो प्रश्न चाहिँ यो मन्त्रालयको बजेट १ सय ५७ करोड मन्त्रीज्यूले पनि भनिसक्नुभो' १ सय ५७ करोड बजेटमा माननीय मन्त्रीज्यू, प्रदेश र स्थानीय तहको लागि चाहिँ १ रुपैयाँ पैसा पनि तपाईंले राख्नुभा'छैन । अनुसूची, बजेटको अनुसूची ४ हेर्नुहोला । १७ सय ५१ अर्ब बजेटमा त्यहाँ बाँडफाँडमा तपाईंको मन्त्रालयको बजेटमा प्रदेश र स्थानीय तहमा १ रुपैयाँ पनि छैन । यो मन्त्रालयको ९० प्रतिशतभन्दा बढी Function चाहिँ प्रदेश र स्थानीय तहमा हो । तर १ रुपैयाँ बजेट नराख्नु भनेको यो सङ्घीयता विरोधी, संविधान विरोधी हो । पहिलो प्रश्न यो ।

दोस्रो कुरा चाहिँ मैले अहिले पनि सुनिरा'छु । मैले गत वर्ष त मन्त्रीज्यूलाई तपाईंको मन्त्रालय खारेज किन नगर्ने भनेर यही बोलेको पनि यहाँ पनि भन्छु मैले, तर हामीले महिलाका अधिकारहरू, दलितका, जनजातिका अधिकारहरू हरेक पालिकामा, हरेक जनताको घरदैलोमा पुऱ्याउन खोजिरा'छौं । त्यसकारण हरेक पालिकामा एउटा महिला सेल राखौं हामीले । बालबालिका सेल राखौं । त्यसकारण यो महिला कार्यालय फेरि ब्युँताउने भनेर त्यो पक्षमा चाहिँ नलाग्नुहोला भन्ने मैले माननीय मन्त्रीज्यूलाई अनुरोध गर्छु । त्यसकारण हामीले अधिकार चाहिँ तल पालिकामा गएको अधिकारलाई फर्काउन प्रयास गरिरा' ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणको सम्बन्धमा प्रष्ट पार्न माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री सुरेन्द्रराज आचार्यलाई समय उपलब्ध गराउँछु ।

(११:२५ बजे) **माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री सुरेन्द्रराज आचार्य**:- सम्माननीय अध्यक्ष महोदय, माननीयज्यूहरूले पहिलो प्रश्नको रूपमा मन्त्रालयमा भएको फजुल खर्चको विषयमा जिज्ञासा राख्नुभएको छ । त्यस सन्दर्भमा वास्तवमा मन्त्रालयको यो

नियमित आवश्यक पर्ने खर्चको रूपमा यो देखाइएको छ । विगतदेखि नै यस किसिमको खर्च व्यवस्थापन भएको रहेछ ।

र अर्को प्रश्न छ । पुस्तकालयको विषयमा, पुस्तकालयको विषयमा न्यून रकम, १ लाख रुपैयाँ प्रतिवर्ष राखिएको छ । त्यसका निमित्त वास्तवमा नयाँ प्रकाशनहरू पनि किनबेच गर्नुपर्ने र फर्निचरलागयत अन्य त्यहाँ भएको टुटफुटका लागि भनेर पुस्तकालयलाई अलि व्यवस्थित किसिमले चाहिँ सञ्चालन गर्नका निमित्त भनेर १ लाख रुपैयाँ न्यून रकम त्यहाँ राखिएको छ ।

र अर्को जुन माननीय खिमलाल देवकोटाजीले प्रश्न गर्नुभा'को छ । प्रदेश र स्थानीय तहमा बजेटको कमीका सन्दर्भमा । वास्तवमा दूरदराजमा रहेका जनताहरूलाई नै हेर्नुपर्ने राज्यको दायित्व पनि हो । सहर बजारभन्दा केन्द्रभन्दा गाउँ घरमा पक्कै पनि बजेट विनियोजन हुनुपर्दछ । त्यसका निमित्त मन्त्रालयसँग रहेको अत्यन्त न्यून बजेटका पश्चात् अहिले मन्त्रालयले विभिन्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिकलाई भनेर मन्त्रालयको जुन आय स्रोत छ । त्यस आधारमा विनियोजन गरेको छ । र यसको साथ साथै यस मन्त्रालय अन्तर्गत समाज कल्याण परिषद् जसले राष्ट्रिय र गैरराष्ट्रिय संस्थाहरू सञ्चालन गरेको छ । त्यसबाट पनि ठुलो रकम जाने र त्यस्ता किसिमका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, अल्पसङ्ख्यक, यौनिक, अल्पसङ्ख्यकलाई सहयोग पुऱ्याउनका निमित्त हाम्रा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले पनि काम गरिरहेका छन् । र तिनलाई बढी प्रभावकारी बनाएर लान सक्यो भने मलाई लाग्छ, मन्त्रालयको बजेटभन्दा त्यो संस्थाको समाज कल्याण परिषद्ले पनि धेरै काम गर्ने भएको हुँदाखेरि त्यसको, त्यसले गरेका कामको अनुगमन, मूल्याङ्कन र नियमन गऱ्यो भनेदेखि मलाई लाग्छ, यी समस्या धेरै समाधान भएर जान्छन् भन्ने कुराहरू मैले यहाँहरूलाई जानकारी गराउँदै आफ्ना भनाइहरू अन्त्य गर्छु । धन्यवाद ।

(११:२८ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय युवा तथा खेलकुद मन्त्री डिग बहादुर लिम्बूलाई युवा तथा खेलकुद मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(११:२८ बजे) **<u>माननीय युवा तथा खेलकुद मन्त्री श्री डिग बहादुर लिम्बू</u>:-** सम्माननीय अध्यक्ष महोदय, आर्थिक वर्ष ०८०/०८१ को विनियोजन शीर्षकमाथि युवा तथा खेलकुद मन्त्रालयसँग सम्बन्धित रहेर गत १८ गतेको यो सम्मानित बैठकमा माननीय सदस्यज्यूहरूले विभिन्न महत्त्वपूर्ण मुद्दाहरू उठाउनुभएको छ । सुझावहरू दिनुभएको छ । त्यो बैठकमा भाग लिने माननीय सदस्यज्यूहरूको कुरा म सङ्क्षिप्त रूपमा जानकारी गराउन चाहन्छु । खर्च कटौतीको प्रस्तावमा सोनाम शेर्पा माननीयज्यूले कुरा राख्नुभ'को थियो । माननीय भुवन वहादुर सुनार, माननीय नारायण दत्त मिश्र, माननीय गंगा कुमारी वेलबासे, माननीय युवराज शर्मा, माननीय राजेन्द्र लक्ष्मी गैरे, माननीय जगप्रसाद शर्माले महत्त्वपूर्ण कुरा राख्नुभएको छ । खर्च कटौतीको प्रस्ताव पनि गर्नुभएको छ । युवा तथा खेलकुद मन्त्रालयमा बजेट कम भो' भन्ने पनि कुरा उठाउनुभएको छ । सन्तुलित रूपमा आएन भन्ने पनि उठाउनुभएको छ । यो चाहिँ पहुँचवाला मन्त्रीले आआफ्नो बजेट आफ्नो ठाउँमा धेरै लानुभो' भन्ने पनि गुनासो राख्नुभएको छ । यी सबै कुराहरूको बाबजुद पनि देशको अर्थतन्त्रले के धानिरहेको छ? कस्तो अवस्था छ भन्ने विषयमा हामी सबैलाई थाहा छँदै छ । र जेठ १५ गते माननीय अर्थ मन्त्रीज्यूले जे प्रस्तुत गर्नुभएको छ । त्यो विषयमा सबै माननीय सदस्यहरू जानकार हुनुहुन्छ । तपाईंहरूले उठाएको सबै कुरालाई आगामी दिनमा सकेसम्म कार्यक्रममा समेटेर अगाडि लाने म प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । योसँगै यो यसपटक कार्यक्रम चाहिँ १ वर्षभित्र साहसिक पर्वतीय खेलको अन्तर्राष्ट्रियस्तरको आयोजना गरेर पर्यटन क्षेत्रको विकास गर्ने भन्ने एउटा सङ्कल्पका साथ चाहिँ कार्यक्रमको आयोजना बजेटमा व्यवस्थापन गरिएको छ । त्यो जानकारी गराउन चाहन्छु । र विद्यालयस्तरबाट १५ वर्षभन्दा मुनिका बालबालिकाहरूबाटै शिक्षा खेलसम्बन्धी शिक्षा दिने र त्यहीँबाट चाहिँ खेलको प्रवर्धन गर्ने प्रक्रियाको थालनी गर्नुपर्दछ । र त्यही ठाउँबाट लगानी बढाउँदै जानुपर्छ भन्ने कुरालाई ध्यानमा राखेर चाहिँ यो विषयमा पनि कार्यक्रम रहेको कुरा म अनुरोध गर्न चाहन्छु । त्यसरी नै यो खेलाडीहरू अहिले चाहिँ यो बिमाको समस्या छ । यो यात्रु बिमा जस्तो गरेर अहिलेसम्म एक खेलाडीले खेलिरहेको अवस्था रैछ । यो एकदम अभिभावकहरू पनि चिन्तित, खेल खेल्दै गरेको छोराछोरीलाई केही भैहाल्छ कि भन्ने चिन्ताले आमाबाउलाई पिरोलिरहेको अवस्था छ । त्यसकारण आगामी दिनमा यो खेल खेलाडीहरूको जीवन बिमा गरेर चाहिँ यो ढुक्क भएर खेल्ने खालको वातावरण बनाउन निमित्त त्यसको नीतिगत रूपमा निर्णय अगाडि बढाउने गरी गृहकार्य भैरहेको कुरा म जानकारी गराउन चाहन्छु ।

त्यसरी नै भौतिक पूर्वाधार क्षेत्रमा यो चाहिँ पुँजीगत खर्च चाहिँ ९ प्रतिशत मात्रै यो मन्त्रालयले गरेको देखियो । र आगामी दिनमा चाहिँ यो खेलकुद भौतिक पूर्वाधार निर्माण गर्ने

छुट्टै इकाइ निर्माण गरेर यो पूर्वाधार निर्माण गर्ने र समयमै पूर्वाधार निर्माण गरेर सम्पन्न गर्ने त्यसो गरियो भने चाहिँ खेल खेल्ने पर्याप्त मात्रमा रङ्गशालाहरू निर्माण गर्न सक्छन् । खेल मैदान निर्माण गर्न सक्छन् । बन्द प्रशिक्षणहरू गरेर खेलाडीलाई पर्याप्त मात्रमा खेलसम्बन्धी शिक्षा दिन सकिन्छ । त्यसको लागि पनि मन्त्रालयले कार्यक्रम अगाडि बढाइरहेको कुरा म सम्मानित सदनलाई म जानकारी गराउन चाहन्छु ।

युवा नीति, २०७२ लाई संशोधन गरेर युवाहरूलाई चाहिँ सशक्तीकरण गर्ने, अहिले हामी सरकारमा के गरिरहेका छौं । पक्ष, प्रतिपक्षको कुरा के भैरहेको छ भन्ने विषयमा पनि तल्लो चाहिँ एउटा नमुना संसदको निर्माण गरेर चाहिँ त्यहाँ बहसहरू भैरहेको अवस्था छ । त्यो नीति संशोधन गरेर अरू प्रभावकारी रूपमा चाहिँ युवाहरूलाई बहस गरेर यो देशको नीति र सत्ता कसरी अगाडि चलिरहेको छ? प्रतिपक्षले कसरी भूमिका निर्वाह गर्ने विषयमा युवा अवस्थामा चाहिँ अभ्यास गराएर त्यसबाट हामीले जनशक्ति भोलि जनप्रतिनिधि निर्माण गरेर ल्यायौं भने सदन पनि राम्रोसँग चल्न सक्छ भन्ने हिसाबले युवा नीति, ०७२ लाई संशोधन गर्ने, युवाहरूलाई सशक्तीकरण गर्ने कार्यक्रम अगाडि सार्ने मन्त्रालयको योजना रहेको म जानकारी गराउन चाहन्छु ।

र त्यस्तै स्वरोजगार कार्यक्रम छ । यो स्वरोजगार कोष सञ्चालन गरिएको छ । यो विषयमा सम्माननीय अध्यक्षमार्फत म फेरि यो सदनको पनि म ध्यानाकर्षण गर्न चाहन्छु । प्रधानमन्त्री कार्यक्रममा स्वरोजगार कोष अर्थमन्त्रालयमा पनि छ, खेलकुद मन्त्रालयमा पनि छ । र विभिन्न बैङ्कले पनि स्वरोजगार कोषमा लगानी गर्ने । त्यो स्वरोजगार कोषले सक्ने पहुँचवाला युवाहरू मात्रै त्यो कोष ग'को देखियो, ओभरल्याप भ'को देखियो । त्यसकारण सरकारको कार्यक्रमहरू प्रभावकारी देखिएन । त्यसकारण यसलाई एउटै छाता सङ्गठन भित्र ल्याएर यो स्वरोजगार कोष परिचालन गर्ने हो भने चाहिँ युवाहरू विदेश जानबाट रोक्न सकिन्छ । विदेशबाट पलायन हुनबाट रोक्न सकिन्छ । देशमै सीप प्रविधि दिएर तालिम गराएर सक्षम बनाएर युवाहरूलाई यो कोषको कार्यक्रममार्फत कार्यक्रमतिर उद्यमशील बनाउन सकिन्छ भन्ने मलाई लाग्छ । त्यसैले म यो विषयमा युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत स्वरोजगार कार्यक्रम छ । यसैलाई सबैले छाता सङ्गठन बनाएर लगानी गर्ने हो भने राम्रो हुन्छ भन्ने हिसाबले म चाहिँ यो कुरा राख्न चाहन्छु । यो विषयमा सम्माननीय प्रधानमन्त्रीलाई पनि अनुरोध गर्या छु । माननीय अर्थमन्त्रीलाई पनि मैले अनुरोध गर्या छु । यो सम्भव हुन्छ यहीबाट गरौं, हुँदैन भने एउटा छाता सङ्गठन गरेर एकै ठाउँबाट लगानी गर्ने प्रक्रियामा जाऔं । ओभरल्यापिङ भयो भने चाहिँ एउटै मान्छेले घुमी घुमी पहुँचवालाले चाहिँ सुविधा लिइरहेको देखिन्छ ।

त्यसकारण त्यो रोक्नुपर्छ भन्ने मेरो कुरा छ । त्यसकारण यो विषयलाई पनि जानकारी गराएँ सम्मानित सदनलाई ।

अर्को कुराः यो क्रिकेट क्षेत्रको विकासका लागि हामीले यति ठुलो क्रेज छ । साना बच्चादेखि एकदम सिनियर हाम्रो नागरिक सबैलाई चाहिँ एउटा चासो चिन्ताको विषय बनेको अवस्था छ । क्रिकेटले जुन सफलता हासिल गरिरहेको अवस्था छ । त्यसैले क्रिकेटलाई प्राथमिकताका साथ चाहिँ बजेट पनि गरिएको छ । कीर्तिपुर, मुलपानी, विराटनगर र नारायणी रङ्गशाला, पर्सालाई उनको त्यो infrastructure पूर्णता कायम गरेर हामीले जान सक्यौं भने अन्तर्राष्ट्रियस्तरको tournament हरू बाह्रै महिना खेलाउन सकिने अवस्था हुन्छ । जसले पर्यटन क्षेत्रको विकास हुन्छ । पर्यटन र खेललाई जोड्न सक्यौं भने देशको अर्थतन्त्रमा पनि बल पुग्ने भएको हुनाले यो विषयलाई अगाडि बढाउन मन्त्रालयले कार्यक्रम अगाडि सारिरहेको जानकारी गराउन चाहन्छु ।

र अन्त्यमा माननीय सदस्यज्यूहरूले यो मन्त्रालयसँग चिन्तित रहेर यसको बजेट वृद्धि गर्ने र समानुपातिक बजेट वृद्धि गर्ने र दण्डित राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने र खराब काम गर्नेलाई दण्डित गर्ने जुन खालको सुझाव राख्नुभएको छ । त्यसको लागि म सबै माननीय सदस्यहरूलाई, सम्माननीय अध्यक्ष महोदयलाई धन्यवाद दिएर मेरो आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, माननीय युवा तथा खेलकुद मन्त्री डिग बहादुर लिम्बूले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्रै स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँदछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेट समय निर्धारण गरेको छु । माननीय सोनाम गेल्जेन शेर्पा ।

(११:३५ बजे) **माननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्षज्यू, यो जति पनि खेलकुदको लागि संरचना भन्छ । त्यसको दिगो व्यवस्थापन के छ? संरचना भन्छ र त्यसलाई चाहिँ खण्डहरमा पुऱ्याइने गर्छ । त्यसको दिगो व्यवस्थापन के छ भनेर माननीय मन्त्रीज्यूलाई म प्रश्न गर्न चाहन्छु । र अर्को चाहिँ यो सार्क गेममा जुन किसिमले चाहिँ भाग लिने खेलाडीहरू छ, त्यसको भरणपोषणहरू राम्रोसँग व्यवस्थापन

नभ'को भनेर सञ्चारमाध्यममा आइर'को छ । त्यसको सम्बन्धमा पनि म ध्यानाकर्षण गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय खिमलाल देवकोटा ।

(११:३५ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, यो मन्त्रालयमा विशेष गरी मोटामोटी मैले सरसर्ती योजना र कार्यक्रम हेर्दाखेरि १७७ ओटा रहेछन् । १७७ मा ९९ प्रतिशत योजनाहरू चाहिँ २० लाखभन्दा साना छन्, २० लाखसम्मका छन् भनेपछि मैले यहाँ अलिकति अब यो मैले पटक पटक भनेको पनि छु । धेरैचोटि बोलें पनि यो विषयमा अब मलाई चाहिँ के लाग्छ भने अब यो माननीय मन्त्रीज्यूहरू सबै जना यहाँ हुनुहुन्छ । तपाईंहरू संविधान विरोधी, संघीयता विरोधी कार्यक्रम योजनाहरू किन राख्नुहुन्छ? अनि तपाईंहरू विषयगत मन्त्रालयले जथाभावी योजनाहरू राख्ने त्यसको जवाफ चाहिँ अर्थमन्त्रीले दिनपर्ने? तपाईंले संघीयतालाई बदनाम तपाईंले गर्ने त्यसको पृष्ठ पोषण हामीले गर्नुपर्ने? अब तपाईंलाई एउटा म यहाँ एउटा किताबै लिएर आ'को छु । यो २०६९ सालको त्यो बेलाको गा.वि.स., जि.वि.स., नगरपालिका त्यो बेलामा समेत हामीले गा.वि.स. लाई २ लाखभन्दा साना काम नगर भनेर यो किताबमा लेख्या छ । यो हेरे हुन्छ यो । यो किताब हेरे हुन्छ । अहिले पनि कतिपय स्थानीय तहले वडालाई चाहिँ बजेट सिलिङ् दिँदाखेरि ५ लाखभन्दा साना नगर भनेर दिएका छन् । त्यो पनि तपाईंले बुझ्ने हुन्छ । अब यति साना साना कार्यक्रम राखेर हाम्रो त..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा स्पष्ट पार्न माननीय युवा तथा खेलकुद मन्त्री डिग बहादुर लिम्बूलाई समय उपलब्ध गराउँछु ।

(११:३६ बजे) **माननीय युवा तथा खेलकुद मन्त्री श्री डिग बहादुर लिम्बू**:- सम्माननीय अध्यक्षज्यू, माननीय सदस्यहरूले सोध्नुभएको प्रश्नको लागि चाहिँ धन्यवाद पनि छ । अब यो दिगो व्यवस्थापनको कुरा उठिरहेको छ । दिगो व्यवस्थापनको बारेमा स्रोत साधनको पर्याप्तताका आधारमा मात्रै दिगो व्यवस्थापनको लागि पूर्वाधार निर्माण गर्न सकिन्छ । अनि साधन स्रोत कमी भ'कोले गर्दाखेरि व्यवस्थापन गर्न ..... माननीय सदस्यले उठाउनुभ'को ठिकै

छ । खेलाडीको पोषणको कुरा छ । हामीसँग पर्याप्त मात्रामा स्रोतको खोजी गरिएको छ । पर्याप्त स्रोत प्राप्त भएपछि त्यो पोषणको पनि व्यवस्था हुन्छ ।

२० लाखभन्दा सानो योजना किन? संघीयता विरोधी बजेट किन? साना योजनामा किन भन्ने कुरा चाहिँ माननीय खिमलाल देवकोटाजीले पुनः राखुभएको छ । अब आगामी दिनमा चाहिँ यहाँहरूले भनेअनुसार बजेट आउँछ । धन्यवाद ।

(११:३८ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, युवा तथा खेलकद मन्त्रालयसम्बन्धी विनयोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय सहरी विकास मन्त्री सीता गुरुङलाई सहरी विकास मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(११:३८ बजे) **<u>माननीय सहरी विकास मन्त्री श्री सीता गुरुङ</u>**:- सम्माननीय अध्यक्ष महोदय, माननीय सांसदज्यूहरू, यस गरिमामय संसदमा आर्थिक वर्ष २०८०/०८१ को छलफलको क्रममा माननीय सांसदज्यूहरूबाट सहरी विकास मन्त्रालयका लागि विनियोजित बजेटको सम्बन्धमा राखुभएका जिज्ञासा प्रश्नहरूको लागि हार्दिक धन्यवाद आभार व्यक्त गर्न चाहन्छु । र योसँगै यो विषयगत मन्त्रीको हैसियतमा राखिएको जिज्ञासाहरूलाई सम्बोधन गर्ने कोसिस गर्न चाहन्छु । माननीयज्यूहरूबाट छलफलमा उठान गर्नुभएका विषयवस्तुमा प्रवेश गर्नुभन्दा पहिले सहरी विकास मन्त्रालयले आर्थिक वर्ष २०८०/०८१ को लागि सहरी विकास मन्त्रालय, आवास, भवन र स्थानीय पूर्वाधारको क्षेत्रमा प्रस्ताव गरिएका महत्वपूर्ण कार्यक्रमहरू नीतिगत व्यवस्था र मन्त्रालयहरूको गतिविधिको बारेमा सङ्क्षेपमा प्रष्ट गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, सहरी आवास विकास तथा भवन निर्माण कार्यक्षेत्र रहने गरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९ जेठ ५ गतेको मन्त्रिपरिषद्को निर्णयअनुसार स्थापना भएको सहरी विकास मन्त्रालयमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९ साल साउन १९ गतेको निर्णयबाट स्थानीय पूर्वाधार विभागसमेत थप भई स्थानीय पूर्वाधारको कार्यक्षेत्रसमेत थप भएको छ । यस क्षेत्रमा मन्त्रालय कार्यान्वयनको लागि प्रस्ताव गरेका मुख्य कार्यक्रमहरू देहायबमोजिम रहेको जानकारी गराउन चाहन्छु ।

व्यवस्थित सहरीकरणमार्फत दिगो आर्थिक-सामाजिक समृद्धि दीर्घकालीन सोच र सर्वसुलभ समृद्ध दिगो र सुन्दर सहरको विकास गर्ने लक्ष्यसहित आर्थिक वर्ष ०७३/७४ देखि भारतसँग सीमा जोडिएका तराई-मधेसका २१ वटा जिल्ला सदरमुकामस्थित नगरपालिकाहरूको पूर्वाधार विकासको उद्देश्यसहित सुरु भएको सघन शहरी विकास कार्यक्रम चालु आर्थिक वर्ष ७९/८० मा पहाड तथा हिमाली क्षेत्रका नगरपालिकाहरूसमेत समेटी थप ५१ नगरपालिकामा विस्तार गरिएको छ । आगामी आर्थिक वर्ष २०८०/८१ देखि उक्त कार्यक्रममा थप ३४ नगरपालिकामा विस्तार गर्ने गरी बजेट विनियोजन गरिएको छ । नगरपालिकाको छनोट गर्दा प्रादेशिक सन्तुलन मिलाउनुका साथै ७५३ वटा स्थानीय तहहरूमध्ये नगरपालिकाहरूमा १३ जना मात्रै महिलाहरूले प्रमुख रूपमा निर्वाचित हुनुभएको र त्यसैलाई प्राथमिकतामा राखी महिला निर्वाचित नगरप्रमुखको रूपमा महिला निर्वाचित भएका नगरपालिकाहरूलाई विशेष प्राथमिकता दिएको कुरा जानकारी गराउन चाहन्छु ।

हिमाल, पहाड र तराई/मधेसमा रहेको जनसाङ्ख्यिक असमनता र असन्तुलित विकासलाई व्यवस्थापन गर्नुका साथै तीव्र बसाइँ सराइलाई रोक्न मध्ये पहाडी लोकमार्ग र उत्तर-दक्षिण राजमार्गको मिलनविन्दु वा आसपासमा आधुनिक सहरी सेवासुविधासहितको नयाँ सहरी विकास गरी २० वर्षभित्र प्रत्येक सहरमा १ लाख जनसङ्ख्या बस्न सक्ने १० वटा नयाँ सहर बनाउने लक्ष्यसहित आर्थिक वर्ष २०६७/६८ बाट सुरु गरिएको नयाँ सहर आयोजनालाई विशेष प्राथमिकताका साथ निरन्तरता दिँदै बजेट केन्द्रित गरिएको छ ।

नेपालको संविधानअनुसार फोहोरमैला सङ्कलन व्यवस्थापनको लागि स्थानीय तहलाई जिम्मेवार तथा अग्रणी निकायको रूपमा सक्षम तथा सबल बनाउनुपदर्छ भन्ने मन्त्रालयको धारणा रहेको छ । नेपाल सरकार कार्यविभाजन नियमावलीले फोहोरमैला व्यवस्थापन र समन्वयको जिम्मेवारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई तोकेको भए तापनि मिति २०७८ फागुन २६ नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार सहरी विकास मन्त्रालयअन्तर्गत फोहोरमैला व्यवस्थापन प्राविधिक सहायता केन्द्र स्थापना भई स्थानीय तहलाई सहयोग, समन्वय तथा सहजीकरण गरिरहेको छ । मन्त्रालयबाट नै वनचरे डाँडा विरगञ्ज, नेपालगञ्जमा फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण सञ्चालनमा आइसकेको छ । त्यस्तै गरी धनगढी, गोदावरी, शुक्लाफाँटा नगरपालिकाहरूमा एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणाधीन अवस्थामा रहेका छन् । यसलाई निरन्तरता दिँदै आगामी आ.व. मा समेत विभिन्न स्थानीय तहहरूमा फोहोरमैला व्यवस्थापन कार्यको विस्तृत योजना तयार गर्ने गरी बजेट विनियोजन गरेको कुरा जानकारी गराउन चाहन्छु ।

काठमाडौं उपत्यकाको बढ्दो सहरीकरण र व्यवस्थित गर्न उपत्यकाको निशान कोणमा एक लाख रोपनी र अन्य तीनवटा कोणमा दश/दश हजार रोपनीको तीनवटा गरी कूल एक लाख तीस हजार रोपनीको चारवटा उपसहरको विकासको लागि सम्भाव्यता अध्ययन भइसकेको छ । ती सहरहरूमध्ये काठमाडौं उपत्यकाको इसाननगर योजना कार्यान्वयनको लागि भौतिक विकास, योजना स्वीकृतिको लागि नेपाल सरकार मन्त्रिपरिषद्मा पेस भइसकेको कुरा जानकारी गराउन चाहन्छु । रूपान्तरकारी योजनाको रूपमा सहरी करिडोर विकास आयोजनालाई सञ्चालन गर्न एसियाली विकास बैङ्कको प्राविधिक सहयोगमा दुईवटा करिडोरहरू विराटनगर, इटहरी, धरान, इनरुवा, दमक र बुटल, सिद्धार्थनगर, लुम्बिनी कपिलवस्तुको विस्तृत अध्ययन प्रतिवेदन तयार भएपश्चात् ADB कै सहयोगमा कार्यान्वयनमा जाने तयारी भइरहेको छ । एसियाली विकास बैंकको सहयोगमा सुदूरपश्चिमका प्रदेशका चारवटा नगरपालिकाहरू धनगढीको, गोदावरी, शुक्लाफाँटा, भिमदत्तमा सञ्चालित क्षेत्रीय सहरी विकास आयोजना आगामी आ.व. मा सम्पन्न गर्ने गरी विनियोजन गरिएको छ । साथै विश्व बैङ्कको सहयोगमा सहरी प्रशासकीय क्षमता विकास कार्यक्रममार्फत स्थानीय तहबाट नै कार्याक्रम सञ्चालन कार्यान्वयन गर्ने गरी १७ वटा नगरपालिकाहरूमा बजेट विनियोजन गरिएको छ । आ.व. २०६९/०७० देखि सुरु भएको जनता आवास कार्याक्रम आ.व. ०७५/०७६ ससर्त अनुदानसहित प्रदेश सरकारमा हस्तान्तरण भई हालसम्म करिब १८ अर्ब लगानी भइसकेको छ । र उक्त कार्यक्रमलाई आगामी आ.व. मा समेत प्रदेश सरकारमार्फत कार्यान्वयन गर्ने गरी निरन्तरता दिएको छ । गरिबीको रेखामुनि रहेका प्रकोपका कारण घरबारविहीन भएका घरपरिवारको पराल, खर वा त्यस्तै प्रकारका पानी र आगोबाट असुरक्षित आवसीय भवनको छाना जस्तापाताले प्रतिस्थापन गर्न आ.व. २०७५/०७६ देखि सुरु भएको सुरक्षित नागरिक आवास कार्यक्रममा हालसम्म करिब १० अर्बका लगानी भइसकेका छ । आ.व. ०७८/०७९ सम्म ५५ हजारभन्दा बढी आवसीय भवनहरूको छाना जस्तापाताले प्रतिस्थापन गरिनुको साथै थप १ लाख ६० हजार लाभग्राही छनोट गरिएको कुरा र यस कार्यक्रमलाई समेत निरन्तरता दिएको कुरा जानकारी गराउन चाहन्छु ।

सम्माननीय अध्क्ष्य महोदय, संघीय संसद भवन र मन्त्री निवास, प्रदेश प्रमुख र मुख्यमन्त्री आवास तथा सम्पर्क कार्यालयहरू आगामी आ.व. मा निर्माण कार्य सम्पन्न गर्ने गरी बजेट विनियोजन गरिएको छ । चालु आर्थिक वर्ष २०७९/०८० मा सहरी विकास मन्त्रालयअन्तर्गत संघतर्फ ६० अर्ब १३ करोड ६९ लाख, प्रदेशतर्फ ५ अर्ब ८३ करोड २३ लाख र स्थानीय तहतर्फ १० अर्ब ४७ करोड गरी जम्मा ७६ अर्ब ४३ करोड ९२ लाख बजेट विनियोजन भएकोमा आगामी आ.व. ०८०/०८१ मा सहरी विकास मन्त्रालयको लागि जम्मा रु.

६६ अर्ब १७ करोड बजेट विनियोजन गरिएको छ । जुन चालु आ.व. को विनियोजित बजेटभन्दा कूल रु. १० अर्ब २६ करोड ९२ लाख कम रहेको छ । संघीय कार्यक्रमतर्फ रु. १३ अर्ब ६४ करोड ५२ लाखले कम रहेको छ भने संघीयतालाई प्रभावकारी बनाउन सहरी विकास मन्त्रालयमार्फत प्रदेशमा ८ अर्ब ४६ करोड र स्थानीय तहमा १० अर्ब ४६ लाख गरी जम्मा १८ अर्ब ४७ करोड ३५ लाख बजेट प्रदेश र स्थानीय तहलाई ससर्त अनुदानको रूपमा उपलब्ध गराइएको छ । जुन चालु आ.व. को भन्दा रु. १ अर्ब ८८ करोड १२ लाखले बढी रहेको जानकारी गराउन चाहन्छु ।

मन्त्रालयमा प्राप्त बजेट सिलिङ चालु आ.व. को विनियोजित बजेटभन्दा पनि निकै न्यून रहेको अवस्थामा विगतमा सिर्जना भएका दायित्वहरू, क्रर्मागत कार्यक्रमहरूको भुक्तानी, वैदेशिक सहयोगमा सञ्चालित आयोजनाहरूको लागि समपुरक बजेट व्यवस्थापनका लागि बजेट व्यवस्थापन निकै चुनौतीपूर्ण हुँदा हुँदै पनि माननीयज्यूहरूबाट माग भएका झन्डै १४ हजार कार्यक्रमहरू भए तापनि सीमित सङ्ख्या र सीमित बजेटमा भए पनि सम्बोधन गर्ने प्रयास गरिएको कुरा जानकारी गराउन चाहन्छु । खरिद सम्झौता भइसकेको क्रमागत तथा दायित्व सिर्जना भइसकेको कार्यक्रमहरूलाई प्राथमिकताका साथ बजेट विनियोजन गरिएको कुरा जनकारी गराउन चाहन्छु । आगामी ३ वर्षभित्र आधा घण्टाको सेरोफेरोमा खोला नदीबाहेकका अग्ला पहाडका वारिपारिका डाँडँका बिचमा समेत सम्भाव्यताको आधारमा झोलुङ्गेपुल निर्माण गरी पहुँच विस्तार, सुधार साथै सेवा प्रवाहमा सहजता ल्याउने गरी आगामी वर्षको लागि कार्याक्रम वर्षमा ६०५ निर्माणाधीन र ११६ वटा नयाँ झोलुङ्गेपुल निर्माणको लागि बजेट विनियोजन गरिएको कुरा जानकारी गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७९/०४/१९ को निर्णयअनुसार स्थानीय पूर्वाधार विभागले हेर्ने गरी चारवटा बजेट उपशीर्षकहरू क्रमशः स्थानीय सडक पुल निर्माण, तराई/मधेश सडक पूर्वाधार विकास कार्यक्रम, सडक पूर्वाधार विकास कार्यक्रम र वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम सहरी विकास मन्त्रालयबाट सञ्चालन गर्ने गरी निर्णय भई कार्याक्रममा समेत बजेट विनियोजन गरिएको जानकारी गराउन चाहन्छु ।

माननीयज्यूहरूले राष्ट्रिय गौरवको योजनामा बजेट घटाइएको भन्ने विषयसमेत उठान गर्नुभएको थियो । सहरी विकास मन्त्रालयअन्तर्गत राष्ट्रिय गौरवभा योजनाको नरहेको कुरा पनि जानकारी गराउन चाहन्छु । मन्त्रालयअन्तर्गतबाट ३५ बजेट उपशीर्षकहरूमध्ये प्रमुख शीर्षकहरूमा ७ वटा बजेट उपशीर्षकहरू- सघन सहरी विकास कार्यक्रम, नयाँ सहर, आयोजना बस्ती विकास कार्यक्रम, क्षेत्रीय सहरी विकास आयोजना, झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम, सडक

पूर्वाधार विकास कार्यक्रम मात्र ४४.१ प्रतिशत बजेट विनियोजन भएको छ । यस मन्त्रालयले महत्वपूर्ण कार्यक्रम बजेट नघटाई अझ बढी महत्त्व दिएको कुरा स्पष्ट गराउन चाहन्छु ।

यसरी नै खर्चकटौतीसहित यस मन्त्रालयको लागि माननीय सुमित्रा वि.सी. र वहाँमार्फत नरपति लुवारज्यूले उठाउनुभएको कतिपय विषयहरूलाई माथिनै सम्बोधन गरिसकिएको छ र कतिपय विषयहरू क्रमशः कार्यान्वयन गरिने भएकोले माननीयज्यूहरूलाई खर्च कटौतीको प्रस्ताव फिर्ता लिइदिनको निम्ति अनुरोध गर्न चाहन्छु ।

माननीयज्यूहरूले विनियोजित बजेटमाथि छलफलको क्रममा बजेट शीर्षकहरूमा थोरै भएको र सबै ठाउँलाई सम्बोधन गर्न नसकेको भन्ने प्रश्नहरू पनि उठाउनुभएको थियो । सहरी विकास मन्त्रालयबाट कुनै पनि जिल्लालाई अछुतो राख्ने काम गरेको छैन । बजेट निर्माणको क्रममा सीमित बजेटको कारणले सीमित योजनाहरू र सीमित थोरै बजेट राखिएको कुरा यथार्थ हो । र त्यही क्रममा उहाँहरूले उठाउनुभएको मन्त्रालय नै खारेज गरे पनि हुन्छ भन्नेजस्ता अभिव्यक्ति दिनुभएको थियो । हामीले समस्याको समाधान भनेको खारेजीले होइन, हामी समाधान खोजेर जाने हो । त्यसैले माननीयज्यूहरूले आगामी वर्षको कार्यक्रमहरूमा के कुराहरूलाई सम्बोधन गरेर लेर जान सकिन्छ? र त्यस्तै गरेर बजेट विनियोजन गर्दाखेरि भौगोलिक रूपमा सन्तुलन गरेर जानुपर्ने कुराहरू र त्यस्तै गरेर राष्ट्रिय आयोजनाहरूलाई महत्त्व दिनुपर्ने र यी स्थानीय तहको केन्द्रलाई जोड्नुपर्ने र त्यस्तै गरेर तराई/मधेस उच्च पहाडी तथा हिमाली जिल्लाहरूलाई र कर्णाली समृद्धिका कार्यक्रमहरूलाई कसरी प्रभावकारी बनाउनुपर्छ? भन्ने विषयमा आगामी दिन हामीले छलफल गरेर अगाडि बढ्न सक्छौं । र आगामी कार्यक्रमहरूमा हामी सम्बोधन गरेर अगाडि बढ्न सक्छौं । र आज जति माननीयज्यूहरूले जिज्ञासा राख्नुभएको छ र हामीलाई सुझाव दिनुभएको छ, यी सबै कुराहरूलाई चैं मन्त्रालयको सम्पत्तिको रूपमा लिएर आगामी दिनको लागी मार्गदर्शकको रूपमा मान्ने प्रतिबद्धता व्यक्त गर्दै मेरो भनाइ टुङ्ग्याउँछु । हवस् त, धन्यवाद । नमस्कार । जय नेपाल ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, माननीय सहरी विकास मन्त्री सीता गुरुङले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्रै स्पष्टीकरण माग गर्न पाउने हुने बेहोरा जानकारी गराउँदछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यहरूलाई एक मिनेटको समय निर्धारण गरेको छु ।

माननीय खिमलाल देवकोटा ।

(११:५० बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, यो मन्त्रालयको कुल योजना सङ्ख्या चैं ७ हजार १७७ वटा रहेछ । मोटामोटी मैले योजना कार्यक्रमको सङ्ख्याहरू हेर्दा । २ लाखसम्मका योजनाका सङ्ख्या चैं ७६ वटा छ । ५० लाखसम्मका योजनाको टोटल सङ्ख्या ९८ प्रतिशत छ । अघि भर्खरै माननीय मन्त्रीज्यूले नेपाल सरकार मन्त्रीपरिषद् कार्यविभाजन नियामावली कुरा गर्नुभो' । मैले यहाँ बोकेर पनि लेराको छु । यो मन्त्रीपरिषद् कार्यविभाजन नियामावलीमा विशेष फोहोरमैलाका कुराहरू चैं अर्थमन्त्रालयसँग संघीय मामिला मन्त्रालयको कार्यक्षेत्र भित्र पर्यो भन्नुभो' । तर मैले माननीय मन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहेको चैं के हो भने यो मन्त्रालयको काम भनेको सहरी विकाससम्बन्धी नीति, कानुन, मापदण्ड राष्ट्रिय सहरी विकास पूर्वाधार गर्ने हो । राष्ट्रिय सहरी विकास पूर्वाधार हो । अब मलाई माननीय मन्त्रीज्यूले जवाफ दिनुपर्यो यो तपाईंका ५० लाखसम्मका योजना बनेको ९८ प्रतिशत छ । अब पालिकाको पनि त्यही, प्रदेशको त्यही, नेपाल सरकार, संघीय सरकारको नि त्यही हो भनेपछि अब हामीले संघीयता ल्याएको के अर्थ भयो? गणतन्त्र ल्याएको अर्थ के भयो? त्यसकारण हामीले मन्त्रालय सुधार हुनुपर्यो, करेक्सन हुनुपर्यो भन्ने मैले पटक पटक मेरो भनाइ नै यही हो । हवस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सुमित्रा वि.सी. ।

(११:५२ बजे) **माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- अध्यक्ष महोदय, मन्त्रीज्यूले सहरी विकाससम्बन्धी धेरै मिठा कुराहरू गर्नुभ'को छ । यो कार्यान्वयन होस्, सफलताको शुभकामना दिन चाहन्छु । र पनि यो smart city बनाउने कुराहरू थियो । यसको बारेमा के कति बजेट छुट्याइएको छ? यसको कुरो नआए जस्तो मलाई लाग्यो ।

अर्को कुरो, हामी राष्ट्रभरि सहरलाई हराभरा गराउने र व्यवस्थित गर्ने कुरा गर्छौं तर यही काठमाडौंमा भ'का मैले अस्ति पनि बोल्या थिएँ, यो विभिन्न मन्त्रालय खानेपानीले बाटो खन्छ अनि उर्जाका बत्तीहरू लथालिङ्ग छन् । अनि सूचना सञ्चार र हाम्रो त्यसलाई underground गर्ने कुरा थियो । सहरलाई सुन्दर बनाउन, व्यवस्थित बनाउन, यो चैं के भइरहेको छ? र मैले अस्ति अर्को पनि कुरा गरेको थिएँ, यो पुरानो संसद भवनको बारेमा किन बजेट छुट्याइएन? र

यसलाई मर्मत गरेर सुरक्षित गर्ने कुरामा सहरी विकास मन्त्रालयले के सोचिरहेको छ? ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अब म माननीय सदस्यले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय सहरी विकास मन्त्री सीता गुरुङलाई समय उपलब्ध गराउँछु ।

(११:५३ बजे) **माननीय सहरी विकास मन्त्री श्री सीता गुरुङ**ः- सम्माननीय अध्यक्ष महोदय, माननीय खिमलाल देवकोटाज्यू र सुमित्रा वि.सी. माननीयज्यूले अत्यन्तै महत्त्वपूर्ण सुझाव दिनुभएको छ । सुझावको लागि धेरै धेरै धन्यवाद छ । मैले सङ्क्षिप्तमा प्रस्तुति गर्दाखेरि केही विषयवस्तुहरू मैले पूर्ण रूपमा जानकारी गराउन यहाँ छुटेको छ, समयको अभावको कारणले । र त्यसमा हाम्रो कुल मैले सहरी विकास मन्त्रालयको विगतको बजेटको सिलिङ र यो वर्षको बजेटको सिलिङ पनि मैले प्रस्तुत गरिसकेको छु । त्यो हिसाबले पनि योजनाहरू छनोट गर्दाखेरि पुरानो कार्यक्रमलाई निरन्तरता दिनुपर्ने र पुरानो दायित्वहरूलाई पूरा गर्नुपर्ने हुँदाखेरि नयाँ कार्यक्रमहरू सीमित नै थपिएका थिए । र तीसमेत थपिएका योजनाहरूलाई हामीले स्थानीय र प्रदेश दुई केन्द्र र संघ गरेर तीन तहबाट कार्यान्वयन हुने गरी बजेट विनियोजन गरिएको कुरा जानकारी गराउन चाहन्छु ।

र त्यसमा थोरै रकम छ भन्ने कुराहरू राख्नुभा'को छ । एउटा झोलुङ्गे पुल बनाउने हो भने सबैभन्दा पहिले डीपीआर तयारी गर्नुपर्ने हुँदो रहेछ । डीपीआरको लागि नै ठूलो बजेट छुट्याउने कुराभन्दा पनि डीपीआर तयार भएपछाडि कति लाग्छ भनेर अगाडि बढ्नुपर्ने जस्ता प्राविधिक कुराहरू भ'को कारणले गर्दा कतिपय कुराहरूमा चैं थोरै रकम पनि भएको कुरा सत्य छ । तर सीमित स्रोतका कारण हामीले बजेट निर्माण गर्दाखेरि यसचोटि धेरै रकम योजनामा बजेट चैं बढी बजेट छुट्याउन नसकेको कुरा जानकारी गराउन चाहन्छु ।

र त्यसरी नै फोहोरमैलाको कुराको विषयमा पनि मैले अगि नै भनिसकेको छु । सहरी नीति बनाउनुपर्छ भनेर अहिले मन्त्रालयमा सहरी विकास नीति बनाउनुको निम्ति हामी कोसिस गरेर अन्तिम चरणमा पुगिरहेका छौं । त्यस्तै गरेर हामीले बस्ती विकासको कार्यक्रम अगाडि बढाउने भनेका छौं । तर त्यसको पनि हामीले नीति बनाएका छैनौं । त्यसैले हामी बस्ती विकास नीति पनि बनाएर हाम्रो चैं बनेको सहर र त्यस्तै गरेर सहरउन्मुख बस्तीहरूलाई कसरी व्यवस्थित गर्ने भन्ने विषयमा चैं अगाडि बढिरहेको जानकारी गराउन चाहन्छु ।

त्यसरी नै हामीले हिजो उद्घोस गरेको smart city को विषयमा हामीले धेरै घोषणाहरू चैं गरे छौं तर कार्यान्यनमा, प्राथमिकतामा नपरेको कारणले गर्दाखेरि smart city लाई पनि अहिले चैं ८ वटालाई मात्रै focus गरेर सीमित बजेटको कारणले गर्दा ८ वटा smart city लाई मात्रै विशेष प्राथमिकताका साथ राखेर अगाडि बढेको कुरा माननीयज्यूसँग जानकारी गराउन चाहन्छु । र विकासको निम्ति हामीले चैं विकास निर्माणको निम्ति थुप्रै मन्त्रालयसँग जोडिने र कुनै पनि योजनाहरू सम्पन्न हुन नसक्ने भ'को कारणले गर्दा एकीकृत करिडोर बनाएर हामी यो समस्याको समाधान गर्ने बाटोतिर जानुपर्छ भनेर तयारी गरिरहेका छौं भने पुरानो संसद भवनलाई renovate गरेर जस्ताको त्यस्तै राख्ने भन्ने विषयमा छलफल गरेर अगाडि बढाउने पहल गरिरहेका छौं । र अझ महत्त्वपूर्ण सुझावको निम्ति माननीयज्यूहरूलाई हार्दिक आभार व्यक्त गर्दै मेरो भनाइ टुङ्ग्याउँछु । जय नेपाल ।

(११:५६ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, सहरी विकास मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ ।

विनियोजन विधेयक आज जति छिटो निर्णयमा पुऱ्याउनुपर्ने कुरामा माननीय मन्त्रीज्यूहरूको तेस्रो पटक पुनः ध्यानाकर्षण गराउँदछु ।

माननीय सदस्यहरू, अब म माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाललाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(११:५७ बजे) **<u>माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री रमेश रिजाल</u>**:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यज्यूहरूले धेरै महत्त्वपूर्ण सुझावहरू दिनुभएको छ । त्यसलाई आत्मसात् गर्दै केही महत्त्वपूर्ण प्रश्नहरूको जवाफ दिन चाहन्छु । औद्योगिक पूर्वाधार विकास कार्यक्रममा मन्त्रालयको के योजना छ भन्ने प्रश्नमा, औद्योगिक पूर्वाधार विकास कार्यक्रमअन्तर्गत औद्योगिक क्षेत्र, औद्योगिक ग्राम तथा औद्योगिक करिडोर घोषणा, निर्माण तथा विकास क्षेत्र सञ्चालन गर्ने गरी प्राथमिकताका साथ कार्य अगाडि बढाइएको छ । वाणिज्य पूर्वाधारको रूपमा रहेको एकीकृत जाँच चौकी तथा सुख्खा बन्दरगाह निर्माणलाई निरन्तरता दिइएको छ । विराटनगर र वीरगन्जमा एकीकृत चौकी सञ्चालनमा रहेका छन् । नेपालगञ्जको एकीकृत चौकी सञ्चालनमा तयार भइरहेको छ । रसुवाको टिमुरेमा बन्दरगाहको ४० प्रतिशत

निर्माण कार्य सम्पन्न भइसकेको छ । कञ्चनपुरको चाँदनी दोधारा सुख्खा बन्दरगाह भारत सरकारसँग निर्माण हुने गरी सम्झौता सम्पन्न भएको छ ।

अर्को, जनकपुर चुरोट कारखानालगायत उद्योग रुग्ण उद्योग चलाउने कार्यक्रममा सरकारको के कार्यक्रम छ भन्ने प्रश्नमा, नेपाल सरकार, यो सरकारले चुरोट उद्योगलाई, चुरोट कारखानालाई सञ्चालन, बनाउने काम गर्नुहुँदैन भन्ने यस मन्त्रालयको मान्यता छ । र तदनुरूप जनकपुर चुरोट कारखाना चल्ने कुनै सम्भावना मैले देखेको छैन । र अरू रुग्ण उद्योगको विषयमा Nepal Orind Magnesite PVT.LTD. प्रा.लि.लगायत बन्द तथा रूग्ण उद्योग सञ्चालनको Modality सम्बन्धी अध्ययन प्रतिवेदन तयार गरी अर्थ मन्त्रालयको निजीकरण इकाइमा पेस गरिएको छ । निर्णय भएअनुसार काम अघि बढ्ने विश्वास दिलाउन चाहन्छु ।

जडीबुटी प्रशोधनको योजना के छ भन्ने प्रश्नमा चालु आर्थिक वर्षमा ..... प्रशोधन केन्द्र स्थापना गर्न दार्चुलाको मार्मा गाउँपालिका र जडीबुटी प्रशोधन केन्द्र स्थापना गर्न वीरेन्द्र नगरपालिका, सुर्खेतसँगको समझदारी पत्रमा हस्ताक्षर भई रकमसमेत हस्तान्तरण गरिएको छ ।

दलित, सीमान्तकृत, उत्पीडित वर्गको पेसा, व्यवसाय, सीप प्रवर्द्धनको विषयमा मन्त्रालयको योजना के छ भन्ने सोधिएकोमा, सीमान्तकृत महिला, दलित, मधेसी आदिवासी, जनजाति उद्यमीहरूको लागि मागमा आधारित बिउ पुँजीमा सहयोग गर्न रु. १ करोड र अतिविपन्न सीमान्तकृत, लोपोन्मुख र अपाङ्गता तथा एकल महिलाको लागि सीप विकास तथा प्रविधि सहयोग गर्न रु. २ करोड १० लाख बजेट विनियोजन गरिएको यहाँलाई स्पष्ट गर्न चाहन्छु ।

आपूर्ति पेट्रोलियमको आपूर्तिको लागि मागलाई धान्न सक्ने गरी भण्डारण क्षमता वृद्धिकोमा के योजना छ भन्ने प्रश्नमा पेट्रोलियम पदार्थको आयातीत प्रणाली व्यवस्थित गर्न पेट्रोलियम पाइपलाइन निर्माण तथा भण्डार गृह निर्माण कार्य हुँदै आएको छ । नेपाल आयल निगमको आन्तरिक बजेटबाट पोखरामा हवाई इन्धन भण्डारण गृह र अम्लेषगञ्जमा थप दुई ओटा इन्धन भण्डार गृहको निर्माण कार्य मिति २०८१ असार मसान्तसम्म सम्पन्न गर्ने गरी कार्य अगाडि बढाइएको छ । हालको भण्डार गृह ६९ हजार १ सय ९२ किलोलिटर रहेको छ । अन्तर्राष्ट्रिय बजार मूल्यका आधारमा पेट्रोलियम पदार्थको मूल्य समयोजन गर्ने गरिएको छ ।

अन्तमा मन्त्रालय बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा कार्यान्वयन क्षमता, खर्चको मितव्यायिता, आर्थिक, पारदर्शीता वित्तीय अनुशासनसमेतलाई जोड दिइएको छ । माननीय सदस्यज्यूले जिज्ञासा राख्नुभएका विषयहरू नीतिगत रूपमा सम्बोधन भइसकेको बेहोरा अवगत

गराउँदै कार्यक्रम कार्यान्वयनमा निरन्तर सहयोग र समन्वयको अपेक्षा गर्दै खर्च कटौतीको प्रस्ताव फिर्ता लिन निवेदन गर्दछु । धन्यवाद । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री रमेश रिजालले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँदछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय सुमित्रा वि.सी. ।

(१२:०१ बजे) **<u>माननीय श्री सुमित्रा वि.सी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत म मन्त्रीज्यूलाई, माननीय मन्त्रीज्यूलाई सोध्न चाहन्छु । यो बहुमूल्य पत्थरको बारेमा खोजी गर्नका लागि निवर्तमान सरकारले बजेटहरू छुट्याएको थियो । अहिलेको सरकारले यसमा छुट्याएको देखिँदैन । यो यस्ता योजनाहरू, यस्ता उद्योगहरू गर्नुपर्ने किन भएन?

र दैलेखको पेट्रोलको लागि पनि त्यहाँ अनुसन्धानहरू भइराखेको थियो पेट्रोलखानी दैलेखमा थियो र त्यो उद्योगको लागि पनि सञ्चालन गर्नका निम्ति अहिलेको सरकारले के सोचिरहेको छ? म सोध्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणको सम्बन्धमा प्रष्ट पार्न माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री रमेश रिजाललाई समय उपलब्ध गराउँछु ।

(१२:०१ बजे) **<u>माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री रमेश रिजाल</u>**:- अध्यक्ष महोदय, माननीय सदस्यज्यूको प्रश्नप्रति गम्भीर ध्यानाकर्षण भएको छ । उहाँको प्रश्नलाई आगामी दिनमा सम्बोधन गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री रञ्जिता श्रेष्ठलाई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१२:०३ बजे) **माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री रञ्जिता श्रेष्ठ**:- सम्माननीय सभा अध्यक्ष महोदय तथा माननीय सदस्यज्यूहरू आर्थिक वर्ष २०८०/०८१ को विनियोजन विधेयकमाथि राष्ट्रिय सभाको बैठकमा छलफलको क्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित विषयमा सभाका माननीयज्यूहरूबाट केही जिज्ञासाहरू उठेको पाइन्छ । सो विनियोजन विधेयकको छलफलको क्रममा माननीय गोपाल भट्टराई, माननीय रामचन्द्र राई, माननीय शारदा देवी भट्ट, माननीय महेश कुमार महरा, माननीय अनिता देवकोटा, माननीय नारायण प्रसाद दाहाल, माननीय गोमा देवी तिमल्सिना, माननीय सुरेश कुमार आलेमगरलगायतका माननीयज्यूहरूले राष्ट्रिय भूमि आयोगले गरिरहेको कामकारबाही भूउपयोग नीति एवम् भूउपयोग ऐन नियमावलीको प्रभावकारिता तथा केही सहकारी सञ्चालकहरूको गलत व्यवस्थापनका कारण सहकारीहरूमा सिर्जित समस्यालगायतका विषयहरूसँग सम्बन्धित प्रश्न एवम् जिज्ञासाहरू उठाउनुभएकोले यी र यस्तै विषयहरूको सम्बोधनको लागि आज म सम्मानित सभामा उपस्थित भएकी छु ।

सर्वप्रथम त प्रश्नकर्ता, जिज्ञासाकर्ता, सम्पूर्ण माननीयज्यूहरूलाई धन्यवाद । भूमिहीन दलित, भूमिहीन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि राष्ट्रिय भूमि आयोग गठन आदेश २०७८ बमोजिम राष्ट्रिय भूमि आयोग गठन भएको जनकारी माननीयज्यूहरूलाई अवगत नै छ । सो कार्यको लागि प्रस्तावित बजेटको बुँदा १२५ मा भूमिहीन दलित सुकुम्वासी एवम् अव्यवस्थित बसोबासीहरूको पहिचान, सङ्कलन तथा सत्यापन तथा नाप नक्सा कार्य सम्पन्न गर्ने र आगामी आर्थिक वर्ष २०८०/०८१ मा भूमि आयोगमार्फत ११० ओटा स्थानीय तहमा २५ हजार भूमिहीनहरूलाई जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण गर्ने कार्यक्रम रहेको र सो क्रमशः अन्य पालिकाहरूमा पनि अगाडि बढाइने छ तथा सबै सुकुम्वासीहरूको समस्या समाधान गर्ने बेहोरा माननीय सदस्यहरूसमक्ष निवेदन गर्न चाहन्छु ।

माननीय सदस्यज्यूहरू, राष्ट्रिय भूमि आयोगबाट हालसम्म ६९७ स्थानीय तहसँग कार्य सहमतिपत्रमा हस्ताक्षर भई ३ हजार १ सय २४ ओटा जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको छ भने ८ लाख ९९ हजार ९८ सङ्ख्यामा लगत प्रविष्ट गरिसकिएको छ । हालसम्म सङ्कलित तथ्यअनुसार भूमिहीन दलितको सङ्ख्या ७१ हजार १ सय ३९, भूमिहीन सुकुम्वासीको सङ्ख्या १ लाख ४१ हजार ६ सय २९ र अव्यवस्थित बसोबासको सङ्ख्या ६ लाख ८६ हजार ३ सय २० रहेको जनकारीसमेत गराउन चाहन्छु । जिल्ला भूमिहीन आयोगको लागि प्रभावकारी बनाउन आवश्यक पर्ने प्राविधिक जनशक्ति नापी विभागबाट एवम् स्थानीय तहहरूले उपलब्ध गराएका छन् भने जिल्ला समितिको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयले जिल्ला स्थित अन्य कार्यालयहरूबाट कर्मचारीको व्यवस्थापन गरी भूमिसम्बन्धीको काम भैरहेको जानकारी गराउन चाहन्छु । भूमि आयोगको कामलाई थप प्रभावकारी ढङ्गले अगाडि बढाउन आवश्यक पर्ने स्रोत साधनको व्यवस्था आगामी दिनमा मिलाउँदै जाने बेहोरासमेत जानकारी गराउन चाहन्छु । बजेटको बुँदा नम्बर १२४ मा नापी कार्यालय र मालपोत कार्यालयलाई क्रमशः एकीकृत गरिने छ भनिएको छ । यसरी नापी र मालपोत कार्यालय एकीकरण गरी चालु खर्चमा कटौतीसमेत हुने बेहोरा अनुरोध गर्दै जग्गा प्रशासनको सेवामा प्रणालीको विकास गरी प्रणालीमार्फत स्थानीय तहमार्फत नै सेवाहरू प्रदान गर्ने गरी कार्यक्रम अगाडि बढाइने बेहोरा पनि निवेदन गर्न चाहन्छु । नापी कार्यालय र मालपोत कार्यालयहरूमा सेवा प्रवाहका लागि अनलाइन प्रणालीको विकास भएको छ । नापी कार्यालयमा एनईएलआईएस Nepal Land Information System र मेरो कित्ता र मालपोत कार्यालयमा एलआरआईएमएस Land Record Information Management System, पीएएम Public Access Module प्रणालीहरूमार्फत सेवा प्रवाह सुरु गरिएको छ । बजेट वक्तव्यको बुँदा नम्बर १२३ मा सेवाग्राहीहरूले विद्युतीय माध्यमबाट ट्रेस नक्सा, दृष्टि बन्धक रोक्का, जनताको सेवा लिन व्यवस्था मिलाइएको छ भनिएकोले सोकार्य गर्न गराउन मन्त्रालयअगाडि बढेको बेहोरासमेत सम्मानित सभालाई जानकारी गराउन चाहन्छु । भूउपयोग नीति, २०७२ आए पश्चात् भूउपयोग ऐन, २०७६ जारी भएको र उपयोग नियमावली, २०७९ समेत जारी भैसकेको अवस्था रहेको छ । भूउपयोग कार्यान्वयनका लागि १७० स्थानीय तहले भूउपयोग वर्गीकरण र योजना तयार गरी कार्यान्वयनमा ल्याइसकेका छन् भने अन्य स्थानीय तहहरूमा पनि नापी विभागबाट प्राविधिक सहयोग भैरहेको र छिट्टै भूउपयोग वर्गीकरण र योजना तयार गरी कार्यान्वयनमा लैजाने बेहोरासमेत सम्माननीय अध्यक्षमार्फत माननीयज्यूहरूलाई जानकारी गराउन चाहन्छु । भूउपयोग ऐन नियमावलीले तोकेबमोजिमका कार्यहरू क्रमशः भैरहेको बेहोरा अनुरोध गर्दछु । भूउपयोग ऐनमा तोकिएका कार्यहरूलाई उच्च प्राथमिकतामा राखी हाम्रो मन्त्रालयबाट एकीकृत ऐन तर्जुमा गर्ने कार्य भैरहेको र उक्त ऐनमा

भूमि बैङ्क र भूमि बजारका विषयमा कानुनी प्रावधान राखिने र कार्यान्वयनमा लागिने भन्ने कुरामा माननीयज्यूहरूलाई विश्वास पनि दिलाउन चाहन्छु । ५२ सहकारीहरूको अनुगमन, निरीक्षण नियमित हुनुपर्यो भन्ने माननीयज्यूहरूको जिज्ञासाबमोजिम सहकारीको प्रचलित मूल्य, मान्यता एवम् सिद्धान्तका आधारमा सहकारी ऐनअनुसार सहकारीहरूको नियन्त्रण, अनुगमन, निरीक्षण, नियमन भैरहेको जानकारी म गराउन चाहन्छु । समस्याग्रस्त सहकारीहरूको व्यवस्थापनका लागि समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यदल गठन भई कार्य भैरहेको छ । हालसम्म बाह्रओटा समस्याग्रस्त सहकारीमध्ये दुईओटा सहकारीहरूको समस्या समाधान भैसकेको र अरूको हकमा पनि आवश्यक प्रक्रिया अवलम्बन गरी समस्या समाधान गरिने जानकारी पनि गराउन चाहन्छु । बजेट वक्तव्यको बुँदा नम्बर १३३ बमोजिम आगामी आर्थिक वर्षमा सहकारी संस्थाहरूको नियमन तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाउन विशिष्टकृत नियामकीय निकाय स्थापना गरी सञ्चालनमा ल्याइने बेहोरासमेत माननीयज्यूहरूलाई जानकारी गराउन चाहन्छु । वास्तविक भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासी कसरी छुट्याउने, मापदण्ड तयार होस् भन्ने केही माननीयज्यूहरूको जिज्ञासा रहेकोमा भूमिसम्बन्धी ऐन, २०२१ र भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लागि लागत सङ्कलनसम्बन्धी कार्यविधि २०७८ मा भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासी छुट्याउने मापदण्ड स्पष्ट रूपमा उल्लेख गरिएको जानकारी म गराउन चाहन्छु । जसअनुसार भूमिहीन सुकुम्वासी भन्नाले नेपाल राज्यभित्र आफ्नो र आफ्नो परिवारको स्वामित्वमा जग्गा नभएको र आफ्नो वा आफ्नो परिवारको आयआर्जन स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति सम्झिनुपर्दछ । र सोशब्दले निजप्रति आश्रित परिवारको सदस्यसमेतलाई जनाउने छ भनी उल्लेख गरिएको पनि छ । अव्यवस्थित बसोबासी भन्नाले सरकारी ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए तापनि लामो समयदेखि आवाद गरी घर टहरा बनाई बसोबास गरेको भूमिसम्बन्धी ऐन, २०२१ को दफा ९२ ग को उपदफा (३) को आधारमा वर्गीकरण गरिएको व्यक्तिलाई सम्झिनुपर्दछ । र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्यसमेतलाई जनाउँछ भन्ने उल्लेख पनि गरिएको जानकारी गराउन चाहन्छु । त्यसै गरी सहकारी ठगी गर्नेलाई जाँचबुझ हुनुपर्यो भन्ने जिज्ञासाको सम्बन्धमा सहकारी ठगी गर्नेलाई प्रचलित कानुनबमोजिम जाँचबुझ गरी कारबाहीको प्रक्रिया अगाडि बढाइरहेको बेहोरा अनुरोध गर्न चाहन्छु । माननीयज्यूहरूले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गरिब निवारणसम्बन्धी के कस्ता कार्य गरेको छ भन्ने प्रसङ्ग पनि उठाउनुभएको छ । सो सम्बन्धमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गरिबी निवारणको लागि गरिबसँग विश्वेश्वर कार्यक्रम ७७ ओटै जिल्लामा, ३३८ ओटा स्थानीय तहहरूमा सञ्चालन गरिरहेको र सो कार्यक्रमको ४४४ जना सामाजिक परिचालकहरू फिल्डमा नै

कार्यरत रहेका छन् । ती सामाजिक परिचालकहरूले आफ्नो गाउँ टोलमा समूह गठन गर्ने, पुँजी निर्माण गर्ने र लगानी गर्ने कार्य गर्दै आइरहेको छ । जसले गर्दा स्थानीयस्तरमा नै सानो पुँजीको व्यापार व्यवसाय गर्ने रोजगारी सिर्जना गर्न सहयोग पुगेको बेहोरासमेत म जानकारी गराउन चाहन्छु । त्यसै गरी हाम्रो मन्त्रालयबाट गरिब परिवारहरूले पहिचान गरी राज्य सुविधा परिचयपत्र वितरण गर्ने कार्यक्रम सञ्चालन भैरहेको छ । र हालसम्म ४९ जिल्लामा गरिब घर परिवार पहिचान गरी ६ लाख १५ हजार ६१ ओटा गरिब परिचयपत्र वितरण कार्य सम्पन्न भैसकेको छ भने १५ ओटा जिल्लामा गुनासो सुनुवाइको कार्यक्रम भैरहेको र १३ ओटा जिल्लाहरूको तथ्याङ्क विश्लेषण गर्ने कार्य भैरहेको छ । आर्थिक वर्ष २०८०/०८१ भित्र सबै जिल्लामा गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरणको कार्य सम्पन्न गर्ने गरी कार्यक्रम अगाडि बढाइने बेहोरासमेत जानकारी गराउन चाहन्छु । यसका साथै गरिबहरूको अभिलेख राख्ने प्रायोजनका लागि Poor Household Management Information System (PHMIS) तयार गर्ने कार्य भैरहेको छ र यसबाट ७७ ओटै जिल्लाकै गरिबहरूको अभिलेख व्यवस्थापन गरिनेछ । यसरी तयार भएको अभिलेखअनुसार नै गरिब लक्षित कार्यक्रमहरू अगाडि बढाइने र राज्यबाट प्रदान हुने सेवा सुविधाहरू पनि अभिलेख र परिचयपत्रका आधारमा दिइने बेहोरासमेत सम्मानित अध्यक्षमार्फत माननीय सदस्यज्यूहरूलाई म जानकारी गराउन चाहन्छु । र माननीयज्यूहरूले राष्ट्रिय भूमि आयोगले वडाको सिफारिस अनिवार्य गरेको छ । वडाको सिफारिस नभए के हुन्छ भनी राख्नुभएको जिज्ञासाको सन्दर्भमा राष्ट्रिय भूमि आयोगले स्थानीय सरकारको समन्वय र सहकार्यमा कार्य गरिरहेको छ । कानुनले तोकेको दायित्व पूरा गर्नु सबै तहका सरकार र निकायको हो । कानुनप्रति हामी सबै जवाफदेही र उत्तरदायी छौँ र हुनु नै पर्छ । भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनका लागि कानुनले तोकेको प्रक्रिया पुऱ्याएर समस्या समाधान गरिने बेहोरासमेत सभासमक्ष जानकारी गराउन चाहन्छु । र अन्त्यमा पुनः एकपटक गम्भीर विषयमा छलफलको क्रममा जिज्ञासा प्रश्न राख्नुभएकोमा सम्पूर्ण माननीयज्यूहरूलाई धन्यवाद दिन चाहन्छु । धन्यवाद । जय नागरिक ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री रञ्जिता श्रेष्ठले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग पाउनुहुने बेहोरा जानकारी गराउँदछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यहरूलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय गोपाल भट्टराई ।

(१२:१४ बजे) **माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, मैले यो नापी कार्यालय, मालपोत कार्यालयहरूलाई स्थानीय तहमा लैजाने कुरा यो ०७६/०७७ देखि नै सुरु गर्ने भनिएको थियो । अहिलेसम्म त्यसको प्रक्रिया अगाडि बढेन । यस सन्दर्भमा मैले कुरा राख्या थिएँ । त्यो अलि अस्पष्ट भयो । त्यतातिर लैजाने कुरा छ त भन्नुभो' तर कहिले लैजाने हो त्यसको निक्यौंल भएन ।

अर्को यो भूमि व्यवस्था क्यारे सुकुम्वासी भूमिहीनहरूलाई भूमि उपलब्ध गराउने कुरा अहिले २५ हजारलाई दिने भनिया रैछ । लगत तयार भएको धेरै वर्ष भैसक्यो त्यसलाई व्यवस्थापन गर्न बजेटको व्यवस्था कमजोर देखिन्छ । त्यसो भएको हुनाले २५ हजारलाई अहिले दिन सकियो भने पनि यो कसरी कति वर्षमा सम्पन्न गर्न सकिन्छ?

**सम्माननीय अध्यक्ष**:- माननीय खिमलाल देवकोटा ।

(१२:१५ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, यो मन्त्रालय विशेष गरी नागरिकको सरोकारसँग जोडिएको विषय हो । विशेष गरी सर्भिस डेलिभरीसँग हो । नागरिकले के भन्न थाले भने Prefederalization र Postfederalization यो एकात्मक व्यवस्थामा मालपोतमा जाँदा पनि त्यही भिड अहिले पनि त्यही भिड, भूमि जाँदाखेरि पनि अगाडि पनि त्यही भिड अहिले पनि त्यही भिड, अब पहिला पनि घुस खुवाउन पर्ने अहिले पनि घुस खुवाउन पर्ने । माननीय मन्त्रीज्यू तपाईं पहिला प्रश्न गर्ने ठाउँमा हुनुहुन्थ्यो । अहिले उत्तर दिने ठाउँमा हुनुहुन्छ । तपाईं मन्त्री भैसकेपछि के चेन्ज आ'को छ? नागरिकको एकदम सरोकारको विषय हो । पहिलो प्रश्न ।

दोस्रो प्रश्नः अहिले नागरिकहरू सहकारीको कारणले एकदमै बेहाल भ'को छ । मान्छेहरू एकदम सडकको बास भा' छ । हिजो मात्रै मैले सामाजिक सञ्जालमा हेरेको थिएँ । एक जनाले ११ करोड पैसा राखेको मलाई त घरबाट श्रीमतीले निकाल्दी, छोराले पनि निकाल्दियो । म त यहाँ सडकको बास भ' छु । यो यसमा राहत दिने कुराहरू के भ' छ?

तेस्रो प्रश्नः यो राष्ट्रिय पन्छी अनुसन्धान केन्द्रको लागि राजविराज नगरपालिकाले चाहिँ जग्गा उपलब्ध गराउन भनेर मन्त्रालयमा फाइल पठा'को, चिठ्ठी पठा'को धेरै समय भैसकेको

छ । तपाईंले यो काम चाहिँ अहिलेसम्म अगाडि बढाउनुभएन भने यहाँ गुनासो पनि आ'को छ । यो के हो? यो सही उत्तर पाऊँ । हस् त, धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय शारदा देवी भट्ट ।

(१२:१६ बजे) <u>**माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**</u>:- अध्यक्ष महोदयज्यूमार्फत मन्त्रीज्यूलाई म प्रश्न छ । अरू सुकुम्वासीको भन्दा कमैयाहरूको समस्या फरक छ । २५/३० वर्ष भैसक्दा पनि कमैया व्यवस्था भा'को छैन । जमिनमा बसेर बच्चाहरू सर्पले टोकेर, खान नपाएर, पानीमा भिजेर, बाढी भित्र पसेर उनीहरूको बेहाल छ । त्यसैले अरूको भन्दा फरक छ । व्यवस्था कहिले हुन्छ? प्रश्न थियो । स्पष्ट हुन चाहन्छु र उनीहरू कहिले घरभित्र बस्न पाउँछन्? कहिले कमैयाको व्यवस्था हुन्छ? भन्ने यति मात्रै मेरो प्रश्न हो । मन्त्रीज्यूबाट जवाफ चाहन्छु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा स्पष्ट पार्न माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री रञ्जिता श्रेष्ठलाई समय उपलब्ध गराउँछु ।

(१२:१७ बजे) <u>**माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री रञ्जिता श्रेष्ठ**</u>:- सम्माननीय अध्यक्षज्यू, म पुनः प्रश्नकर्ता, जिज्ञासाकर्ता माननीयज्यूहरूलाई धन्यवाद दिन चाहन्छु । यो concern को लागि र मैले अघि नै पनि भनिहालें । माननीय सदस्यज्यू म हामी यस विषयमा एकदमै गम्भीर रहेका छौं । म पनि एकदम गम्भीर रहेको छु । हाम्रो मन्त्रालय पनि एकदमै गम्भीर रहेको छ । यहाँहरूले उठाउनुभएका प्रश्न यहाँहरूले उठाउनुभएका जिज्ञासाहरूमा हामी छलफल गरेर छिटै नै समस्याको समाधान गर्ने छु भनेर पनि म जानकारी गराउन चाहन्छु । धन्यवाद ।

(१२:१८ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालालाई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१२:१९ बजे) **माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री प्रकाश ज्वाला**:- सम्माननीय अध्यक्षज्यू, आर्थिक वर्ष २०८०/०८१ को विनियोजन विधेयकमाथिको छलफलका क्रममा सम्मानित सदनमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको शीर्षकमा उठेका प्रश्नहरूको जवाफ दिन उपस्थित भा'को छु । छलफलमा भाग लिएर अमूल्य सुझाव र जिज्ञासा राख्नुहुने सम्पूर्ण माननीयज्यूहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

मैले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको कार्यभार सम्हाल्दा बजेट सिलिङ्ग प्राप्त भइसकेको, बजेट निर्माण प्रक्रिया अगाडि बढिसकेको र समयको निकै धेरै चापले गर्दा यस पटक बजेट निर्माणमा पूर्वमाननीयज्यूहरूसँग पर्याप्त छलफल गर्न नसकिएको कुरा महसुस गर्दछु । आगामी दिनहरूमा बजेट बनाउनुपूर्व माननीयज्यूहरूसँग छलफल गर्ने र योजना छनौट गर्ने प्रक्रिया वस्तुनिष्ठ बनाइने प्रतिबद्धता पनि व्यक्त गर्न चाहन्छु ।

र माननीयज्यूहरूले उठाएका केही विषयहरूमा म सङ्क्षिप्तमा यहाँ प्रष्ट पार्न चाहन्छु । पहिलो नारायणघाट मुग्लिन सडकको सन्दर्भ छ । नारायणघाट मुग्लिन सडक सङ्घीय राजधानी काठमाडौं जोड्ने लाइफलाइनको रूपमा रहेको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागबाट विशेषज्ञमार्फत अध्ययन गराई प्राथमिकता हेरी बढी जोखिमपूर्ण स्थानमा आवश्यक उपचार गरिएको छ र यो प्रयास सफल पनि भएको छ । निर्माण हुँदै गरेका १५ ओटा पुलहरूको Approach सडक र शाखा सडकहरूको निर्माण समयमानै समाधान हुने विश्वास लिइएको छ । यस सडकमा पहिरोको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन समाधानका उपायहरूको खोजी गरी कार्यान्वयन गरिने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

हालै तुइन खोला नजिक गएको पहिरोबाट हामीले थप पाठ सिकिकेका छौं । त्यसको पनि दीर्घकालीन समाधान खोजी कार्यान्वयन गरिनेछ । निरन्तर चट्टान खसिरहेको अवस्थामा समेत विभागबाट स्रोत परिचालन गरी तत्काल सडक खुलाएर यातायात सुचारू गरिएको कुरा सबैलाई जानकारी गराउन चाहन्छु ।

नारायणघाट, बुटवल सडक अनि अर्को एउटा महत्त्वपूर्ण सडकको रूपमा रहेको छ । १ सय १३ किलोमिटर सडक स्तरोन्नतिको लागि ADB को ऋण सहयोगमा चाइनीज निर्माण

व्यावसायी China State construction कम्पनीबाट निर्माण भइरहेकोमा निर्माण व्यवसायीको व्यवस्थापकीय कमजोरी, कोभिड १९ को असर, अन्तर निकायगत समन्वय, निर्णयमा ढिलाई तथा नदीजन्य, खानीजन्य निर्माण सामाग्रीको उपलब्धतामा असहजतालगायतका कारणबाट समयमै कार्य सम्पन्न नहुँदा सडक उपभोक्ता तथा स्थानीयहरूले दुःख बेहोर्नुपरेको कुरा, यसबाट सामाजिक, आर्थिक पक्षमा नकारात्मक परेको कुरा सत्य हो । यद्यपि निर्माण व्यावसायीलाई पछिल्लो समयमा जिम्मेवार बनाइएको छ । र हाल भइरहेको गतिमा कार्य निरन्तरता पाएमा अबको १८ महिनामा कार्य सम्पन्न हुने विश्वास दिलाउन चाहन्छु ।

पृथ्वी राजमार्गको नौबिसे काठमाडौं सडक राजधानी जोड्ने अर्को महत्त्वपूर्ण सडकको रूपमा रहेको छ । यसको महत्त्व र आवश्यकतालाई पहिचान गरी सडक विभागले विश्व बैङ्कको ऋण सहयोगमा निरन्तर विस्तार कार्यअगाडि बढाइरहेको छ । निर्माण पश्चात् सडक सुरक्षित र भरपर्दो हुने यहाँहरूलाई जानकारी गराउन चाहन्छु ।

त्यस्तै गरी लमही, घोराही, तुलसीपुर सडकका सन्दर्भ पनि यहाँ प्रश्न उठेको छ । यो सडक निर्माण कार्यको लागि ठेक्का लगाइयो । भारतीय निर्माण कम्पनीले काम पाएर काम सुरू पनि गर्यो । तर सम्झौता कार्य सर्तअनुसार कार्य सम्पादन भएन, अन्तत ठेक्का तोड्नुपर्‍यो र ठेक्का तोडिएको छ । यो खरिद सम्झौताअनुसारकै प्रक्रिया थियो । ठेक्का तोडिसकेपछि विभागले मर्मत सम्भारको लागि तत्काल टेन्डर गरिसकेको छ । र अब नयाँ ठेक्कामामार्फत सडक निर्माण कार्य अघि बढाइने जानकारी गराउन चाहन्छु ।

घुमाउनेघाटमा पुलको सन्दर्भ पनि यहाँ उठेको छ । त्यो पुल निर्माणका निम्ति केही ढिलाई भएको छ । र पुल निर्माणको काम चाहिँ सम्पन्न गर्ने गरी चाहिँ Contractor आउछ भने हामी त्यसलाई अगाडि बढाउछौं, नत्र त्यो ठेक्का पनि तोडेर नयाँ विकल्पमा जानुको विकल्प छैन ।

हेटौंडा बजारमा सडक चौडा गर्ने विषयमा मन्त्रालय र विभाग प्रष्टै छ । सर्वजनिक सडकको सीमा बारे "सार्वजनिक सडक ऐन, २०३१" तथा "राजमार्ग व्यवस्थापन ऐन, २०२१" अनुसार हुने गरी नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी सडक सीमा घोषणा गरेको छ । अब स्वतःस्फूर्त रूपमा उक्त सडकक्षेत्र खाली हुने हाम्रो अपेक्षा छ । यसो नभएमा सडक विभागले सडक सीमा खाली गराउनेछ ।

डोजर, डोजरे विकास प्रवृत्तिको सन्दर्भ पनि उठाउनुभ'को छ माननीयज्यूहरूले, निश्चय पनि सडकको निर्माण एक प्राविधिक विषय हो । विना अध्ययन डोजर चालकको भरमा सडक निर्माण

हुँदा अनेकौ प्राकृतिक विपत्ति हुँदै गइरहेको कुरा सत्य हो । कठिन भू-बनोटबाट सडक निर्माण गर्नुपर्ने, चलायमान सडकको, चलायमान पहाडको पाखामा सडक निर्माण गर्नुपर्ने, सडक निर्माणको क्रममा निस्केको ढुङ्गा, माटोको उचित व्यवस्थापन नहुँदा त्यस्तो डोजरे विकासले सयौं विगाहा खेतीयोग्य भूमि पुरिने र बहुमूल्य पुल तथा पूर्वाधारमा क्षति हुने गरेको छ । हामी असारे र डोजरे विकास प्रविधि अन्त गर्न प्रतिबद्ध छौं ।

केही क्षेत्र र जिल्लामा धेरै बजेट विनियोजन गरियो भनेर माननीयज्यूहरूले प्रश्न उठाउनुभ'को छ । हाम्रो मन्त्रालयअन्तर्गत वैकल्पिक सहायक राजमार्ग शीर्षकको बजेट सबै क्षेत्रमा बराबर नहुन सक्छ । तर मन्त्रालयअन्तर्गत अन्य विभिन्न बजेट शीर्षकहरूले सबै जिल्ला र क्षेत्रलाई कुनै न कुनै आयोजनामार्फत सम्बोधन गरिएको कुरा पनि यहाँ म अनुरोध गर्न चाहन्छु । खाल्डाखुल्डीरहित सडक बनाउन माननीयज्यूहरूले ध्यानाकर्षण गराउनुभ'को छ । सरकार खाल्डारहित सडक, लाइनरहित देश बनाउने अभियानमा छ । राजधानी काठमाडौं र विभिन्न राजमार्गका खाल्डाखुल्डी मर्मतसम्भार गरेर यात्रुहरूलाई पीडा हुन नदिने मन्त्रालयगतका निकायहरूलाई निर्देशन दिइसकिएको छ ।

सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्र र सङ्घीयताको मर्मलाई सम्बोधन गर्नुपर्छ भन्ने मतप्रति म पूर्ण रूपमा सहमत छु । हामी सङ्घीयतासहितको लोकतान्त्रिक गणतन्त्रको पक्षमा दृढ छौं । साना योजनाहरू सङ्घीय सरकारले, सङ्घीय मन्त्रालयले, साना योजनाहरू पनि राखिएको सन्दर्भ पनि यहाँ उठेको छ । समय र बजेटको चापका कारण योजना छनौट र बजेट विनियोजनलाई त्यति व्यवस्थित गर्न नसकिएको कुरा म स्वीकार गर्दछु । हाम्रो मन्त्रालयको क्षेत्राधिकार मुलतः राष्ट्रिय राजमार्ग नै हो । सोअनुसार बजेटको ठुलो हिस्सा राष्ट्रिय राजमार्गहरूमा नै विनियोजन गरिएको छ । जहाँसम्म भौतिक पूर्वाधार मन्त्रालयमा स-साना योजनासमेत रहेको सन्दर्भ छ, वैकल्पिक सहायक राजमार्गमा समग्र बजेटको करिब २ प्रतिशत बजेट मात्र छुट्याइएको छ । त्यसमध्ये पनि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको वैकल्पिक सहायक राजमार्गअन्तर्गका २५ लाखभन्दा कम बजेट भएका योजना प्रदेशले कार्यान्वयन गर्ने गरी ससर्त अनुदानअन्तर्गत बजेट वक्तव्यमा हस्तान्तरण गरिसकिएको छ ।

केही माननीयजयूहरूले मधेस प्रदेशमा कम बजेट विनियोजन भ'को गुनासो गर्नुभ'को छ । बजेटमा मधेसलाई उच्च प्राथमिकता दिइएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको कुल बजेटमध्ये करिब ३३ प्रतिशत बजेट मधेस प्रदेशका सडक निर्माण तथा पुल निर्माणमा विनियोजन गरिएको कुरा जानकारी गराउन चाहन्छु । र त्यस्तै गरी फ्लाइओभर र अन्डरपासको सम्बन्धमा पनि माननीयज्यूहरूले प्रश्न उठाउनुभ'को छ । कतिपय फ्लाइओभर

निर्माणको क्रममा छन् । र कतिपय चाहिँ हामी निर्माण कार्य अगाडि बढाउने कुराको प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

यही असार २ राती गएको बाढी, पहिरोबाट पूर्वी नेपालका ताप्लेजुङ्ग, पाँचथर, सङ्खुवासभालगायतका जिल्लाहरूमा सडक तथा पुलहरूमा ठुलो क्षति भयो । बाढी, पहिरोपछि लगत्तै त्यस क्षेत्रका सबै निकायलाई सडक तथा पुल मर्मत सुधारको लागि निर्देशन दिइयो । यति बेला वर्षाका कारण क्षतिग्रस्त पुल तथा सडकहरूको मर्मत सम्भार भइसकेको छ । ताप्लेजुङ्ग र पाँचथरको लाइफलाइनको रूपमा रहेको मेची राजमार्गको हेय खोलामा पक्की पुल पूर्णरूपमा क्षतिग्रस्त भएपछि डाइभर्सनमार्फत सेवा सञ्चालन गरिएको छ । र हेवा खोलाको बेलिब्रिज सम्पन्न गर्ने गरी यसै महिनाभित्र यातायात सुचारू गरिने विश्वास पनि दिलाउन चाहन्छु ।

यातायात व्यवस्थाको सम्बन्धमा म थोरै कुराहरू सम्मानित सदनसमक्ष राख्न चाहन्छु । सार्वजनिक यातायातमा लागु गरिएको २० वर्षे नीति सम्बन्धमा यसका सकारात्मक तथा नकारात्मक पक्षहरूका बारेमा समय समयमा विषय उठाउन भइरहेका छन् । यात्रुको सुरक्षाको विषयलाई केन्द्रविन्दुमा राखेर यसमा थप सुधार गरिने प्रतिबद्धता यहाँ व्यक्त गर्न चाहन्छु । सवारी चालक अनुमतिपत्रको आवेदन वर्ग थप र नवीकरणको लागि अनलाइन आवेदनको व्यवस्था भइसकेको छ । र सँगसँगै राजस्वसमेत अनलाइनबाट बुझाउन सकिने व्यवस्था हालै कास्की जिल्लाबाट प्रारम्भ गरिएको छ । एक महिनाभित्र अनलाइन पेमेन्ट सिस्टम देशव्यापी रूपमा लागु गरिनेछ । यसबाट सेवाग्राहीलाई ठुलो राहत हुने विश्वास लिएको छ । सवारी चालक अनुमतिपत्र सेवाग्राहीलाई छिटोभन्दा छिटो उपलब्ध हुने व्यवस्था गरिँदैछ । सवारी चालक अनुमतिपत्र नवीकरणको अवधि पाँच वर्षबाट बढाएर दश वर्ष बनाइएको छ । इम्बोसड नम्बर प्लेटमा प्रदेशको नाम नेपालीमा लेख्ने निर्णय भइसकेको छ ।

माननीयज्यूहरूले उठान गर्नुभएको पठाओ र इनड्राइभ जस्ता ड्राइभ Sharing का विषयलाई सकारात्मक रूपमा लिने विषयमा हाम्रो मन्त्रालयले सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय गरिरहेको छ । सूचना प्रविधिमा आधारित भएर सञ्चालित यातायात सेवालाई थप व्यवस्थित र मर्यादित बनाउन आवश्यक कानुनी र प्रविधिगत व्यवस्था गर्ने कार्य अघि बढाइएको जानकारी गराउन चाहन्छु ।

अन्तमा, म सम्पूर्ण माननीयज्यूहरूलाई विशेष अनुरोध गर्न चाहन्छु कि, तपाईंहरूले उठाउनुभएका कतिपय जिज्ञासा र प्रश्नहरूलाई यहाँ प्रष्ट पार्ने कोसिस गरिएको छ । र तपाईंहरूसँग छलफल गरेर आगामी दिनहरूमा मन्त्रालयले कामहरूअगाडि बढाउने

प्रतिबद्धतासहित भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसम्बन्धी खर्च कटौतीको प्रस्ताव फिर्ता दिन अनुरोध गर्दै बिदा हुन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँदछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय रामचन्द्र राई ।

**(१२:२९ बजे) <u>माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यू, हेटौंडा बजारबाट भएर चार ओटा राजमार्गहरू हिँड्छन् । अहिले त्यसलाई विस्तार गर्ने कुरा त ठिकै होला तर चार ओटा राजमार्ग त्यसैबाट जाने हुँदा फेरि पनि त्यसले, त्यो बाटोले थेग्न नसक्ने हुँदा विकल्पको बारेमा यसलाई डाइभर्सन गर्ने विकल्पको बारेमा यो मन्त्रालय के सोचिरहको छ? जवाफ चाहन्छु । सँगै नारायणगढ मुग्लिन सडक सधैं जस्तो बन्द हुन्छ । काठमाडौंलाई जोड्ने नेपालकै पुरानो, जेठो राजमार्ग त्रिभुवन राजपथ छ । त्यो राजपथलाई केही मात्रै मोडेल सुधार गर्ने हो भने पनि त्यो सङ्कटको बेलामा त्यो बाटो भएर तराई र काठमाडौं जोड्न सकिन्छ र काठमाडौंको आवश्यक मालवस्तुहरू आपूर्ति हुन सक्छ । यो पाटोमा यसको उपयुक्त ध्यान गएको छैन । केही रकम त छुट्याएको छ । थप रकम जोगाउ गर्ने बारेमा के सोचिरहेको छ मन्त्रालय? जवाफ चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय खिमलाल देवकोटा ।

**(१२:३० बजे) <u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारको २०७६ जेठ ६ को मन्त्रिपरिषद् बैठकले राष्ट्रिय लोकमार्ग, सङ्घीय सरकार, प्रदेश लोकमार्ग, प्रदेश सरकार, स्थानीय सडक, स्थानीय सरकारबाट निर्माण गर्ने । र अब सङ्घीय सरकारले देशभरका राजमार्ग, ८० ओटा राजमार्ग, राष्ट्रिय राजमार्गमा ८० ओटा राजमार्ग

मात्रै गर्ने, त्यो बाहेकका सबै राजमार्गहरू साना प्रदेशस्तरका प्रदेशलाई हस्तान्तरण गर्ने, स्थानीयस्तरकालाई स्थानीय तहलाई हस्तान्तरण गर्ने भनेर नेपाल सरकारको मन्त्रिपरिषद्ले २०७६ मै निर्णय गरेको थियो । तर यो मन्त्रालयको कार्यक्रम हेर्दाखेरि चाहिँ ८० ओटाभन्दा बढी गर्न पाउँदैन सम्माननीय अध्यक्ष महोदय । तर २८ सय २९ ओटा चाहिँ अहिलेको योजना कार्यक्रम छन् । २ लाखसम्मका त १ सय ५९ ओटा छ । अब २० लाखसम्मका योजनाहरू त ६० प्रतिशत छन् । अब हामीले गर्न खोजेको, चाहेको के हो? यो पटक पटक मैले प्रश्न गरिरा' छु । अब यो मन्त्रीजीहरूले अब योअघि प्रदेशमा कुरा पनि गर्नुभो' माननीय भौतिक पूर्वाधार मन्त्री, कर्णाली प्रदेशको अर्थमन्त्री हुँदाखेरि प्रदेशले पनि साना योजना गर्ने हो? ५० लाखभन्दा तल त स्थानीयलाई .....(समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय भैरव सुन्दर श्रेष्ठ ।

(१२:३१ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- अब यो मैले पुष्पलाल लोकमार्गको विषयमा कुरा गर्न खोजिरहेको छु । यो रुकुम पश्चिम जिल्लाको चौरजहारी र जाजरकोट जिल्लाको कुदुमा रहेको पुल बाह्र वर्ष भइसक्यो त्यो पुल अहिलेसम्म निर्माण भा'को चाहिँ छैन । DPR भएर कुल काम ठेक्का पट्टा भएर काम अगाडि बढेको अवस्थामा, अहिले के सुनिन्छ भन्दाखेरि मन्त्रालयकै मिलोमतोमा हो कि? के हो? कि त्यो DPR ठिक थिएन भन्दा फेरि त्यो ठेकेदारलाई बचाउन मन्त्रालय लागिरहेको छ भन्ने सुनिरहेको छ । त्यसको स्थान बदल्नका निम्ति मन्त्रालय स्वयम् लागेको छ भने कुरा चाहिँ आ'को चाहिँ छ । त्यस्तो गर्नुहुँदैन । यदि त्यस्तो भ'को भए त्यो DPR बानाउने को? त्यसलाई कारबाही गर्नुपर्यो । अन्यथा ठेक्का चाहिँ सम्झौता भएर अगाडि बढिसकेको स्थितिलाई त्यसलाई बदल्ने कुरा चाहिँ भ'को छ त्यो चाहिँ हुनुहुँदैन त्यसको बारेमा मन्त्रीज्यूले प्रष्ट जवाफ दिनुपर्‍यो । म यहीं भन्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालालाई समय उपलब्ध गराउँछु ।

(१२:३२ बजे) **माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री प्रकाश ज्वाला**:- सम्माननीय अध्यक्षज्यू, प्रश्नकर्ता सबै माननीयज्यूहरूलाई म हार्दिक धन्यवाद दिन चाहन्छु । हेटौडा बजारमा निश्चित रूपमा पनि चार ओटा राजमार्गले त्यहाँ चाहिँ छिचोल्नी गर्छ । त्यसमा पहिले नै एउटा अदालतले पनि निर्णय गरिसकेको छ । मन्त्रालयले निर्णय गरिसकेको छ । हामीले पूर्व-पश्चिम राजमार्गलाई चाहिँ यो हेटौंडा बजारमा चौडा गर्ने प्रक्रिया अगाडि बढाएका छौं । सबैको सहमतिमा अर्को कुनै विकल्पमा जान सकिन्छ भने फेरि त्यसले हामीलाई चाहिँ यो काम गर्ने कुरामा ढिलाई पनि हुन सक्छ । त्यो कुरालाई ध्यानमा राखेर हामी यसको चाहिँ उचित समाधान निकाल्ने छौं ।

र अर्को एउटा नारायणघाट मुग्लिन सडक अत्यन्त एउटा जोखिमपूर्ण छ । त्यसमा कुनै विमति कसैको छैन । त्यसको विकल्पको रूपमा चाहिँ त्रिभुवन राजथपलाई सुधार गर्ने, स्तरोन्नति गर्ने, व्यवस्थित गर्ने कुरा मननयोग्य छ । हामीले त्यस विषयमा छलफल अगाडी बढाइसकेका छौं । त्यति मात्रै होइन, यो हेटौंडादेखि काठमाडौंसम्म जोड्ने कान्ति राजपथलाई समेत अस्ति भर्खरै हामीले त्यो स्थलगत अनगमनसमेत गरेर त्यसको बाँकी ७ किलोमिटर मात्रै त्यसको निर्माण कार्य बाँकी छ। २ किलोमिटर काम भइरहेको छ । ५ किलोमिटर हामीले व्यवस्थित र गुणस्तर गर्न सक्यौं र त्यसको पहिरोहरू Control गर्न सक्यौं भने हामी अर्को वैकल्पिक सडकको रूपमा हेटौंडा-काठमाडौं कान्ति राजथपलाई पनि विकास गर्न सकिन्छ । जुन ध्यानाकर्षण गराउनुभा'को छ माननीयज्यूले त्यसका निम्ति म धन्यवाद दिन चाहन्छु ।

र त्यस्तैगरी माननीय खिमलाल देवकोटाजीले भने जस्तै यो भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत चाहिँ ८० ओटा राजमार्ग मात्रै पर्दैनन् । गौरवका आयोजनाहरू त यसै नै धेरै छन् । त्यस्तैगरी अन्य महत्त्वपूर्ण राजमार्गहरू पनि छन् । पूर्वपश्चिम राजमार्ग छँदैछ, हुलाकी राजमार्ग छँदैछ । त्यस्तैगरी पुष्पलाल मध्यपहाडी अथवा मदन भण्डारी राजमार्ग, उत्तर दक्षिण कोरिडोर सँगसँगै ८० ओटा राजमार्गहरू पनि यो मन्त्रालयअन्तर्गत पर्छन् । तर एउटा शीर्षक वैकल्पिक सहायक राजमार्ग यसबाहेक अन्य शीर्षकहरू चाहिँ प्रदेशमा हस्तान्तरण पनि गरिएको थियो । तर त्यो फेरि पनि सङ्घमा आएको छ । त्यस विषयमा छलफल गरौंला, जो हाम्रो मन्त्रालयअन्तर्गत यति बेला छैनन् । वैकल्पिक सहायक राजमार्ग, राजमार्गहरूमा जोड्ने वैकल्पिक सडक भ'को कारणले अहिले पनि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतको शीर्षकमा रहेको छ । त्यसलाई चाहिँ हामीले अगाडि बढाउनु अनिवार्य हुन्छ ।

र अब साना आयोजनाहरू जो जो वैकल्पिक सहायक राजमार्गअन्तर्गत छुट्टिएका छन् । तिनीहरू चाहिँ हामीले पछि २५ लाखभन्दा कम बजेटका चाहिँ प्रदेशमा हस्तान्तरण गर्ने किसिमले बजेटमै सम्बोधन भइसकेको छ । त्यस्तैगरी यो पुष्पलाल मध्यपहाडी राजमार्गको जुन चाहिँ चौरजाहरी र कुदु जोड्ने मोटरेवल पुल यो चाहिँ जुन प्रसङ्ग उठेको छ, वास्तवमा यो पुल पहिले नै सम्पन्न हुनुपर्ने । सडकको काम चाहिँ अगाडि बढिसकेको, निर्माण कार्य चाहिँ एक किसिमले सम्पन्न भइसकेको तर चाहिँ पुलको काम चाहिँ अधुरो छ । अस्तव्यस्त छ । यो पुल टेन्डर गरियो । निर्माण व्यवसायीले काम पनि अघि बढाए तर त्यो काम सम्पन्न हुन सकेन । यति बेला चाहिँ निर्माण व्यवसायीले काम गर्न नसकेर त्यो पुल अस्तव्यस्त अवस्थामा छ । त्यो ठेक्का तोड्ने काम पनि भइसकेको छ र सम्भव भएसम्म सोही स्थानमा अब नयाँ ठेक्का गरेर चाहिँ कामलाई अगाडि बढाऊँ, सबै जनप्रतिनिधिहरूसँग हाम्रो अनुरोध पनि छ । त्यो ठाउँमा सम्भव नै नभए मात्रै चाहिँ हामीले उपयुक्त विकल्प हेर्ने कुरा गरेका हौँ । त्यही ठाउँमा सहमति हुन्छ र उपयुक्त छ भन्ने सबैलाई लाग्छ भने हामीले अहिले भएकै ठाउँमा जहाँ चाहिँ पुलको ठेक्का भयो, निर्माण सुरू पनि भयो । अलिकति अगाडि पनि बढ्यो । तर चाहिँ सम्पन्न हुन चाहिँ सकेन । त्यो पुललाई प्राथमिकताको साथ हामीले छलफल गरेर टुङ्गो लगाउने गरी छिटै यो निर्माण प्रक्रिया अगाडि बढाउछौँ । यति नै कुरा यहाँहरूको बिचमा राख्दै फेरि पनि सबै प्रश्नकर्ता माननीयज्यूहरूलाई र छलफलमा भाग लिने सबै माननीयज्यूहरूलाई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको तर्फबाट, मेरो तर्फबाट हार्दिक धन्यवादसहित आफ्नो भनाई यही टुङ्ग्याउँछु । धन्यवाद ।

(१२:३७ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री अमनलाल मोदीलाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१२:३७ बजे) <u>**माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री अमनलाल मोदी**</u>:- सम्माननीय अध्यक्ष महोदय, यही मिति २०८० असार १९ मा विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकमाथिको मन्त्रालयअन्तर्गतको छलफल गर्दै गर्दा ।

(१२:३७ बजे) **पीठासीनः**- माननीय उपाध्यक्ष श्री उर्मिला अर्याल ।

**माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री अमनलाल मोदीः**- खर्च कटौतीसहितको चाहिँ ११ जना माननीय सदस्यहरूले बोल्नुभा'रहेछ । केही आफ्नो धारणा राख्नुभएको रहेछ । ती धारणामध्येमा केही चाहिँ सङ्घीय मामिलासँग सम्बन्धित विषयवस्तु उठाउनुभा'रहेछ । कोही कर्मचारीसँग सम्बन्धित विषयवस्तु उठाउनुभा'रहेछ । कोही चाहिँ निजामती सेवाको विषयमा उटाउनुभा'छ । सङ्घीय निजामती सेवा ऐनको बारेमा उठाउनुभा' रहेछ । कोही चाहिँ सिंहदरबार वरिपरिमा मात्रै रहने यस्तै यस्तै विषयवस्तु धेरै उठाउनुभा' रहेछ । त्यस बारेमा पनि मैले छोटो रूपमा नै भन्न चाहन्छु । वास्तवमा हामी सङ्घीयता कार्यान्वयन गर्न सम्बन्धित र सङ्घीय नितामती सेवासँग सम्बन्धित विषयहरूलाई पनि एउटाअगाडि बढाइराखेका छौँ । हामी विभिन्न छलफल गरेर । सङ्घीय निजामती सेवालाई एउटा पूर्णता दिनको निम्ति हामी सङ्घीय मामिलाले विभिन्न चाहिँ सरोकारवालाहरूसँग छलफल गरेर त्यसलाई अगाडि बढाउने काम गरेका छौँ । त्यसमा चाहिँ अर्थ मन्त्रालय र अर्को चाहिँ कानुन मन्त्रालयमा सहमतिको लागि पठाएका छौँ । त्यति मात्र होइन, हाम्रै चाहिँ माननीय उपप्रधानमन्त्रीको नेतृत्वमा एउटा चाहिँ सहजीकरण पनि कसरी चाहिँ त्यसमा केही विषयवस्तु उठेका, समस्या उठेका विषयवस्तुलाई समाधान गर्नको लागि पनि एउटा कार्यदल जस्तो नै एउटा चाहिँ बनेको छ । त्यसले पनि सहजीकरण मूर्त रूपमा चाहिँ अन्तिम अन्तिम दिइसकेको छ । सायद मलाई सङ्घीय निजामती सेवा त्यही सदन नभए, आउने सदनमा चाहिँ प्रस्तुत हुन्छ । यति जानकारी गराउन चाहन्छु ।

अर्को सङ्घीयतासँग र कर्मचारीसँगका कयौं समस्याहरू छन् । यसमा चाहिँ स्थानीय तहमा चाहिँ तपाईंलाई जान नचाहने, दुर्गम ठाउँमा जान नचाहने यस्ता विषय पनि उठेका छन् । र स्थानीय तहमा मात्र होइन, प्रदेशमा पनि भने जस्तो कर्मचारी पनि व्यवस्थापन गर्न नसकेको कयौं कुराहरू उठेका छन् । हामीले पछिल्लो चरणमा यस विषयमा पनि गम्भीरताको साथमा हामी निमित्तको प्रक्रिया स्थानीय तहमा घटाउँदै लग्यौं । झन झन्नै २५० जना थियो । म आइसकेपछि १४२ मा झारेका छौं, स्थानीय तहमा । र कयौं चाहिँ बढुवा भएका स्थानीय तहमा जस्तो उपसचिव बढुवा भएका हामी अनिवार्य रूपमा स्थानीय तहमा पठाएका छौँ । हामी सुशासनलाई महत्त्वपूर्ण जोडको साथमा त्यस्ता कुराहरूलाई सुरुवात गरेर चाहिँ एउटा स्थायी रूपमा चाहिँ दार्चुलामा रहेका जनताहरू या नागरिकहरू रहेका या बाजुरामा रहेका, या अछाममा रहेका, डोटीमा रहेका या खोटाङ्ग या कुनै पनि ठाउँमा रहेका त्यहाँका पनि नागरिकहरू,

जनताहरू पनि हाम्रै देशका नागरिक हो भनेर त्यहाँ पनि अनिवार्य रूपमा चाहिँ कर्मचारी पठाउने एउटा व्यवस्था गरिराखेका छौं । मात्रै सुगम ठाउँमा मात्रै होइन, काठमाडौंको वरिपरि मात्रै होइन, उपत्यका वरिपरि मात्रै होइन । यी सबै विषयवस्तुलाई तपाईँ चाहिँ अन्त्य र सायद मलाई लाग्छ ।

यो आउने श्रावणदेखि चाहिँ एउटा व्यवस्थित तरिकाले पठाउने काम र त्यहाँका जनताहरूलाई पनि पाउनुपर्ने सुविधा या पाउनुपर्ने चाहिँ तपाईँलाई हरेक प्रकारका चाहिँ त्यहाँका जनतासँग चाहिँ देखिएका समस्यालाई समाधान गर्ने खालको हामीले त्यस्तो कार्ययोजना बनाई राखेका छौं । र एउटा सरूवा प्रणाली पनि अव्यवस्थित थियो । वास्तवमा हामी सरूवा प्रणालीलाई पनि व्यवस्थित बनाउने एउटा सहसचिवको नेतृत्वमा हामी एउटा कार्यदल बनाएका छौं । त्यसले पनि Workout अन्तिम चरणमा पुगिसकेको छ । र यी विषयवस्तुलाई मात्र त्यो होइन एउटा गम्भीर प्रश्न चाहिँ उठिराखेको छ ।

सम्माननीय अध्यक्ष महोदय, केही माननीय सदस्यहरूले कयौ विषयवस्तु उठाउनुभा'छ । कि एउटा चाहिँ सङ्घीयतासम्बन्धीको अहिले पछिल्लो चरणमा उठेका विषयवस्तु के हो भने सङ्घीयताको अभ्यासको सिलसिलामा हामी एक अर्कालाई धेरै नै शङ्का र तपाईँलाई चाहिँ गालीगलौज गर्ने काम गरेका छौं । यो प्रश्नको जवाफ मैले मात्र दिएर हुन्छ? त्यसमा त सबै राजनीतिक दल, सम्बन्धित निकाय, सम्बन्धित विषयवस्तुहरूले, जानकारले सबैको एउटा साझा मुद्दा हो । एउटै हाम्रो मन्त्रालयले मात्रै होइन । हाम्रो मन्त्रालयले सहजीकरण गर्ने मात्रै हो । तर यस्ता विषयवस्तुहरू पनि ठिक तरिकाले वास्तवमा त्यहाँका जनताहरूलाई हामीले आवश्यकताअनुसार सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा गइसकेको व्यवस्थालाई हामी सबैको कार्यान्वयन गर्ने सबैको दायित्व उत्तिकै हो ।

तसर्थ सम्माननीय अध्यक्ष महोदय, माननीयज्यूहरूले उठाएका विषयवस्तुहरू र कयौं विषयवस्तु उठाएका उहाँहरूलाई जो सुझावको रूपमा दिनुभो' त्यसको निम्ति पनि धन्यवाद दिन चाहन्छु । र कयौं विषयवस्तु चाहिँ खर्च कटौतीका कुरा छ । उहाँलाई पनि फिर्ता लिनको निम्ति र सहयोग गर्दिनको निम्ति विशेष अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>ः- स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरिएको छ ।

माननीय शारदा देवी भट्ट ।

(१२:४२ बजे) **माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- अध्यक्षज्यूमार्फत मन्त्रीज्यूसँग प्रश्न थियो मेरो अहिले पनि छ । मैले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको बारेमा केही कुरा राखेकी थिएँ । सङ्घीय सरकार जनताको नजिकको सरकार हो । यसर्थ त्यहाँको कर्मचारीको चरम अभाव छ । या केन्द्रबाट कर्मचारी पठाइदिनुपर्‍यो या आफैं कर्मचारी भर्ना गर्ने अधिकार दिनुपर्‍यो भन्ने प्रश्नमा खासै प्रश्नको उत्तर आ'को जस्तो लागेन । उत्तरको अपेक्षामा राखेको छु । आशावादी छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय खिमलाल देवकोटा ।

(१२:४३ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- ..... (आवाज नसुनिएको) । (**सम्माननीय अध्यक्ष**:- माइक) हामीले ७ वर्षमा हामीले संविधान जारी गर्न सक्यौं । तर ६/७ वर्षै पुग्न लागिसक्यो अहिलेसम्म निजामती कानुन ल्याउनै सकेका छैन भनेपछि त्यसको पर्दापछाडिबाट को को लागिरा'छ । के गरिरा'छ भन्ने कुरा त्यही बुझिन्छ । र मैले माननीय मन्त्रीज्यूको कार्यकक्षमै गएर तपाईंले त्यो निजामती कानुन राष्ट्रिय सभामा भए पनि दर्ता गर्दिनुहोस् न भनेर १३ औं अधिवेशनमा मैले Personally पनि Request गरेको, होइन यो प्रतिनिधि सभामा दर्ता गर्ने त्यहीं फटाफट पास गर्ने पनि भन्नुभो' । उहाँले हामीलाई Undermine पनि गर्नुभो' राष्ट्रिय सभालाई । कम्तिमा हामीले १३ औं अधिवेशनमा छलफल गर्थ्यौं । पास पनि गर्थ्यौं । त्यसकारण यो मैले अब तल प्रदेश र स्थानीय तहमा कर्मचारीहरूको यति ठुलो समस्या छ । धेरै ठाउँमा निमित्तको भरमा कर्मचारी तल पालिका र स्थानीय तहमा छ । हिजो सिङ्गो गा.वि.स.लाई हामीले वडा बना'को छौं । वडामा वडा सचिव छैन । पालिकामा प्रमुख प्रशासकीय अधिकृत छैन । निमित्तको भरमा छ । अब हामीले जनतालाई दिन खोजेको Service चाहिँ कर्मचारी चाहिन्छ कि चाहिँदैन? अनि त्यो कर्मचारीको निमित्तको भरमा कर्मचारीले काम गर्न सक्छ? र माननीय मन्त्रीज्यू यो विषय निजामती कानुन र तल निमित्तको एकदम आतङ्क छ ।

अब अर्को पाटो, निजामती किताबखानामा म आफैं गएँ, एकचोटी आफैं पुगें । नेपालमा निजामती कर्मचारी कति छ देशभरी भन्दाखेरि Database निजामती किताबखाना ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री अमनलाल मोदीलाई समय उपलब्ध गराउँछु ।

(१२:४४ बजे) **माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री अमनलाल मोदी**ः- सम्माननीय अध्यक्ष महोदय, माननीयज्यूहरूले केही प्रश्नहरू उठाउनुभा'छ । प्रश्नको निम्ति धन्यवाद दिन चाहन्छु । सबैभन्दा पहिले चाहिँ कर्मचारी अभावको कारणले स्थानीय तहदेखि लिएर हरेक ठाउँमा समस्या भएको छ भन्ने जुन विषयवस्तु उठाउनुभा'छ । म एउटा कुरा मात्रै जानकारी गराउन चाहन्छु । र निवेदन पनि गर्न चाहन्छु । कि कर्मचारी समायोजनसँग सम्बन्धित कुरा हो । हामीले कर्मचारी समायोजन गर्यौं । कर्मचारी समायोजन गर्दाखेरि तत् ठाउँमा हामीले पठाउने काम गर्यौं । र झण्डै झण्डै हामीले १ लाख ३७ हजार कर्मचारीमा हामीले अहिले माथि तपाईंलाई चाहिँ सङ्घमा ५३ हजार कर्मचारी छ । बाँकी सबै कर्मचारी तल समायोजन गर्यौं । हामी कर्मचारी समायोजन गर्दै गर्दा एउटा अनुभवको कुरा मात्रै हो । अहिले पनि तपाईंलाई कर्मचारी समायोजन गर्दा विभिन्न तवरले मिलेन होला । कयौं समस्याहरू थियो होला । कयौं चाहिँ अहिले पनि सहमति, पहिले चाहिँ सहमति मागिराखेको विभिन्न ठाउँमा जाने काम गरिराखेको थियो । एउटा चाहिँ गजबको कुरा सुनाइदिऊँ, सम्माननीय अध्यक्ष महोदय, पहाडी इलाकामा चाहिँ जहाँ दुर्गम ठाउँ छ । जहाँ अति विकट छ । त्यहाँ चाहिँ समायोजन भयो । त्यहाँ रहन मन लाग्दैन । त्यसपछि कुनै गाउँपालिका या नगरपालिकामा गएर सहमतिको निम्ति अनुरोध गर्छ । विभिन्न राजनीतिक दल या विभिन्न प्रभाव, विभिन्न किसिमको सहमति दिने काम गरिराखेको थियो । अहिले पहाडी इलाकामा या दुर्गम क्षेत्रमा जहाँ सुगम छैन त्यहाँ कर्मचारीको अभाव छ । त्यहाँ कुनै मान्छेहरू जहाँ सुगम ठाउँ छ, त्यहाँ चाहिँ राज्यको तलब खुवाउने स्थिति पनि छैन । त्यहाँको चाहिँ तलब स्थिति त्यहाँको करारमा राखेका छन् । त्यसपछि समायोजन भा'को नाममा फेरि पनि सहमतिका आधारमा गएका छन् । त्यहाँ अत्याधिक रूपमा कर्मचारीको चाप छ । यो कुरालाई हामीले अहिले पछिल्लो स्वास्थ्यले पनि खारेज गरेको छ । हामीले पनि यो कुरा रोकिराखेका छौं ।

तसर्थ अब अर्को कुरा कर्मचारी हुँदा हुँदै समायोजन भइसकेका कर्मचारीको ठाउँमा चाहिँ त्यहाँ रिक्त ठाउँमा चाहिँ करारमा राख्ने गर्दा या राज्यको व्ययभार तपाईं हामीलाई थाहा छ, देशको अर्थतन्त्रको कुरा । यति चरम कर्मचारी हुँदा हुँदै पनि त्यसको चाहिँ फेरि पनि राख्ने जो चलन छ त्यसको हामी ती निरूत्साहित गर्न खोजिराखेका छौं । तसर्थ हामी बरू समायोजन

भएका ठाउँमा चाहिँ अनिवार्य ठाउँमा आउने Session मा आउने तपाईंलाई चाहिँ साउनदेखि चाहिँ अनिवार्य रूपमा एउटा निर्णय गर्न खोज्दै छौं । र कोही साथीहरू अति दुर्गममा रहेका अत्यधिक रूपमा स्वास्थ्यमा समस्या, विभिन्न रोग क्यान्सर होला, विभिन्न होला । कहीं कहीं समस्याहरू छन् भने त्यसलाई हामी मेडिकल बोर्डबाट त्यस्ता कुराहरू हेर्ने किसिमको कुरा गरिराखेका छौं । एउटा त्यो जानकारी । र अर्को निजामती सेवा ऐनको कुरामा तपाईंहरूले भन्नुभो', वास्तवमा हामी जतिखेर तपाईंले भन्दै गर्दा माननीयज्यूहरूले विशेष रूपमा उहाँ सङ्घीयतासँग सम्बन्धित धेरै विषयवस्तु धेरै उठाउनुहुन्छ । मैले राम्रो जानकार पनि राख्छु उहाँको बारेमा । उहाँको सुझाव जहिले पनि ग्रहण गरिराखेका छौं । ती ग्रहण गर्दै गर्दा हामीले के गयौं भने जतिखेर भर्खर मन्त्री भ'का थियौं । त्यतिखेर म Day 1 देखि सङ्घीय निजामती सेवा र सुशासन दुइटा एजेन्डा लिएर म हिँडिराखेको थिए । निजामती सेवा ऐन ल्याउने बेलामा ती विभिन्न सरोकारवालासँग उहाँले के भन्नुभो' भने हामी कमसेकम राष्ट्रिय सभा, यो पनि संसद हो, ठिकै हो । म अहिले पनि नकार्न सकिन्न । किन कि राष्ट्रिय सभा पनि संसद भ'को कारणले यी देखि सुरूवात, तर्सथ हामी गर्दा के सजिलो हुन्छ भन्दा विभिन्न सरोकारवाला पहिलेदेखि नै विभिन्न चाहिँ गर्दै आएको कारणले हामी प्रतिनिधि सभाबाट नै अलि छिटो छरितो बाटो गयौं भने राष्ट्रिय सभामा बहस, छलफल गर्दै जाउँला भनेर त्यो मोडलबाट हामी त्यो छलफलबाट अगाडि बढाउन मैले आफु मन्त्री भएको झण्डै झण्डै तीन महिनामा चाहिँ हामीले गर्न सक्ने कामहरू गराएर अगाडि बढ्यौं । र आशावादी पनि हुन पऱ्यो । ७ वर्षदेखि हुन नसकेको या ६ वर्षदेखि हुन नसकेको एउटा म पनि एउटा संविधानको हस्ताक्षरकर्ता भ'को कारणले गर्दा म पनि आफैं त्यो ऐनमा आफैं चासो राख्ने । त्यहाँ देखिएका समस्याहरूलाई समाधान गर्न आफैं पनि यतिनै लागिराखेको छु । र अहिलेको माननीय उपप्रधानमन्त्रीज्यू पनि आफैं लागिराख्नुभा'छ । हामी सबै, सम्माननीय प्रधानमन्त्री पनि आफैंसहित चाहिँ यो सङ्घीय निजामती सेवा ऐन र अन्यसँग सम्बन्धित ऐनहरू कसरी ल्याउने भनेर धेरै पल्ट छलफल गरेको कारणले हामी माननीयज्यूहरूलाई विश्वस्त पार्न के चाहन्छु भने चाँडै नै आउँछ । तपाईंहरू कुनै किसिमको चिन्ता लिनुपर्दैन । यो चाहिँ जसरी पनि ल्याउँछौं भनेर यति भन्न चाहन्छु । र प्रश्नको निम्ति तपाईंहरूले गर्नुभो' सबैलाई धन्यवाद । सबैलाई नमस्कार ।

**(१२:४८ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ ।

मानननीय सदस्यहरू, अब म माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराँतीलाई संस्कृत, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१२:४९ बजे) **माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किराँती**:- अध्यक्ष महोदय, एउटा भनाइ छ "बोल बोल मछली, मुख भरी पानी" म आफैंलाई यहाँ उभिएर बोल्नु अप्ठ्यारो महसुस भैराखेको छ । संघीय लोकतान्त्रिक गणतन्त्र आएको यो पन्ध्रौं वर्षमा पनि हामीले विकासको राष्ट्रिय मोडालिटी निर्माण गर्न नसक्दा आज हामी दुःख पाइराखेका छौं । हाम्रो मन्त्रालय सङ्गको मन्त्रालयबाट छुटेको ताप्लेजुङको ५ लाख र दार्चुलाको ५ लाख बजेटलाई कसरी टेन्डर गरेर कार्यान्वयन गर्ने होला? यो गम्भीर प्रश्न छ । अब यो प्रकृति र संस्कृतिमा त हामी विश्वकै उच्च देशमा छौं । तर हाम्रो व्यवहार र चरित्रमा चाहिँ हामी संसारकै बामपुड्केजस्तो देखिराखिएका छौं । त्यतातिर म सदनको पनि ध्यानाकर्षण गराउन चाहन्छु । हाम्रो प्रत्यके घरको भित्ता भित्तामा संस्कृतिको कुरा गर्दाखेरि विश्वविद्यालय छ र मन्दिरको टुँडालहरूमा पाठ्यक्रमहरू झुन्डिएको छ । पुर्खाले छोडेर गएको सात मानव निर्मित सम्पदाहरू जो मल्ल कालमा तीनओटा बने छन्, लिच्छबि कालमा तीनओटा, गोपाल र किराँत कालमा दुइटा, ७ ओटा र प्राकृतिक दुइटा थप्दा ९ ओटा भयो । हामी बाँचिन्जेल त यसरी नै बाँचौंला, मरेर गैसकेपछि आउने पुस्तालाई के सम्पदा छोडेर जाने आजैदेखि सोच्नुपर्छ जस्तो लाग्छ । भोलि त ढिलो हुन सक्छ । अब अहिले मलाई लाग्छ, २० वर्षपछि धेरै पनि पर्खिनुपर्दैन जस्तो लाग्छ, २० वर्षपछाडि पर्यटकहरूले त्यस्तो ठाउँ खोज्ने छ । जहाँ तेलको गन्ध नआओस् । जहाँ गाडीको हर्नहरू नसुनियोस् । र जहाँ मोबाइलको टावरहरू टिप्न नसकोस् । १ वर्षमा सात दिन संसारभरिको मान्छेहरू त्यस्तो प्रकृति खोज्दै आउँछन् होला । तर आज हामी विकासको नाममा होडबाजी गरिराखेका छौं घर घरमा । सडक पुऱ्याउने सबै बजेटको यो सिलसिलामा चाहिँ हजारौंहजार निवेदनको हामीले सामना गर्नुपर्ने बाध्यताहरू पनि छ ।

सम्माननीय अध्यक्ष महोदय, अघिल्लो वर्ष प्रतिष्ठानको लागि हाम्रो मन्त्रालयमा रु. ३० करोड ससर्त पर्यटन पूर्वाधार निर्माणमा र संस्कृति प्रवर्धनको लागि १ अरब १४ करोड विनियोजन भएको थियो । तर यस वर्ष बजेट शून्य रह्यो । पर्यटन विभाग र पुरातात्त्विक विभागअन्तर्गतको बजेट कार्यक्रम सञ्चालन गर्नुपर्ने भएको कारण माननीय सदस्यज्यूहरूको अपेक्षालाई हामीले सम्बोधन गर्न सकेनौं । दुःखका साथ स्पष्ट गर्न चाहन्छु । अघिल्लो वर्षभन्दा ४५ प्रतिशतले हाम्रो बजेट कटौती भयो । तथापि बजेटले धेरै कार्यक्रम समावेश गर्न खोज्दा

एकातिर असन्तुलन भयो । अर्को तिर सानो भयो । र संघीय कार्यक्रम कसरी लागु गर्ने भनेर चिन्ता बढेर गएको छ अध्यक्ष महोदय ।

गौतम बुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनको सन्दर्भमा हालै मात्र वायुसेवा निगमले क्वालालम्पुर सुरु गरेको छ । यसले राष्ट्रिय दायित्व पूरा गरेको छ । अन्य विमानसेवा प्रदायक कम्पनीसँग उडानको लागि हामीले छलफल गरिराखेका छौं । निकट भविष्य उडान सुरु गर्ने प्रयास हाम्रो भैराखेको छ । अन्तर्राष्ट्रिय विमानस्थलमा हालै पोखराको अन्तर्राष्ट्रिय विमानस्थलमा हालै सिचुवान एयरलाइन्सले चीनको छेन्दु सहरबाट चार्टर उडान सुरु गरेको छ । यसबाट आउँदो दिनमा व्यवसायिक उडानको ढोका खुलेको छ । यहाँ नयाँ रुटको बारेमा पनि सवाल उठेको छ । भारतको प्राविधिक टोलीसँग हाम्रो टोलीले कुराकानी गरेको छ र सम्माननीय प्रधानमन्त्रीज्यूको भ्रमणमा पनि द्विपक्षीय महत्त्वका साथ यो कुरा उठेको छ । र छिटै हामीलाई लाग्छ छिटै नि परिणाम आउने छ ।

पशुपति क्षेत्र विकास कोष गुरुयोजना स्वीकृत भई सोहीअनुसार कार्य अगाडि बढेको छ । पशुपति क्षेत्रको सरसफाइ अभियानकै रूपमा हामीले सञ्चालन गरेर आज भ्रमणयोग्य भएको छ । लुम्बिनी गुरुयोजनाअनुसार नै संरचना निर्माण गर्ने निर्देशन भएको छ । निर्माण भएको हलमा पानी चुहिने समस्या जहाँसम्म छ त्यो समाधानको निम्ति सम्बन्धित कम्पनीलाई हामीले व्यवसायिक कम्पनीलाई नै जिम्मा लगाएका छौं । नीजगढ अन्तर्राष्ट्रिय विमानस्थल काडमाडौंको वैकल्पिक विमानस्थल हो । भविष्यमा यसको आवश्यकता अझै बढेर जाने छ । आर्थिक वर्ष ०८०/०८१ मा विमानस्थल क्षेत्रमा पर्ने बस्ती स्थानान्तरण गर्नेलगायत साइट क्लियरेन्स गर्ने कार्यहरू गरिने छन् । राष्ट्रिय हितमा उपयुक्त मोडालिटी अवलम्बन गरी आर्थिक वर्ष ०८०/०८१ मा निर्माणको काम सुरु हुने अपेक्षा रहेको छ । स्थानीय तहसँगको पर्यटन पूर्वाधार विकास तथा साझेदारी कार्यक्रम स्रोत सुनिश्चितता नहुँदाखेरि आज यो कार्यक्रमलाई निरन्तरता दिन सकिएको छैन । सरकारले घोषणा गरेको सबै गन्तव्यको सन्दर्भमा त्यो हराएको छैन, प्राथमिकतासँग नै हामीले राखेका छौं । पुरानो गाउँको खोजी मौखिक ज्ञान सङ्ग्रहालय, सांस्कृतिक र सम्पदा गाउँ निर्माण, सबै जातजाति र सामुदायका सङ्ग्रहालय तथा युद्ध सङ्ग्रहालय निर्माणको लागि प्रस्ताव हुँदाहुँदै पनि शीर्षक प्रस्ताव हुँदाहुँदै पनि बजेट नहुँदाखेरि हामीले कार्यक्रममा ल्याउन नसकेको कुरा पनि म स्पष्ट गर्न चाहन्छु । दुर्गम क्षेत्रमा सङ्ख्यात्मक हिसाबले धेरै विमानस्थलहरू निर्माण भएका छन् । तर त्यस क्षेत्रमा उडान त्यस क्षेत्रमा उड्ने हवाइ जहाजको कमीले नियमित उडान गर्न नसक्दा विमानस्थलको औचित्यमाथि प्रश्न उठ्नु स्वाभाविक हो । त्यस क्षेत्रमा उडान गर्दा नाफा नहुने भएकोले निजी क्षेत्र त्यसतर्फ

उडान सञ्चालन गर्न आकर्षित देखिँदैन, अध्यक्ष महोदय । यसै तथ्यलाई मध्यनजर गरी नेपाल वायुसेवा निगमले तीनओटा साना जहाज खरिद गर्ने प्रक्रिया अगाडि बढाएको छ । जहाज खरिद मेरो निजी स्वार्थको विषय हुँदै होइन । राष्ट्रिय आवश्यकता हो । कुन प्रक्रियाबाट खरिद गर्ने त्यो निगमकै विज्ञ र पदाधिकारीले निर्धारण गर्ने कुरा हो । आवश्यक परे सरकारले सहजीकरण मात्र  गर्छ र नेपाल प्रचलित कानुनअनुसार पारदर्शी ढङ्गले जाँच खरिदको प्रक्रिया अघि बढाउनु मैले निर्देशन गरिसकेको छु । यति बेला पनि थप विमानस्थलको माग हुने गरेको कति र कस्तो विमानस्थल बनाउने विषयमा नयाँ ढङ्गले सोच्नुपर्ने देखिन्छ । विमानस्थलको सङ्ख्या थप्नेभन्दा पनि सेवा र त्यसमा गुणस्तर बढाउने जोड हामीले दिनुपर्छ जस्तो लाग्छ अध्यक्ष महोदय । नेपालको नागरिक उड्डयन प्राधिकरणलाई विभाजन गरी नियमन निकायको रूपमा नेपाल नागरिक उड्डयन प्राधिकारण र सेवा प्रदायकको रूपमा हवाई सेवा प्राधिकारण स्थापना गर्ने गरी छुट्टा छुट्टै विधेयक पुनः संसदमा पेस गर्ने गरी मन्त्रिपरिषद्मा पठाइसकिएको छ । विगतमा सम्मानित राष्ट्रिय सभाबाट पारित भैसकेको पनि यो विधेयक फिर्ता भएको माननीयज्यूहरूले उठाएको कुरा सत्य हो । पर्वतारोहण क्षेत्रमा रहेको समस्या समाधान गर्न, लगानीलाई प्रोत्साहन गर्न पर्यटन व्यवसायका समस्यालाई सम्बोधन गर्न विधेयक तर्जुमा प्रक्रिया हामीले अगाडि बढाएका छौं । राष्ट्रिय निकुञ्जभित्र होटल सञ्चालनबारे तत्कालीन व्यवस्थापिका संसद प्राकृतिक स्रोत साधन समितिअन्तर्गत उपसमितिद्वारा प्रस्तुत प्रतिवेदन र सिफारिसको आधारमा नेपाल सरकार मन्त्रिपरिषद्बाट २०६६/०८/१६ मा राष्ट्रिय निकुञ्जभित्र होटल, लज, रिसोर्ट सञ्चालन गर्न नदिने गरी नीतिगत निर्णय भएको भए तापनि राष्ट्रिय हितमा अझै उपयोग गर्न सकिन्छ भन्ने उद्देश्यका साथ सरकारले यसतर्फ पहल अगाडि बढाइरहेको कुरा म स्पष्ट गर्न चाहन्छु ।

भारतको उत्तरप्रदेश ललिताघाट बनारसी साम्राज्य स्वर पशुपतिनाथ महादेव मन्दिर नेपाल सरकारकै स्वामित्वमा रहेको उक्त मन्दिर परिषद्को वृद्धआश्रम धर्मशाला पुनः निर्माण कार्यका लागि रु. ५ करोड रुपैयाँ विनियोजन गरिएको छ । सो निर्माण कार्य पुरात्त्व विभागको समन्वयमा भारत स्थिति नेपाली राजदूतावासले नेपालकै सार्वजनिक खरिद ऐनबमोजिम निर्माण गर्ने छ । सगरमाथा दिवस मे २९ का दिन सगरमाथा आरोहण ७० वर्ष भएको अवसरमा बृहत् कार्यक्रमको आयोजना गरिएको अवसरमा आरोहीहरूलाई पदक वितरण गरी सम्मान गरिएको स्पष्ट गर्न चाहन्छु ।

दाङमा रहेको नेपालकै ठुलो त्रिशुललगायत अन्य महत्त्वपूर्ण धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न आवश्यक अध्ययन अगाडि बढाइएको छ अध्यक्ष महोदय ।

अन्त्यमा माननीयज्यूहरूको सुझाव र टिप्पणीका लागि हार्दिक धन्यवाद दिँदै मेरो भनाइ अन्त्य गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराँतीले दिनुभएको जवाफ सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउने बेहोरा जानकारी गराउँदछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यहरूलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय कुमार दसौदी ।

(१२:५९ बजे) **<u>माननीय कुमार दसौदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, दाङ जिल्लाको तुलसीपुर स्थित टरिगाउँ एयरपोर्टको लागि बजेट कति विनियोजन गर्नुभा' छ? ७२ सिटे एयरलायन्स सञ्चालन गर्ने सन्दर्भमा पर्यटन मन्त्रीज्यूको के योजना छ? म जवाफ पाऊँ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय खिमलाल देवकोटा ।

(१२:५९ बजे) **<u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, कुराले चाहिँ चिउरा भिज्दैन भन्ने हामीले सुनेको पनि हो । मन्त्रीज्यूहरूको धेरै मिठा मिठा कुराहरू हामीले सुन्यौं तर हामीले चाहेको चाहिँ अलिकति परिवर्तनै हो । नागरिकले चाहेको परिवर्तनै हो । त्यसकारण मैले यो मन्त्रालयसँग सम्बन्धित केही कुराहरूमा, विशेष गरी यो मन्त्रालय संस्कृति, पर्यटन र नागरिक उड्डयनसँग छ । नागरिक उड्डयनको कुराहरू त पूरै सेन्ट्रल फङ्सन हो । यसमा मेरो कुनै गुनासो छैन । संस्कृति र पर्यटनको धेरै फङ्सनहरू धेरै वर्क लोडहरू प्रदेश र स्थानीय तहमा छ हई निश्चित रूपमा संविधान अनुसूची पढे पनि हुन्छ अनबन्डलिङ रिपोर्ट पनि हेरे हुन्छ । मन्त्रिपरिषद् कार्य विभाजन नियमावली पनि हुन्छ तर यो मन्त्रालयको टोटल बजेटमा १ रुपियाँ पनि बजेट प्रदेश र स्थानीय तहमा छैन । यो बजेटको भाषणमा यो अनुसूची हेरे हुन्छ । १७५१ अरब बजेटको मन्त्रालयगत विनियोजन प्रदेश र

स्थानीय तहमा विनियोजन छ भने पछि मेरो मन्त्रीज्यूलाई प्रश्न छ । किन तपाईंले प्रदेश र स्थानीय तहलाई बजेट किन विनियोजन गर्नुभएन? मन्त्रालय अघि नै प्रदेश र स्थानीय तहमा बजेट सिधैं पठाइसकेपछि स्थानीय तहमा त कम्तीमा उनीहरूले कार्यान्वयन त आफैं पनि गर्थे नि ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य शारदा देवी भट्ट ।

(१३:०० बजे) **<u>माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- अध्यक्षज्यूमार्फत, पर्यटन मन्त्रीज्यूसँग सोध्न चाहन्छु । नेपालमा दिनको दिन प्लेन crash भएर डर लाग्दो स्थिति छ । र कसरी र कहिले सुधार हुन्छ? मान्छे मार्ने काम कहिले बन्द हुन्छ? र विदेशमा कालो सूचीमा परेको नेपाली एयरलाइन्सको प्लेन अहिले शुद्धीकरण हुन्छ? र कहिले त्यसलाई चोख्याउने हो? स्पष्ट जवाफ पाऊँ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय उदय बहादुर बोहरा ।

(१३:०१ बजे) **<u>माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, दाङको तुलसीपुरमा रहेको ५०/५५ वर्ष पुरानो एयरपोर्ट नीति तथा कार्यक्रममा छ । रातो किताबमा छैन । अब त्यसको सान्दर्भिकता औचित्यता नभएको हो कि त्यो कहाँनेर के भएको हो? यो विषयमा माननीय मन्त्रीज्यूसँग म प्रश्न गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरण सम्बन्धमा स्पष्ट पार्न माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराँतीलाई समय उपलब्ध गराउँछु ।

(१३:०१ बजे) **<u>माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किराँती</u>**:- अध्यक्ष महोदय, टरी गाउँ विमानस्थलको सन्दर्भमा नीति तथा कार्यक्रमै परिसकेको कुरा हो ।

यसको बजेट विनियोजनको निम्ति हामीले हाम्रो बोर्डको बैठक बस्नुपर्छ । त्यो बोर्डको बैठकले निर्धारण गर्छ । यो म स्पष्ट गर्न चाहन्छु ।

अर्को दुर्घटनाको सन्दर्भमा, हवाई दुर्घटनाको सन्दर्भमा हामीले सेफ्टी first को नारा नै हामीले स्थापित गरिराखेका छौं । सुरक्षाभन्दा दोस्रो कुरा केही पनि हुन सक्दैन र कालो सूचीबाट हाम्रो आकासलाई हटाउनको निम्ति हामी सम्पूर्ण शक्ति लगाएर लागि राखेको कुरा जानकारी गराउन चाहन्छु ।

अब यो जति पनि मन्त्रालयसँग अहिलेको विनियोजन विधेयकसँग सम्बन्धित रहेर उठेको प्रश्नहरू तपाईंहरूको प्रश्न मलाई हो र मेरो प्रश्न पनि मैमाथि छ । त्यसो भएको हुनाले हाम्रो प्रश्न एउटै भ'को हुनाले आउने दिनमा मिलाएर लैजाऊँ सच्च्याएर लैजाऊँ । ढिलो नगरौं भन्ने कुरा मैले अघि नै पनि राखिसकेको छु । यही कुरा राख्दै प्रश्न सोध्नुभएकोमा धेरै धेरै धन्यवाद दिंदै मेरो भनाइ अन्त्य गर्दछु ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरू जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१३:०४ बजे) **माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्मा**ः- सम्माननीय अध्यक्षज्यू, हाम्रो यो राष्ट्रिय सभाको आजको यो बैठकमा विनियोजन विधेयक, २०८० मा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको लागि प्रस्तुत बजेटको विनियोजनका सन्दर्भमा भएका छलफल, माननीयज्यूहरूबाट व्यक्त जिज्ञासा, प्रश्न एवम् छलफलको क्रममा उठाउनुभएका विषय तथा प्रस्तुत गर्नुभएको रचनात्मक सुझावको लागि सबभन्दा पहिले म माननीयज्यूहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु, धन्यवाद भन्न चाहन्छु । र यहाँहरूले व्यक्त गर्नुभएका विचारहरूलाई मन्त्रालयले मार्गनिर्देशनको रूपमा लिने छ भन्ने कुरा पनि यहाँ जाहेर गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, आर्थिक वर्ष २०८०/०८१ मा यस मन्त्रालय र अन्तर्गतका निकायसमेतको लागि रु. ८ अर्ब ७१ करोड ६७ लाख विनियोजन भएको छ । जुन कूल राष्ट्रिय विनियोजनको ०.५ प्रतिशत मात्र हो । यसका साथै मन्त्रालयका कार्यक्षेत्रसँग सम्बन्धित

विषयमा नेपाल दुरसञ्चार प्राधिकरण, नेपाल दुरसञ्चार कम्पनी लिमिटेड, नेपाल टेलिभिजन, रेडियो प्रसार सेवा विकास समिति, गोरखापत्र संस्थान, राष्ट्रिय समाचार समिति एवम् चलचित्र विकास बोर्डले नेपाल सरकार र आफ्नै स्रोतसमेत परिचालन गरी मन्त्रालयको सोच, लक्ष्य, उद्देश्य प्राप्तिमा क्रियाशील रहँदै आएका छन् । सुशासन र विद्युतीय शासन प्रवर्धन एवम् सदाचारको परिपालनामा मन्त्रालय प्रतिबद्ध छ ।

सम्माननीय अध्यक्षज्यू, अब म माननीय सदस्यज्यूहरूले मन्त्रालयसँग सम्बन्धित बजेट तथा कार्यक्रमउपर छलफलका क्रममा राख्नुभएका जिज्ञासा एवम् उठाउनुभएका सन्दर्भहरूलाई प्रश्न उत्तरको रूपमा भन्दा पनि विषय र क्षेत्रगत रूपमा सम्बोधन गर्न चाहन्छु । आमसञ्चारको क्षेत्रमा देशभर हाल २४२ वटा टेलिभिजन, ९२८ वटा FM Radio सञ्चालनमा रहेका छन् । हालसम्म ७ हजार ९ सय ७९ पत्रपत्रिका र ३ हजार ९ सय ९० अनलाइन पत्रपत्रिका दर्ता भई सञ्चालनमा रहेका छन् । सबै नीति र कानुन तर्जुमा गर्दा त्रेस स्वतन्त्रताको सुनिश्चितता कायम गरिने छ, आमसञ्चार क्षेत्रलाई मर्यादित, जिम्मेवार, जवाफदेही, उत्तरदायी र विश्वसनीय बनाउन आवश्यक नीतिगत तथा कानुनी सुधारका लागि विद्यमान ऐन कानुनमा समसामयिक संशोधन तथा नयाँ तर्जुमा गर्नुपर्ने देखिएको छ । मन्त्रालयसँग सम्बन्धित कानुनहरूको तर्जुमा संशोधन एवम् परिमार्जन गर्न मन्त्रालय योजनाबद्ध रूपमा लागिरहेको कुरा माननीयज्यूहरूलाई जानकारी गराउन चाहन्छु ।

राष्ट्रिय सूचना आयोगको सम्पर्क मन्त्रालयको रूपमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय रहेको छ । सूचनाको हकको कार्यान्वयनको नियमन गर्ने निकायको रूपमा आयोगले कार्य गर्दै आएको छ । सार्वजनिक सूचनामा आमनागरिकको पहुँचको सुनिश्चितताको लागि मन्त्रालय प्रतिबद्ध छ । सूचना प्रविधिको बढ्दो प्रयोगसँगै साइबर सुरक्षाको जोखिम न्यूनीकरण गर्नु चुनौतीको रूपमा रहेको छ । डिजिटल साक्षरता प्रवर्धन गर्ने र सामाजिक सञ्जाललाई कानुनी दायरामा ल्याई मर्यादित र व्यवस्थित गर्न मन्त्रालय लागिपरेको छ । र माननीय सदस्यज्यूहरूले पनि यो सामाजिक सञ्जालका विषयमा यहाँ गम्भिरतापूर्वक कुरा उठाउनुभा'को छ । र यसका लागि हामी आगामी आर्थिक वर्षमा कानुनको तर्जुमा गरी सामाजिक सञ्जाललाई मर्यादित गर्न ठोस कदम चालिने बेहोरा अवगत गराउन चाहन्छु । आमसञ्चारलाई थप जिम्मेवार र विश्वसनीय बनाउन Press Council Nepal मार्फत पत्रकार आचारसंहिता कार्यान्वयनमा जोड दिएको छ । आफ्नो बारे मिडियामा प्रकाशित, प्रसारित सामग्री गलत हो भन्ने लागेमा सम्बन्धित व्यक्तिले Press Council Nepal मा उजुरी गर्ने व्यवस्था रहेको कुरा विदितै छ । समावेशी विकास, सामाजिक न्यायमार्फत लोककल्याणकारी राज्यको स्थापना गर्ने संविधानको दिशानिर्देश हो ।

यसैबमोजिम आमसञ्चार माध्यममा समाजका सबै समुदायको सहज पहुँचको सुनिश्चितताको लागि गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन, विज्ञापन बोर्ड, राष्ट्रिय समाचार समिति र चलचित्र विकास बोर्डलाई समावेशी सामग्री उत्पादन तथा प्रकाशन प्रसारणको लागि मन्त्रालयले अनुदान दिने गरेको छ । हाल गोरखापत्रबाट ३८ भाषा, रेडियो नेपालबाट २१ भाषा र नेपाल टेलिभिजनबाट ९ भाषामा समाचार सामग्री प्रकाशन तथा प्रसारण हुँदै आएका छन् । आगामी आर्थिक वर्षमा थप भाषाहरूमा समेत समाचार सामग्री प्रकाशन तथा प्रसारण गरिने छ ।

मन्त्रालय र मन्त्रालय सम्बद्ध अन्य निकायबाट समेत समावेशी कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनलाई प्राथमिकतामा राखिएको छ । पुराना तथा ऐतिहासिक सामग्री संरक्षण गर्ने उद्देश्यले रेडियो नेपाल, गोरखापत्र संस्थान र नेपाल टेलिभिजनमा डिजिटल Archiving को कार्य भइरहेको छ । आमनागरिकसमक्ष सत्य, तथ्य र निष्पक्ष समाचार प्रकाशन, प्रसारणमार्फत सार्वजनिक सञ्चार माध्यमले जनताको मन जित्ने गरी कार्य गर्दै आएका छन् । गोरखापत्रले प्रकाशनको गुणस्तर वृद्धि, समावेशी सामग्री प्रकाशन, डिजिटल प्रकाशन गर्दै आएको छ । र यो नेपालको प्रसारण पहुँच ९२ प्रतिशत जनसङ्ख्यामा पुगेको छ । डिजिटल टेलिभिजनको पहुँच ७२ प्रतिशत पुगेको छ । राष्ट्रिय समाचार समिति रा.स.स. ले आधिकारिक र भरपर्दो सूचना सामग्री उत्पादन गरी सञ्चार माध्यमलाई उपलब्ध गराउँदै आएको छ । दुरसञ्चार क्षेत्रमा देशभर गुणस्तरीय दुसञ्चार सेवा पुर्याउन आवश्यकताअनुसार BTS, ...... mobile tower, fiber to the home (FTTH) को विस्तारलगायतका पूर्वाधारहरू थप गर्ने कार्य प्रभावकारी रूपमा अगाडि बढाइएको छ । सेवा नपुगेका, signal कम देखिएका तथा माग भएका स्थानहरूमा सेवा विस्तार तथा गुणस्तर सुधार गर्न मन्त्रालय अग्रसर छ ।

साथै आगामी आर्थिक वर्षमा प्रदेशका दुई जिल्लालाई प्रत्येक प्रदेशका दुई जिल्लालाई पूर्ण दुरसञ्चारयुक्त जिल्लाको रूपमा विकास गरिने छ । प्रमुख लोकमार्गमा गुणस्तरीय दुरसञ्चार सेवा विस्तार गरिने छ । सूचना तथा सञ्चारको पहुँच वृद्धि गर्ने उद्देश्यले सुरु भएको Broadband Internet सेवा सबै स्थानीय तहका केन्द्रमा पुगेको छ भने सबै वडा तहमा गुणस्तरीय Internet सेवा पुर्याउने लक्ष्य लिएको छ । ४ हजार ३ सय ९० स्वास्थ्य केन्द्र र ५ हजार ३ सय ८ समुदायिक माध्यमिक विद्यालयमा समेत Broadband Internet जडान कार्य सम्पन्न भएको छ । नेपाल दुरसञ्चार प्राधिकरणमार्फत आगामी आर्थिक वर्षमा Broadband Internet सबै सामुदायिक विद्यालय र सबै स्वास्थ्य केन्द्रमा विस्तार गर्ने कार्य प्रारम्भ गरिएको छ । नवीनतम प्रविधिको उच्चतम प्रयोग गर्दै देशभर गुणस्तरीय दुरसञ्चार सेवा प्रदान गर्न सेवा प्रदायकहरूलाई प्रोत्साहन गरिएको छ । नेपाल दुरसञ्चार कम्पनी लिमिटेडलाई 5G परीक्षणको अनुमति प्रदान गरिएको

छ । आगामी आर्थिक वर्षमा व्यावसायिक रूपमा यसको सेवालाई विस्तार गर्दै लगिने छ । सूचना प्रविधिमा सुशासन विकास र समृद्धिका लागि Digital Nepal को दुरदृष्टिसहित २०७६ सालबाट सुरु भएको Digital Nepal Framework कार्यान्वयनको सिलसिलामा ८ क्षेत्रहरू:- Digital Foundation, कृषि, शिक्षा, स्वास्थ्य, उर्जा, पर्यटन, वित्त र सहरी पूर्वाधार तथा उक्त क्षेत्रअन्तर्गतका ८० वटा पहलहरूमार्फत कार्य भइरहेको छ । ती क्षेत्रहरूमध्ये Digital Foundation को यस मन्त्रालय र बाँकी क्षेत्रको सम्बन्धित मन्त्रालय तथा निकायहरूका समन्वयमार्फत कार्यान्वयन हुने छ । विद्युतीय तथ्याङ्कहरूको सुरक्षा भण्डारण र उपयोगलाई व्यवस्थित बनाउन विद्युतीय तथयाङ्क सुरक्षा नीति तर्जुमा गरिने छ ।

साइबर सुरक्षासँग सम्बन्धित विषयहरू एकीकृत गरी राष्ट्रिय साइबर सुरक्षा नीति मन्त्रिपरिषद्मा लैजाने तयारी अन्तिम चरणमा पुगेको छ । हाल चौबिसै घण्टा सञ्चान भइरहेको साइबर सुरक्षा सञ्चालन केन्द्रलाई प्रभाकारी बनाउँदै साइबर सुरक्षा response team गठन गरी साइबर जोखिमको पूर्वनुमान र जोखिम न्यूनीकरणलाई थप प्रभावकारी बनाइने छ । Website मा हुन सक्ने साइबरजन्य सुरक्षा जोखिमको न्यूनीकरणको लागि Web Monitoring प्रणालीको सुरुवात भएको छ । हाल चौबिसै घण्टा सञ्चालनमा रहेको सरकारी Data Centre को स्तरोन्नति गरी हेटौंडामा Disaster Recovery Centre सञ्चालनमा ल्याइने छ । निजी क्षेत्रद्वारा सञ्चालित Data Centre को स्तरीकरण र नियमन गरिने छ । हुलाक सेवाको लागि हाल विद्यमान रहेका हुलाक संरचनालाई एक पालिका एक हुलाकको अवधारणाबाट सेवा प्रवाहको पुनर्संरचना गर्न खोजिएको छ । यसबाट संघीय इकाइअनुरूप हुलाक सेवाको संरचना स्थापित भई सेवा प्रवाह हुने छ । यसरी सेवाको पुनः संरचना गर्दा खारेज हुने अतिरिक्त हुलाकमा कार्यरत कर्मचारीको सेवाको उच्च कदर गरी न्यायोचित सुविधासहित सम्मान जनक अवकास दिइने छ ।

सानातिना रकम जम्मा गर्न चाहने व्यक्तिलाई बैङ्किङ सुविधा प्रदान गर्न २०३४ देखि स्थापना भएका हुलाक बचत बैङ्कको सेवामा बचत तथा ऋण सेवा प्रदान गर्ने बैङ्क तथा वित्तीय संस्थाहरूको विस्तारसँगै सङ्कुचन आएको छ । जसको कारण हुलाक बचत बैङ्क न्यून प्रभावी बन्न पुगेकोले हुलाक बचत बैङ्कका खाता र बचत रकमलाई राष्ट्रिय वाणिज्य बैङ्कमा ...... गरी हुलाक बचत बैङ्क खारेज गर्ने प्रक्रियाको थालनी भइसकेको छ । हुलाक सेवालाई आधुनिक र प्रविधिमैत्री बनाउने कार्यहरू थालनी भएका छन् । हुलाक सेवाको पुनर्संरचनामार्फत मौजुदा साधनस्रोतको पूर्ण क्षमतामा परिचालन गर्दै नयाँ व्यावसायिक ढाँचामा लैजाने तयारी मन्त्रालयबाट भइरहेको छ ।

चलचित्र क्षेत्रलाई सिर्जनशील, सांस्कृतिक तथा मनोरञ्जनात्मक उद्योगका रूपमा विकास गर्ने तथा चलचित्रको माध्यमबाट देशको भाषा, कला, संस्कृतिको संरक्षण तथा अन्तर्राष्ट्रिय स्तरमा समेत पहिचान बढाउने उद्देश्यका साथ स्थापित चलचित्र विकास बोर्डमार्फत दोलखामा सार्वजनिक निजी साझेदारीमा Film City निर्माण गर्ने कार्यक्रम रहेको छ । समाज रूपान्तरणका लागि सङ्घर्ष गर्ने व्यक्ति तथा घटनासँग सम्बन्धित ऐतिहासिक चलचित्र, वृत्तचित्र र स्वदेशी चलचित्र निर्माणलाई प्रोत्साहन र प्रवर्धन गर्न बजेट व्यवस्था गरिएको छ । मौलिक चलचित्र निर्माणमा प्रोत्साहन हुने गरी story bank तयारी गर्ने कार्यक्रम पनि रहेको छ ।

मुद्रणका सन्दर्भमा नेपाल सरकारबाट प्रकाशन हुँदै आएको नेपाल राजपत्र, प्रदेश सरकार तथा स्थानीय तहबाट माग भई आएका राजपत्र र मुद्रण विभागबाट निरन्तर प्रकाशन एवम् नेपाल सरकारको बजेटलगायत विभिन्न सरकारी निकायका प्रकाशन छपाइ कार्य हुँदै आएको छ । संवेदनशील प्रकृतिका मुद्रणलाई देशभित्रै छपाइ हुने गरी सुरक्षण मुद्रणसम्बन्धी पूर्वाधार निर्माण भइरहेको छ । अन्तःशुल्क sticker, हुलाक टिकट, सवारी चालक अनुमति पत्र, राहदानीजस्ता संवेदनशील छपाइको लागि विदेशिने मुद्रा सञ्चिति हुने, देशभित्रै रोजगारी सिर्जना हुने र देश सुरक्षण मुद्रणमा आत्मनिर्भर हुने गरी कार्य प्रारम्भ गरिने छ ।

सम्माननीय अध्यक्षज्यू, सञ्चार तथा सूचना प्रविधिको क्षत्रेमा भएको तीव्र विकासले आर्थिक, सामाजिक, शैक्षिकलगायतका विभिन्न क्षेत्रमा प्रभाव पारेको छ । विश्वमा विकसित नविनतम प्रविधिको प्रयोग गर्दै समृद्धिको लक्ष्य हासिल गर्नुपर्ने अवस्था छ । आगामी आर्थिक वर्षमा मन्त्रालयले सञ्चालन गर्ने कार्यक्रमहरू गुणस्तरको सुनिश्चिततासहित समयमै सम्पन्न गरी लक्षित उपलब्धि हासिल गर्ने गरी कार्यक्रम बनाउने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । र यसका लागि विगतमा जस्तै माननीय सदस्यज्यूहरूको साथ र सहयोगको अपेक्षा पनि गरेको छु ।

र फेरि पनि यहाँहरूले दिनुभएको रचनात्मक सल्लाह, सुझावलाई मन्त्रालयले कार्य सम्पादनको सन्दर्भमा मार्गदर्शनको रूपमा लिने कुरा विश्वास दिलाउँछु । र फेरि पनि प्रश्न उठाउनुहुने, जिज्ञासा व्यक्त गर्नुहुने र सुझाव दिनुहुने सम्पूर्ण माननीय सदस्यज्यूहरूलाई मन्त्रालयको तर्फबाट र मेरो आफ्नो तर्फबाट पनि हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । धन्यवाद ।

**(१३:१५ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले दिनुभएको जवाफका सम्बन्धमा प्रष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको

विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र प्रष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँदछु । प्रष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई एक मिनेटको समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग सम्बन्धित विनियोजन विधेयक, २०८० माथिको विनियोजन शीर्षकमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले दिनुभएको जवाफको सम्बन्धमा प्रष्टीकरण माग गर्न कुनै पनि माननीय सदस्यहरूको नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेतलाई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१३:१६ बजे) **माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री श्री शक्तिबहादुर बस्नेत**:- सम्माननीय अध्यक्षज्यू, विनियोजन विधेयकमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग सम्बन्धित रहेर माननीयज्यूहरूले राख्नुभएका प्रश्न, जिज्ञासा र सुझावको प्रति सम्मानभाव व्यक्त गर्दै म हार्दिक धन्यवाद भन्न चाहन्छु ।

माननीयज्यूहरूले भन्याजस्तै नेपालको आर्थिक समृद्धिको लागि जलविद्युत् एउटा महत्त्वपूर्ण स्रोत हो । हाल २७ सय मेगावाट करिब हामीसँग अहिले उत्पादनको क्षमता रहेको छ । आगामी वर्षहरू थप ९ सय हामी पुर्याउने राखेका छौं भने आगामी १० वर्षभित्र निकै महत्त्वकाङ्क्षी योजनाको एउटा foundation तयार गर्न गइराखेका छौं । २० हजार plus मेगावाट विद्युत् उत्पादन गर्ने हाम्रो लक्ष्य राखेका छौं र त्योअनुसार ऊर्जा विकास दशकको मार्गचित्र र कार्ययोजनाका साथ हामी काम गरिराखेका छौं । अब यो विषयमा हामी माननीयज्यूहरूले भन्नुभाजस्तै उत्पादन हामीले आफ्नै लागि गर्ने हो, सकेसम्म र surplus भएको विद्युत् हामीले वितरण गर्ने हो । माननीयज्यूहरूले भन्नुभएको कुरामा पनि हाम्रो विमति छैन । अहिले सूचना प्रविधिमा भइराखेको विकासको तीव्रता छ । यो परिस्थिति र climate change ले पार्दै गएको प्रभावलाई समेत दृष्टिगत गरेर हामीले हाम्रो स्रोतको optimum उपयोग गर्नुपर्ने

परिस्थिति निर्माण हुँदै गइराखेको छ । यो सबै कुरालाई मध्यनजर गरेर हामी आगामी १० वर्षभित्रमा optimum यसको चैं उत्पादनको निम्ति ध्यान दिइराखेका छौं ।

अब माननीयज्यूहरूले राख्नुभएका कतिपय यसै सन्दर्भमा सम्बन्धित विषयहरू छन् । Lower Arun को विषय, Lower Arun धेरै पहिले सुरु भएको कुरा हो । माननीयज्यूहरू यो विषयमा धेरै confusion मा नपरौं । यो बेला PDA सम्पन्न भएको छ । त्यसकाणले यो विषयमा माननीयज्यूहरूले जे प्रश्न उठाउनुभएको छ, मलाई लाग्छ यो बारेमा थप प्रष्ट हुँदै हुनुहुन्छ जस्तो लाग्छ ।

त्यसै गरी हामीले सुख्खा याम र गर्मी यामको wet season को असन्तुलन छ हाम्रो उत्पादनको । यसलाई समेत ध्यान दिएर बुढी गण्डकी १२ सय मेगावाट, नलगाड ४ सय १७ मेगावाट र दुधकोसी ६ सय ३५ मेगावाटलाई निर्माण modality तयार गरेर, लगानीको modality तयार गरेर निर्माण कार्य सुरु गर्ने प्राथमिकताका साथ हामी अगाडि बढाइराखेका छौं । त्यसकारण यी सन्दर्भमा पनि माननीयज्यूहरूले जे राख्नुभएको थियो, त्यो विषयमा म थप स्पष्टताको लागि आग्रह गर्दछु । जहाँसम्म बजेटको कुरा हो VUCL अन्तर्गत नलगाडको बजेट विनियोजित अवस्थामा रहेकै कारणले VUCL अन्तर्गत विद्युत् विकास उत्पादन कम्पनी, विद्युत् उत्पादन कम्पनीअन्तर्गत नलगाड कम्पनी रहेको कारणले बजेटको समस्या नरहने कुरामा पनि म यहाँहरूलाई विश्वास दिलाउन चाहन्छु ।

अब सिँचाइअन्तर्गत हामीलाई थाहा छ, २५ लाख हेक्टर जमिन नेपालमा सिँचाइयोग्य जमिन छ । त्यसमध्येमा १५ लाख हेक्टरमा सिँचाइ भएको छ । थप १० लाख हेक्टरमा हामीलाई सिँचाइ सुविधा पुर्याउन बाँकी छ । र त्यो लोकेटेड छ । कहाँ कहाँ छ भन्ने कुराको त्यो सबै कुराको survey अध्ययन पूरा भएको छ । जसअनुसार करिब अब हामीसँग १० लाख plus हेक्टर जमिन जो सिँचाइ सुविधान पुर्याउन बाँकी छ, त्यो करिब 50 percent तराईमा छ, 50 percent बिच मधेस र पहाडी इलाकाहरूमा छ । पहाडमा नदी किनाराका जो टारहरू छन्, त्यहाँ नदीबाट lift गर्नुपर्ने अवस्था छ । त्यो साढे ४ लाख हेक्टर जमिन त्यहाँ उपलब्ध छ । जहाँ lift सिँचाइबाट त्यसको समस्याको समाधान गर्नुपर्ने छ । थप पहाडमा अरू पोखरी सिँचाइबाट समस्या समाधान गर्नुपर्ने छ । तराईका ठुला आयोजनाहरूबाट एउटा command area नपुगेको अथवा coverage नभएका अरू केही साढे ४/५ लाख हेक्टर जमिनमा अहिले केहीमा ठुला आयोजनाहरूबाट, केहीमा shallow and deep tubewell बाट समस्या समाधान गर्ने प्रयत्न भइराखेको छ ।

त्यसकारणले अब यहाँ सिँचाइ गर्नुपर्ने आवश्यकता एकतिर, अर्कोतिर सिँचाइ योजना पर्यो भन्ने कुरा होइन । भलै फेरि हामीसँग बजेटको सीमा छ, परिस्थितिको सीमा छ, यो सबै कारणले सबै आवश्यकता हामी एकैसाथ पूरा गर्न सकिराखेका छैनौं । यो साँचो हो । तर हामीले त्यसलाई प्राथमिकीकरण गर्दै नै अगाडि बढिराखेका छौं । कर्णाली प्रदेशमा राष्ट्रिय गौरवका आयोजनाहरू नभएको प्रदेश थियो । सङ्घबाट उल्लेखित रूपमा आयोजना नभएको कारणले यही वर्षदेखि हामीले कर्णाली एकीकृत सिँचाइ विकास आयोजना त्यहाँ सुरु पनि गरेका छौं । त्यसको निम्ति करिब ३० करोड रुपैयाँ बजेट विनियोजन पनि भएको छ । त्यसैले सुदूरपश्चिमका पहाडी इलाकाहरू अरू सबै मैले अगि चैं त्यो टार सिँचाइको बारेमा कुरा गरेको थिएँ । यो सबैको निम्ति बजेटको विनियोजन भ'को छ । अहिले उपलब्ध बजेटको सीमाभित्र यी कुराहरूलाई निकै प्राथमिकताका साथ हामीले समाधान गर्ने कोसिस गरिराखेका छौं ।

सिक्टा सिँचाइको पूर्वी नहरमा ४२ सय हेक्टरमा यसै वर्षदेखि पानी सञ्चालन भएको छ । पश्चिमी नहरमा १६ हजार हेक्टरमा पानी सञ्चालन भइराखेको छ । र कतिपय area हरू, command area अझ विस्तार गर्नुपर्ने र coverage area थप व्यवस्था गर्नुपर्ने स्थिति छ । यो साँचो कुरा हो । तर आयोजनाहरू सञ्चालन नहुँदै त्यो बर्बादीतिर गएको भन्ने होइन । त्यो साँचो कुरा होइन माननीयज्यूहरू । रानी जमरा कुलरीयाको हकमा पनि १४ हजार ३ सय हेक्टर आधुनिकीकरणको कार्य अन्तिम चरणमा पुगिराखेको छ । पानी कुलोको ४ हजार हेक्टरमा पानी उपलब्ध गराइएको छ । लम्की मूल नहरको विस्तार कार्ययोजना अगाडि बढिराखेको छ । पचैयादेखि कान्द्रामा १८ हजारको तयारी भइराखेको छ । हेक्टरमा सिँचाइको सुविधाको लागि तयारी भइराखेको छ ।

त्यसकारणले यी विषयहरूमा माननीयज्यूहरूले जे चिन्ता, चासो, जिज्ञासा राख्नुभो', म त्यसको लागि धन्यवाद भन्न चाहन्छु । कतिपय त मैले सबैका भावनाहरूलाई समेट्न सकिएको छैन । हाम्रा केही सीमाहरू पनि थिए, बजेटका । परिस्थितिका सीमा पनि छन् । कहाँबाट सिफारिस भए भन्ने कुरामा मझौला सिँचाइ आयोजनाहरू जो ससर्त अनुदानको रूपमा प्रदेशहरूबाट दिइने गरिन्थ्यो, प्रदेशहरूले बहुवर्षीय ठेक्का लगाएका, जो दायित्व सिर्जना भएका आयोजनाहरू सिफारिस गरेर सङ्घमा पठाउनुभएको थियो मन्त्रालयमा, तिनै आयोजनाहरूमा नै बजेट विनियोजन गरेर पठाइएको छ । प्रदेशकै, यहाँ सङ्घीयताको प्रश्न जोडदार रूपमा उठिराखेको छ । हामी त्यसले यसले सङ्घीय भावनालाई सम्मान गर्छ भन्ने लागेको छ । त्यो प्रदेशहरूले पठाएको सिफारिसका आधारमा नै बजेटको त्यहाँ विनियोजन गरिएको छ । कतिपय अघिल्लो वर्षमा दायित्व सिर्जना भएका आयोजनाहरूमा नै बजेट विनियोजन गर्नुपर्ने परिस्थितिले गर्दा

माननीयज्हरूका धेरै अपेक्षाहरूलाई सम्बोधन गर्न सकिएको छैन । आगामी दिनमा यसलाई हामी सम्बोधन क्रमशः गर्दै जाने छौं भन्ने विश्ववास दिलाउन चाहन्छु ।

र आगामी १० वर्षभित्रमा हामीले विद्युत् व्यापारको कुरा पनि गरेका छौं । आन्तरिक खपत क्षमता वृद्धि गर्नको लागि घरायसी प्रयोजनको लागि चाहिने lighting को कुरा होस्, देखि लिएर cooking को कुरा होस्, cooling, heating सबै क्षेत्रमा र उद्योगको क्षेत्रमा energy for development विकासको लागि चैं ऊर्जालगायतका क्षेत्रमा आन्तरिक खपत बढाउने हामीसँग महत्त्वकाङ्क्षी योजना छ । त्यसलाई हामी कार्यान्वयनतिर लिने रहेका छौं ।

दोस्रो कुराः हामीले यो आगामी १० वर्षभित्रमा, १० वर्षभित्रमा आन्तरिक खपत क्षमता बढाउने र surplus भएको विद्युत्लाई व्यापार गर्नको निम्ति १० हजारको त सम्झौता अब हामीले दीर्घकालीन व्यापार सम्झौताको कुरा पनि भएको अगाडि बढेको छ । यो सबै कुरालाई हेरेर १० वर्षभित्र उत्पादन, त्यसको लागि प्रसारण लाइनको व्यवस्था, वितरण प्रणालीलाई upgrade गर्ने र व्यापारलाई व्यवस्थित गर्ने, खपत क्षमता वृद्धि गर्ने, यो सबै एउटा एकीकृत योजनालाई हामीले ऊर्जा विकास दशकको एउटा मार्गचित्र र कार्ययोजनाको रूपमा तयारी गरेर अगाडि बढाइराखेका छौं । मलाई लाग्छ योभित्र उठाउनुभएका सबै भावनाहरू समेटिएर जाने छन् भन्ने हामीले विश्वास लिएका छौं ।

सिँचाइको क्षेत्रमा पनि अगि मैले जे भनेको छु, यो सबै located area हरू जो छ सिँचाइ सुविधा नपुगेको, त्यसमा विशेष विशेष आयोजना, कार्यक्रमहरू बनाएर हामी अगाडि बढिराखेका छौं । र त्यसले माननीयज्यूहरूको अपेक्षालाई सम्बोधन गर्छ भन्ने हाम्रो पूर्ण विश्वास छ । यही विश्वासलाई म सबै माननीयज्यूहरूलाई फेरि एकपटक धन्यवाद भन्न चाहन्छु ।

अब यति भइसकेपछि खर्च कटौतीको प्रस्ताव आवश्यकता परिराख्दैन होला । त्यो पनि फिर्ता लिनको लागि आग्रह गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेतले दिनुभएको जवाफका सम्बन्धमा प्रष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र प्रष्टीकरण माग गर्न पाउने बेहोरा जानकारी गराउँदछु । प्रष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई एक मिनेटको समय निर्धारण गरेको छु ।

माननीय दिल कुमारी रावल ।

(१३:२५ बजे) **माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूमार्फत मन्त्रीज्यूलाई मेरो प्रश्न, वडा नै नभएको माडी नगरपालिका १० मा यस मन्त्रालयबाट विनियोजन भएको रकम अब के हुन्छ? केन्द्रबाट नै किन स-साना सिँचाइकै योजनाहरूमा बजेट विनियोजन हुन्छ?

त्यस्तै गरेर प्रचुर मात्रामा सम्भावना रहेको जलस्रोतको सदुपयोग गर्न ऊर्जा उत्पादनबाहेक अन्य क्षेत्र खानेपानी, उत्पादन, व्यापार तथा जल यातायात सम्बन्धमा मन्त्रालयको धारणा के छ? जान्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय भैरव सुन्दर श्रेष्ठ ।

(१३:२५ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, म अध्यक्षज्यूमार्फत मन्त्रीज्यूलाई प्रश्न सोध्न चाहन्छु । माथिल्लो तामाकोशीबाट उत्पादन भएको ४५६ मेगावाट जलविद्युत् आयोजना, जो भारत सरकारले किन्न नै चाहिरहेको छैन भने १० वर्षमा १० हजार मेगावाट विद्युत् किन्छ भन्ने एउटा भरपर्दो आधार के हो? त्यो प्रष्ट पार्न म माननीय मन्त्रीलाई अनुरोध गर्न चाहन्छु ।

त्यसै गरी भारतको अन्तरदेशीय विद्युत् व्यापारसम्बन्धी निर्देशिका, २०१६ र २०१८ लाई नेपालले समर्थन गरेका कारणले लगानीको सुनिश्चितता नभएपछि चिनियाँ कम्पनीहरूद्वारा कम्पनीहरूको लगानीमा निर्माण गर्ने विद्युत् आयोजनाहरू नेपालबाट झिकिँदै छ भन्ने कुराहरू बाहिर आइरहेको छ । यसमा सत्य कुरा के हो? प्रष्ट गर्न चाहन्छु ।

४१७ मेगावाटको नलगाड जलविद्युत् आयोजनाको बजेट आगामी वर्षमा एक रुपैयाँ पनि राखेको छैन । माननीय मन्त्रीज्यूले बजेट छ भनेर भन्नुभो' । त्यो कहाँनिर छ? कति छ? अहिले नै भन्देदेखि म चैं यस बारे प्रष्ट हुन चाहन्छु ।

र अर्कोतिर के हो भने देशभित्र ऊर्जा खपत प्रस्तत सम्भावनाहरू छ । आनतरिक खपतलाई वृद्धि गरेर राष्ट्रिय पुँजीको निर्माण गर्ने बेला नगरेर चैं त्यसतर्फ सरकारको ध्यान गएको छैन । र यसतर्फ ध्यान जान ...... (समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय विमला घिमिरे ।

(१३:२६ बजे) **माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, मैले यो ०७७/०७८, आर्थिक वर्ष ०७७/०७८ मा कार्यान्वयनसमेत उद्घाटन भइसकेको राप्ती सिँचाइ आयोजना जसले विद्युत् पनि उत्पादन गर्ने र सिँचाइको निम्ति दाङ र कपिलवस्तुलाई समेत प्रभावित पार्ने सिँचाइ हुन सक्ने, त्यस्तो महत्त्वपूर्ण आयोजना यस वर्ष किन हटाइयो? म मन्त्रीको जवाफ चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय खिमलाल देवकोटा ।

(१३:२७ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, मलाई यो मन्त्रालयमा नि खासै बोल्न रहर चैं थिएनँ । माननीयज्यूहरूले हात उठाइसकेपछि मात्रै मैले उठ्या हो । तर मेरो सुझाव मात्रै हो, माननीय मन्त्रीज्यू, मेरो सुझाव मात्रै हो । मैले एउटा news देखाउँछु, माननीय मन्त्रीज्यूहरू धेरै हुनुहुन्छ । यो सन् २०११ बेलायतबाट प्रकाशित The Economist भन्ने पत्रिकाले छापेको । त्यो यहाँ के लेखेको छ भने नेपालमा २०११ मा नेपालमा शान्ति त आयो तर परिवर्तन भएन, विकास भएन । वैदेशिक सहयोग त आयो तर सँगसँगै corruption पनि धेरै आयो भनेर एउटा project को उदाहरण दिएर नेपालमा त्यो बेलामा स्थानिय निकाय भन्थ्यौं हामीले, अहिले हामीले स्थानीय सरकार, स्थानीय तह भन्छौं । एउटै project मा, नेपाल सरकारले पनि एउटै project मा, स्थानीयले एउटै project मा राखेर ६० प्रतिशतभन्दा पनि बढी corruption गर्छन् भनेर यो २०११ बेलायतबाट छापेको हो । यो The road through the Himalayas भन्ने स्तम्भ हो । र The aid and corruption भनेर यसको subtitle छ । सबै माननीयज्यूहरूले, मन्त्रीज्यूहरूले गुगलबाट पनि हेरे हुन्छ । तर मैले यो विषय पटक पटक हामीसँगै भूगोल एउटै हो । त्यसकारण हामीले यो त्यहाँ स्थानीयले नि एउटै काम गर्ने, स्थानीयले नि गर्ने, प्रदेशले नि गर्ने, सङ्घले नगरौं । एउटै demarcation गरौं भन्ने मेरो हो । त्यसकारण सिँचाइका कुराहरूमा पनि माननीय मन्त्रीज्यू ...... (समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय जितेन्द्र नारायण देव ।

(१३:२८ बजे) **<u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यो मन्त्रीजीलाई म प्रश्न गर्न चाहन्छु । प्रश्नहरू धेरै छन् तर एउटा मात्रै गर्न चाहन्छु । यो पञ्चेश्वर बहुउद्देशीय bi-national project जुन छ, त्यो लामो समयदेखि अप्ठ्यारोमा परिराखेको छ, resolve भइराखेको छैन । अहिले बडो जोडतोडका साथ काम सुरु भ'को छ । त्यसलाई छिनोफानो गर्ने, issues हरूलाई छिनोफानो गर्ने । त्यो सन्दर्भमा DPR final गर्ने र DPR final भइसकेपछि implementation modality को बारेमा एक वर्षभित्र हुने टुङ्गो लगाउने भन्ने कुरा छ । यस बारेमा मन्त्रालयको राजनीतिक र प्राविधिक तयारी कस्तो छ? त्यो म जानकारी लिन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको प्रष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेतललाई समय उपलब्ध गराउँछु ।

(१३:२९ बजे) **<u>माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री श्री शक्तिबहादुर बस्नेत</u>**:- सम्माननीय अध्यक्ष महोदय, माननीयज्यूहरूको थप प्रश्न र जिज्ञासाको लागि म फेरि एकपटक धन्यवाद भन्न चाहन्छु ।

विद्युत् व्यापारसम्बन्धी बुझ्ने अथवा समग्र विद्युत्को उत्पादन, यसको वितरण, व्यवस्थापनसम्बन्धी बुझ्ने करिब करिब हाम्रा परम्परागत कतिपय बुझाइहरू छन् । परिस्थितिमा धेरै परिवर्तन आइराखेको छ । समग्र यो क्षेत्रमा नै economic activities हरू जुन रूपमा बढ्दै गइराखेका छन्, हामीले चाहेर नचाहेर पनि अब विद्युत्को आवश्यकता, ऊर्जाको आवश्यकता गुणात्मक रूपमा बढ्दै गइरहेको छ । त्यसको आपूर्ति हामीले गर्नुपर्ने छ । त्यसैले अब अहिले विद्युत् उत्पादन हुन्छ कि हुँदैन भन्ने कुरा हिजो किन भएन? हिजोकै कुरा भए । अस्ति किन भएन? अस्तिका कुरा भए । हामी आज उत्पादन, त्यसको वितरण र व्यापारको कुरा गरिराखेका छौं । त्यो हामीले कुरा गरिराखेका छैनौं । त्यसको निम्ति आवश्यक प्रक्रिया अगाडि बढिराखेको छ र त्यही प्रक्रियाको आधारमा हामीले यो चर्चा, कुरा गरिराखेका छौं । यो केjल कुराको लागि होइन । म यति आग्रह गर्न चाहन्छु ।

अब जहाँसम्म अमुक मुलुकमा अमुक कम्पनीहरूबाट उत्पादित बिजुलीहरूको Purchase नहुने स्थितिमा के गर्ने? भन्ने कुरामा अब हामीले अहिले यति मात्रै भनौं हामीले सम्पूर्ण विद्युत्

यहाँ उत्पादन निर्यातको लागि मात्रै उत्पादन गर्दै छैनौं । हाम्रो आन्तरिक खपतको लागि पनि उत्पादन गर्दै छौं । हाम्रो आन्तरिक खपत क्षमता पनि वृद्धि गर्ने पनि हामीले कुरा गरिराखेका छौं । त्यसकारणले अब हाम्रो आन्तरिक खपत पनि गुणात्मक ढङ्गले बढाउनुपर्ने स्थिति छ । त्यसकारणले यो सबै कामको लागि हामीलाई अहिले जति उपलब्ध छ जलविद्युत्, ऊर्जा, त्यो अपर्याप्त छ । त्यसकारण अझै यसलाई बढाउनुपर्ने आवश्यकता भएको कारणले अहिले कोही पनि यता उता हिंड्नुपर्ने कुनै जरुरी नै छैन । त्यसकारण माननीयज्यूको यो चिन्तालाई निवारण होस् भन्ने म आग्रह गर्न चाहन्छु ।

नलगाड जलविद्युत् आयोजना मैले अगि पनि भनें नेपालको storage project हरूमा सबभन्दा तयारी अवस्थामा रहेको र ready to go अवस्थामा रहेको project हो, नलगाड जलविद्युत् आयोजना । DPR करिब करिब complete अवस्थामा छ । वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अन्तिम अवस्थामा छ । अब यति भइसकेपछि यो नेपाल सरकार आफैंले उत्पादन गर्ने र नेपाल सरकारको आफ्नै entity ले उत्पादन गर्ने project को रूपमा हामीले राखिराखेका छैनौं । यसको निम्ति हामीले investment अब त्यो FDI को रूपमा हुन सक्छ, अथवा आन्तरिक हुन सक्छ, त्यसको निम्ति Public-Private Partnership को modality मा यो अगाडि बढ्छ भन्ने हाम्रो मोटामोटी धारणा त्यो रहेको छ । र त्यसकारणले अब यसको निम्ति नेपाल सरकारले गर्नुपर्ने तयारीका कामहरू एक चरण पूरा भएको छ । DPR को काम complete, अरू सबै तयारीका कामहरू complete भएको एकातिर एउटा अवस्था छ ।

दोस्रो अवस्था, दोस्रो कुराः यो मैले अगि विद्युत् उत्पादन कम्पनीअन्तर्गत भनें विद्युत् उत्पादन कम्पनीलाई एकमुस्ट रूपमा नेपाल सरकारको वार्षिक बजेट कार्यक्रममा एकमुस्ट त्यहाँ विनियोजन गरिएको हुन्छ । विद्युत् उत्पादन कम्पनीको बोर्ड बसेर सहायक कम्पनीहरूलाई distribution गर्ने, थप बजेट अब त्यसलाई breakdown गर्ने काम विद्युत् उत्पादन कम्पनीको बोर्डले गर्ने भएको कारणले त्योमार्फत यसको आवश्यकीय मात्रामा व्यवस्थापन हुने अर्को एउटा window यहाँनेर हो भने अर्को आफैंमा अहिले खर्च नभएर भोलि आवश्यक पर्दा त्यसको व्यवस्थापन हुने गरेर नलगाड कम्पनी स्वयम्मा नै पनि केही बजेटको अहिले रहेको अवस्था पनि हो । नलगाड कम्पनी आफैंसँग पनि रहेको हो । अहिले तयारीको निम्ति खर्च गर्नुपर्ने व्यवस्था नभएको, भोलि matching fund को रूपमा कहीं न कहीं व्यवस्था गर्नुपर्ने स्थितिमा अर्थ मन्त्रालयसँग पनि कुरा भइराखेको छ, विद्युत् उत्पादन कम्पनी पनि छ, नलगाड कम्पनी पनि छ, यो सबै परिस्थितिले चिन्ता गर्नुपर्ने अवस्था छैन । यस सम्बन्धमा चिन्ता नगर्नको लागि म अनुरोध गर्न चाहन्छु, नलगाड कम्पनीको ।

अब बाँकी माननीयज्यूहरूले भन्नुभो' कतिपय print mistake हरू रहेछन्, कहीँ भने सुन्ना कतै यता उता थपिने, घट्ने भइरहेछन् भने अब ती विषयहरूमा त्यसलाई सच्चयाउनेबाहेक अरू हुँदैन । त्यो सुन्नाहरू कहीँ थप घट भएका रहेछन् भने त्यो विषयलाई हाम्रो मन्त्रालयले गम्भीरतापूर्वक ध्यान दिन्छौं । म विशेष माननीयज्यूहरूलाई चैं विनम्रतापूर्वक भन्न चहान्छु ।

नौमुलेको बारेमा बजेट वक्तव्यमा नआएको मात्र हो । नौमुले बहुउदेशीय आयोजना हाम्रो कार्यक्रममा छ, वार्षिक कार्यक्रममा छ । र नौमुले बहुउदेशीय आयोजनाको काम अगाडि बढ्छ ।

त्यसपछि पञ्चेश्वर बहुउदेशीय आयोजना धेरै वर्षपछाडि महाकाली, करिब करिब महाकाली सन्धिपछि अहिले अब यो अलि अगाडि बढ्ने एउटा आशाका दियोहरू बलिराखेका छन् । र यो अगाडि बढ्छ । भर्खरै मात्र governing body को meeting पोखरामा नै सम्पन्न भएको थियो । दुवै देशका सचिवस्तरको अगुवाइमा, सचिवहरूको नेतृत्वमा पछिल्लो governing body को meeting केही अगिल्लो हप्ता मात्रै पोखरामा सम्पन्न भएको छ । केही महत्त्वपूर्ण थप निर्णयहरू भएका छन् । अस्ति प्रधानमन्त्रीज्यूको visit को बेलामा त केही महत्त्वपूर्ण निर्णयहरू भएकै थिए । त्यसपछि अहिले dedicated एउटा team ले काम गर्ने, महेन्द्रनगरमै बसेर पञ्चेश्वर विकास प्राधिकरणको सचिवालयमा काम गर्ने, त्यसमा प्राधिकरणमा काम गर्ने, जुन secretary को नेतृत्वमा एउटा दुवै देशका जुन secretary ले नेतृत्व गरेको त्यहाँ team रहने छ, dedicated रूपमा अब महेन्द्रनगरमा रहने छ । अहिलेसम्म दोहोरो मन्त्रालयबाटै जिम्मेवारी लिएर मन्त्रालयमै बसेर काम गर्ने दुवै देशको अवस्था त्यो थियो । अहिले दुवै अब dedicated team चैं खटाउने field मा भन्ने अस्ति पोखराको निर्णय चैं यो भ'को छ । अब तीन महिना अरू केही teachnical expert team को meeting दश दिनभित्र फेरि बस्दै छ । र तीन महिना, छ महिनाभित्रमा DPR को काम complete गर्ने फेरि एउटा पुनः प्रतिबद्धतासहित अब field मा कामहरू अगाडि बढिरहेको छ र field को काम अगाडि बढिरहेको छ । पञ्चेश्वर बहुउदेशीय आयोजना अब अलि एउटा नयाँ विश्वासयोग्य एउटा वातावरण तयार भएको छ र यो अब impementation मा जान्छ भन्ने कुरा म विश्वास दिलाउन चाहन्छु ।

यो संघीयताको अब २०११ को अब कहाँको report माननीयज्यूले भन्नुभो', अहिले यो त २०२३ भइसक्यो । अब २१, ११ कै अवस्था चैं अब अहिले मुलुकमा नरहला, छैन पनि । अब जहाँसम्म duplication को कुरा हो, यस सम्बन्धमा मेरा २/३ वटा भनाइ छन् । सामान्यतः संघीयताको सबभन्दा राम्रो कुरा जानकारी राख्ने माननीयज्यूहरू पनि यहाँ हुनुहुन्छ । यदि क्षेत्रफलको आधारमा सिँचाइको जिम्मेवारी स्थानीय तह, प्रदेश र संघले लिने मात्र भन्ने हो

भने कतिपय प्रदेशहरू संघको क्षेत्रभन्दा बाहिर पर्ने भए । संघको कार्यक्षेत्रभन्दा बाहिर पर्ने भए । संघीय व्यवस्थामा यो सम्भव हुन्छ कि हुँदैन? एउटा कुनै प्रदेशमा अब त्यो सिँचाइ सुविधा पुर्याउनको लागि संघ त्यो जिम्मेवारीबाट बाहिर बस्न मिल्छ कि मिल्दैन? त्यो अवस्थामा हामी यसको व्यवस्थापन कसरी गर्ने? यी केही प्रश्नहरू छन् । हाम्रो संघीयताको केही मौलिक पक्षहरू छन्, हाम्रा संघीयताको केही विशिष्ट पक्षहरू छन् । ती विषयमा मनाङ जिल्लाको सडक निर्माणदेखि लिएर सबै विषयमा संघ चैं निरपेक्ष बस्न मिल्छ कि मिल्दैन? र संघ अलगै बस्न मिल्छ क मिल्दैन? मुस्ताङ जिल्लालाई संघले कुनै पनि क्षेत्रमा सिँचाइदेखि लिएर सडकदेखि लिएर कुनै पनि क्षेत्रमा मनाङ जिल्ला मेरो कार्यक्षेत्रभित्र पर्दैन भनेर संघीय सरकारले भन्न मिल्छ कि मिल्दैन? यो संघीयताको प्रसङ्गमा छलफल गर्नुपर्ने नेपालको विशिष्ट एउटा अवस्था छ । यो बारेमा हामी थप छलफल पनि गर्दै जाउँला । तर सकेसम्म एउटै योजनामा, उस्तै प्रकृतिको योजनामा duplication नहोस् भन्ने कुरामा हामी सबैले ध्यान दिनुपर्ने छ । यो चैं माननीयज्यूहरूको सुझावले विशेष कदर गर्दै मेरो भनाइ टुङ्ग्याउँछु । हवस् त, धन्यवाद ।

(१३:३७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री डाक्टर प्रकाशशरण महतलाई अर्थ मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१३:३७ बजे) **माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको आज्ञाले राष्ट्रिय सभामा अर्थ मन्त्रालयको विनियोजनमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन उभिएको छु । विनियोजन विधेयकको कुरा गर्दा अर्थ मन्त्रालयको धेरै विषयवस्तु भन्नुपर्ने छैन । समग्रमा अर्थमन्त्रीको हैसियतले धेरै पटक राष्ट्रिय सभासमक्ष समग्र विषयमा सिद्धान्त मात्र नभएर विनियोजन हरेक विषयमा मैले आफ्नो कुराहरू चाहिँ राखिसकेको छु ।

अर्थ मन्त्रालयको चालुतर्फ २९ अर्ब १७ करोड, पुँजीगततर्फ रु. १० अर्ब ८३ करोड २८ लाख गरी जम्मा ४० अर्ब ६२ लाख रहेको छ । अर्थ मन्त्रालयअन्तर्गतका संस्थानहरूमा वित्तीय लगानी, शेयर र ऋण लगानी ७ अर्ब २७ करोड रहेको छ । अर्थ मन्त्रालयअन्तर्गत

खर्च गर्ने इकाइहरू अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, आन्तरिक राजस्व विभाग, भन्सार विभाग, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, निवृत्तिभरण कार्यालय, कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयहरू रहेका छन् । सरकारले लक्ष्य राखेको राजस्व परिचालन गरी प्रमुख विभागहरू, आन्तरिक राजस्व विभाग र भन्सार विभागका लागि रु. ५ अर्ब ५६ करोड रकम विनियोजन गरेको छ । सार्वजनिक खर्च प्रणाली व्यवस्थापनका लागि महालेखा नियन्त्रक कार्यालय र अन्तर्गतका कार्यलाई १ अर्ब २४ करोड विनियोजन गरिएको छ । अर्थ मन्त्रालय आफैंले खर्च गर्ने गरी चालु तथा पुँजीगत खर्चका लागि विनियोजन भएको रकममध्ये मिलिनियम च्यालेन्ज एकाउन्ट नेपालका लागि मात्र १० अर्ब ८४ करोड ७० लाख विनियोजन भएको छ । यसअन्तर्गत प्रसारण लाइन र सवस्टेसन निर्माणमा मुख्य क्रियाकलापहरू रहेका छन् । समग्र बजेट कार्यान्वयन र अर्थतन्त्र सुधारका लागि अर्थमन्त्रालयले अन्य मन्त्रालय र निकायहरूसँग समन्वय सहजीकरणको भूमिका निर्वाह गर्छ । सुधारका काम गर्न ठुलो बजेट कतिपय ठाउँमा आवश्यक नपर्न पनि सक्छ । मन्त्रालयको नियमित बजेट र जनशक्तिबाटै यी कामहरू सम्पादन हुँदै जाने छ ।

अब केही विषयवस्तु जुन प्रश्नको रूपमा, जिज्ञासाको रूपमा उठेको छ । यद्यपि यी विषयहरू दोहरोरिएका छन् । पहिला पनि मैले भनिसक्या छु । वित्तीय हस्तान्तरण रकम कम भयो भन्ने विषय, त्यस्तो होइन । समग्रमा पुँजीगततर्फको रकम सङ्घमा करिब २१ प्रतिशतले घट्या छ । तर स्थानीय र प्रदेशमा ७ प्रतिशतले मात्रै घट्या छ । समग्रमा बजेटको साइजनै घटेको हुनाले अब स्थानीय तहमा पनि र प्रदेशमा नि घट्ने नै भो' तर हामीले सङ्घमा ज्यादा घटाएर पनि कम स्थानीय र प्रदेशमा चाहिँ कम मात्रै कटोस् भन्ने हाम्रो चाहिँ चासो र चिन्ता थियो । त्यहीअनुसार हामीले चाहिँ गऱ्या छौं ।

बेरुजुको कुराहरू चाहिँ उठ्या छ । बेरुजु समग्रमा एउटा समस्या छ । यो मन्त्रालयको मात्रै होइन सबैतिर समस्या छ । यसलाई हामीले कम गर्नको लागि एउटा अनुशासन कायम गर्ने कुरामा अर्थ मन्त्रालय जागरुकताका साथ लाग्या छ । कतिपय अर्थ मन्त्रालयसँग जोडिएको बेरुजुको कुरा गर्दा चाहिँ यो करदाताहरूले कतिपय अवस्थामा चित्त नबुझेर अदालत गएको कुराहरू, त्यसको सम्बन्धित निकायमा त्यो चाहिँ निर्णयमा अनिर्णित रहेको कारणहरूले गर्दाखेरि पनि त्यो बेरुजु, त्यो कारणले पनि त्यसलाई पनि बेरुजुको रूपमा निर्णय नभएसम्म चाहिँ बेरुजुको रूपमा देखिन्छ । त्यसले गर्दा पनि यो भएको छ । तर बेरुजु फछ्र्योटलाई हामीले उच्च प्राथमिकतामा राख्या छौं । एउटा समग्रमा अनुशासन कायम गर्ने र कुनै पनि कारणले

बेरुजु बढ्न नपाओस् भन्नेतर्फ अर्थ मन्त्रालय अत्यन्त जागरुकताका साथ लागेको पनि म निवेदन गर्न चाहन्छु ।

अर्थ विविधमा ठुलो रकम रह्यो भन्ने सवालमा यो चाहिँ जहिले पनि Contingency राख्नुपर्ने आवश्यकता पर्छ । अब आकस्मिक कुराहरू चाहिँ आइपर्न सक्दछ । कुनै बेलामा भूकम्प, कुनै प्राकृतिक प्रकोप, कुनै चाहिँ विशेष निर्णय गर्नुपर्ने हुन्छ । विभिन्न शीर्षकमा खर्च गर्नुपर्ने हुन्छ । त्यो बेलामा अब तपाईंले राख्नै भएन भने त अब सरकारसँग केही पनि छैन भनेर हात उठाउन सक्ने अवस्था हुँदैन । त्यसको लागि चाहिँ यो Contingency को व्यवस्था गरिएको हो । यो ४ पोइन्ट ३७ प्रतिशत छ, टोटल विनियोजनको । यसबाट आकस्मिक रूपमा नगरी नहुने खर्च व्यवस्थापन गरिन्छ । चालु आर्थिक वर्षमा राष्ट्रिय उत्पादन तथा रोजगार प्रबर्द्धन कार्यक्रमको ७ अर्ब पनि यसैमा राखिया छ । यसको अब कार्यविधि बनाएर कसरी सञ्चालन गर्ने त्यसको निर्णय हुन्छ । संसदीय क्षेत्र पूर्वाधार विकासको ८ अर्ब २५ करोड पनि यही भित्र रहेको छ । यही विविध शीर्षकभित्र चाहिँ रहेको छ । यसको चाहिँ समग्र रूपमा हरेक वर्ष चाहिँ यो चाहिँ विविध शीर्षकबाट कहाँ कहाँ कसरी चाहिँ खर्च भयो भन्ने कुरा चाहिँ त्यो चाहिँ सार्वजनिक नै गरिन्छ । त्यो पूर्ण पारदर्शितामा यो सञ्चालन हुन्छ । अब संसदीय क्षेत्र पूर्वाधार विकासका बारेमा पटक पटक मैले भनिसक्या छु । थप भनिरहनुपर्ने आवश्यकता मैले ठान्या छैन । र क्षेत्रगत रूपमा विनियोजन तलमाथि भएको भन्ने कुरामा पनि धेरै कुरा मैले राखिसक्या हुनाले यसमा थप भनिरहनुपर्ने आवश्यकता म ठान्दिन । समग्रहमा यहाँहरूले दिएको सुझाव, सल्लाहको लागि चाहिँ हार्दिक धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, माननीय अर्थमन्त्री डक्टर प्रकाशशरण महतले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँदछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको ..... ।

माननीय खिमलाल देवकोटा ।

**(१३:४३ बजे)** <u>**माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**</u>:- सम्माननीय अध्यक्षज्यू, माननीय मन्त्रीज्यूलाई मेरो १/२ ओटा प्रश्न छ र केही सल्लाह, सुझाव पनि छ । पहिलो चाहिँ

यो राष्ट्रिय सभाको एउटा सङ्घीयता कार्यान्वयन अनुगमन संसदीय विशेष समितिले यही समस्या आउँछ भनेर हामीले सम्माननीय अध्यक्षज्यूसहित बसेर सात ओटै प्रदेशमा गएर राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालयसहित बसेर हामीले एउटा योजनाहरूको सीमा तोकेका छौं । जस्तो उदाहरणका लागि सडकको लागि चाहिँ सङ्घीय सरकारले १५ करोडभन्दा तल नगर्ने र अन्य योजनाको सम्बन्धमा ५ देखि ७ करोडको सीमाना छ र सम्माननीय प्रधानमन्त्रीज्यूले यही संसदमा आएर त्यो रिपोर्टको जवाफ दिने बेलामा त्यो रिपोर्ट कार्यान्वयन गर्छु भन्नुभा'छ । माननीय मन्त्रीज्यूले त्यो विषयलाई अलि ख्याल गर्नुहोला । ९९ ओटा सिफारिस छन् । ४० ओटा मात्रै त वित्तीय सङ्घीयतासँग मात्रै जोडिएका छन् । पहिलो कुरा ।

दोस्रो कुरा अब LMBIS लाई पनि हेर्नुपर्‍यो । माननीय मन्त्रीज्युले अब अलिकति यो Central Ministry ले जथाभाबी गरे त्यसको जथाभाबी Central Ministry ले जथाभाबी गरेपछि त्यसको जवाफ माननीय मन्त्रीले दिनुपर्नेभो' किन भने Overall यसको जवाफ दिँदा उत्तरदायित्व माननीय मन्त्रीज्यूमा हुन्छ । यो पाटो पनि हेर्न पर्‍यो ।

अर्को यो राष्ट्रिय गौरवको यो बुढीगण्डकी परियोजना छ । पेट्रोलियम पदार्थमार्फत संकलन गरेको बजेट कहाँ र कति छ भन्ने कुराहरू बुढीगण्डकीसँग मैले प्रश्न सोधे । त्यो पैसा ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय डक्टर विमला राई पौडयाल ।

(१३:४४ बजे) **माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- माननीय मन्त्रीज्यूलाई थुप्रै धन्यवाद दिन चाहन्छु सम्माननीय अध्यक्षज्यूमार्फत । धेरै प्रश्नहरूको उहाँले जवाफ पनि दिनुभा'को छ । मलाई अझै पनि खड्किराखेको के हो भने एकातिर स्रोत हामी एकदमै कम छ भन्छौं । अनि स्रोत नपुगेको कारणले, कतिपय कामहरू गर्न सकिएन भनेर मन्त्रीहरूले भनिरहनुभएको छ । अर्कोतिर चाहिँ हामीले ठुलो धनराशि चाहिँ राखेका छौं । कुनै पनि शीर्षक नदिइकन । ठुलो धनराशि राखेका छौं । अहिले स्रोत Allocation गर्दै जाने र पछि चाहिँ खर्च नभएको खर्चहरूबाट पनि हामीले भैपरी आउने खर्च गर्न सक्छौं जस्तो मलाई लाग्छ । नत्र भने बाँडीचुँडीको लागि नै राख्या हो कि त्यो पैसा जस्तो पनि लाग्दो रहेछ । त्यसैले त्यो ७६ अर्ब रुपैयाँलाई खर्च गरेको कि Statement पनि संसदमा आउनुपर्यो ।

अर्को चाहिँ सि जिङ्ग पिङ्ग नेपाल आउँदाखेरि करिब ७६ अर्बको Unconditional Grant दिने भनिएको कुरा पनि कहिले अर्थ, कहिले परराष्ट्र, कहिले कता, कता त्यो चिठ्ठी चाहिँ अलपत्र परेको परेकै गरेर नेपालको Follow up नभएर आउन सकेको छैन भन्ने कुरा सुनिन्छ । ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

(१३:४६ बजे) **माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूमार्फत मन्त्रीज्यूलाई प्रश्न । बजेट विनियोजन र वित्तीय सुशासन कायम गर्ने अर्थ मन्त्रालयमै सबैभन्दा धेरै ५७ प्रतिशत बेरुजु छ । आफैंले वित्तीय अनुशासन कायम गर्न नसक्ने मन्त्रालयले अरू मन्त्रालयलाई कसरी सुशासन कायम गर्न सक्छ? ठोस योजना के हो जान्न चाहन्छु ।

संङ्घीय संसदमा खर्च भएका करार र सुरक्षा कर्मचारीको लागि उपलब्ध गराउनुपर्ने भत्ताको रकम हिजोसम्म आ'को छैन । संसदले पटक पटक माग गर्दा पनि आउँदैन । बजेट पास गर्ने संसदमाथि किन अन्याय? प्रश्न गर्न चाहन्छु ।

त्यस्तै गरेर सुर्तीजन्य पदार्थको अन्तशुल्क कर उठेको कुल रकमको कम्तिमा २५ प्रतिशत रकम स्वास्थ्य मन्त्रालयको कर कोषमा जम्मा हुने सरकारी प्रावधान किन कार्यान्यावन भएन? प्रश्न गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू म अब माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय अर्थमन्त्री डाक्टर । माननीय भैरव सुन्दर श्रेष्ठको बाँकी रहेछ । माननीयज्यूलाई समय दिन्छु ।

(१३:४७ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, मैले अध्यक्षज्यूमार्फत अर्थमन्त्रीज्यूलाई प्रश्न सोध्न चाहन्छु । अघि माननीयज्यूहरूले, माननीय मन्त्रीज्यूहरूले बोल्ने क्रममा धेरै माननीयज्यूहरूले योजनाको माग गर्नुभएको थियो । बजेट अभावको कारणले हामी ती बजेट दिन सकेनौं भनेर भन्नुभ'को चाहिँ छ । तर यहाँ चाहिँ यो बजेटका विभिन्न ठाउँमा हेर्दाखेरि विविध शीर्षकमा करिब ७६ अर्ब

रुपैयाँ, ७६ अर्ब रुपैयाँ ६९ करोड ८१ लाख रुपैयाँ चाहिँ विनियोजन गरेको देखिन्छ । यति ठुलो रकम कुल बजेटको ५ पर्सेन्ट चाहिँ हुन आउछ । यति ठुलो बजेट किन चाहिँ विनियोजन गरी राखिएको चाहिँ छ? यो अबण्डा चाहिँ गरेर । हामी प्रतिपक्षको बेञ्चमा बसेर हामीले जे पनि गरे पनि हुन्छ भनेर यदि माननीय मन्त्रीज्यूलाई लागेको हो भने आगामी दिनमा सदन कसरी चलाउनुहुन्छ त्यो पनि हामी हेर्ने पक्षमा छौं । त्यसैले अपारदर्शी ढङ्गले यसरी बजेट नराखियोस् । बजेट हरेक मन्त्रालयमा दिनुहोस् । यही भन्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय कुमार दसौदी ।

(१३:४८ बजे) **माननीय श्री कुमार दसौदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, अर्थमन्त्रीज्यूले आर्थिक अनुशासन कायम गर्ने कुरा गर्नुभो' । राम्रो कुरा हो । तर सबैभन्दा आर्थिक अराजकता स्वयम् मन्त्रीज्यू र अर्थ मन्त्रालयबाटै सुरू भयो । किन भने अघि माननीयज्यूहरूले धेरै पनि उठाइसक्नुभा'छ । पौने एक खर्ब विविध विषयमा राखे भनेको यो मुलकमा कहिले पनि आर्थिक अनुशासन कायम हुन सक्दैन । हामी अर्को वर्षको बजेट ल्याउँदाखेरि यो भन्दा अझै रसातलमा पुग्ने निश्चित छ । त्यसकारण यो बजेट अब तपाईंको कसरी खर्च गर्नुहुन्छ? दैवी प्रकोपमा गर्नुहुन्छ कि? कुनै राजनीतिक दल वा माननीय सदस्य, मन्त्रीहरू कसैलाई रिझाउन गर्नु हुन्छ? यसको स्पष्ट चाहिँ मतलब संसदमा आउन पऱ्यो, एक ।

दोस्रो कुरा राष्ट्रिय गौरवका योजनाले ३/४ वर्षभित्रै त्यसको चाहिँ प्रतिफल दिनेछन् । तर राष्ट्रिय गौरवका योजनाहरूमा आधाभन्दा पनि कम बजेट छुट्याउनुभ'को छ । ती योजनाहरू भनेको समयमा कसरी सम्पन्न गर्नुहुन्छ? त्यसको पनि जवाफ चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय ईन्दु कडरिया ।

(१३:४९ बजे) **माननीय श्री ईन्दु कडरिया (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- अध्यक्ष महोदय, राष्ट्रिय योजना आयोग र वित्त आयोगले योजना बनाउँछ । तर सिलिङ्ग पठाउँछ । अनि अर्थ मन्त्रालयले यो कार्यान्वयन गर्दैन । किन कार्यान्वयन गर्दैन? वित्त आयोग र यो राष्ट्रिय योजना आयोगको यो समाप्त, आयु समाप्त भा'को हो भनेर म अर्थमन्त्रीज्यूलाई सोध्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय अर्थमन्त्री प्रकाशशरण महतलाई समय उपलब्ध गराउँछु ।

(१३:४९ बजे) **माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत**ः- सम्माननीय अध्यक्षज्यू, माननीयहरूले कतिपय विषय मैले पहिला भनिसकेकै विषय फेरि दोहोऱ्यार प्रश्न गर्नुभा'को छ । अब कुरा के हो भने हामीले, अर्थ मन्त्रालयले अहिले हाम्रो सिस्टम जुन छ ।भएका समस्याहरूलाई समाधान गर्नको लागि बजेटमै सुधारका बुँदागत प्रस्ताव राख्या छ । त्यसलाई कार्यान्वयन गर्नको लागि हामीले छलफल चलाइसक्या छौं सम्बन्धित मन्त्रालयहरूसँग । समस्याहरू छन् भनेर मैले बजेट प्रस्तावमै स्वीकार गरिसक्या छु । समग्रतामा हाम्रो राज्य संरचनाहरूले खर्च गर्ने तौरतरिका, प्राथमिकीकरण गर्ने तौरतरिका र समयमा कार्यान्वयन गर्ने त्यसतर्फ रहेको उदासीनताका बारेमा हामीले छलफल गरेका छौं । त्यसैअनुसार ती समस्याहरूलाई पहिचान गरेर कार्यान्वयन गर्ने कुराहरू पनि हामीले भन्या छौं । अब कति बजेट सङ्घमा हुनुपर्ने? कति प्रदेशमा हुनुपर्ने? कति स्थानीयले गर्नुपर्ने? यी समस्याहरूलाई हामीले निराकरण अझै गर्न सक्या छैन । त्यसो हुनाले बजेटमा मैले भनेको नै थिए । यो छर्ने प्रवृत्तिलाई रोक्न चाहँदा चाँहदै पनि हामीले अहिले नै तत्काल रोक्न सक्या छैनौं । धेरै त्यस्ता चाहिँ थोरै थोरै बजेट भएका शीर्षकहरू चाहिँ धेरै लामो सूची भएता पनि बजेटको आकार चाहिँ समग्रमा टोटल बजेट त्यसमा परेको चाहिँ धेरै छैन । तैपनि अब यो समस्या हो र यसको समाधान हामीले निकाल्नुपर्छ । त्यसमा असहमति हुनुपर्ने केही कारण छैन ।

त्यस्तै गरेर चाहिँ यो बुढीगण्डकीको कुरा जुन छ । बुढीगण्डकीको यो कहाँ गयो? के गयो भन्ने कुरा छ । अब अहिलेसम्म चाहिँ ठुलो रकम जुन त्यसको लागि छुट्याइएको छ । यो पेट्रोलियम पदार्थबाट पनि उठाएको रकम त्यो चाहिँ मुआब्जामा गएको छ । अब कम्पनीको रूपमा कम्पनी दर्ता प्रक्रियामा यो कम्पनीको रूपमा जाँदैछ । त्यसलाई कहाँबाट स्रोत सुनिश्चितता गरेर यसलाई अगाडि बढाउनेतर्फ यो उन्मुख छ । त्यसकारण त्यहाँको Resources कहीँ गएको छैन ।

त्यस्तै गरेर चाहिँ यो फेरि मैले भने यो विविध शीर्षकमा मैले अघि भनिनै सके । यो सांसद निर्वाचन क्षेत्र पूर्वाधार संसदीय पूर्वाधार निर्वाचन क्षेत्र कार्यक्रम भनेर राख्यौं, ८ अर्ब ३५ करोड त्यो चाहिँ विविधमै छ, होइन? त्यस्तै गरेर चाहिँ अर्को शीर्षक पनि त्यसमा विविधमै

राखेको कुरा मैले यहाँलाई चाहिँ निवेदन गरिसके । त्यो बाहेक बेलाबखतमा अनेकौं खाले निर्णय क्याबिनेटले गर्नुपर्ने हुन्छ । बाढी, पहिरो आयो, भूकम्प आउन सक्छ । अरू खाले निर्णय गर्न, हरेक वर्ष यो राख्ने गर्या छ । र त्यसको चाहिँ खर्च कसरी भयो भन्ने कुरा कहीँबाट चाहिँ छुपाउने, लुकाउने कुनै सम्भावना नै छैन । त्यसको सम्पूर्ण कुरो चाहिँ सार्वजनिक हुन्छ भन्ने कुरो यहाँहरू सबै माननीयज्यूहरूलाई थाहा छ । तै पनि यो चाहिँ अर्थमन्त्रीले खल्तीमै हाल्न थाल्या रहेछ कि अथवा सरकारमा बसेकाहरूले चाहिँ आफु खुसी खर्च गर्न खोज्या रहेछन् कि? कहाँ पाइन्छ त्यस्तो गर्न? कानुन छ, नियम छ । त्यसरी चाहिँ खर्च गर्न सकिन्छ? कुनै हालतमा नि सकिन्न । त्यसो हुनाले यसमा स्पष्ट हुनुभए हुन्छ माननीय सदस्यज्यूहरू । यस्तो किसिमबाट कहीं पनि यो दुरुपयोग गर्ने कुनै गुञ्जायस छैन । र मैले त कुनै पनि दुरुपयोग अनावश्यक खर्चलाई चाहिँ पुरै निषेध गर्ने र एउटा अनुशासन कायम गर्ने सिस्टममा त्यसलाई चाहिँ पहिलो प्राथमिकतामा राख्या छु । त्यही हिसाबले चाहिँ हामी चाहिँ काम गर्छौं । त्यसकारण त्यसमा पनि ढुक्क भए हुन्छ ।

बेरुजुको बारेमा पनि मैले भनिसकें । धेरै चाहिँ करसगँ Related विषयवस्तुहरू करदाताहरूले चित्त नबुझाएर त्यहाँ चाहिँ विभिन्न निर्णय गर्ने, उजुर गर्ने निकायहरू छन् । त्यहाँबाट पनि भएन भने अदालत जाने पनि व्यवस्था छ । त्यसको टुङ्गो नलागेसम्म के हुन्छ भने महालेखापरीक्षकको कार्यालयले त्यो बेरुजु शीर्षकमा राख्दिन्छ । त्यो टुङ्गो लगाइसकेपछि मात्रै अनि त्यो चाहिँ कुन चाहिँ बेरुजु भयो, के चाहिँ बेरुजु भएन भन्ने कुरा चाहिँ हुन्छ । त्यसो हुनाले यो सबैखाले चाहिँ बेरुजु चाहिँ त्यहाँ चाहिँ दुरुपयोग गरेको भन्ने रूपमा यसलाई बुझ्दिनुहुन्न । यद्यपि यो बेरुजु बढ्दै जानु चाहिँ उपयुक्त होइन, बढ्नु हुँदैन त्यसकाप्रति चाहिँ अर्थ मन्त्रालय र म अत्यन्त जागरुक छु । त्यस विषयमा यहाँहरू चाहिँ स्पष्ट हुनुहोला ।

र यो आर्थिक अराजकता हुन नदिने कुरामा नै सबभन्दा मेरो जोड छ । कतिपय अवस्थामा हामीले त यो गरिरा' चिज हो किन हामीले गर्न नपाउने भन्ने कुरामा म जुधिरा'छु । त्यसकारण यहाँहरूले त मलाई सहयोग गर्नुपर्छ । कि यस्तो किसिमको आर्थिक अराजकता र उदासीनताबाट राष्ट्र अगाडि बढ्न सक्दैन । मैले यहाँहरूलाई पहिले नै निवेदन गरिसकें माननीय सदस्यज्यूहरूलाई, कसरी हामीले चाहिँ स्रोत सुनिश्चिताहरूले दिँदै गयौं । १ करोड राखेर चाहिँ १ अर्बको चाहिँ स्रोत सुनिश्चितता गरेर चाहिँ ठेक्का लाग्यो । स्रोत नै नभइकन कतिपय मन्त्रालयले त आफैं चाहिँ ठेक्का घोषणा गर्ने, शीर्षक नै छैन । त्यस्तो पनि मैले फेला पारें । भनेपछि त्यसलाई रोक्न खोजिरा'छु मैले । अब यसरी जाने हो भने समस्या झन् थपिन्छ भन्ने कुरा गरिराख्या छु । त्यसकारण यसमा पनि स्पष्ट हुनुभए हुन्छ, माननीयज्यूहरू ।

त्यस्तै गरेर चाहिँ राष्ट्रिय योजना आयोग, वित्त आयोग भन्या पनि यही राज्य संरचनाको एउटा इकाइहरू हुन् । र उहाँहरूलाई निश्चित जिम्मेवारी दिइएको छ । उहाँहरूसँग सल्लाह गरेर कति स्रोत साधन छ? स्रोत साधनको आधारमा हामीले निर्णय गरेका छौं । स्थानीय, प्रदेशलाई मैले भनिहालें कि ७ प्रतिशत मात्रै उहाँहरूको बजेट घट्या छ । केन्द्रको २१ प्रतिशत घट्या छ । अब स्रोतै, आम्दानी नै कम भएपछि त तल पनि अलि कम हुने भो' । तर त्यसको ज्यादा चाहिँ तललाई बोझ नपरोस् । अरू स्रोत त्यहाँ छैन भनेर केन्द्रले नै त्यसको चाहिँ जिम्मेवारी केन्द्रले नै लिएको छ । यो कुरा पनि मैले स्पष्ट पारिसक्या छु । त्यसकारण माननीयज्यूहरूलाई यो कुनै पनि शीर्षकमा या कुनै पनि निर्णय अर्थमन्त्रालयले गर्छ । उच्च कर्तव्यनिष्ठताका साथ र सिस्टमलाई अनुशासनमा ल्याउन र जुन किसिमको बेथितिको कारणले विभिन्न समयदेखि चाहिँ जोडिँदै जोडिँदै आएका निर्णयहरूका कारणहरूले समस्याहरूको चाहिँ चुली चुलिँदैछ त्यसलाई चाहिँ हटाउने काममा म लाग्या छु । म त्यो विश्वास दिलाउन चाहन्छु । धन्यवाद ।

(१३:५७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अर्थमन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय खानेपानी मन्त्री महेन्द्र राय यादवलाई खानेपानी मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१३:५८ बजे) **माननीय खानेपानी मन्त्री श्री महेन्द्र राय यादव**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम खानेपानी मन्त्रालयको ०८०/०८१ को वार्षिक कार्यक्रम विनियोजित बजेटमा छलफलमा सहभागी हुनुभएका माननीयजीहरूले राख्नुभएको जिज्ञासा र चासोलाई मन्त्रालयले गम्भीरतासाथ लिएको छ । मन्त्रालयले यसलाई मार्गदर्शनको रूपमा लिएको छ र माननीयजीहरूले राख्नुभएको प्रस्तावलाई सम्बोधन गर्ने प्रयास गरेको छु ।

सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधानको मौलिक हकमा भएको व्यवस्थाले समेत खानेपानी तथा सरसफाइमा सबैको पहुँच सुनिश्चित गरेको छ । खानेपानी तथा सरसफाइ ऐन, २०७९ को प्रमाणीकरणसँगै राज्यको खानेपानी तथा सरसफाइप्रतिको दृष्टिकोण झन् फराकिलो भएको महसुस भएको छ । हालको अवस्थामा करिब ९५ प्रतिशत जनसङ्ख्याले आधारभूत खानेपानीस्तरको खानेपानी तथा करिब २५ प्रतिशत जनसङ्ख्यालाई स्वच्छ खानेपानी

सेवाको पहुँच पुगेको छ । दिगो विकास लक्ष्यअनुसार २०३० सम्म जनसङ्ख्याको १०० प्रतिशत आधारभूत खानेपानी ९० प्रतिशत स्वच्छ खानेपानी पहुँच पुऱ्याउने हामी सबैको चुनौती रहेको छ । सरसफाइअन्तर्गत सन् २०३० सम्म प्रशोधनसहित ढल प्रयोग गर्नुपर्ने ५ प्रतिशत जनसङ्ख्याको तुलनामा हाल ३ प्रतिशत सङ्ख्याले मात्र प्रशोधनको ढल प्रयोग गरेको अवस्था छ । तर सरसफाइ क्षेत्रमा निर्धारित लक्ष्य हासिल गर्न हामीले अथाह प्रयास गर्नुपर्ने देखिन्छ । यसैअनुरूप सरकारको नीति तथा कार्यक्रम बजेटमा वक्तव्यले सरसफाइ विशेष प्राथमिकता यसैसाथ राष्ट्रिय अभियानको रूपमा सञ्चालन गर्ने घोषणा गरिएको छ ।

सम्माननीय अध्यक्ष महोदय, स्वच्छ नेपाल, स्वच्छ नेपाली नारामा अभियानलाई आगामी बजेटमा अगाडि बढाउनको लागि मन्त्रालयको आवश्यक गृहकार्य भैरहेको छ । तराई, मधेसको ३२ जिल्लामा काठमाडौंलगायत अन्य जिल्लामा भूमिगत पानीसमेत देखापरेको प्राण घातक आर्सेनिक प्रदूषण नियन्त्रणको लागि एकीकृत तथा बृहत् कार्यक्रम सञ्चालन गर्न जलवायु परिवर्तन अन्य कारणबाट खानेपानी क्षेत्रमा रहेको प्रभावलाई न्यूनीकरण गर्दै खानेपानी उपलब्ध सुनिश्चित गर्न वेसिन डाइभर्जन जलाशययुक्त आयोजनाहरू सञ्चालन गर्न २०३० सम्मको लागि निर्देशित गरिएको दिगो विकास लक्ष्य सम्बन्धित लक्ष्यहरू हासिल गर्नुपर्ने मन्त्रालयको चुनौती रहेको छ । खानेपानी मन्त्रालयको चालु आ.व. मा ०७९/०८० को कुल विनियोजित बजेट ३७ अरब, ४५ करोडको तुलनामा आगामी आ. व. मा मन्त्रालयको लागि २८ अरब, १५ करोड..... मात्र विनियोजन गरेको छ । यो बजेट चालु आ. व. को तुलनामा करिब करिब २५ प्रतिशतले कम हो । आगामी आ. व. को कुल बजेटको नेपाल सरकारको मार्फत १७ अरब हाराहारीमा छ भने वैदेशिक ऋण ८ अरब, १४ करोड वैदेशिक अनुदान २ अरब, ९५ करोड स्रोत रहेको छ । कुल बजेटको विनियोजन मतलब खानेपानी विभागमा मेलम्चीलगायत १३ अरब, ४४ करोड मात्र विनियोजन छ । चालु आ.व. को यसै प्रयोजनको निम्ति २२ अरब, २५ करोड विनियोजन रहेको थियो । यो चालु आ. व. को तुलनामा ४० प्रतिशतले कमी छ ।

सम्माननीय अध्यक्ष महोदय, सन्तुलित विकासको आधारमा मानव सचूकाङ्क कम भएका प्रदेशहरूलाई प्राथमिकतामा राखी उपलब्ध सीमित स्रोत र खानेपानी सरसफाइ विकासको विस्तारको बजेट निरन्तरता दिएको छु ।

सम्माननीय अध्यक्ष महोदय, खानेपानी तथा सरसफाइ जस्तो सामाजिक क्षेत्रमा बजेट घटाउन नहुने हाम्रो धारणा रहेको छ ।

सम्माननीय अध्यक्षज्यू, माननीय विमला घिमिरेजीले प्रश्नको साथ साथ कटौती प्रस्ताव राखुभएको थियो । खर्च कटौतीको प्रस्ताव वहाँले सरसफाइ र खानेपानी मौलिक हक रहेकोमा

बजेट कम भएको चिन्ता व्यक्त गर्नुभो' । वहाँलाई म विशेष धन्यवाद दिन चाहन्छु । बजेटको बाँडफाँट सन्तुलन नभएको आयोजना धेरै बजेट विनियोजन भएको भनी जिज्ञासा म सम्मानित सदनमा केही कुरा राख्नेछु बजेटको समयभित्र रही । मन्त्रालय बहुवर्षीय ठेक्काको पहिला प्राथमिकता राखेर बजेट बाँडफाँट गरिएको हो । केही बजेटहरू १ लाख १ हजारसम्म अध्यक्ष महोदय, यो प्रदेश सरकारबाट लिखित रूपमा आएको १ लाख १ हजार बजेटको निरन्तरताको लागि बजेटलाई बचाउनको लागि त्यही अनुकूल बजेट राखिएको जानकारी गराउन चाहन्छु । ३४ प्रतिशत अझै सानो tube well चापाकलमा आश्रित रहेको भन्ने विषय यथार्थ हो । तराई, मधेसका जिल्लाहरूमा गाडिएका चापाकलहरूको विस्थापन गर्ने मन्त्रालयको योजना रहेको छ । यसको लागि केही समय मात्र लाग्ने छ । सानो tube well चापाकलसम्बन्धी योजनाहरू कार्यक्रम कार्यान्वयनसँगै तहबाट पूर्ण रूपमा हटाई आर्सेनिक डिप बोरिङको ..... पानी उपलब्ध गराउने तथा समुदायमा वडाबाट आधारित साना सञ्चालन परियोजनाहरू विकास गरी तराई क्षेत्रमा पाइप प्रणाली विस्तार गर्दै जाने मन्त्रालयको योजना रहेको छ ।

सम्माननीय अध्यक्षज्यू, २०७८ साल असार १ को बाढीले मेलम्ची खानेपानी आयोजनाको पुगेको क्षतिका कारण एसियाली विकास बैङ्कको मेलम्ची जलाधार आयोजनाको भौगोलिक तथा प्राविधिक अध्ययनबाट परामर्श टोली परिचालन गरिएको छ । अध्ययन गराइएको छ । उक्त परामर्शदाताबाट मेलम्ची हेड वर्क्सको अल्पकालीन, दीर्घकालीन र मध्यकालीन समाधानहरूको उपायहरू सिफारिस गरेको छ । परामर्शदाताबाट प्राप्त समाधान विकल्पहरूको मेलम्ची खानेपानी आयोजना मन्त्रालयको अध्ययन गरिरहेको छ । एडीबीको अन्तिम प्रतिवेदनबमोजिम लार्के र याङ्री कसरी कार्यान्वयन गर्ने भन्ने यकिन हुने नहुँदा याङ्री र लार्के कार्यान्वयन गर्ने विभिन्न विकल्पहरूको अध्ययन भैरहेको छ । यस कार्यान्वयनको लागि वैदेशिक सहायता आवश्यकता हुँदा हुँदा पनि एसियाली विकास बैङ्कसँग यससम्बन्धी छलफल भैरहेको छ । सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, माननीयज्यूहरूले उठाउनुभएको सबै जिज्ञासाहरू मैले सम्बोधन गरिसकेको छु । खानेपानी हामी सबैको मौलिक अधिकार हो । हामी सबैको प्रयासमा हामी सबै यो देशको सबै जनतालाई खानेपानी सेवा पुऱ्याउन सक्छौं । सबैको रचनात्मक भूमिका दिगो विकासको लक्ष्य हासिल गर्ने छौं । त्यस्तै माननीयज्यूहरूलाई यहाँले राख्नुभएको अर्थ कटौतीको प्रस्ताव फिर्ता लिन म हार्दिक विनम्र निवेदन गर्दछु र सबै माननीयज्यूहरूमा म हार्दिक आभार व्यक्त गर्दछु ।

(१४:०५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय खानेपानी मन्त्री महेन्द्र राय यादवले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँदछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय विमला घिमिरे ।

(१४:०५ बजे) **माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, मैले प्रश्नहरू त धेरै थिए तर दुइटा मात्र प्रश्न माननीय मन्त्रीज्यूलाई सोध्न चाहन्छु । खानेपानी मन्त्रालयअन्तर्गत अहिले विनियोजित भएको बजेट हेर्दा संघीय..... अन्तर्गत लुम्बिनी प्रदेशबाट सञ्चालन हुने आयोजनामा मात्र एउटा १ हजारसम्मका योजना र २५ हजारसम्मका योजना चारओटा र बाह्रओटा ठाउँमा देखियो । यो लुम्बिनीमा मात्रै किन भयो म यो प्रश्न गर्न चाहन्छु । अरू प्रदेशमा त्यस्तो छैन ।

र अर्को तराईमा जुन खानेपानीका आयोजनाहरू सम्पन्न हुन हुन लागेका तर सञ्चालनमा आउन नसकेका त्यस्ता आयोजनाका बारेमा मन्त्रीज्यूको के योजना छ? त्यसलाई सम्पन्न गरेर सञ्चालनमा ल्याउनका निम्ति? त्यो विनियोजन विधेयकमा केही पनि देखिएन । त्यसैले म यहाँको योजना केही छ कि? म सोध्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय खिमलाल देवकोटा ।

(१४:०६ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, मेरो सबैभन्दा गुनासो चाहिँ यो मन्त्रालय हो वास्तवमा । विषयगत मन्त्रालयको कुरा गर्दाखेरि यो मन्त्रालय हो । खानेपानीको अधिकार भनेको विशुद्ध चाहे त्यो संविधानले तल स्थानीयलाई अधिकार दिओस् नदिओस् । एकात्मक व्यवस्था होस्, सङ्घात्मक होस्, संसारभरि जहाँ पनि हेर्दाखेरि local Infrastructure, Local service delivery, Drinking water लगायतका function भनेको स्थानीय सरकारको हो । तर माननीय मन्त्रीज्यू तपाईंले सबभन्दा पहिला मन्त्रिपरिषद् कार्यविभाजन र नियमावली हेर्नुहोला । ती यो मन्त्रालयको काम भनेको के लेखेछ । राष्ट्रियस्तरका ठुला खानेपानी र ढल आयोजना भन्या छ । राष्ट्रियस्तरका ठुला खानेपानी भनेपछि

मेलम्चीजस्तै हो । यो मन्त्रालयले गर्ने, अरू तल काम चाहिँ तल स्थानीय सरकारले गर्छ, प्रदेशले गर्छ । अब तपाईंले आफैं स्वीकार गर्नुभो' हजार पनि राखेको छ । दुई लाख पनि राखेको छु । यहाँ २ लाखसम्मको १ सय ५६ ओटा रहेछन् । १५ सय २७ ओटा योजनामा २० लाखसम्मको त ७६ प्रतिशत छ । भनेपछि यो मन्त्रालय किन चाहियो माथि माननीय मन्त्रीज्यू तपाईं आफैं भन्नुस् । तपाईं त संघीयताको पक्षधर हो । यो मन्त्रालय चाहिन्छ अब? मैले यो मन्त्रालय चाहिँदैन भनेर पटक पटक भनेको पनि । आज पनि भन्छु यो मन्त्रालय चाहिँदैन भनेर तपाईंले पनि यो स्वीकार गर्नुपर्‍यो र यो योजनामा राखेर गल्ती पनि भयो भनेर तपाईंले पनि स्वीकार..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

(१४:०७ बजे) **<u>माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्षज्यूमार्फत मन्त्रीज्यूलाई प्रश्न । काठमाडौंबासीको बहुप्रतीक्षारत राष्ट्रिय गौरवको आयोजना मेलम्ची आयोजना हो । सम्पन्नको उन्मुख रहँदा ०७८ साल असारमा आएको प्राकृतिक प्रकोपले ठुलो क्षति भयो । क्षतिको छिटो मूल्याङ्कन हुन सकेन र हालसम्म पनि हेड वर्क्समा पुग्ने पहुँच सडकको निर्माण हुन सकेको छैन । किन यस्तो भैरहेको छ? प्रश्न गर्न चाहन्छु ।

(१४:०८ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय खानेपानी मन्त्री महेन्द्र राय यादवलाई समय उपलब्ध गराउँछु ।

(१४:०८ बजे) **<u>माननीय खानेपानी मन्त्री श्री महेन्द्र राय यादव</u>**:- सम्माननीय अध्यक्षज्यू, माननीयज्यूले उठाउनुभएको खास गरी माननीय विमला घिमिरेजीले उठाउनुभएको विषयमा । अघि पनि मैले कुरा राखेको थिएँ । सम्माननीय अध्यक्षज्यू, मन्त्रालयको कुल बजेट भित्र द्वितीय व्यवस्था तथा प्रदेशबाट कार्यान्वयन हुने संघीय ससर्त कार्यक्रम आयोजनाको बजेट पनि संलग्न छ । वित्तीय व्यवस्थातर्फ ९ अरब, ६० करोड बराबरको बजेट छ भने प्रदेशबाट कार्यान्वयन हुने संघीय ससर्त कार्यक्रम आयोजनाको लागि ३ अरब, ७७ करोड रुपियाँ बजेट रहेको छ । संघीय सशक्त आयोजना कार्यक्रमको लागि प्रदेशले नै उपलब्ध गराएको विवरणबमोजिम

प्रदेशबाट नै विवरण उपलब्धबमोजिम बजेट बाँडफाँट गरिएको माननीयहरूलाई अनुरोध गर्न चाहन्छु । त्यसैको आधारमा प्रदेशबाट १ लाख १ हजारको जुन बजेट यहाँ विनियोजन गरिएको छ । त्यो यथार्थमा के हो भने धेरै ठाउँमा उपभोक्ताहरूको सम्पर्क नभएको कारणले लिखित प्रदेशबाट आएको कारणले त्यो बजेट राखिएको हो । र प्रदेशमै त्यो बजेट हो । १ लाखको पनि बजेट जुन प्रदेशबाट नै लिखित रूपमा आउँदाखेरि त्यो योजना सम्पन्न हुने अवस्थामा रहेकोले १ लाख रुपियाँ राखिएको हो । त्यसकारणले दुइटा दुइटा यो पैसा बजेटहरू राखिएको हो । प्रदेशबाट आएको कारणले राखिएको हो ।

तराई, मधेसमा सम्पन्न योजनाहरूको के अवस्था छ? सम्माननीय अध्यक्षज्यू, त्यो अहिले पनि धेरै ठुल्ठुला ओभर tank हरू बनेको छ । त्यो tank निर्माण गर्दाखेरि उपभोक्ताबाट २० प्रतिशत जनश्रमदान गर्नुपर्ने व्यवस्था रहेकोले त्यहाँ जनसमुदाय नहुन सक्दा ती योजनाहरू अधुरा रहेको छ । यसपालि मन्त्रालयले त्यो नीतिगत रूपमा परिवर्तन गरेर २० प्रतिशतलाई ५ प्रतिशतमा श्रमदान राख्ने कुरा अहिले क्याबिनेटबाट अहिले समितिमा त्यो प्रस्ताव छ । त्यो प्रस्ताव पारित भैसकेपछि अहिले मन्त्रालयको जति पनि पुराना योजनाहरू जो सञ्चालन छैन । सरकारको बजेट लगानी छ । ती लगानीलाई समयमै यसै वर्षभित्रमा त्यो पानीलाई किनकि मधेसमा पनि पानी सुकिरहेको अवस्थामा छ । पहाडमा पनि र हिमाली क्षेत्रमा पनि र अन्य क्षेत्रमा पनि पानीको मुल सुकेको कारणले यो दुइटै क्षेत्र जनताको खानेपानीको लागि एकदम गम्भीर अवस्था छ र दुइटै अवस्थालाई यस मन्त्रालयबाट भएकै बजेटको व्यवस्थापनबाट यसपालि यसलाई कसरी न्यूनीकरण गर्न सकिन्छ । सरकारको सोच रहेको छ ।

तेस्रो कुरा भनेको खानेपानीस्तरको ठुलो खानेपानी योजनाको बारेमा यो अवस्था भयो । खानेपानी मेलम्चीको बारेमा अहिले पनि २३ ओटा मेलम्ची खानेपानी आजसम्म २३ वर्षमा यो पानी यहाँसम्म आइसकेको छ । अहिले ३० अर्ब रुपियाँ लगानी भैसकेको छ र अस्तिको बर्खाले मेलम्ची खानेपानीको हेडवर्क्स नै अस्ति ध्वस्त पारेको कारणले यसपालि सञ्चालनमा त्यो आइसकेको छ । र विगतदेखि नै हामीले यो मन्त्रालयले स्पष्ट रूपमा के पार्दै आएको छ भने बाह्रै महिना पानी अब काठमाडौंको जनतालाई पानी खुवाउने हो । पहिलेको सर्भे डिजाइन डीपीआरमा के थियो भने । चक्रपथभन्दा बाहिर त्यो डीपीआर थिएन । यसपालि मन्त्रालयले सरकारले डीपीआर गरिसकेको छ । करिब २ अर्बको छ । चक्रपथभन्दा बाहिर पनि जान्छ र अहिले चाहिँ पानी अहिले धमिलो आएको कारणले बन्द गरिएको छ । विभिन्न स्रोतबाट बागमतीको मुहानबाट र यो धापबाट दुइटै ठाउँबाट र अन्य मन्त्रालयको स्रोत ११ करोड लिटर रहेकोले अहिले करिब करिब २२/२३ करोड लिटर काठमाडौंमा अहिले पानी उपलब्ध भैरहेको

छ । त्यसकारण २ महिनापछि पूर्ण रूपमा हैन त्यो १७ करोड लिटर पाउने आइरहेको थियो । दुई महिनाको लागि बन्द छ । जब आरके र एड्ग्रिला करिब करिब यो सम्पन्न भैसकेपछि ३४ करोड लिटर जुन जुन पानी काठमाडौंमा आउँछ । काठमाडौंको जनताले सुलभ ढङ्गले पानी उपलब्ध हुने छ । र त्यो बजेट यसपालि त्यो निर्माणको लागि १० करोड रुपियाँ यातायात मन्त्रालयबाट भौतिक मन्त्रालयबाट छुट्ट्याइएको छ । मलाई चाहिँ यसपालि त्यो बजेटमा परेकोले त्यसलाई गम्भीरतासाथ यसलाई निरन्तरता दिईकन यसपालि अब टेन्डर हुने स्थितिमा छ । त्यो एड्ग्रिलाको र त्यो एड्ग्रिलाको बन्दाखेरि अब नयाँ प्रकारको होइन । प्राविधिक हिसाबले अब सुरुङकै मार्फत सुरुङमा पानी जोड्ने । विगतमा एउटै intake मा पानी जोड्ने अवस्था थियो । नयाँ प्राविधिक घटना घटिसकेपछि नयाँ प्राविधिकले यसलाई चाहिँ अब सुरुङमा पानी ल्याउने कुरा भैरहेको छ । त्यो अहिले सर्भे डिजाइनमा छ । विदेशी कम्पनीहरूले काम गरिरहेको छ । त्यसकारण माननीयजीहरूले राख्नुभएको जिज्ञासा यो मेलम्चीको पानी र अन्य ठुल्ठुला योजनाहरू अहिले पनि सङ्घ रहेको म जानकारी गराउन चाहन्छु । धेरै धेरै सहरहरू नेपालगञ्ज, पोखरा, भरतपुर, विरटनगर, वीरगञ्ज यस्ता ठुल्ठुला सहरहरू सबै चाहिँ अहिले धेरै ठाउँमा चाहिँ यो सङ्घ मन्त्रालयअन्तर्गतको कार्यक्रम रहेको छ । र अहिले कर्णाली प्रदेशमा अहिले ठुलो लगानीको रूपमा ..... करिब करिब ५ अरबको लगानी मोटामोटी रूपमा विश्व बैङ्कले त्यहाँ काम गरिरहेको छ । स्थानीय तहमा अहिले काम गरिरहेको छ । त्यसकारण म जानकारी गराउन चाहन्छु । प्रदेशबाट हुने र स्थानीय तहबाट हुने र नीतिगत रूपमा कानुन रूपमा तीनटै तहबाट चाहिँ समन्वय गरेर स्थानीय तह र प्रदेश सरकार मिलेर काम गर्ने सरकारको योजना रहेको छ । मन्त्रालयको योजना रहेको छ । त्यसकारण माननीयज्यूहरूले राख्नुभएको जिज्ञासालाई अब यसलाई हामीले गम्भीरतासाथ रूपमा अगाडि बढाउछौं । धन्यवाद ।

(१४:१४ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, खानेपानी मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत सिंह भण्डारीलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१४:१५ बजे) **मानलीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरत सिंह भण्डारी**:- सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरूमाथि भएको छलफलको क्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत शीर्षकहरूमाथि माननीयज्यूहरूबाट महत्त्व विषयहरू उठान भएकोमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । माननीयज्यूहरूले उठाएका विषयहरू मुख्यतः आन्तरिक रोजगारी, प्रधानमन्त्रीको रोजगार कार्यक्रम, वैदेशिक रोजगार, श्रम सम्बन्ध योगदानमा आधारित सामाजिक, सुरक्षा र सीप विकास सेवा प्रवाहसँग सम्बन्धित रहेको देखिन्छ । श्रम बजारमा उपलब्ध हुने रोजगारका अवसर तथा उपलब्ध श्रम शक्तिको ..... हुन सक्ने गरी राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली National Employment Management Information System (NEMIS) गर्ने प्रक्रिया अगाडि बढाइएको छ । जसबाट वैदेशिक रोजगारीमा जाने, वैदेशिक रोजगारबाट फर्किने, आन्तरिक रोजगारी प्राप्त गर्ने, आन्तरिक श्रम शक्तिको माग सीपयुक्त, जनशक्तिको अवस्था र नेपालको श्रम बजारमा आवश्यक सीपयुक्त जनशक्तिसमेतको तथ्याङ्कलाई एकीकृत गरिने छ । सीप विकास, उद्यमशीलता, आप्रवासी सेवा, रोजगार सेवालगायतका सबै प्रकारका श्रम र रोजगार सेवाहरू स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रबाट एकद्वार र एकीकृतमा प्रदान गर्न एकीकृत श्रम र रोजगार सेवा सञ्चालन र व्यवस्थापन कार्यविधि २०८० स्वीकृत भई कार्यान्वयन गरिएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत सूचीकृत बेरोजगार व्यक्तिहरूलाई श्रम बजारको मागअनुरूपको सीपमूलक तालिम प्रदान गरी सीपयुक्त र दक्ष बनाउन प्रधानमन्त्री रोजगार कार्यक्रमको ढाँचा परिवर्तन गरी कार्यक्रम सञ्चालन गर्ने तयारी भएको छ । नेपाली नागरिकहरूले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको सीप, प्रविधि, ज्ञान र पुँजीको उपयोग गर्दै उद्यमशीलता र प्रवर्धनमार्फत उत्पादनशील रोजगारी र स्वरोजगार सिर्जना गर्नको लागि पुनः एकीकरणसम्बन्धी निर्देशिका जारी भई कार्यान्वयनमा रहेको छ । सोबमोजिम वैदेशिक रोजगार बोर्डको सचिवालय र स्थानीय तहको साझेदारीमा स्थानीय तहमा पुनः एकपटक एकीकरणसम्बन्धी कार्यक्रम सञ्चालनमा ल्याइएको छ । त्यसै गरी वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरूको पुनः एकीकरण Reintegration of the Migrated Workers परियोजना स्थानीय तहमा पाइलट प्रोजेक्टको रूपमा सञ्चालन भैरहेको छ भने दक्षिण कोरियाबाट फर्किएका श्रमिकहरूको पुनः एकीकरणसम्बन्धी परियोजना पनि सञ्चालनमा आएको छ । श्रमको सम्मान गर्ने स्वदेशमा नै रोजगारी गर्नु उत्प्रेरित गर्ने उद्देश्यले श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम विगत १ वर्षदेखि नै नियमित रूपमा सञ्चालन भैरहेको छ । विदेशमा काम गरी फर्किएका उद्यमीहरूलाई उत्प्रेरणा जागृत गराउन राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि २०७६ बमोजिम विभिन्न क्षेत्रका उद्यमीहरूलाई सम्मान गरी उद्यमशीलता प्रवर्धन गर्ने नीति लिइएको छ । राष्ट्रिय तथा

अन्तर्राष्ट्रिय श्रम बजारको मागबमोजिम तालिमहरू सञ्चालन गर्न आवासीय सुविधासहितको राष्ट्रिय व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान गठन गर्न बनेको गठन आदेश स्वीकृतको अन्तिम चरणमा रहेको छ । आगामी आर्थिक वर्ष २०८०/०८१ मा मन्त्रालय मातहतका निकायहरूबाट व्यावसायिक तथा सीप विकास तालिम प्रदान गर्ने कार्यक्रम रहेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको मागअनुरूप जनशक्ति निर्माणमा वैदेशिक रोजगार बोर्डबाट केही विद्यालयहरूमा सीप विकासको पाठ्यक्रम तयार गरी कमाउँदै र पढ्दै गर्ने पाइलट प्रोजेक्टको रूपमा तालिम सञ्चालन गर्न लागिएको छ । योगदानमा आधारित सामाजिक सुरक्षातर्फ सम्माननीय अध्यक्षज्यू, चालु आर्थिक वर्षको चैत महिनाबाट वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका नेपाली श्रमशक्तिलाई समेत योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउने कार्य प्रारम्भ भएको छ । उक्त कार्यक्रमअन्तर्गत हालसम्म करिब १ लाख, ७५ हजारभन्दा बढी व्यक्ति सूचीकरण भएका छन् । यस कार्यको विस्तारको लागि थप श्रम गन्तव्य मुलुकमा सञ्चार र सहजीकरण प्रारम्भ भएको छ । योगदानमा आधारित सामाजिक सुरक्षा कोषबाट स्वदेशमा अनौपचारिक तथा स्वरोजगार क्षेत्रमा रहनुभएका व्यक्तिलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउने कार्यविधि स्वीकृत भई हिजोकै मितिबाट कार्यान्वयन गर्ने कार्यक्रम रहेकोमा हिजो जुन कारणले यो बैठक स्थगित भयो । सो कारणले सो कार्यक्रम पनि स्थगित भएको छ । र निकट भविष्यमा सो कार्यक्रम अगाडि बढाइने छ ।

आगामी आर्थिक वर्ष २०८०/०८१ अवधिमा सामाजिक सुरक्षा कोषमा सूचीकृत रोजगारदाताको सङ्ख्या ३० हजार पुर्‍याउने तथा योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध हुने श्रमिकको सङ्ख्या १० लाख पुर्‍याउने लक्ष्यका साथ काम भैरहेको छ । श्रम ऐनमा नै न्यूनतम पारिश्रमिक निर्धारण समितिको व्यवस्था गरिएको छ । समितिको सिफारिसको आधारमा न्यूनतम पारिश्रमिकलाई समय सान्दर्भिक रूपमा पुनरावलोकन गर्ने गरिएको छ । हाल कुनै पनि श्रमिकलाई मासिक रु. १५ हजारभन्दा कम पारिश्रमिकमा काम लगाउन नपाइने गरी न्यूनतम पारिश्रमिक निर्धारण गरिएको छ भने हालको न्यूनतम पारिश्रमिक पुनरावलोकनलाई सिफारिस भई समिति गठन भई काम भैरहेको छ र निकट भविष्यमा यसको निर्णय पनि अगाडि बढ्ने छ । नेपालको आन्तरिक श्रम प्रशासनको कामलाई चुस्तदुरुस्त र छिटो तरिकाले अनलाइन माध्यमबाट प्रवाह गर्ने श्रमसम्बन्धी एकीकृत software Integrated Labor Management Information System (ILMIS) बनाउने कार्यहरू भैरहेको छ ।

सम्माननीय अध्यक्ष महोदय, केही माननीयज्यूहरूले अत्यन्तै समसामयिक विषयमा ध्यानाकर्षण गर्नुभा' छ । केही..... जिज्ञासाहरू पनि राखिराख्नुभा' छ । विशेष गरीकन वैदेशिक

रोजगारको क्रममा विदेश जाने विषयहरूको बारेमा जुन चिन्ता यहाँ व्यक्त भएको छ । म त्यसलाई सम्मान गर्न चाहन्छु । वैदेशिक रोजगारमा जाने भनेको निश्चित रूपमा सबैलाई थाहा छ, त्यो एउटा बाध्यता हो । नेपालको अहिलेको परिस्थिति, रोजगारको अवस्था, आर्थिक स्थिति र अहिले रहेको राष्ट्रिय अन्तर्राष्ट्रिय आर्थिक मन्दी सम्पूर्ण कुराले गर्दाखेरि नेपालको रोजगारको क्षेत्रमा जुन प्रभाव परेको छ । मलाई लाग्छ, माननीयज्यूहरू त्यसबाट ज्ञात नै हुनुहुन्छ होला । त्यसो हुनाले अहिले बाध्यात्मक अवस्था भए पनि केही वर्षलाई हामीले वैदेशिक रोजगारीलाई नै नेपालको समष्टिगत रूपमा विकासको आधार मान्नुपर्ने अवस्था रहेको छ । यो अत्यन्तै दुःखदायी विषय हो । त्यसका बाबजुद पनि हामीले वैदेशिक रोजगारीमा गएका श्रमिकहरू अथवा नेपाली युवाहरूलाई हामीले अहिलेको अवस्थामा उनीहरूलाई सुरक्षित गन्तव्यमा र सुरक्षित ढङ्गबाट सम्मानित ढङ्गबाट कसरी पठाउन सकिन्छ भन्ने चिन्ता यदि गर्‍यौं र त्योअनुसार काम गर्न सक्यौं भने त्यो चाहिँ धेरै ठुलो कुरो हुन्छ भनेर नै माननीयज्यूहरूको भावनाको अनुसार नै श्रम मन्त्रालय अहिले विभिन्न सुधारात्मक कार्यक्रममा अगाडि बढेको छ । वैदेशिक रोजगारमा जानेहरूको गाउँदेखि लिएर गन्तव्यसम्म सुरक्षित गन्तव्य कसरी पुर्‍याउने, कसरी उनीहरू विभिन्न किसिमका प्रलोभनबाट ठगीबाट कसरी बचाउने भन्ने विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रमसमेतलाई समावेश गरीकन जुन कुरा माननीयज्यूहरूले उठाउनुभा'को छ । प्रधानमन्त्री रोजगार कार्यक्रमलाई हिजोको अवस्थाबाट अब त्यसलाई ७५३ पालिकामा ७५३ पालिकामा रहेका रोजगार सेवा केन्द्रलाई त्यसलाई एउटा रोजगार सेवा केन्द्रलाई सम्पूर्ण रोजगारको हकको रूपमा develop गर्नुको निम्ति त्यहाँ चाहिँ भएका अहिले भर्खर मैले निवेदन गरेको थिएँ । त्यहाँ एउटा डाटाबेस खडा गरीकन त्यहाँ कति बेरोजगार छन् । त्यो पालिकाबाट कुन कुन देश के खालको काम गएका छन् । बाहिरबाट आएका मानिसहरू के के सीप तालिम लिएर आएका छन् । त्यसको सम्पूर्ण डाटाबेस खडा भएर त्यसलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारसँग जोड्ने हिसाबमा अनलाइन सिस्टम हामीले develop गर्‍या छौं । जसलाई हामीले ILMIS भन्ने हिसाबले develop गर्‍या छौं । अहिले वैदेशिक रोजगार जाने सिस्टमलाई पनि हामीले अनलाइन सिस्टममा FEMIS को आधारमा ..... त्यहाँ कुनै किसिमको बिचौलियाहरू ठगी नहोस् भन्ने हिसाबले त्यसलाई सम्पूर्ण समष्टिगत रूपमा एउटा प्याकेजको रूपमा हामीले develop गर्न खोजिरहेका छौं । र त्यसै आधारमा स्थानीय तहमा ७५३ तहमा चाहिँ अनलाइन माध्यमबाट त्यहाँ सम्पूर्ण सीपदेखि रोजगारका अवसरदेखि सम्पूर्ण कुराको सूचना प्रणाली विकसित गरेर त्यहाँबाट सिधै राष्ट्रिय रोजगार र अन्तर्राष्ट्रिय रोजगारसम्म श्रमिकहरूलाई पुर्‍याउने व्यवस्थाको निम्ति मन्त्रालयले कार्य प्राधिकरण गठन गरेर हामी अगाडि बढ्दै छौं । सबभन्दा महत्त्वको विषय सबै माननीयज्यूहरूलाई थाहा भा'को अहिले अत्यन्त दारुण जुन हिसाबले यो मिटरब्याजीका जुन कुरा

उठ्या छन् त्यहाँ र यो मिटरब्याजीको वैदेशिक रोजगारमा जाने श्रमिकको अवस्थामा सारै ठुलो सम्बन्ध भा'को नाताले त्यसलाई एउटा व्यवस्थित गर्नको निम्ति अहिले वैदेशिक रोजगारमा जाने मानिसहरूले चुक्नुपर्ने सेवा शुल्कलाई व्यवस्थित र वैज्ञानिक हिसाबले बनाएर त्यसको..... अनि त्यो श्रमिकले जहाँ तिर्नुपर्ने जो रकम हुन्छ । सो रकम बैङ्कको मार्फतबाट गरेर त्यो एउटा transparent हिसाबले जति जे तिर्नुपर्ने बैङ्कले finance गर्ने र बैङ्कको सहयोगमा त्यो रोजगारदातालाई तिर्ने र उसले साहु महाजनबाट लिनुपर्ने अवस्थाको अन्त्य गर्नुको निम्ति पनि हामीले गृहकार्य अगाडि बढाउन खोजिराख्या छौँ । यसै क्रममा वैदेशिक रोजगारमा गएका श्रमिकहरूले त्यहाँ पुगेपछि जुन किसिमका समस्या झेल्नुपरेको छ । त्यहाँ पुगेपछि जुन किसिमका समस्याहरू झेल्नुपरेको त्यो समस्यालाई मध्यनजर राखेर वैदेशिक रोजगार बोर्डले विभिन्न कल्याणकारी कार्यक्रमहरू ल्याइराखेको छ । अहिले जुन किसिमबाट त्यहाँ मृतक भएका अब दुःख लाग्दो अवस्था छ । श्रमिकहरू छन् । उनीहरूले पाउने सेवा सुविधालाई बढाउनुपर्ने अवस्था भैरा' छ । उन सुरक्षित उनको त्यहाँबाट लासलाई अवतरण गराउनुपर्ने अवस्था भैराख्या छ । उनका परिवारलाई हेर्नुपर्ने अवस्था भैरा' छ । यो सबै कुराहरूलाई मध्यनजर राखेर कल्याणकारी कोषको मार्फतबाट उनीहरूको कल्याणको लागि अगाडि बढाउने कुरा हामीले गर्दै छौँ । वैदेशिक नियोगहरूलाई त्यहाँबाट बलियो बनाउने, वैदेशिक नियोगहरूमा केही रकमहरू व्यवस्थित गर्ने, त्यहाँ shelter हरू खडा गर्ने, त्यहाँ विभिन्न किसिमका हाम्रा श्रमिकहरू जुन अब समस्या बेहोरिराख्या छन् । यो सबै कुरालाई मध्यनजर राखेर एउटा समष्टिगत रूपमा एउटा circuit बनाउने प्रयासहरू एउटा भैराख्या छ । जो एउटा transparent हिसाबले अगाडि बढोस् । यसको साथसाथै नेपालमा सबभन्दा महत्त्वपूर्ण विषय रोजगारी भनेको सीपसँग जोडिया हुन्छ । कसैको हातमा पनि अलिकति सीप जोडिएको त्यो मान्छेले रोजगारी चाहे स्वरोजगार चाहे रोजगारीको व्यवस्था चाहिँ गर्न सक्छ । त्यसो भएर सीपलाई अगाडि बढाउनको निम्ति श्रम मन्त्रालयअन्तर्गत रहेको अहिले सीप तालिम केन्द्रलाई यसलाई प्रतिष्ठानको रूपमा develop गरेर त्यसको गठन आदेश अहिले अन्तिम चरणमा पुगेको छ । त्यसलाई प्रतिष्ठानको रूपमा गठन गरेर ६ महिना मुनिका जति पनि तालिमहरू छन् । सम्पूर्ण तालिमहरूलाई चाहिँने affiliation गर्ने aggregate गर्ने, त्यसको certification गर्ने, सम्पूर्ण काम चाहिने त्यो प्रतिष्ठानको मार्फतबाट हुँदाखेरिको अवस्थामा अनि जति पनि निजी क्षेत्रका तालिम केन्द्रहरू छन् । ती सबैलाई aggregate गर्ने हिसाबले त्यो सम्पूर्ण तालिमलाई एकीकृत हिसाबले ती सबै तालिमलाई पालिकसम्म पुऱ्याएर अनि पालिकालाई नै सबै किसिमबाट त्यहाँ मजबुद बनाउनको निम्ति यो श्रम मन्त्रालयले अहिले अगाडि बढाइराख्या छ । त्यस हुनाले अहिले के छ भन्दाखेरि यो स्थितिमा सुरक्षित श्रमका कुरा सम्मानित श्रमका कुराहरू र श्रमले जबसम्म सम्मान र सुरक्षा

पाउँदैन । तबसम्म मुलुकको आर्थिक वृद्धि हुँदैन भन्ने दृष्टिकोण राखेर हामीले विभिन्न कार्यक्रमहरू गरेका छौं । र त्यसो हुनाले यो कार्यक्रम गरी अगाडि बढ्या हुनाले माननीयज्यूले जुन चिन्ता राख्नुभा' छ, जिज्ञासा राख्नुभा' छ । यो सबै कुरालाई के भने वहाँहरूको सो लाई आत्मसात गर्दै ती कुराहरूलाई अगाडि बढाउने कुरालाई मन्त्रालयले आत्मसात् गरेको छ । त्यसो हुनाले के भने माननीय मन्त्रीज्यूलाई म आग्रह गर्न चाहन्छु । वहाँले जुन १ रुपियाँ के बजेट कटौती गर्ने प्रस्ताव गर्नुभा' थियो त्यो प्रस्तावलाई फिर्ता लिन र यी सबै कामको लागि अझ थप सुझाव दिनको निम्ति पनि आग्रह गर्दै बिदा लिन चाहन्छु । धन्यवाद ।

(१४:२६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री सरत सिंह भण्डारीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय तुलसा कुमारी दाहाल ।

(१४:२७ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत म मन्त्रीज्यूलाई केही जिज्ञासाहरू राख्न चाहन्छु । सर्वप्रथम म धन्यवाद दिन चाहन्छु । धेरै कुरा वहाँले ल्याउनुभएको छ । प्याकेजमा र केही कुरा अझै बाँकी छन् । त्यो कुरा चाहिँ म यहाँ राख्न चाहन्छु । चालु आर्थिक वर्षमा चाहिँ नागरिक पेन्सनको कार्यक्रम ल्याएको थियो । यसपटक किन ल्याउन सकिएन के समस्या भयो?

वैदेशिक रोजगारबाट ..... फर्किएका नागरिको अनुभव, सीप र क्षमतालाई सदुपयोग गर्ने जस्तो महत्त्वपूर्ण कार्य अगाडि सारिएको छ । स्थानीय र निजी तहसँग समन्वय गर्ने भनेको छ । सरकारसँग तथ्याङ्क छ? के योजना छ? योगदानमा आधारित सामाजिक सुरक्षा सम्बन्धमा सरकारको नीति कार्यक्रम र मन्त्रालयको विनियोजन जुन विनियोजन बजेट छ । त्यसमा समन्वय देखिँदैन । अर्को देशभित्रको श्रम र रोजगारलाई व्यवस्थित गर्ने र बाह्य रोजगारीको लागि सुरक्षित गर्ने विषयमा तत्कालीन र दीर्घकालीन योजना आउनुपर्थ्यो । त्यसरी पनि मन्त्रालयले बजेट विनियोजन गर्न सकेको छैन ।

अर्को कुरो आर्थिक वक्तव्यमा अर्थमन्त्रीज्यूले गठन आदेश खारेज गर्ने कुरो ल्याउनुभएको छ । अहिले मन्त्रीज्यूले सीप विकास तालिम केन्द्रलाई प्रतिष्ठान बनाउने कुरो गर्नुभो' यसबाट राज्यको खर्च बढ्ने कुरो छ । यो विकास संघीय ऐन, २०१३ अन्तर्गत बनेको गठन आदेश..... (समय सकिएको) ।

(१४:२८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत सिंह भण्डारीलाई समय उपलब्ध गराउँछु ।

(१४:२९ बजे) **माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरत सिंह भण्डारी**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम म माननीयज्यूलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । छलफलमा भाग लिएर वहाँले चाहिँ केही विशेष सुझावहरू पनि राख्नुभा'को छ । म सुझावलाई ग्रहण गरेर अगाडि बढाउँछु ।

विशेष रूपमा अहिले सबभन्दा महत्त्वपूर्ण विषय भनेको योगदानमा आधारित सामाजिक सुरक्षालाई जुन हिसाबले हामी विभिन्न scheme का साथ हामी अगाडि बढ्न खोजिरा' छौं । त्यसले यो मुलुकमा विशेष गरीकन कुनै पनि सभ्य मुलुकमा नागरिकले आफ्नो सुरक्षा नै सबैभन्दा महत्त्वपूर्ण विषय रहन्छ । त्यस हुनाले यो scheme लाई जुन हिसाबले हामी अगाडि बढाउँदै छौं । अझ पनि यो भर्खर सुरु गरेको scheme त्यसका धेरै कुराहरू चाहिँ हामीले अध्ययन गर्दै जाने सिलसिलामा चाहिँ ..... यो ultimately गएर मुलुकको सबभन्दा ठुलो सुरक्षाबाट सामाजिक सुरक्षा कोष हुन्छ । जसले जसबाट आबद्ध भएपछि त्यहाँबाट विभिन्न क्षेत्रका मानिस औपचारिक, अनौपचारिक, स्वरोजगार सम्पूर्ण नेपालीहरू आफूलाई चाहिँ आफ्नो भविष्यलाई सुरक्षित गर्छ भन्ने हिसाबमा छ । यो अहिले विस्तृत रूपमा चाहिँ धेरै कुरा हामीले भर्खर सुरु गऱ्या भनेर धेरै flaws हरू छ । यसलाई हामी के छ भने अध्ययनको रूपमा अगाडि बढाउँदै लिएर गैराख्या छौं । त्यसो हुनाले यो विषयले यसले समेट्छ जस्तो मलाई लागेको छ । बाँकी मैले तथ्याङ्कको अलिकति कुरा गरैं तत्काल कुरा गर्दा अहिले पनि वास्तवमा immigration मा आएको तथ्याङ्क कुराहरू जो छ, त्यसलाई सबै तथ्याङ्कहरूलाई हामीले एउटा डाटाबेस बनाउन खोजिरा' छौं । त्यो डाटाबेसको आधारमा कुन मुलुकमा गा'का छन्? कुन मुलुकबाट अमुक पालिकाका मानिसहरू के सिकेर आएका छन्? उनको skill के छ? त्यसको certification कसरी गर्ने र उनलाई यहाँ स्थानीय के छ रोजगारसँग कसरी जोड्ने? यो विषयमा

स्थानीय रोजगारदाताहरू छ । परराष्ट्र रोजगारदाता, MCCI, CNI, Nepal Chamber of Commerce, महिला उद्यमीलगायतका विभिन्न क्षेत्र जो रोजगार दाताहरू छन् । वहाँहरूसँग सहकार्य गरेर उनीहरूको निम्ति आवश्यक बजार व्यवस्थापन गर्दिने र उनको निम्ति आवश्यक श्रमिक पनि व्यवस्था गर्दिने भन्ने कुरालाई नै जोड दिएर हामीले के छ भन्दाखेरि त्यो एउटा डाटाबेसको जो कुरा गऱ्या छौं । जसले जो NEMIS मार्फत हामी अगाडि बढाउन चाहन्छौं ।

अर्को कुरो के छ भने गठन आदेशको बारेमा चाहिँ गठन आदेश आहिले आएर अर्थमन्त्रालयकै सहमतिबाट गठन आदेश अगाडि बढेको छ र हामीले अहिले त्यो सीप विकास केन्द्र जो एउटा केन्द्रको रूपमा त्यसलाई एउटा चाहिने प्रतिष्ठानको रूपमा अगाडि बढाउन खोज्या छौं । अहिले CTEVT को आधार मात्र एउटा Technical Vocational Education System, नेपालमा त्यसले मान्यता दिएका संस्थाहरूले training गरिराख्या छ । त्यो एउटा academic भयो, शिक्षा मन्त्री यहीँ हुनुहुन्छ, त्यो academic course हुन्छ त्यो । एउटा knowledge को course हुन्छ । हामीले खोजेको सीप भन्या तत्कालको सीप एउटा चाहिँ Plumber को लागि, एउटा Electrician को लागि एउटा त्यो खालको सीप हुन्छ त्यहाँ र त्यसको निम्ति के छ भन्दा त्यसको curriculum develop गर्ने त्यसको manual develop गर्ने । त्यसको criteria develop गर्ने । त्यसको निम्ति यो प्रतिष्ठानको कल्पना गरिएको छ । जसले सम्पूर्ण short term training का सबैलाई चाहिने एक ठाउँमा लिएर आएर त्यसलाई execution गरेर एउटा manual बनाएर अन्तर्राष्ट्रियस्तरको पढेर अनि वैदेशिक रोजगारमा जानेहरूलाई पनि कम से कम त्यो तहको सीप निर्माण गरेर पठाउने कुरा गरिएको छ । त्यस हुनाले चाहिँ यो विषयमा हामी अगाडि बढ्ने छौं र माननीयज्यूहरूलाई धेरै धन्यवाद छ कि अझ जे कुरा सुझावहरू दिनुभा' छ । त्यसलाई लिएर के छ भने यो क्षेत्रलाई मर्यादित बनाउने हिसाबमा श्रम मन्त्रालय लाग्छ भन्ने कुरा विश्वास दिलाउँदै बिदा लिन चाहन्छु । धन्यवाद ।

(१४:३२ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राईलाई शिक्षा, विज्ञान प्रविधि मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१४:३२ बजे) **मानानीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राई**:- सम्माननीय अध्यक्ष महोदय, यस सम्मानित सदनमा माननीय सदस्यज्यूहरूबाट शिक्षासम्बन्धी नीति तथा तथा बजेट र कार्यक्रममा गहन अध्ययन गरी महत्त्वपूर्ण सुझावहरू दिनुभएको छ । माननीय सदस्यज्यूहरूबाट उठाइएका जिज्ञासा र सुझावहरूका लागि हार्दिक आभार व्यक्त गर्दछु । र विभिन्न विषयमा क्षेत्रगत रूपमा प्रष्ट पार्ने प्रयास गर्दछु ।

विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्न विभिन्न कार्यक्रमहरू बजेटमा समेटिएका छन् । आवासीय तथा गैरआवासीय छात्रवृत्ति व्यवस्था, निःशुल्क पाठ्यपुस्तक वितरण, दिवा खाजा कार्यक्रम सञ्चालन, विद्यार्थी भर्ना अभियान आदिका लागि बजेट व्यवस्था गरिएको छ । विद्यार्थीमा श्रमप्रति सम्मान गर्ने भावना विकास गरेर कृषिमा आबद्धता बढाई विद्यालय तहबाट नै व्यवसायप्रति आकर्षित बनाउन सिक्दै कमाउँदै कार्यक्रम सञ्चालनमा ल्याइएको छ । चालु वर्षमा २ सय ४० विद्यालयमा सञ्चालन हुँदै आएकोमा आगामी वर्ष थप ५० ओटा विद्यालयमा विस्तार गर्ने कार्यक्रम राखिएको छ । विद्यालय शिक्षामा युवालाई छोटो अवधिको रोजगारमूलक तालिम दिने कार्यक्रम सञ्चालनका लागि बजेटको व्यवस्था गरिएको छ ।

अध्यक्ष महोदय, सरकारले बालबिकास शिक्षक प्रत्येक सामुदायिक विद्यालयमा एक/ एक जना विद्यालय सहयोगी कर्मचारी र प्रत्येक माध्यमिक विद्यालयमा थप एक जना सहायक कर्मचारी गरी ३६ हजार कर्मचारी व्यवस्था गर्न एकमुष्ट अनुदान उपलब्ध गराउँदै आएको छ । हाल सङ्घीय सरकारबाट बालविकास शिक्षकका लागि मासिक रु.१० हजार, विद्यालय कर्मचारीका लागि मासिक रु.१३ हजार ५ सय र विद्यालय सहयोगी कर्मचारीका लागि मासिक रु.८ हजारका दरले एकमुष्ट अनुदानको रूपमा स्थानीय तहमा बजेट हस्तान्तरण हुने गरेको छ । र स्थानीय तहबाट उक्त अनुदानमा थप गरी न्यूनतम १५ हजार रकम उपलब्ध हुँदै आएको छ । बालबिकास शिक्षक र कर्मचारीको आन्दोलनका विषयमा वार्ता गरी समस्या समाधानका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशकको अध्यक्षतामा अर्थ मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रतिनिधि रहने गरी ४ सदसीय वार्ताटोलीसँग वार्ता भई सहमति भएको छ । र आन्दोलन स्थगित भएको छ ।

कक्षा ११ र १२ मा अध्यापन गराउने शिक्षकसँग मन्त्रालयले वार्ता समिति गठन गरी वार्ता भइरहेको र छिट्टै निष्कर्षमा पुग्ने कुरा निवेदन गर्न चाहन्छु । शिक्षक दरबन्दी मिलान प्रतिवेदनका अनुसार प्रत्येक सामुदायिक विद्यालयमा न्यूनतम शिक्षक सुनिश्चित गर्नका लागि ५३ हजार शिक्षक दरबन्दी थप गर्नुपर्ने अवस्था रहेको छ । उक्त प्रतिवेदनअनुसार १२ हजार ८

सय ३५ शिक्षकको स्थानान्तरण गरी मिलान गर्नुपर्ने हुन्छ । सो सङ्ख्यामध्ये ९ हजार ४ सय ९६ जना शिक्षक सम्बन्धित स्थानीय तहभित्र नै मिलान हुने र ३ हजार ३सय ३९ जना शिक्षकको जिल्लान्तर सरूवाबाट मिलान गर्नुपर्ने अवस्था रहेको छ ।

अध्यक्ष महोदय, गुणस्तरयुक्त शिक्षाको प्रबन्ध गरी विद्यार्थीको सिकाइमा सुधार ल्याउन बजेटमा विभिन्न कार्यक्रमहरू प्रस्तावित रहेका छन् । विद्यालयमा सूचना प्रविधिको उपयोगका लागि आईसिटी ल्याब स्थापना, digital सिकाइ सामग्री विकास, श्रव्य तथा श्रव्यदृश्य पाठ उत्पादन तथा प्रसारण, शिक्षक तालिम, सिकाइ सामग्री आदिको व्यवस्था गरिएको छ । त्यसै गरी सूचना प्रविधिको उपयोग गरी शिक्षण कार्य सञ्चालन गर्न शिक्षकको क्षमता विकासका लागि तालिम कार्यक्रम सञ्चालनमा ल्याइएको छ । प्रदेश शिक्षा तालिम केन्द्रमा digital सिकाइ केन्द्र स्थापना गरिएको छ । उक्त केन्द्रबाट online विधिले शिक्षक तालिम सञ्चालन गर्ने व्यवस्था मिलाउने प्रणाली रहेको छ । अनलाइन तथा Virtual सिकाइका लागि आवश्यक digital सिकाइ सामग्री उत्पादन गरिँदै गरेको कुरा निवेदन गर्न चाहन्छु । पाठ्यक्रममा आधारित छ थप Digital सिकाइ सामग्रीको विकास गर्ने कार्यक्रम रहेको छ ।

अध्यक्ष महोदय, उच्च शिक्षातर्फ विश्वविद्यालयको पठनपाठन परीक्षा सञ्चालन र नतिजा प्रकाशनलाई समयबद्ध रूपमा सञ्चालन गर्न सबै विश्वविद्यालयमा शैक्षिक क्यालेन्डर बनाइ कार्यान्वयनमा ल्याइने र विश्वविद्यालय अनुदान आयोगबाट सोको अनुगमन हुने व्यवस्था मिलाइनेछ । उच्च शिक्षामा देखिएका विद्यमान समस्या समाधान गरी सुधारका ठोस सुझाव दिन उच्चस्तरीय शिक्षा आयोग गठन गरी कामअगाडि बढाइनेछ । युवा वैज्ञानिकहरूका लागि अनुसन्धानमा सहयोग जस्ता कार्यक्रममार्फत युवाहरूलाई स्वदेशमै अनुसन्धानका अवसर सृजना गर्न कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ । सङ्घीय शिक्षा ऐनको ।

(१४:३९ बजे) **पीठासीन**:- माननीय श्री अनिता देवकोटा ।

**माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राई**:- मस्यौदामा मस्यौदा कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र अर्थ मन्त्रालयको सहमति प्राप्त गरी मिति २०८०/०३/०४ गते मन्त्रिपरिषद्मा पेस भएको छ । मन्त्रिपरिषद्को निर्णयपश्चात् यस सम्मानित सदनको चालु अधिवेशनमा नै सो विधेयक प्रस्तुत गरिने निवेदन गर्न चाहन्छु । मेडिकल शिक्षाको अवसर वृद्धिका लागि मन्त्रालयले प्राथमिकता दिँदै आएको छ । आगामी आ.व. ०८०/०८१ को बजेटमा नयाँ मेडिकल कलेज स्थापनाका लागि सम्भाव्यता अध्ययन

तथा गुरूयोजना निर्माण, डडेल्धुरा, सुर्खेत, बुटवल, बर्दिबासमा मेडिकल कलेजको पूर्वाधार विकास कार्य अघि बढाउन बजेट व्यवस्था गरिएको छ । मन्त्रालयले विज्ञान प्रविधिको क्षेत्रमा प्राथमिकता दिँदै उदीयमान प्रविधिहरूका क्षेत्रमा अनुसन्धानका लागि बजेट व्यवस्था गरिएको छ । विश्वविद्यालय शिक्षालाई अनुसन्धानमूलक बनाउन आगामी आ.व. ०८०/०८१ मा पर्याप्त बजेट व्यवस्था गरिएको छ । त्रिभुवन विश्वविद्यालयका अनुसन्धान केन्द्रहरू, सेडा, सेरिड, सिनास, रिकास्टलगायत अन्य विश्वविद्यालयका अनुसन्धान केन्द्रबाट अन्वेषण तथा अनुसन्धानका कार्यहरूअघि बढाइनेछ । अनुसन्धान, नवप्रवर्तन र आविष्कारका लागि छुट्टै कोष स्थापना गर्न कानुन तर्जुमा प्रकृया अघि बढाइएको छ ।

अन्तमा विनियोजन विधेयकसम्बन्धी छलफलमा भाग लिई मन्त्रालयलाई महत्त्वपूर्ण सुझाव दिनुभएकोमा माननीयज्यूहरूलाई हार्दिक आभार व्यक्त गर्दछु । माननीय सदस्यज्यूहरूबाट प्राप्त भएको सुझावहरू कार्यान्वयन गर्न मन्त्रालय प्रतिबद्ध रहेको कुरा निवेदन गर्दै बिदा हुन्छु । धन्यवाद ।

(१४:४१ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राईले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेट सयम निर्धारण गरेको छु ।

माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

(१४:४१ बजे) **माननीय श्री दिल कुमारी रावल थापा "पार्वती (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत मन्त्रीज्यूलाई प्रश्न । विश्वविद्यालय छाता विधेयकको अवस्था के छ? कहिलेसम्म आउछ? विभिन्न विश्वविद्यालय सेवा आयोगलाई एकीकृत गरी एउटै विश्वविद्यालय सेवा आयोग बनाउनेतर्फ मन्त्रालयको ध्यान के छ? प्रष्ट हुन चाहन्छु ।

शिक्षा क्षेत्रसँग सम्बन्धी विभिन्न समस्याको विभिन्न समयमा वार्ता हुने, छलफल हुने, सहमति हुने तर कार्यान्वयन नहुने अवस्था छ । अब यसको सुनिश्चतता कसरी हुन्छ? जान्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय भैरव सुन्दर श्रेष्ठ ।

**(१४:४२ बजे) <u>माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यू, म अध्यक्षममार्फत शिक्षा मन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु । यो प्राविधिक जनशक्ति अभावमा हामी हाम्रो देश पछाडि परेको छ भन्ने कुरो हामी सबैले स्वीकारेको विषय हो । त्यही प्राविधिक विषयहरूलाई देशभित्र जनशक्ति उत्पादन गर्ने उद्देश्यले केही वर्ष पहिले यो मदन भण्डारी प्रादेशिक विश्वविद्यालय स्थापना गर्ने भनेर शिक्षा मन्त्रालयले Workout गरेर त्यो विधेयक चाहिँ बना'को चाहिँ थियो । त्यो विधेयक अहिलेसम्म पनि हाउसमा चाहिँ आउन सकेन । म यही अधिवेशनमा माननीय शिक्षा मन्त्रीज्यूले त्यो विधेयक ती जनशक्ति उत्पादन गर्ने उद्देश्यले बनाएको विधेयक यही अधिवेशनमा ल्याउनको लागि अनुरोध गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय ईन्दु कडरिया ।

**(१४:४३ बजे) <u>माननीय श्री ईन्दु कडरिया (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्मननीय अध्यक्ष महोदय, अहिले भर्खरै शिक्षा मन्त्रीज्यूले मैले पटक पटक भनिरहेको थिएँ । आफ्नो बोल्ने क्रममा पनि र गेटा मेडिकल कलेजलाई कहिले सञ्चालनमा आउछ भनिरहँदा अहिले भर्खरै शिक्षा मन्त्रीज्यूले त्यो डडेल्धुरामा खोल्ने कुरा गर्नुभयो । अर्बौंको लगानी लगाएर बनाइएका संरचना, भौतिक संरचनाहरू अहिले अलपत्र अवस्थामा छन् । अहिले पनि यो सम्बोधन हुन सकेन । म शिक्षा मन्त्रीज्यूलाई सोध्न चाहन्छु । गेटा मेडिकल कलेज कहिले सञ्चालन हुन्छ? के के कैलालीका जनतासँग के छ उहाँको नराम्रो सम्बन्ध छ कि? के छ? किन कैलालीको जनतालाई चाहिँ उपेक्षा गर्दै कैलालीमा नखोलिएर डडेल्धुरा पुऱ्याउने काम गरियो? यो सोध्न चाहन्छु ।

र अर्को ४० हजार अहिले पनि राहतमा ४० हजार शिक्षकहरू छन् । यिनको अवस्था के छ? यिनको स्थायी कहिले हुन्छ? यो सोध्न चाहन्छु । र १२ कक्षा पास गरेका विद्यार्थीले अहिले पनि ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय डाक्टर विमला राई पौडयाल ।

(१४:४४ बजे) **माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- अध्यक्षज्यू, मेरो प्रश्न अलिकति आइसकेको छ । औपचारिक शिक्षा जान्न नपाएका, औपचारिक शिक्षामा उच्च शिक्षा हासिल गर्न नपाएका तर सीपले परिपूर्ण भएकाहरूलाई औपचारिक शिक्षामा गाँस्ने भनेर नेपाल सरकारले मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालय विधेयक ल्याएको थियो । पछि संसद अवरूद्ध भइसकेपछि त्यो विधेयक पनि त्यतिकै तुहिएको अवस्थामा छ । त्यसलाई फेरि ल्याउने, नल्याउने के योजना छ?

र त्यसपछि त्यो पूर्वाधार विकास समिति २ वर्षपछाडि फेरि पनि संसदकै कारणले गर्दाखेरि त्यो समिति चाहिँ आफ्नो कार्यकाल सकिएको थियो । त्यसको पनि म्याद थपिएको छैन । यो Vacuum लाई उहाँहरूले कसरी Consider गर्दै हुनुहुन्छ? र यो Vacuum लाई कसरी सम्बोधन गर्दै हुनुहुन्छ? यो विषयमा जान्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राईलाई समय उपलब्ध गराउँछु ।

(१४:४५ बजे) **माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राई**:-अध्यक्ष महोदय, प्रश्नका लागि माननीय सदस्यहरूलाई धन्यवाद छ । यो विश्वविद्यालय छाता ऐनसम्बन्धी विधेयक प्रक्रियामा रहेको कुरा निवेदन गर्छु । यो अर्थ मन्त्रालयबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा आएपछि क्रमशः अगाडि बढ्ने कुरा निवेदन गर्छु । यसमा नै एकीकृत सेवा आयोगसम्बन्धी व्यवस्थालाई समाहित गरिने कुरा पनि म निवेदन गर्न चाहन्छु ।

मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालय विधेयक चाहिँ प्रक्रियामा रहेको कुरा म यहाँहरूलाई निवेदन गर्न चाहन्छु । गेटा मेडिकल कलेजको बारेमा स्वास्थ्य मन्त्रीज्यूहरूले चाँडै

नै यही आर्थिक वर्षमा मेडिकल कलेज सुरू हुन्छ भनेर जवाफ दिइसक्नुभएको छ । यसलाई विश्वविद्यालयको रूपमा पनि अगाडि बढाउने चाहिँ सरकारको अठोट रहेको र सोसम्बन्धी विधेयकको चाहिँ तयारी भइरहेको यसको Drafting चाहिँ भइरहेको कुरा पनि म निवेदन गर्न चाहन्छु ।

४० हजार राहत शिक्षकहरूको चाहिँ उहाँहरूको चाहिँ जागिर, उहाँहरूको चाहिँ शिक्षण पेशाको स्थायित्वको निम्ति प्रस्तावित विद्यालय शिक्षा ऐनमा उल्लेख गरिएको कुरा पनि म यहाँहरूलाई निवेदन गर्न चाहन्छु । जो चाँडै नै सदनमा आउनेवाला छ । र त्यसमा माननीयज्यूहरूको पनि राय, माननीयज्यूहरूको पनि संशोधन, विचारहरू चाहिँ सामेल हुन सक्ने कुरा निवेदन गर्न चाहन्छु । धन्यवाद ।

(१४:४७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङलाई कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१४:४८ बजे) **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ**:- सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयक, २०८० अन्तर्गत कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा माननीय सदस्यहरूले राखुभएको विषयमा केन्द्रित रही प्रष्ट पार्न अनुमति चाहन्छु । नेपालको संविधान जारी भएपछि मन्त्रालयले संविधानबमोजिम बनाउनुपर्ने कानुनहरूको अध्ययन, पहिचान र प्राथमिकीकरण गरी कानुन संशोधन तथा निर्माणको लागि विधेयक पेस गरी कानुन सुधारको क्षेत्रमा काम गर्दै आएको छ । केही नेपाल ऐन संशोधन गर्ने ऐनमार्फत २०० भन्दा बढी ऐनहरूमा संशोधन गरी संविधान अनुकुल बनाइएको छ । यसको साथै संविधानले निर्देश गरेको समयसीमाभित्रै न्याय, प्रशासनसम्बन्धी कानुनहरूको सङ्घीय संसद, प्रदेश सभा र स्थानीय तहको निर्वाचनसम्बन्धी कानुनहरू तथा मौलिक हकको कार्यान्वयनको लागि आवश्यक कानुन निर्माण तथा संविधान जारी हुँदाका बखत प्रचलनमा रहेका कानुनहरूलाई संघीयताको मर्म अनुकुल बनाउने कार्य गरिएको तथ्य सबैबाट सबैमा सर्वविदितै छ । संविधान जारी भएपछि हालसम्म १ सय ९१ ओटा ऐनहरू जारी भइसकेका र यसबाट अधिकांश मौजुदा ऐनहरूलाई संविधान अनुकुल बनाइसकिएको

छ । नेपालको संविधानबमोजिम बनाउन बाँकी रहेका कतिपय ऐनहरू बनाउनको लागि सङ्घीय संसदमा विधेयक पेस भइ विचाराधीन रहेका तथा कतिपय विधेयकहरू कानुन मन्त्रालयबाट तर्जुमा सहमति भई सङ्घीय संसदमा पेस हुने चरणमा रहेका छन् ।

माननीय सदस्य श्री भगवनी न्यौपानेले प्रहरी ऐन, २०१०, रेडियो ऐन, २०१४, गोरखापत्र संस्थान ऐन, २०१९, छापाखाना र प्रकाशन ऐनसम्बन्धी ऐन, २०४३, प्रेस काउन्सील ऐन, २०४८, राष्ट्रिय प्रसारण ऐन, २०४९ श्रमजीवी पत्राकार ऐन, २०५१ लगायतका ऐनहरू पुराना भएको भनी राख्नुभएको विषयमा ती ऐनहरूमा पटक पटक संशोधन गरी नेपालको संविधान अनुकुल हुने गरी मिलाइसकिएको बेहोरा माननीय सदस्यलाई जानकारी गराउन चाहन्छु । साथै सञ्चार क्षेत्रसँग सम्बन्धित सुरक्षण मुद्रण विधेयक र सार्वजनिक सेवा प्रसारण विधेयक राष्ट्रिय सभाबाट पारित भई प्रतिनिधि सभामा विचाराधीन रहेको तथा आमसञ्चार सम्बन्धमा बनेको विधेयकमा कानुन मन्त्रालयबाट सहमति दिई सम्बन्धित मन्त्रालयमा पठाइएको छ । प्रहरी ऐन, २०१२, छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ प्रेस काउन्सील ऐन, २०४८ लगायत ७९ ओटा ऐनहरूलाई संशोधन गर्न केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा पेस भई विधायिकी प्रक्रियामा रहेको छ । कुनै पनि कानुन जारी भएको वर्षको आधारमा मात्र नयाँ वा पुरानो भन्न मिल्दैन, हुँदैन । समयानुकुलको संशोधन हुँदै आयो भने वर्षौं पुरानो कानुन पनि नयाँ सरह अद्यावधिक हुन्छ । कानुन निर्माण तथा मौजुदा ऐन समयानुकुल परिवर्तन गर्ने विषय नियमित प्रक्रिया भएको र उल्लिखित ऐनहरूलाई थप कार्यान्वयनयोग्य बनाउन आवश्यक सुधार गर्नुपर्ने विषयमा मन्त्रालय जानकार रहेको बेहोरा माननीय सदस्यलाई अनुरोध गर्न चाहन्छु ।

माननीय सदस्य मदन कुमारी शाह (गरिमा)ले संघीयता कार्यान्वयनको लागि संविधान प्रदत्त अधिकारहरूको उपभोगको लागि बनाउनुपर्ने ऐनहरू यथाशीघ्र बनाउन जरूरी भएको भनी राख्नुभएको चासोको सन्दर्भमा मौलिक हक कार्यान्वयनको लागि आवश्यक पर्ने ऐन निर्माण तथा सुधारको कार्यान्वयन मूलभूत रूपमा सम्पन्न भइसकेको बेहोरा जानकारी गराउन चाहन्छु । मौलिक हकसम्बन्धी ऐन कार्यान्वयनको लागि बनाउनुपर्ने नियमहरूमध्ये दुई ओटा नियमावली मात्र बनाउन बाँकी रहेका छन् । यसको लागि कानुन मन्त्रालयले सम्बन्धित मन्त्रालयसँग समन्वय र सहजीकरण गरिरहेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी बन्नुपर्ने नियमावलीको मस्यौदा प्राप्त हुनासाथ सहमति प्रदान गरिनेछ साथै आवश्यक अधिकारसम्बन्धी ऐनअन्तर्गत बन्नुपर्ने नियमावलीको सम्बन्धमा कानुन

मन्त्रालयमा मस्यौदा सहमित दिएसकेको बेहोरा जानकारी गराउन चाहन्छु । नियमावली छिट्टै जारी हुने विश्वास रहेको छ ।

माननीय सदस्य विना पोखरेलले Single Convention on Narcotic Drugs 1961 तथा United Nations Conventional Against Illicit traffic in Narcotic Drugs, and Narcotic Drugs and Psychotropic Substances 1988 को नेपाल पक्षराष्ट्र भएको गाँजा खेतीलाई वैध बनाई त्यसबाट लाभ हासिल गर्न लागु औषध नियन्त्रण ऐन, २०३३ लगायतको कानुनमा संशोधन गर्नुपर्ने विचार व्यक्त गर्नुभएकोमा गाँजाजन्य पदार्थको उत्पादन, खेती, विक्री, वितरण, निकासी, पैठारी ओसार पसार, भण्डारण र उपयोग गर्न व्यवस्थाको सोबाट समाजमा पर्ने सकारात्मक तथा नकारात्मक असर तथा अन्तर्राष्ट्रियको अभ्याससमेतको आधारमा नेपाल कानुन आयोगबाट अध्ययन प्रतिवेदन तयार भई आवश्यक कारबाहीका लागि उक्त प्रतिवेदन गृह मन्त्रालयमा पठाइसकिएको अवस्था छ । सन् २०२० मा अष्ट्रियाको भियनामा सम्पन्न Commission on Narcotic Drugs को ६३ औं Reconvene Session ले गाँजालाई निषेधित सूचीबाट हटाएर औषधीजन्य नियन्त्रित सूचीमा राखिएको तथ्यलगायत गाँजाको नियमनकासम्बन्धमा अन्तर्राष्ट्रियस्तरमा विकसित घटनाक्रमलाई समेत पनि ध्यान नेपाल सरकारले अध्ययन गरिरहेको छ । नेपाल सन्धिको पक्ष बन्ने क्रममा राखेका आरक्षण तथा सन्धि पक्ष राष्ट्र भएकोले त्यसबाट अन्तर्राष्ट्रिय दायित्वबमोजिम गर्नुपर्ने जिम्मेवारीमा पर्न सक्ने असरसमेतको अध्ययनका आधारमा नेपाल सरकारले यस सम्बन्धमा छिट्टै निष्कर्षमा पुग्ने विश्वास दिलाउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, विभिन्न अदालतहरूमा रिक्त रहेको न्यायाधीशहरूको पदपूर्ति समयमा गर्नको लागि न्याय परिषद्को सदस्यको हैसियतले मैले आफ्नोतर्फबाट पहल तथा प्रयास गरिरहेको बेहोरासमेत जानकारी गराउन अनुरोध गर्न चाहन्छु । छिटो छरितो न्याय सम्पादन गर्नका लागि मुद्दाको व्यवस्थापनको अतिरिक्त कार्यविधि कानुनमा सुधार गर्ने, अदालतको विशेषज्ञ क्षेत्राधिकारमा पुनरावलोकन गर्न विवाद समाधानका वैकल्पिक उपायको प्रबर्द्धन र प्रोत्साहान गर्ने विषयमा मन्त्रालयबाट अध्ययन गरी कानुनमा सुधार गर्न आवश्यक विधेयकको मस्यौदा तयार गरी सरोकारवाला निकायसँगको राय परामर्शको प्रक्रियामा रहेको बेहोरा अवगत गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्य श्री भगवती न्यौपानेले कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाउनको लागि खर्च कटौतीको प्रस्ताव पेस गर्नुभएको छ । समग्रमा हेर्दा माननीयज्यूको चासो र चिन्ताको मन्त्रालयको चासो र चिन्ताभन्दा फरक छैन । तर यसको समाधान खर्च कटौती गरेर होइन, सरकार र विधायिका

बिचको आपसी विश्वास र सहकार्यबाट मात्र सम्भव छ भन्ने मेरो विश्वास रहेको छ । मन्त्रालयको शीर्षकमा रहेको बजेटमा खर्च कटौतीको प्रस्ताव पेस गर्नुभएता पनि माननीय सदस्यले दिनुभएका सुझावहरू कानुन निर्माणलाई थप प्रभावकारी बनाउने, नागरिकलाई छिटो छरितो न्याय दिनेलगायतको विषयसँग सम्बन्धित रहेका छन् । प्रचलित कानुनमा समयानुकुल सुधार गर्ने तथा नेपालको सङ्घीय संरचनाबमोजिम कानुन निर्माण गर्ने लगायतको कार्यमा मन्त्रालय निरन्तर रूपमा लागिरहेको बेहोरा अनुरोध गर्दै माननीय सदस्यले आफ्नो खर्च कटौतीको प्रस्तावलाई फिर्ता लिई विनियोजन विधेयक पारित गर्न सहयोग गरिदिनुहुन विनम्र अनुरोध गर्दछु । धन्यवाद ।

(१४:५४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यहरूलाई १ मिनेट समय निर्धारण गरेको छु ।

माननीय भगवती न्यौपाने ।

(१४:५५ बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, कति जनताले न्यायको खोजीमा सडकमा भौँतारिरहेका छन् । स्थानीय तहका न्यायिक समितिले सबै मुद्दा हेर्दैन, सुरक्षाले पनि हेर्दैन । राज्य प्रणाली र नागरिकलाई जोड्ने भनेकै न्याय प्रणाली हो । त्यो कमजोर छ । राज्यले दण्ड दिने मात्र होइन, सहजीकरण गर्ने पनि हो । त्यसैले कानुनमा भएका व्यवस्था बारे जनतालाई सुसूचित गराउने पनि हो, तर राज्यले त्यसो गरिरहेको हुँदैन किन? म यो सोध्न चाहन्छु ।

र अर्को समयमानै कानुन बनाउने र संशोधन गर्ने कुरामा सरकार गैरजिम्मेवार भएको छ । त्यसैले समयमानै आवश्यक कानुन बनाउने कुरामा विधेयक ल्याउन सरकारलाई के कुराले रोकेको छ? म प्रष्ट हुन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

(१४:५६ बजे) **माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत मन्त्रीज्यूलाई प्रश्न । कानुन बनाउने एउटा महत्त्वपूर्ण पक्ष हो भने बनेको कानुन कार्यान्वयन र आमनागरिकलाई जानकारी गराउने उत्तिकै महत्त्वपूर्ण कुरा हो । यस बारेमा मन्त्रालयको योजना के छ? जान्न चाहन्छु ।

सङ्घीयता कार्यान्वयन संविधान अनुकुल थुप्रै नयाँ कानुन निर्माण संशोधन गर्नुपर्ने छ । तर विधेयक मस्यौदामा एकदम धेरै समय लागेको अवस्था हामीले देख्छौं । सरोकारवाला पक्षसँग चाहिँ समयसीमा हुन्छ, हुँदैन? यति समयभित्र चाहिँ सम्बन्धित पक्षले फिर्ता गर्नुपर्ने, त्यो व्यवस्था छ कि छैन? छैन भनी त्यो राख्नुपर्छ कि पर्दैन? मन्त्रीज्यूको विचार जान्न चाहन्छु । धन्यवाद ।

(१४:५६ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङलाई समय उपलब्ध गराउँछु ।

(१४:५७ बजे) **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङः**- सम्माननीय अध्यक्ष महोदय, वास्तवमा स्थानीय तहहरूमा जुन न्यायिक समितिहरू संविधानले प्रदत्त गरेको छ । यो चाहिने न्यायलाई जनतासँगै जोड्नका लागि हो । जनतासँगै न्याय हुन्छ । र जनताले सजिलोसँग न्याय पाउनको लागि पनि यो न्यायिक समितिहरू गठन गरेको हो । र यसले दण्डले मात्रै यसको उपलब्धी हुँदैन । यसका लागि सहजीकरण गर्नुपर्दछ सरकारले भन्ने सन्दर्भमा निश्चित रूपमा हामी यसमा सजग छौं । सरकार सजग छ । नेपाल सरकार सजग छ । कि दण्डको लागि दण्ड होइन न्यायका लागि कहिले काही दण्ड पनि गर्नुपर्दछ । र यस सन्दर्भमा निश्चित रूपमा न्यायको सहजीकरणको लागि न्यायलाई सहज पहुँच पुऱ्याउनको लागि नेपाल सरकार तत्परता रहेको कुरा निवेदन गर्न चाहन्छु ।

त्यस्तै माननीय सदस्यले जुन सरकार गैरजिम्मेवार भएको भन्ने कुरा उठाउनुभएको छ । गैरजिम्मेवार होइन । सरकार एकदमै जिम्मेवार भएर कानुनहरू निर्माण गरिरहेको अवस्था पनि निवेदन गर्न चाहन्छु ।

सङ्घीयताको कार्यान्वयनको सन्दर्भमा पनि हामीले कानुन निर्माणको क्रममा अस्ति भर्खरै पनि पोखरामा गएर हामीले यो चाहिने गृह मन्त्रीज्यूको अध्यक्षतामा बस्ने यो राष्ट्रिय अन्तर सम्बन्ध समितिको पनि हामीले सम्पन्न गरिसक्या छौं । त्यसमा पनि धेरै कुराहरू सुझाव आएका छन् । त्यसलाई पनि हामीले सुझावको रूपमा लिएर, यसलाई फेरि कानुन निर्माणको क्रममा छौं । धन्यवाद ।

(१४:५८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाललाई कृषि तथा पशुपन्छी विकास मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१४:५९ बजे) **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल**:- सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयक, २०८० अन्तर्गत कृषि तथा पशुपन्छी विकास मन्त्रालय र यस मातहतका निकायमा विनियोजित बजेटमा बजेटका विभिन्न शीर्षकमा यस सम्मानित सदनमा छलफल हुँदा माननीय सदस्यहरूले राख्नुभएका धारणा, सुझाव, टिप्पणी र प्रश्नहरूको सम्बन्धमा मन्त्रालयको धारणा प्रस्तुत गर्न उपस्थित भएको छु ।

म सर्वप्रथम छलफलमा भाग लिनुहुने सबै माननीयज्यूहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । माननीयज्यूहरूले कृषि क्षेत्रको सुधार र विकासका लागि सिँचाइको व्यवस्थापन, यान्त्रीकरण, बजारको व्यवस्थापन, कृषिजन्य उद्योगको स्थापना, सबै वडामा कृषि सेवा केन्द्रको स्थापनालगायत विभिन्न प्रकारका सुझावहरू दिनुभ'को छ । यी सबै सुझावहरूका लागि पनि म माननीयज्यूहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । र यी सुझावहरूले मन्त्रालयलाई आगामी दिनमा कार्य सञ्चालन गर्न मार्गदर्शन गर्ने छन् भन्ने धारणा पनि राख्न चाहन्छु ।

अध्यक्ष महोदय, अब म माननीयज्यूहरूले उठाउनुभएका केही मुख्य मुख्य विषयहरूमा मन्त्रालयको धारणा राख्न चाहन्छु । मन्त्रालयको १० बजेट शीर्षकमा शून्य बजेट भएको सन्दर्भमा के स्पष्ट पार्न चाहन्छु भने खारेज गर्ने भनिएका कार्यालयहरूबाहेक अन्य कार्यालयहरूको बजेट मन्त्रालयमै एकमुष्ट रूपमा रहेको छ । त्यसबाट कायम हुने, पछि कायम हुने जति पनि कार्यालयहरू छन्, ती कार्यालयहरूलाई एकमुष्ट रूपमा रहेको बजेटबाट

व्यवस्थापन गरिनेछ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको समेत शून्य देखिएता पनि बजेट वक्तव्यमा उल्लेखित भएको बेहोरा स्पष्ट गर्न चाहन्छु ।

राष्ट्रिय दुग्ध विकास बोर्ड र कपास विकास बोर्ड समिति बिघटन मन्त्रालयको प्रस्तावमा होइन, डाक्टर डिल्लीराज खनालले नेतृत्व गर्नुभएको खर्च पुनरावलोकन आयोगको सिफारिसमा गरिएको हो भन्ने कुरा स्पष्ट पार्न चाहन्छु । र विघटन गर्ने भनिएता पनि सरकारले यी क्षेत्रका काम नगर्ने भन्ने होइन, बरू दुग्ध विकास र कपास विकासको कार्यलाई अझै प्रभावकारी र उपलब्धिमूलक बनाउनका लागि पुनर्संरचना गर्ने भन्ने हो । त्यसरी नै यी दुवै संस्थाको कार्य अगाडि बढाइनेछ ।

अध्यक्ष महोदय, अहिले देशैभरि गाई, भैंसीमा लाग्ने एउटा सङ्क्रामक रोग फैलिएको छ । लम्की स्किन रोग भनिने यो रोग, नयाँ प्रकारको सरूवा रोग हो । यो रोग नेपालमा पहिलो पटक २०७७ मा देखा परेको थियो । यस वर्ष सबै देशका सबै जिल्लामा रोग देखा परेको छ । हालसम्म ७ लाख ८२ हजार १८४ पशु संक्रमित भएका छन् । सङ्क्रमितमध्ये २८ हजार १ पशुको मृत्यु भएको छ भने ५ लाख २१ हजार ८ सय १४ निको भएका छन् । र २ लाख ३२ हजार ३ सय ९ अहिले पनि सङ्क्रमित अवस्थामा रहेका छन् । लम्की स्किन रोगको सम्बन्धमा सरकारले केही पनि गरेन भन्ने होइन । यस रोगको उपचार तथा रोकथामका लागि मन्त्रालयबाट सम्भव भएसम्मका सम्पूर्ण प्रयास गरिएको छ । यस रोगको सङ्क्रमण मैले मन्त्रालय सम्हाल्नुभन्दा पहिलेनै फैलिन थालिसकेको थियो । त्यसको उपचारको निम्ति त्यति बेला मन्त्रालयमा पुग्दासम्म कुनै पनि कदम चालिएको थिएन । साढे २ महिनाअघिदेखि उपचार र नियन्त्रणको प्रयास थालिएको हो । यसको उपचार भनेको सङ्क्रमित पशुलाई आउने उच्च ज्वरो कम गर्ने, गिर्खामा मलम लगाउने र दाना पानी खुवाउने हो । नियन्त्रणको लागि सङ्क्रमण नभएका पशुलाई भ्याक्सिन लगाउने हो । यस रोगको भ्याक्सिन हाम्रो देशमा बन्दैन । अहिले हामीले जोर्डन, तान्जानिया र टर्कीबाट भ्याक्सिनहरू आयात गरिरहेका छौं । हालसम्म १२ लाखभन्दा बढी डोज भ्याक्सिन ल्याइएको छ । र २०८०/०३/२६ सम्म २ लाख ५० हजार ७ सय ६६ पशुलाई खोप लगाइएको छ । र अहिले सङ्क्रमण क्रमशः घट्ने क्रममा छ र मृत्युदर पनि क्रमशः घट्ने क्रममा रहेको यो सदन जानकारी गराउन चाहन्छु ।

यस रोगको रोकथाम तथा नियन्त्रणका लागि सङ्घ, प्रदेश र स्थानीय तहबाट आवश्यक औषधी आपूर्ति गर्ने व्यवस्था मिलाइएको छ । मन्त्रालयमा चालु आ.व.मा बचत हुने बजेट रकमान्तर गरी स्थानीय तहमा पठाइएको छ । र साथै विभिन्न विकास साझेदारहरूसँग यस

रोगको रोकथाम तथा नियन्त्रणका लागि सहयोग गर्न आह्वान पनि गरिएको छ । र अनुरोध पनि गरिएको छ । र समन्वय पनि गरिरहिएको छ ।

कृषि क्षेत्रमा प्राविधिक सेवा बन्द गरिएको छैन । एक गाउँ एक प्राविधिक तथा एक पालिका एक कृषि स्नातक र १ सय ६१ स्थानीय तहमा एक भेटनेरी डाक्टरका लागि सङ्घबाट सर्सत अनुदानअन्तर्गत बजेट विनियोजन गरिएको छ । सरकारले धान रोप्ने मेसिनलगायतका कृषि औजारमा अनुदान दिइरहेको छ । आयोजनाका कार्यक्रमहरूमा ल्याइने कृषि औजारमा ५० प्रतिशत अनुदान छ भने धेरैजसो कृषि औजारहरूमा सत प्रतिशत भन्सार छुट र भन्सार लाग्ने कतिपय औजारहरूमा पनि केवल १ प्रतिशतमात्रै भन्सार लाग्ने गरेको छ ।

युवाहरूलाई कृषिमा आकर्षित गर्न, कृषिमा आकर्षित गर्ने उद्देश्यले स्थानीय तहसँगको सहकार्यमा युवा Start Up कार्यक्रम र बाँझो जमिन उपयोग कार्यक्रमलगायत विभिन्न प्रकारका कार्यक्रमहरू ल्याइएको छ । र ती कार्यक्रमहरूका लागि बजेट पनि छुट्याइएको छ । जमिनको खण्डीकरण रोक्न चक्लाबन्दी कार्यक्रम अगाडि सारिएको छ । किसानहरूलाई योगदानमा आधारित वर्गीकृत किसान पेन्सन आयोजनाको अवधारणा अगाडि सारिएको छ । विभिन्न मन्त्रालय बिच समन्वय गरी काम गर्ने प्रयास गरिरहिएको छ ।

सङ्घीय कृषि ऐन मस्यौदा भई छलफलको अन्तिम चरणमा रहेको छ । कैलालीमा क्वारेन्टाइन र कृषि अनुसन्धान केन्द्र स्थापनाको लागि माननीयज्यूले जुन अनुरोध गर्नुभ'को छ । त्यसका लागि पालिकामार्फत औपचारिक प्रक्रियाबाट प्रस्ताव अगाडि बढाउन म हार्दिक अनुरोध गर्न चाहन्छु माननीयज्यूहरूलाई ।

अन्तमा माननीय कुमार दसौंसीले राख्नुभएको खर्च कटौतीको प्रस्ताव आफैंले राख्नुभएका कृषि तथा पशुपन्छी विकाससम्बन्धी ।

**(१५:०५ बजे)** **<u>पुनःपीठासीनः</u>**- सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

**<u>माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसालः</u>**- धारणा विपरित भएकाले फिर्ता लिनुहुन हार्दिक अनुरोध गर्दछु । धन्यवाद ।

**(१५:०५ बजे)** **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्यहरू, कृषि तथा पशुपन्छी विकास मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ । यसलाई सच्याएको

छ । माननीय सदस्यहरू, स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको सयम निर्धारण गरेको छु ।

माननीय कुमार दसौदी ।

(१५:०६ बजे) **माननीय श्री कुमार दसौदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, यो डिल्लीराज खनालको प्रतिवेदनका आधारमा खारेज गर्ने भन्ने कुरा जुन मन्त्रीज्यूले उठाउनुभो' कतै यी संस्थाहरू खारेज गर्दाखेरि उखु किसान र कुखुरा पालक किसानहरूले जसरी दुःख पाएका छन् । समयमा मुल्य पा'का छैनन् । लथालिङ्ग स्थिति छ, त्यस्तो नहोस् भन्ने कुरामा पुनः म जोड दिन चाहन्छु । र सकेसम्म खारेज नगरियोस् भन्ने कुरा पुनः चाहिँ राख्न चाहन्छु ।

त्यस्तै गरी मैले कृषि मन्त्रीजीलाई एउटा सुझाव के दिन खोज्या छु भने हाम्रो मुलुकमा एक वर्षमा २७ अर्बको मात्रै २७ अर्बको हामीले प्याज आयात गर्दा रहेछौं । राम्रोसँग कतिपय Cold Store हरू चलेका छैनन् या पालिकासम्म Cold Store को बनाउनुभनेर भनिएको छ । त्यसकारण यी Cold Store सञ्चालन पनि हुने र उत्पादन पनि हुने गरी त्यसको वरिपरिमा प्याज उत्पादन गर्ने गरी एउटा राम्रो अलि ठुलो प्रोजेक्टका साथ यसलाई चाहिँ लान सकियो भने कम्तीमा नि प्याज आयात गर्नेको मात्रा रोक्न सकिन्थ्यो कि? लगायतको कृषि बजार व्यवस्थापनको सन्दर्भमा ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय गोपाल कुमार बस्नेत ।

(१५:०७ बजे) **माननीय श्री गोपाल कुमार बस्नेत (नेपाली काँग्रेस)**:- ..... (आवाज नसुनिएको) । (**सम्माननीय अध्यक्ष**:- माननीय माइक अन गर्नुपर्‍यो ।) फेरि दोहोर्‍याउछु । सबै विधाका कृषि प्राविधिक सल्लाह, सहायकहरूको सल्लाहकारको रूपमा आवश्यकता छ गाउँ गाउँमा । के यो सरकारले ..... प्राविधिकहरूको गाउँगाउँमा खेतीपातीमा सबै विधामा आवश्यकता पूरा गर्ने बारे सरकारले केही सोँचेको छ? मौसमभन्दा पहिला या मौसमभन्दा ढिलो तयारी हुने फलफूल, सागसब्जी, बाली लगाउन सरकारको के कार्यक्रम छ? र चाँडोभन्दा चाँडो मल कारखाना ल्याउनुपर्ने आमसमुदाय र किसानहरूको माग छ । सरकारले यसतर्फ किन विचार कार्यक्रम अगाडि बढाउँदैन? धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय दिल कुमारी रावल थापा "पार्वती"।

(१५:०८ बजे) **माननीय श्री दिल कुमारी रावाल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूमार्फत मन्त्रीज्यूलाई प्रश्न । लम्की स्किन रोगको कारण ठुलो सङ्ख्यामा पशुचौपाया मरेका छन् । महामारीको अवस्था कायम नै छ । अर्बमा होइन खर्बकै हाराहारीमा क्षति हुने आकलन छ । किसानहरू आन्दोलनमा छन् । पीडित किसानहरूको राहतको बारेमा सरकारको तयारी के छ? जान्न चाहन्छु । धन्यवाद ।

(१५:०८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाललाई समय उपलब्ध गराउँछु ।

(१५:०९ बजे) **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसालः**- सम्माननीय अध्यक्षज्यू, प्रश्नकर्ता माननीयज्यूहरूलाई फेरि पनि हार्दिक धन्यवाद छ । जुन संस्थाहरू खारेज गरियो । दुग्ध विकास बोर्ड, कपास विकास समितिलगायतका अरू पनि संस्थाहरू त्यो चाहिँ डिल्लीराज खनालजीको नेतृत्वमा रहेको खर्च पुनरावलोकन आयोग कै सिफारिसका आधारमा गरिएको कुरा प्रष्ट नै छ । त्यसले गर्दाखेरि हामीलाई चाहिँ खास गरी कृषि क्षेत्रमा र पशु विकासको क्षेत्रमा क्षति नपुगोस् भन्नेतर्फ माननीय कुमार दसौदीजीले जुन सुझाव राख्नुभ'को छ । र सचेत पनि पार्नुभ'को छ । त्यसको निम्ति म धन्यवाद दिन चाहन्छु । र त्यसमा सरकारको तर्फबाट र मन्त्रालयको तर्फबाट पनि ध्यान गइरहेको छ । र त्यसै भएर मैले अघिनै भनिसकें कि यी संस्थाहरू विघटन गरिए पनि दुग्ध विकासको क्षेत्रमा यसको भन्नुको मतलब चाहिँ पशु पालनको क्षेत्रमा भन्ने नै हो । र कपास विकासको क्षेत्रमा हानी पुग्न नदिने गरी पुनःसंरचना गरेर अझै राम्रो बनाउने गरी नै जाने सरकारको धारणा हो र मन्त्रालयको पनि त्यही धारणा हो ।

माननीय गोपाल बस्नेतजीले अस्ति पनि डिटेलमा सुझाव राख्नुभा'छ । ती सुझावहरू राम्रा छन् । अहिले नै हामी कति कार्यान्वयन गर्न सक्छौं भन्ने मात्रै कुरा हो । जहाँसम्म कृषि प्राविधिकहरू सबै ठाउँमा पुऱ्याउन सकिन्छ कि सकिँदैन भन्ने प्रश्न छ । गतवर्ष नै सरकारले

७५३ पालिकामा नै कृषि स्नातक राख्ने गरी कार्यक्रम ल्याएको थियो । यो वर्षको नयाँ होइन, गतवर्ष नै ल्या'को थियो । र त्यसका निम्ति बजेट पनि विनियोजन गरिएको थियो । तर हामीसँग जनशक्तिको अभावले गर्दाखेरि सबै ठाउँमा राख्न सकिएको छैन । हामी क्रमशः त्यो जनशक्ति पूरा गर्ने र प्रत्येक पालिकामा खास गरिकन कृषिको एक जना प्राबिधिक सकेसम्म स्नातक तहको र त्यसै गरिकन पशु सेवाको पनि स्नातक तहको प्राविधिक पुऱ्याउनुपर्छ भन्ने धारणा रहेको छ सरकारको । त्यसैअनुसार नै हामी काम अगाडि बढाउँनेछौं । जहाँसम्म अब यो मल कारखाना खोल्ने, मौसमअनुसारको मौसमको पहिले नै जानकारी लिएर खेती गर्न सक्ने क्षमता हामीसँग छ कि छैन? भन्ने प्रश्न छ । यसमा चाहिँ हामीले अलि छलफल अलि गहन छलफल गर्नुपर्ने छ । माननीयज्यूहरूसँग फरि पनि छलफल गरौंला ।

लम्की स्किन रोगले जुन क्षति पुऱ्याएको छ । वास्तवमा धेरै ठुलो क्षति भएको छ । यो नयाँ कुरा होइन माननीयज्यूहरूलाई पनि थाहा छ । तीन वर्षदेखि आएको रोग हो । अहिलेसम्म हामीले चाहिँ त्यसमा उपचारै गर्न नसक्ने अवस्थामा थियो । रोकथामको निम्ति कुनै पनि प्रक्रिया हामीले सुरू नगरेको अवस्थामा थियौं भने अब यस चोटी कमसेकम यसको प्रक्रिया हामीले सुरू गरेका छौं । र प्रक्रिया सुरू गरिसकेपछि केही हदसम्म नियन्त्रण पनि भ'को छ । जहाँसम्म क्षतिपूर्तिको कुरा छ त्यसमा केही कानुनी प्रावधान पनि कानुन प्रबन्ध पनि गर्नुपर्ने अवस्था रहेको छ । अहिले हामी चाहिँ यस खालको सङ्क्रामक रोगलाई क्षतिपूर्ति दिन सक्ने गरी कानुन निर्माण गरिसकेको अवस्थामा छैनौं । त्यसकारण हामी आगामी दिनमा यस विषयमा छलफल गर्नेछौं । र यस्ता खालका महामारी अथवा सङ्क्रामक रोगबाट धेरै क्षति हुन नदिनका निम्ति एउटा कम्तीमा क्षति हुन नदिनका निम्ति नै पहल गर्नुपर्ने कुरामा कुनै दुई मत अथवा फरक मत रहेको छैन । त्यसकारणले माननीयज्यूले राख्नुभएको सुझावका निम्ति फेरि धन्यवाद दिन चाहन्छु । र विदा हुन्छु । धन्यवाद ।

(१५:१२ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, कृषि तथा पशुपन्छी विकास मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायण काजी श्रेष्ठलाई गृह मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१५:१२ बजे) **मानननीय उपप्रधानमन्त्री तथा गृहमन्त्री श्री नारायण काजी श्रेष्ठ**:- सम्माननीय अध्यक्ष महोदय, २०८०/०८१ को आर्थिक वर्षको बजेटअन्तर्गत विनियोजन शीर्षकमाथि छलफल हुँदा गृहमन्त्रालयअन्तर्गतको छलफलमा माननीय सदस्यहरूले धेरै विषय राख्नुभएको छैन । गृह मन्त्रालयअन्तर्गत सकारात्मक कामहरू भैरहेको मानेर नै अन्तरहृदयदेखि त्यसलाई समर्थन, सहयोग र ऐक्यबद्धता जनाउनुभएको होला भन्ने मैले अपेक्षा गरेको छु । त्यसको निम्ति धन्यवाद दिन चाहन्छु । त्यस्तै नै यस सदनबाट अनुचित लेनदेन अर्थात् मिटरब्याजीसम्बन्धी विधेयक पारित गरेर प्रतिनिधिसभामा पठाइएको छ । यो ऐतिहासिक काम सामान्ती शोषणको अवशेषलाई अन्त्य गर्ने सवालमा यो सदनको पहलकदमीका निम्ति सम्माननीय अध्यक्षज्यू र माननीय सदस्यज्यूहरूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । अहिले खर्च कटौतीको एउटा प्रस्ताव पनि आएको रहेछ । १ रुपियाँ मात्रै गृहमन्त्रालयअन्तर्गतको बजेट राख्न पऱ्यो भनेर, मैले भन्नै पर्दैन । यो सम्भव छैन । यो फिर्ता लिइदिनुहुन म अनुरोध गर्न चाहन्छु ।

एकजना माननीय सदस्यले यो तस्करी, दुर्व्यसनी नियन्त्रणको सन्दर्भमा सुझाव दिनुभएको छ । यसमा गम्भीरतापूर्वक गृहमन्त्रालयले काम अगाडि बढाएको छ । त्यसलाई अझ प्रभावकारी रूपमा अगाडि बढाउन दृढ छौं ।

एकजना माननीय सदस्यले जुम्लाको अन्तरजातीय विवाहका सन्दर्भमा घर जलाइएको जुन लाइएको महिलाको घर त्यसमा चाहिँ कारबाही गर्नुपर्यो, क्षतिपूर्ति पनि दिनुपर्यो भन्नुभा' रैछ । कारबाहीको प्रक्रियाअगाडि बढिसकेको छ । पक्राउ गर्ने र मुद्दा चलाउने अभियोजनको प्रक्रियाअगाडि बढिसकेको र अभियोजन गर्दा क्षतिपूर्तिको मागदावी पनि हामीले गरिसकेका छौं ।

प्रहरी समायोजनको पनि सन्दर्भ छ । सरकार प्रहरी समायोजनको प्रक्रिया अगाडि बढाउन, टुङ्गोमा पुऱ्याउन दृढ छ । अब अरू मलाई धेरै कुरा भन्नु छैन । अहिले गृह मन्त्रालयले हाम्रो सरकारको उद्देश्यमा जुन एक..... छ, त्यसलाई केन्द्रविन्दुमा राखेर काम अगाडि बढाइराखेको छ । सुशासन, समृद्धि र सामाजिक न्याय त्यसैलाई केन्द्रविन्दुमा राखेर हामी अगाडि बढाइराखेका छौं । र सुशासनको सन्दर्भमा सम्पूर्ण देशले र यो सदनका सम्पूर्ण माननीयज्यूहरूले पनि जुन प्रकारको समर्थन व्यक्त गर्नुभएको छ । त्यसको म उच्च मूल्याङ्कन गर्न चाहन्छु र हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यसले विश्राम लिने छैन । हामी देशको समृद्धिको लक्ष्य हासिल गर्ने सुशासन एक प्रकारको पूर्वसर्तमा गएको कुरालाई आत्मसात गरेका छौं । त्यसअन्तर्गत हामी अझै पनि अगाडि बढ्छौं । खालि त्यसो गर्दाखेरि हामी दुई तीनटा कुरामा प्रष्ट पार्न चाहन्छौं । निर्दोष कुनै पनि हालतमा नफसुन् । दोषी, अपराधी कुनै पनि

हालतमा नछुटुन् भन्ने मान्यता यो हामीले अख्तियार गरेका छौं । त्यो मान्यताअन्तर्गत काम अगाडि बढ्ने छन् । हामी के हो भने अर्को एउटा सन्दर्भमा ध्यानाकर्षण गराउन चाहन्छु । हामीले धनी र गरिब, सम्पन्न र विपन्नलाई छुट्टा छुट्टै कानुन हुँदैन भन्ने कुरा म ध्यानाकर्षण गराउन चाहन्छु र कतिपय अरू सन्दर्भमा चाहिँ हामी थुप्रै साधन स्रोत सीमाको बिच गृह मन्त्रालयले कामलाई अगाडि बढाउन प्रयत्न गरिराखेका छौं । यहाँहरूले सकारात्मक कामलाई समर्थन प्रकट गर्ने सिलसिलामा त्यसभित्रका कतिपय समस्या आफैंले बुझ्दिनुभएको भन्ने मैले महसुस गरेको छु । वृत्ति विकासका नेपाल प्रहरीभित्र, सशस्त्र प्रहरिभित्र केही समस्याहरू छन् । भौतिक पूर्वाधारका समस्याहरू केही छन् । र अरू पनि समग्र काम चाहे सीमा सुरक्षाका काम होस् । अपराध नियन्त्रणको काम होस् हैन, त्यसपछि शान्ति सुरक्षाको प्रभावकारी बनाउने काम होस् वा चाहिँ लागुऔषध नियन्त्रणको काम होस्, विपत् व्यवस्थापनको काम होस् । यी सबै कामहरू महिला दलितहरूमाथि भेदभावको अन्त्यको काम होस् । सबैलाई यी कामलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन साधन स्रोतको सीमाका बाबजुद हामी अधिकतम चाहिँ आफ्नो शक्तिलाई परिचालन गरेर परिणाम दिन प्रतिबद्ध छौं । धन्यवाद ।

(१५:१७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायण काजी श्रेष्ठले दिनुभएका जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पषटीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँदछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यहरूलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

(१५:१८ बजे) **माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्षज्यूमार्फत माननीय उपप्रधान तथा गृहमन्त्रीज्यूलाई प्रश्न नागरिकको जिउ धनको सुरक्षा, राष्ट्रिय सुरक्षाजस्तो महत्त्वपूर्ण जिम्मा गृह मन्त्रालयको छ । र हाम्रो सुरक्षा नीति पुनरावलोकनको क्रममा पनि छ । हाम्रो राष्ट्रियको सुरक्षा नीति कस्तो छ के छ भन्ने बारे आम नागरिकको चासो पनि छ । कतिपय संवेदनशील विषयमा गोपनीयताको कुरा होला तर आम राष्ट्रिय सुरक्षा नीतिको बारेमा आम नागरिकलाई जानकारी हुनुपर्छ भन्ने लाग्छ । राष्ट्रिय सुरक्षा नीति तयारीबारे के छ? जानकारी चाहन्छु । धन्यवाद ।

(१५:१९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायण काजी श्रेष्ठलाई समय उपलब्ध गराउँछु ।

(१५:१९ बजे) **माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्री श्री नारायण काजी श्रेष्ठ**:- सम्माननीय अध्यक्ष महोदय, माननीयज्यूले उठाउनुभ'को कुरा हाम्रो समितिमा पनि राम्ररी छलफल भा' थियो । अस्ति पनि फेरि राख्नुभएको छ । अहिले राष्ट्रिय सुरक्षा नीति छ । त्यो कारण निकै प्रक्रियामा छ । राष्ट्रिय सुरक्षा नीतिका कतिपय पक्षहरू संवेदनशील भा' हुनाले समग्र सुरक्षा नीतिको पक्षलाई सार्वजनिक गरिँदैन । त्यसलाई कार्यान्वयनको प्रक्रिया अगाडि बढिन्छ । त्यसलाई परिमार्जन गर्ने क्रममा हामी छलफल गर्दै जाउँला । धन्यवाद ।

(१५:२० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, गृहमन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री पूर्ण बहादुर खड्कालाई रक्षा मन्त्रालयसहित सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालको तर्फबाट राष्ट्रिय योजना आयोग प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१५:२० बजे) **माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री पूर्ण बहादुर खड्का**:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्षज्यूमार्फत म संसदमा उठेका पहिलो चरणमा रक्षा मन्त्रालयसँग सम्बन्धित विषयहरूका बारेमा स्पष्ट पार्ने, कतिपय प्रश्नहरूको जवाफ दिने क्रममा उभिएको छु । सबभन्दा पहिला त म सबै माननीय सदस्य जसले रक्षा मन्त्रालयको विनियोजन विधेयकको शीर्षकमा छलफलमा गर्ने क्रममा आफ्ना धारणाहरू आफ्ना सुझावहरू दिनुभएको छ । त्यसका लागि म सम्माननीय अध्यक्षज्यूमार्फत हार्दिक धन्यवाद र आभार व्यक्त गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, रक्षा मन्त्रालय मुलुकको संविधानले मन्त्रिपरिषद् कार्यसम्पादन नियमावलीले सुम्पिएको काम, कर्तव्य र अधिकारसँग जोडिएका विषयहरूलाई

कार्यान्वयन गर्ने सन्दर्भमा, पालना गर्ने सन्दर्भमा रक्षा मन्त्रालयसँग जोडिएका निकायहरूलाई सञ्चालन गर्ने, परिचालन गर्ने र मुलुक र जनताको हितमा उपयोग गर्ने हितमा प्रतिबद्ध छ । सचेत छ । त्यसका प्रति हामी गम्भीर छौं भन्ने कुरा म प्रष्ट पार्न चाहन्छु । मुलुकको भौगोलिक अखण्डता, राष्ट्रिय स्वाभिमान, मुलुकको रक्षा गर्ने सन्दर्भमा हामी नेपालीहरू सबैको सबभन्दा पहिलो उद्देश्य प्रमुख कर्तव्य देशका प्रति हामी सबैको समान धारणा समान सङ्कल्प र त्यो विषयसँग जोडिएका सबै निकायहरू प्रतिबद्ध छन् भन्ने कुरामा हाम्रो दुई मत हुन्छ भन्ने मलाई लाग्दैन । त्यस किसिमले जोडिएर हाम्रो संविधानले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय अखण्डताको रक्षाको लागि संविधानप्रति पूर्ण रूपमा प्रतिबद्ध भएको नेपाली सेनाको एक सङ्गठनको प्रबन्ध संविधानले गरेको व्यवस्थाप्रति माननीय सदस्यहरू जानकार नै हुनुहुन्छ । नेपाली सेना हाम्रो संविधान प्रचलित कानुन तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप सीमा सुरक्षा एवम् भौगोलिक अखण्डताको रक्षा गर्ने कार्यमा सदैव क्रियाशील रहेको बेहोराप्रति म सम्माननीय अध्यक्षमार्फत सबै माननीय सदस्यहरूलाई अनुरोध गर्न चाहन्छु । जहाँसम्म नेपाली सेनाको सङ्ख्यासँग जोडिएर केही कुराहरू हाम्रा अगाडि आउँछन्, छलफलको विषय बन्छ । त्यस सन्दर्भमा सम्माननीय अध्यक्षमार्फत म मन्त्रालयको धारणा नेपाल सरकारको धारणा प्रष्ट पार्न चाहन्छु । कुनै पनि राष्ट्रको सेनाको सङ्ख्या त्यस देशको भौगोलिक अवस्था, राष्ट्रिय आवश्यकता, अन्तर्राष्ट्रिय परिवेश र बेला बेलामा मुलुकको आवश्यकताअनुसार निर्धारण हुने गर्दछ । नेपाली सेनाको सङ्ख्या राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा नेपाल सरकारको निर्णयबमोजिम निर्धारण हुने गरेको बेहोराप्रति माननीय सदस्यहरू जानकार नै हुनुहुन्छ । संविधान तथा अन्य कानुनले सुम्पिएको जिम्मेवारी, नेपाली सरकारद्वारा समय समयमा तोकिएका अन्य जिम्मेवारी, अन्तर्राष्ट्रिय रूपमा शान्ति स्थापना गर्ने कार्यलगायत विभिन्न कार्य जिम्मेवारीको आधारमा नेपाली सेनाको सङ्ख्या निर्धारण हुने भएकोले नेपाली सेनाको सङ्ख्यालाई उल्लेखित विषयको सापेक्षतामा हेरिनुपर्दछ भन्ने कुरा म निवेदन गर्न चाहन्छु । नेपाली सेनाको अहिलेको हाम्रो सङ्ख्या दरबन्दी ९६ हजार ४ सय ७७ रहेको छ । त्यसमध्ये अहिले कायम भएको सङ्ख्या ८१ हजार २ सय ७७ छ । जसमध्ये ७४ हजार ५ सय ५ पुरुषको सङ्ख्या छ भने ६ हजार ७ सय ७२ महिलाको सङ्ख्या कायम रहेको अवस्था छ । समग्रमा नेपाली सेनाको कायम भएको अहिलेको जनशक्तिको दुइटा चरणमा हामीले सेनाको काम कारबाहीलाई व्यवस्थित गरेका छौं । शान्ति सेना तालिम आयोजना विपत् र विकास निर्माणसँग जोडिएका काममा हामीले ४० हजार २ सय ७ नेपाली सेनाका जवान अधिकृतहरू, पदाधिकारीहरूलाई उपयोग गरेका छौं । त्यसै गरी अपरेसन duty मा लगायतको विषयमा खटिएका सेनाको सङ्ख्या ४१ हजार ७० रहेको छ । यसरी हाम्रो नेपाली सेनाको

समग्र सङ्ख्याको सन्दर्भमा हामीले गरेको व्यवस्था र हामीले दिएको जिम्मेवारी, यो रूपमा रहेको कुरा म सम्माननीय अध्यक्षज्यूमार्फत माननीय सदस्यहरूलाई निवेदन गर्न चाहन्छु । सँगसँगै हामीले नेपाली सेनालाई मुलुकको आवश्यकताअनुसार मुलुकको परिवेशअनुसार विभिन्न जिम्मेवारीमा नेपाल सरकारको निर्णयअनुसार विभिन्न काममा लगाएको अवस्था पनि छ । जस्तोः भौतिक पूर्वाधार निर्माणका विषयमा हामीले सेनाको सङ्ख्यालाई परिचालन गरेका छौं । त्यसै गरी वातावरण तथा प्रकृति संरक्षणको विषयमा हामीले प्रयोग गरेका छौं लगाएका छौं । त्यसै गरी विपत् व्यवस्थापनको सन्दर्भमा सेनाको महत्त्वपूर्ण नेतृत्वदायी भूमिका छ भन्नेमा हामी सबै जानकार छौं भन्ने लाग्दछ । त्यस्तै गरी अन्तर्राष्ट्रिय शान्ति स्थापनाको सन्दर्भमा नेपाली सेनाको भूमिका वर्षौंदेखि विश्वमा अत्यन्त सम्मानित छ, र अत्यन्त गौरवमय छ भन्ने कुरामा हामी पनि जानकार छौं । विशेष गरी नेपाली सेना विश्वको कुनै पनि भागमा संयुक्त राष्ट्र सङ्घको छातामुनि कुनै मुलुकमा भएको द्वन्द्व व्यवस्था गर्ने सन्दर्भमा शान्ति कायम गर्ने सन्दर्भमा त्यहाँका द्वन्द्वरत देशका जनताका बिच जब नेपाली सेना पुग्दछन्, उनीहरूले त्यहाँ भूमिका निर्वाह गर्न थाल्दछन्, नेपाली सेनाका प्रति विश्वास यो द्वन्द्व पीडित जनताले दर्साएको अपनत्व, नेपाली सेनाको उपस्थितिले द्वन्द्वरत देशमा शान्ति स्थापना गर्ने कार्यमा अत्यन्त महत्त्वपूर्ण मनोवैज्ञानिक प्रभाव पर्ने गरेको विषय पनि संसारभरि अत्यन्त चर्चित विषय छ ।

यो सन्दर्भमा हामीले हाम्रो नेपाली सेना, नेपाली जनता, नेपालको माटोसँग, नेपालको भूगोलसँग, नेपालको जिम्मेवारीसँग वर्षौंदेखि प्रतिबद्ध भएको एक गौरवशाली संगठित, व्यवस्थित, व्यवसायिक र अनुशासित सङ्गठनको रूपमा हामीले हेर्दै आएको छ । त्यही रूपमा नेपाली सेनाको परिचय नेपाली जनताको बिचमा विश्व रङ्गमञ्चमा स्थापित छ, परिचित छ र कतिपय सन्दर्भमा लोकप्रिय छ । र विश्व शान्तिको सन्दर्भमा नेपाली सेनाको उपस्थिति सङ्ख्यात्मक रूपमा दोस्रो छ, र प्रभावकारीताको रूपमा अब्बल छ भन्ने कुरा मैले राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूमार्फत यस सदनमा अनुरोध गर्न पाउँदा आफुलाई गौरवको अनुभूति पनि गर्दछु ।

यसकारण त्यसै गरी हामी यहाँ सन्दर्भ एउटा छ, हामीले नेपाली सेनाको व्यवस्थापनको सन्दर्भमा, बसोबासको सन्दर्भमा, ब्यारेकहरूको बन्दोबस्तीको सन्दर्भमा अहिले पनि कतिपय सेनाको टुकडीहरू व्यवस्थित ब्यारेक नभएको सन्दर्भमा उठेको कुराहरू छ । विशेषत हामीले कुनै सन्दर्भमा हाम्रो मुलुकको आवश्यकताअनुसार नेपाली सेनाको परिचालन गर्ने सन्दर्भमा तत्कालीन अवस्थाअनुसार नेपाली सेनालाई हामीले खटनपटनमा लगाउँदाको सन्दर्भमा व्यवस्थित ब्यारेकहरू सन्दर्भको कमी थियो । त्यसकारण अत्यन्त प्रतिकुल अवस्थामा मुलकुको आन्तरिक सुरक्षा, नेपाली जनताको जीउधनको रक्षाको लागि नेपाली सेनाका जवान अधिकृतहरूले आफुलाई

सम्पूर्ण रूपमा समर्पित गरेर त्यो दुःख सहेर पनि मुलुकको आन्तरिक सुरक्षा, नेपाल जनताको जीउधनको सुरक्षाको सन्दर्भमा खट्दै जाँदा एउटा अवस्था हामीले बेहोरेको हामी सबै जानकार छौँ । त्यही सन्दर्भमा मुलत सेनाको लागि बङ्करबाट ब्यारेकमा फर्काउने एउटा अभियानअन्तर्गत आर्थिक वर्ष २०६६/०७७ देखि एउटा अभियान हामीले सुरू गऱ्यौं । त्योअनुसार टोटल हामीले ५ हजार ८ सय ५० कुल ब्यारेकको निर्माण गर्नुपर्ने हाम्रो भौतिक आवश्यकता थियो । त्योअनुसार अहिलेसम्म हामीले ३ हजार ७ सय २२ ब्यारेक निर्माण गरेर बङ्करमा रहेको सेनालाई व्यवस्थित ब्यारेकमा फर्काइ सकेको अवस्था छ । र आगामी वर्षको बजेटमा पनि लगभग हामीले २ अर्बको हाराहारीको बजेट व्यवस्था गरेका छौँ । बाँकी बङ्करमा रहेका सेनाहरूलाई व्यवस्थित ब्यारेकमा फर्काउने सन्दर्भमा पनि हामीले यी कुराहरूलाई प्रमुखतामा राखेको कुरा म सम्माननीय अध्यक्षज्यूमार्फत प्रष्ट पार्न चाहन्छु ।

यसै गरी विदेशको तालिमसँग जोडिएर केही प्रसङ्गहरू, केही जिज्ञासाहरू, केही प्रश्नहरू पनि हाम्रो बिचमा उठेका छन् । यस सन्दर्भमा मेरो सम्माननीय अध्यक्षमार्फत म प्रष्ट पार्न चाहन्छु । विद्यमान विश्व सुरक्षाको वातावरण एवम् प्रविधिको विकास अनुरूप क्षमता अभिवृद्धिको लागि नेपाली सेनालाई स्वदेशी तालिमको विविध व्यवस्थाहरू हामीले आफ्नो देशभित्रै गरेका छौँ । त्यस अतिरिक्त कतिपय हाम्रो वर्षौंदेखि विदेशी तालिममा समेत हामीले हाम्रो नेपाली सेनालाई सरिक गराउने गरेको कुरा हामी सबै जानकार छौँ र म निवेदन गर्न चाहन्छु । सँगसँगै कतिपय मुलुकका सेना, सेनाहरू पनि हाम्रो नेपाली सेनाको नेपालमा रहेको तालिम केन्द्रमा आएर तालिम गर्ने, एउटा यो उपयोगिताको आधारमा परराष्ट्र मन्त्रालयसँग समन्वय गरी नेपाली सेना सहभागी गराउने हाम्रो प्रचलन छ, नियमित हाम्रो प्रक्रिया रहेको कुरा म सम्माननीय अध्यक्षमार्फत माननीय सदस्यज्यूहरूलाई अनुरोध गर्न चाहन्छु । यसै गरी नेपाली सेनाका विभिन्न शिक्षण संस्थाहरूमा मित्र राष्ट्रहरूको सैनिकहरूसमेत पारस्पारिकताको आधारमा तालिममा सहभागी गराउने विगतदेखिको हाम्रो परम्परा र प्रक्रिया रहेको समेत म अनुरोध गर्न चाहन्छु । यस्तो खालका तालिमका प्रक्रियाबाट बहुपक्षीय र ज्ञान प्राप्त हुने, सिपमा वृद्धि हुने, सँगसँगै मित्र राष्ट्रहरूको सम्बन्धमा विस्तार गर्नसमेत सहयोग पुग्दै आएको बेहोरा म माननीय सदस्यहरूलाई अनुरोध गर्न चाहन्छु ।

र यसरी हाम्रो प्रक्रियालाई अगाडि बढाउँदै जाँदा रक्षा मन्त्रालय, रक्षा मन्त्रालयसँग जोडिएको नेपाली सेना र अन्य निकायहरूको स्पष्ट रूपमा निवेदन गर्न चाहन्छु । हाम्रो मुलुकको सुरक्षा, हाम्रो मुलुकको सीमाको रक्षा, मुलुकको भौगोलिक अखण्डताको रक्षा, मुलुकको स्वाभिमानको रक्षा गर्ने कुरामा पूर्ण प्रतिबद्ध छौं, सक्षम छौँ । साँचिकै भन्नुपर्दा सृष्टि रहेसम्म

हाम्रो देश रहन्छ, हाम्रो मुलुक रहन्छ, संसार रहेसम्म । त्यति बेलासम्म हाम्रो मुलुकको रक्षाका लागि, मुलुको भौगोलिक अखण्डता रक्षाको लागि, सीमाको रक्षाको लागि, हामी नेपालीहरू, हामी नेपालीहरू साहससँगै हाम्रो नेपाली सेना पूर्ण रूपमा प्रतिबद्ध छ । र सफलताका साथ ती सबै प्रतिकुलतामा पनि अनुकुलतामा परिणत गर्दै यी सबै कार्यमा नेपाली सेनाले आफ्नो भूमिका अत्यन्त अनुशासित, सङ्गठित रूपमा सरकारको निर्णय र आदेशबमोजिम आफ्नो भूमिका निर्वाह गर्दै आएको कुरालाई म स्मरण गर्न चाहन्छु ।

त्यसैले सम्माननीय अध्यक्ष महोदय, वैदेशिक तालिमसँग जोडेर गरिएका यी सबै नियमित र हाम्रो प्रचलनअनुसार गरिएका सबै सम्झौताअनुसार भएका यी सबै कुराहरूमा कहीँ कतै पनि विदेशको अथवा विदेशीको अथवा कसैको नकारात्मक प्रभाव वा हाम्रो प्रक्रियामाथिको कहीँ कतै हस्तक्षेपको गुञ्जायसै छैन । सम्भवै छैन । त्यो कल्पना पनि गर्न सकिँदैन । त्यसैले मेरो सम्माननीय अध्यक्षज्यूमार्फत हामी सबैले हाम्रो यो प्रक्रियालाई, हाम्रो काम गर्ने शैलीलाई हामीले जिम्मेवारी लिँदाखेरिको सन्दर्भलाई हामीले गौरवको रूपमा लिनुपर्दछ भन्ने मेरो नम्र निवेदन छ । कहीँ कतै पनि कतिपय साना तिना त्रुटि कमजोरीले कहीँ कतै त्यस्तो भएको छ भने त्यसलाई हामीले सुधार्नुपर्छ, सच्याउनुपर्छ । समग्रमा हाम्रो मुलुकको सुरक्षा, हाम्रो मुलुकको सीमाको रक्षा, हाम्रो मुलुकको परराष्ट्रको नीतिको सञ्चालन र हाम्रो मुलुकको सेनाको सन्दर्भको कुरा आउँदा हामीले गौरवका साथ भन्नुसक्नुपर्छ र सक्दछौं कि हामी यी सबै कुरामा हामी पूर्ण रूपमा प्रतिबद्ध छौं । र हामी सक्षम छौं । र हाम्रो मुलुको रक्षाको लागि हामीलाई कसैले पनि दायाँ, बायाँ गर्न सक्दैन भन्ने कुराको त्यो गौरवको अनुभूति हामीमा छ र सबै नेपालीमा छ । र नेपाली सेना त्यो रूपमा पूर्ण रूपमा प्रतिबद्ध, अनुशासित छ भन्ने कुरा म प्रष्ट रूपमा सम्माननीय अध्यक्षज्यूमार्फत यो सदन र सदनमार्फत आमनेपाली दाजुभाई, दिदीबहिनीहरूलाई प्रष्ट पार्न चाहन्छु ।

यसरी सम्माननीय अध्यक्षज्यू, रक्षा मन्त्रालयसँग सम्बन्धित यी विषयहरूमा माननीय सदस्यज्यूहरू थप सुझावहरू दिनुभएको छ । ती सुझावहरूलाई रक्षा मन्त्रालय अत्यन्त सकारात्मक रूपमा ग्रहण गर्दछ । र भविष्यमा रक्षा मन्त्रालय, रक्षा मन्त्रालय मातहत गरिने कतिपय कामहरू २०८०/०८१ को आ.व २०८०/०८१ को बजेटसँग जोडिएका योजनासँग जोडिएका विषयहरूलाई कार्यान्वयन गर्ने सन्दर्भमा माननीय सदस्यहरूले यहाँ राखुभएको धारणाबाट हामीलाई धेरै सुझाव र धेरै आगामी कामहरूलाई, अभियानलाई अगाडि बढाउने सन्दर्भमा मद्दत पुग्ने पनि मैले विश्वास लिएको छु । त्यसका लागि म सबै माननीय

सदस्यज्यूहरूलाई हृदयदेखि नै आभार र धन्यवाद व्यक्त गर्न चाहन्छु । र सम्माननीय अध्यक्षज्यू यसरी रक्षा मन्त्रालयसँग जोडिएका विषयहरूमा मैले प्रष्ट पार्ने र केही धारणाहरू राख्ने कोसिस गरे ।

अब म सम्माननीय अध्यक्षज्यूको अनुमतिले सम्माननीय प्रधानमन्त्रीज्यूले सम्हाल्नुभएका राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय योजना आयोगसँग सम्बन्धित विनियोजन विधेयकसँग जोडिएका राष्ट्रिय सभामा उठेका जिज्ञासाहरू, प्रश्नहरू र प्राप्त सुझावहरू बारेमा सम्माननीय प्रधानमन्त्रीज्यूको तर्फबाट म यी विषयहरूमा आफ्नो धारणा सम्माननीय प्रधानमन्त्रीज्यूको तर्फबाट राख्न चाहन्छु ।

हामी सबैलाई थाहा छ । सम्माननीय प्रधामन्त्रीज्यू आफ्नो प्रिय जीवनसङ्गीनीको दुःखद निधनको पीडामा, दुःखमा बस्नुभएको छ । त्यसैले आज म सम्माननीय प्रधानमन्त्रीज्यूको तर्फबाट सम्माननीय अध्यक्षको अनुमतिले यी विषयहरूमा सम्मानित सदनसमक्ष केही कुराहरू राख्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यज्यूहरू नेपाल सरकारको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रममा उल्लेखित राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय योजना आयोगलगायतका निकायसँग सम्बन्धित विषयमा यस सम्मानित सदनमा माननीय सदस्यहरूले छलफलको क्रममा व्यक्त गर्नुभएको विचार, जिज्ञासा र सुझावका प्रति म सम्माननीय प्रधानमन्त्रीको तर्फबाट माननीय सदस्यज्यूहरूलाई आभार र धन्यवाद व्यक्त गर्न चाहन्छु । सरकारले लगभग साढे छ महिनाको अवधिमा सुशासन, समृद्धि र सामाजिक न्यायलाई केन्द्र विन्दुमा राख्दै मुलुक र जनताको हितमा दुरगामी महत्त्व राख्ने विभिन्न नीतिगत कानुन तथा संस्थागत सुधारका कार्यलाई प्राथमिकताका साथ अघि बढाएको छ । समावेशी, सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरण, अर्थतन्त्रको पुनरुत्थान र सबलीकरण, सार्वजनिक सेवा प्रवाहमा सुधार र सबलीकरण, नागरिकमैत्री प्रशासनको स्थापना, भ्रष्टाचार नियन्त्रण र राज्यका सबै तहमा सुशासनको प्रवर्द्धन गर्ने उद्देश्यले सरकारले विभिन्न कदम चालेको कुरा माननीय सदस्यज्यूहरूलाई राष्ट्रिय सभाको सम्माननीय अध्यक्षज्यूमार्फत अनुरोध गर्न चाहन्छु ।

विकास निर्माण कार्यलाई स्वतन्त्र र सन्तुलित, विकास निर्माणका कार्यलाई गति दिन शान्ति प्रक्रियालाई यथाशीघ्र तार्किक निष्कर्षमा पुऱ्याउन तथा स्वतन्त्र सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्ने, राष्ट्रिय हितको अधिकतम रक्षा गर्न सरकार पूर्ण रूपमा प्रतिबद्ध छ । यस अवधिमा अर्थतन्त्रका अधिकांश परिसूचकहरू सकारात्मक हुन पुगेका छन् ।

नेपाल राष्ट्र बैङ्कले भर्खरै प्रकाशन गरेको मासिक प्रतिवेदनअनुसार अर्थतन्त्रका बाहिरी सूचकमा उल्लेखनीय सुधार आएको छ । २०८० शोधनान्तर स्थिति २ अर्ब २८, २ खर्ब २८ अर्ब ९८ करोड रुपैयाँले बचतमा रहेको, विदेशी विनिमय सञ्चिति गतवर्षको सोही अवधिको तुलनामा २१ पोइन्ट ८ प्रतिशतले वृद्धि भई १४ खर्ब ८० अर्ब ८७ करोड पुगेको तथा यसले साढे छ महिनाको वस्तु तथा सेवाको आयात धान्न पुग्ने अवस्था रहेको, विप्रेषण आयमा २२ पोइन्ट ७ प्रतिशतले वृद्धि भई ११ खर्ब १२ अर्ब ५२ करोड रुपैयाँ पुगेको र मुद्रास्फीति केही कम भई केही सुधार भई ६ पोइन्ट ८३ प्रतिशतमा सीमित रहन पुगेको सकारात्मक अवस्था म निवेदन गर्न चाहन्छु । अर्थतन्त्र गतिशील बनाउने गरी आर्थिक सुधारका कार्यक्रमहरूअघि बढाइएको छ । जुन आगामी वर्षको नीति तथा कार्याक्रम र बजेटमार्फत अभिव्यक्त भइसकेका छन् ।

सम्माननीय अध्यक्ष महोदय, सरकारले यस अवधिमा गरेका कार्यहरूको सूची धेरै छन् । तर सङ्क्षेपमा प्राप्त उपलब्धिहरू पनि उल्लेखित छ । त्यस विषयमा केही दिनअगाडि मात्र यसको विस्तृत विवरण नेपाल सरकारको तर्फबाट सार्वजनिक भइसकेको बेहोरा माननीय सदस्यज्यूहरूलाई जानकारी भइसकेको बेहोरा पनि म अनुरोध गर्न चाहन्छु । सङ्क्षेपमा म यति भन्न चाहन्छु । सरकारले चालेका कदम र अघि बढाएका कार्यहरूले जनतामा सरकारप्रति भरोसा बढाएको छ भने हाम्रो सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधानले परिकल्पना गरेका जनताका हकहितसँग जोडिएका कुराहरूमा एउटा नयाँ आशा, नयाँ एउटा विश्वासको वातावरण सृजना हुन थालेको सङ्केतहरू हामीलाई प्राप्त भएका छन् । सार्वजनिक सेवा प्रवाहमा जनताले साविकमा भोग्दै आएका झन्झट, सास्ती उल्लेख्य मात्रामा कमी आएको छ । विकास निर्माणले गति लिन थालेको छ । देशमा नयाँ आशा र विश्वास, सञ्चार भएको छ । यसलाई आगामी दिनमा थप गति लिँदै जनताको सुशासन, समृद्धि र सामाजिक न्यायको सपनालाई यथाशीघ्र पूरा गर्न सरकार पूर्ण रूपमा प्रतिबद्ध भएको बेहोरा म सम्माननीय अध्यक्षमार्फत सम्मानित सदनसमक्ष अनुरोध गर्न चाहन्छु ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, व्यावसायिक र जवाफदेही बनाउँदै भ्रष्टाचारलाई कडाइका साथ नियन्त्रण गर्न नीतिगत कानुन तथा संस्थागत सुधार सुरु गरिएको बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउन चाहन्छु । भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीतिलाई राज्यका तीनै तहमा कडाइका साथ कार्यान्वयन गरिएको, नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाइँदै विदेश पठाउनु तथा ललिता निवासको सरकार जग्गालाई

अनेक प्रपञ्च गरी निजी बनाउने प्रकरणको निष्पक्ष र तथ्यपरक छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याउने कार्य अगाडि बढाइरहेको छ ।

मिटरब्याज पीडितहरूको समस्या समाधान गर्न सरकार दृढताका साथ अगाडि बढेको छ र यसै सम्मानित सदन राष्ट्रिय सभाबाट पारित भई प्रतिनिधि सभामा गएको विधेयक छलफलको क्रममा भएको बेहोरा माननीय सदस्यहरूलाई जानकारी नै छ । राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठक भर्खरै पोखरामा सम्पन्न भएको छ । यस बैठकले संघीयता कार्यान्वयनलाई गति दिने उद्देश्यले महत्त्वपूर्ण निर्णयहरू गरेको छ । ती निर्णयहरूलाई कार्यान्वयन गर्ने दिशामा सरकार सम्पूर्ण रूपमा अगाडि बढेको कुरा म माननीय सदस्यजीहरूलाई सम्माननीय अध्यक्षज्यूमार्फत अनुरोध गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, सरकारले प्रस्तुत गरेका नीति र कार्यक्रम र बजेटबिच तालमेल, तादात्म्य कायम गर्नुपर्ने भन्ने माननीय सदस्यहरूले छलफलको क्रममा उठाउनुभएको विषयका सन्दर्भमा सुझावलाई सरकारले गम्भीरतापूर्वक लिएको कुरामा अनुरोध गर्न चाहन्छु । नीति तथा कार्यक्रममा केही सङ्क्षिप्त हुने र बजेट चाहिँ विस्तारित हुने भएकाले यी दुई दस्तावेजबिच सामञ्जस्य नभएको हो कि जस्तो लागेको हुन पनि सक्दछ । समग्रमा नीति तथा कार्यक्रमका प्राथमिकता र उद्देश्य कार्यान्वयन गर्ने गरी बजेट तथा कार्यक्रम तयार गरिएको छ । नीति तथा कार्यक्रममा बजेट बिच अझ बढी तालमेल र तादात्म्य कायम गर्न आगामी वर्षदेखि मन्त्रालयगत बजेट सीमा निर्धारण भएपश्चात् फागुन मसान्त भित्र विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता संघीय संसदमा पेस गरी छलफल गर्ने व्यवस्था मिलाउनुपर्नेतर्फ संसदमा उठेका महत्त्वपूर्ण सुझावलाई ध्यानमा दिँदै त्यसतर्फ मिलाउनुपर्ने तर्फ सरकारको गम्भीर ध्यानाकर्षण भएको कुरा म माननीय सदस्यज्यूहरूलाई अनुरोध गर्न चाहन्छु ।

माननीय सदस्यहरूले दिनुभएका सुझाव र सल्लाहका आधारमा नीति तथा कार्यक्रम बजेट निर्माण गर्ने कुरामा आगामी दिनहरूमा धेरै ठुलो मद्दत पुग्ने विश्वास सरकारले लिएको छ ।

सम्माननीय अध्यक्ष महोदय, बजेटले नवउदारवादी, वित्तीय पुँजीवादलाई पश्रय र समाजवाद उन्मुख नभएको भनी केही माननीय सदस्यहरूले चिन्ता व्यक्त गर्नुभएको सन्दर्भ पनि यहाँ उठेको छ । यो सन्दर्भमा सरकारी निजी र सहकारी तीनै क्षेत्रको समन्वयात्मक प्रयासमा समाजवाद उन्मुख आर्थिकको निर्माण गर्न वर्तमान सरकार प्रतिबद्ध छ । सरकारले तीन खम्बे अर्थ नीतिको अवधारणालाई आत्मसात् गर्दै सबै किसिमका शोषण, विभेद र आर्थिक असमानता अत्य गर्दै न्यायपूर्ण र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न दृढ रहेको कुरा म सम्माननीय अध्यक्षमार्फत माननीय सदस्यहरूलाई अनुरोध गर्न चाहन्छु । संघीयताको पूर्ण कार्यान्वयनका

लागि आवश्यक पर्ने विभिन्न कानुन निर्माणलाई प्राथमिकतामा राखेको छ । संघीय निजामती सेवा ऐन, संघीय शिक्षा ऐन, मिटरब्याज पीडितलाई कानुनी उपचार प्रदान गर्ने प्रारम्भिक कानुनहरूलगायतका संघीयतासँग जोडिएका जनतासँग जोडिएका ऐनहरू निर्माणको सन्दर्भमा सरकारका प्राथमिकताको उच्च .....माथि ऐनहरूको निर्माण प्रक्रिया अगाडि रहेको छ । राष्ट्रिय प्रकृति स्रोत तथा वित्त आयोगको सिफारिसअनुसार वित्तीय संघीयताको मर्मअनुरूप उपलब्ध स्रोतको परिचालन र विन्यास गर्न सरकारले प्राथमिकता दिएको छ । राष्ट्रिय महत्त्व र राष्ट्रिय गौरवका आयोजनाहरू सङ्घले सञ्चालन गर्ने र अरू आयोजनाहरू प्रदेश वा स्थानीय तहबाट सञ्चालन गर्ने प्रबन्ध गर्नुपर्नेतर्फ सम्माननीय संसदमा माननीय सदस्यहरूले दिनुभएका सुझावहरूतर्फ सरकार सचेत रहेको कुरा म अनुरोध गर्न चाहन्छु । आगामी दिनमा वित्तीय संघीयतालाई थप व्यवस्थित पारदर्शी र परिणाममुखी बनाउने कुरामा सरकार थप क्रियाशील रहने कुरा म माननीय सदस्यहरूलाई अनुरोध गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, केही सार्वजनिक निकायहरू खारेज गर्न नहुनेबारेमा माननीय सदस्यहरूले गम्भीरतापूर्वक विषयलाई उठाउनुभएको छ । हालको सन्दर्भमा आवश्यक देखिएका काममा दोहोरोपन भएका संस्था, समिति र बोर्डहरूलाई एक आपसमा गाभ्ने, खारेज गर्ने तथा सञ्चालनमा संरचनागत सुधार गर्ने सरकारको नीति रहेको छ । हचुवाको भरमा कुनै कार्यालय, संस्था, समिति वा बोर्ड खारेज गर्ने भन्ने कुरा सरकारले गर्ने छैन । म यो प्रतिबद्धता सम्माननीय अध्यक्षज्यूमार्फत सदनसमक्ष निवेदन गर्न चाहन्छु । कुनै पनि सार्वजनिक निकायलाई खारेज वा पुनर्संरचना गर्नु पूर्व त्यसमा विभिन्न पक्षमा पर्याप्त अध्ययन, विश्लेषण गरेर आवश्यक निर्णय गरिने कुरा म सम्माननीय अध्यक्षमार्फत सदनलाई प्रष्ट पार्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, अन्तमा आर्थिक वर्ष ०८०/०८१ को बजेट तथा कार्यक्रममाथिको छलफलको क्रममा माननीय सदस्यजीहरूले राखुभएका धारणा, विचारका लागि माननीय सदस्यजीहरूलाई म पुनः सम्माननीय प्रधानमन्त्रीजीको तर्फबाट हार्दिक आभार र धन्यवाद व्यक्त गर्न चाहन्छु । धन्यवाद ।

**(१५:४९ बजे)** **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्यहरू, माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्ण बहादुर खड्काले आफ्नो र सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"को तर्फबाट दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित निकायको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न

पाउनुहुने बेहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यहरूलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय खिमलाल देवकोटा ।

(१५:४९ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय उपप्रधानमन्त्रीज्यूलाई मेरो ३/४ ओटा प्रश्न छोटो प्रश्न छ । सबभन्दा पहिलो नेपाल सरकारको मन्त्रिपरिषद्को मिति २०७९ असोज २८ को निर्णयबाट १५ बुँदे संघीयता कार्यान्वयनसम्बन्धी कार्ययोजना स्वीकृत गरेको थियो, तर त्यस कार्ययोजनालाई नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटसँग तादात्म्यता गरिएन, किन? पहिलो प्रश्न ।

दोस्रोः नीति तथा कार्यक्रमको बुँदा नम्बर ११ मानव विकासलगायतमा पछाडि परेका मधेस प्रदेश, कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेशलाई प्राथमिकता दिई बजेट विनियोजन गर्ने छ भनेर नीति तथा कार्यक्रममा आयो, तर यो पनि बजेटसँग जोडिएन । किनभने यो नीति तथा कार्यक्रम प्रधानमन्त्री कार्यालयले बनाउने भ'कोले यसमा पनि मैले उत्तर चाहन्छु ।

तेस्रोः प्रधानमन्त्रीकै अध्यक्षताको राष्ट्रिय समस्या समाधान समिति जुन हामी NDAC भन्छौं, त्यसको पछिल्लो बैठकले प्रदेश र स्थानीय तहलाई कार्यक्रमगत रूपमा भन्दा पनि विषयगत रूपमा योजनाहरू पठाउने भनेर निर्णय गरेको थियो । सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षताको आफैं निर्णय पनि किन कार्यान्वयन भएन? मेरो यो तेस्रो प्रश्न ।

र अन्तिम तपाईंकै रक्षामन्त्रालयसँग सम्बन्धित यो fast track चाहिँ कहिलेसम्म पूरा हुन्छ? हस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय डाक्टर विमला राई पौडयाल ।

(१५:५१ बजे) **माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, यहाँमार्फत म रक्षामन्त्रीज्यूलाई हार्दिक धन्यवाद र आभार दिन चाहन्छु । वहाँले धेरै कुराहरू प्रष्ट पारिदिनुभएको छ । रक्षा मन्त्रालयको एउटा महत्त्वपूर्ण र यो देशको नै गौरव हो नेपाली सेना भन्नेमा दुई मत छैन । तर केही concern हरू जुन राखिए । त्यसलाई थप प्रष्ट्याउनुपर्छ जस्तो मलाई लागेको छ । सङ्ख्याको हिसाबमा यहाँले प्रष्टसँग breakdown गरेरै राखिदिनुभा'को छ, त्यो भएर यहाँलाई थुप्रै धन्यवाद ।

मैले उठाउन खोजेको चाहिँ माओवादी युद्धअगाडि र समायोजनपछाडिको तुलना गर्दाखेरि एकदमै धेरै चाहिँ सङ्ख्या बढेको हो । त्यो बढेको सङ्ख्यामा पुनरावलोकन गर्नुपर्छ कि पर्दैन? भन्ने एउटा प्रश्न हो, किनभने हामी रूपान्तरण भएका छौँ । structure मा पनि संघीयतामा गएका छौँ । त्यसले गर्दाखेरि बढाउन पर्छ कि, घटाउन पर्छ कि, पुनरावलोकन गर्नुपर्छ कि भन्ने एउटा हो ।

अर्को सीमा सुरक्षाकोमा मेरो टिप्पणी भनेको अहिले पनि सीमा सुरक्षा गर्दा कि मधेसमा गोली खाएका छन् कि पहाडमा ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

(१५:५२ बजे) **माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूमार्फत माननीय उपप्रधानमन्त्रीज्यूलाई, रक्षामन्त्रीज्यूलाई मेरो प्रश्न ।

प्रधानमन्त्रीज्यूको अध्यक्षतामा रहेको राष्ट्रिय योजना आयोगको सुझाव र सिफारिस किन कार्यान्वयन भएन? यो मैले भनेको होइन । आयोगका पदाधिकारीले समितिमा अभिव्यक्त गरेको विचार हो । त्यस्तै गरेर वित्तीय संघीयता कार्यान्वयनसम्बन्धी महत्त्वपूर्ण वित्तीय आयोगको सिफारिस पनि कार्यान्वयन हुन्न । यो पनि आयोगले समितिमा गरेको विचार हो । राष्ट्रिय गौरवको आयोजनाको प्रभावकारी अनुगमन गर्न विगत सरकारले सुरु गरेको प्रधानमन्त्री कार्यालयभित्र रहेको गौरवको आयोजना अनुगमन गर्ने प्रविधि कक्ष किन प्रयोग हुँदैन? सुनिन्छ सो कक्ष माकुराले जालो बेरेको छ भनिन्छ । कुरा के हो? जान्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय भैरव सुन्दर श्रेष्ठ ।

(१५:५२ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, मैले अध्यक्षज्यूमार्फत प्रधानमन्त्रीज्यूको तर्फबाट बोल्नुहुने उपप्रधानमन्त्रीज्यूलाई मेरो प्रश्न । विगत केपी ओली नेतृत्व सरकारको पालमा यो राष्ट्रिय अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण विभागलाई प्रधानमन्त्रीको मातहतमा प्रधानमन्त्रीको कार्यालयमा लिइएकोबारेमा सदनमा हाम्रो यही सदनमा निकै ठूलो

व्यापक विरोध भयो । के भनियो भन्दाखेरि शक्ति केन्द्रीकृत गरेर निरङ्कुश शासन लाद्नका निम्ति यी विभागहरू लिगियो भनेर भनियो । अहिले यहाँहरू सत्तापक्षमा हुनुहुन्छ । हामीहरू प्रतिपक्षमा छौं । यहाँहरूले नै उठाको कुराहरू ती सम्पत्ति शुद्धीकरण, राजस्व विभाग र राष्ट्रिय अनुसन्धानलाई किन गृह मन्त्रालय, अर्थमन्त्रालय मातहत पठाइएन? म प्रश्न सोध्न चाहन्छु । धन्यवाद ।

(१५:५३ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री पूर्ण बहादुर खड्कालाई समय उपलब्ध गराउँछु ।

(१५:५४ बजे) <u>माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री पूर्ण बहादुर खड्काः-</u> सम्माननीय अध्यक्षज्यू, माननीय सदस्यज्यूहरू माननीय सदस्यज्यूहरूले दुई चारओटा थप जिज्ञासा राख्नुभएको छ । त्यसका सन्दर्भमा संघीयता कार्यान्वयनको सन्दर्भमा भएको निर्णयलाई कार्यान्वयन गर्ने कुरामा सरकार प्रतिबद्ध छ । मन्त्रिपरिषद्ले जुन निर्णय गऱ्या छ । त्यो निर्णयलाई अगाडि बढाउने कुरामा द्विविधा हुने प्रश्नै छैन । हामीले नै धेरै ठुलो मेहनत, वर्षौंको त्याग तपस्याबाट बनाएको संघीय लोकतान्त्रिक गणतन्त्र संविधानको परिकल्पना गरेका विषयहरूप्रति त्यो परिवर्तनको सम्पूर्ण अभियान्ताहरू जोडिएकाहरूले त्यसलाई नजरअन्दाज गर्न सक्ने विषय नै होइन । त्यसप्रति सरकार गम्भीर छ । अझै पनि गम्भीर रहेर कार्यान्वयन अगाडि लिएर जाने कुरामा प्रष्ट पार्न चाहन्छु ।

अब कर्णाली प्रदेश, मधेस प्रदेश र सुदूरपश्चिम बजेटका सन्दर्भमा मलाई लाग्छ अर्थमन्त्रीजीले बजेटका सन्दर्भमा दिँदा जवाफ दिनुभएको छ जस्तो लाग्छ मलाई । सम्बन्धित मन्त्रीजीहरू पनि प्रतिशतै उल्लेख गरेर दिनुभएको छ । र समग्रता मुलुकको बजेटको अहिलेको आकारअनुसार कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश र मधेस प्रदेश जो नीति र कार्यक्रममा प्राथमिकतामा रहने छ भन्ने आएको थियो । त्यसलाई समग्रता बजेटको समग्रतामा हेऱ्यो भने मलाई लाग्छ ती तीन प्रदेशहरू अग्रपङ्क्ति छन् भन्ने नै मलाई लाग्दछ । fast track विविध कारणले विशेष गरी कोरोनाको प्रभावको कारणले विशेष गरी भन्नुपर्छ, जुन हामीले त्यो fast track लाई अगाडि बढाउँदा जुन consultant हरू नियुक्ति गरेका थियौं । Korean consultant ले जिम्मा लिएको अवस्था छ । कोरोनाको बेलामा त्यो consultant गर्ने कामहरू पूरै स्थगित भएको अवस्था रह्यो । त्यसले गर्दा हामीले हाम्रो time frame लाई फेरि review गर्नुपर्ने बाध्यता भयो ।

अब त्यहीअनुसार अहिले सरकारले नेपाली सेनालाई जुन विश्वासका साथ fast track को निर्माण प्रक्रियालाई नेतृत्व गर्ने, समायोजन गर्ने, संयोजन गर्ने जिम्मेवारी जुन सेनालाई दिएको छ । त्यो आधारमा त्यो काम तीव्र गतिमा अगाडि बढाइएको छ र २०८३ चैत मसान्तभित्रमा fast track लाई सम्पन्न गर्ने गरी त्यसको पहिलाको चाहिँ जुन क्यालेन्डर थियो, त्यसलाई पुनः निर्धारण गरेर त्यसको अन्तिम रूप दिएको छ । त्योअनुसार काम अगाडि बढेको कुरा म माननीय सदस्यज्यूहरूलाई अनुरोध गर्न चाहन्छु ।

त्यसै गरी राष्ट्रिय योजना आयोगको सुझाव र सल्लाह त्यसको चाहिँ कार्यदिश त्यसको संरचनागत बन्दोबस्तअनुसार सरकारले राष्ट्रिय योजना आयोगको सुझाव र सल्लाह नलिने भन्ने प्रश्नै आउँदैन । कतिपय सन्दर्भ कहीँ छुटपुट भएका सन्दर्भमा त्यस्ता केही रहेछन् भने त्यो चाहिँ के छ भन्दा नेपाल सरकार राष्ट्रिय योजना आयोगसँगै बसेर काम गरिरहेको अवस्था छ । त्यसमा पनि कहीँ कतै सुधार्नुपर्ने, बढी ध्यान दिनुपर्ने विषय रहेछ भने त्यसतर्फ नेपाल सरकारको गम्भीर ध्यान जाने नै छ भन्ने कुरा म तपाईँहरूलाई विश्वास दिलाउन चाहन्छु, माननीय सदस्यज्यूहरूलाई सम्माननीय अध्यक्षज्यूमार्फत ।

त्यसै गरी विभिन्न निकायहरूलाई कहाँ कसरी परिचालन गर्दा त्यसको प्रभावकारिता त्यसको स्वायत्तता बढी कारगर हुन्छ, बढी परिणाममुखी हुन्छ भन्ने सन्दर्भमा विभिन्न सन्दर्भमा प्रश्नहरू उठ्छन् । छलफलहरू हुन्छन् । ती विषयहरूलाई वर्तमान सरकारले गम्भीरतापूर्वक लिएको छ । म सम्माननीय प्रधानमन्त्रीज्यूको तर्फबाट राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूमार्फत प्रष्ट पार्न चाहन्छु । त्यसप्रति वर्तमान सरकार सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डजीको नेतृत्वको सरकार ती कुराहरूलाई कारगर रूपमा प्रभावकारी रूपमा विभिन्न निकायहरूलाई सङ्घ संस्थाहरूलाई सञ्चालन गर्ने सन्दर्भमा कहाँ कसरी rearrange गर्ने अथवा निरन्तर अगाडि लिएर जाने भन्ने कुरामा गम्भीर रहेको कुरा म प्रष्ट पार्न चाहन्छु । र जहाँसम्म चाहिँ सेनाको सङ्ख्याको सन्दर्भ छ । मैले अघि सैद्धान्तिक पक्षको पनि निवेदन गरेँ । त्यसको ..... गरेँ । निश्चित रूपमा हामीले कुनै काल खण्डमा सेनाको सीमा सङ्ख्या हेर्‍यौँ भने ५२ सालको, ५४ सालको, ५६ सालको, ५८ सालको, ५९ सालको, ६० सालको यी सबै सन्दर्भ हेर्यौं भने त्यो आकडा हाम्रो अगाडि छ । यो कुनै चाहिँ के छ भन्दा यो लुक्ने छिप्ने विषय पनि छैन । मुलुकको नेपाली सेनाको सङ्ख्या म फेरि दोहोर्‍याएर भन्न चाहन्छु सम्माननीय अध्यक्ष महोदय, मुलुकको आवश्यकता, तत्कालीन परिस्थिति, मुलुकको राष्ट्रिय परिवेश, अन्तर्राष्ट्रिय परिवेश यी सबै कुराले निर्धारण गर्दै आएको र भविष्यमा पनि त्योबारेमा ती नै सिद्धान्त, ती नै आवश्यकता र ती नै कुरालाई अहिले लिएर हामीले हेर्ने हो । जहाँसम्म हाम्रो

नेपालमा अहिले रहेको ८१ हजारको जुन सेनाको सङ्ख्या छ । मैले आँकडासहित भनें । त्यो सेना पूर्ण रूपमा विभिन्न जिम्मेवारीमा सक्रिय रूपमा लागेको छ । सेनाको कतिपय सङ्ख्या चाहिँ विपत् व्यवस्थापनमा कतिपय शान्ति सेनामा, कतिपय निर्माण विकासका सन्दर्भमा हामीले अत्यन्त अप्ठ्यारा भिरहरू, ठुला ठुला पहराहरू छेडेर सडक बनाउने, सदरमुकाम जोड्ने सन्दर्भमा वर्षौंदेखि हामीले सामान्य ठेकेदारी पक्षबाट हुन नसक्ने कामहरूलाई त्यही नेपाली सेनाको सङ्ख्यामा भर परेर हामीले जिम्मेवारी दिएर सदरमुकामहरू जोडेर, कतिपय सेनाहरू आफ्नो जीवनलाई कुर्बानी गरेर ती सरकारले दिएका कामहरूलाई पूरा गर्दै आएको अवस्था छ । त्यसैले अहिलेको सन्दर्भमा नेपाली सेनाको जति सङ्ख्या छ । यो सङ्ख्याको उच्चतम उपयोग हामीले गरिरहेका छौं । विभिन्न सन्दर्भमा र यसको सांगठनिक स्वरूप हरूलाई अगाडि बढाएका छौं । सेनाको अधुनीकीकरणलाई हामीले अगाडि बढाउनु छ । अझ सेनाको प्रभावकारी परिचालनको आवश्यक बजेटको बन्दोबस्त गर्नु छ । थप बजेटको के भन्दा कतिपय सन्दर्भमा आवश्यकता छ । सेनालाई दिएको जिम्मेवारी पूरा गर्ने सन्दर्भमा कतिपय ठाउँमा सडकहरू निर्माण पूरा गर्ने सन्दर्भमा बजेटको कमीको, न्यूनताको कारणले त्यसको चाहिँ समयमा काम नभएको अवस्था छ । यी समग्रतामा हेर्दा म सम्माननीय अध्यक्षज्यूमार्फत अनुरोध गर्न चाहन्छु । सेनाको सङ्ख्यालाई हामीले अत्यन्त उपयोग तरिकाले मुलुकको हितमा, मुलुकको भौगोलिक अखण्डता, राष्ट्रिय हितमा, सीमा सुरक्षाको हितमा, मुलुकको विकास, उन्नति, प्रगति नेपाली जनताको समग्र हितमा हामीले प्रयोग गरिरहेका छौं । उपयोग गरिरहेका छौं । र यो अनुशासित र एउटा नेपाली जनताले विश्वास गरेको नेपालको गौरवको रूपमा संसारको परिचित सेनाको सङ्ख्यालाई हामीले उपयोग गर्ने प्रयोग गरेर अगाडि बढाएर लैजाने सन्दर्भ छ । अहिले सेनाको सङ्ख्यालाई घटाउने वा पुनरावलोकन गर्ने सन्दर्भमा नेपाल सरकारको थप नयाँ कुनै सोचाइ नभएको कुरा र यसलाई यही अभियानको रूपमा सेनाको उपयोग मुलुकको हितमा जनताको हितमा, मुलुकको विकास निर्माण, सुरक्षाको हितमा, सीमाना सुरक्षा, भौगोलिक अखण्डता, सम्पूर्ण समग्रतामा नेपालको हित र नेपाली जनताको हितमा उपयोग गर्ने कुरामा नेपाल सरकारको स्पष्ट दृष्टिकोण नीति रहेको कुरा म माननीय सदस्यजीहरूलाई सम्माननीय अध्यक्षज्यूमार्फत अनुरोध गर्दै आफ्ना कुराहरू, रक्षा मन्त्रालयका कुरा र सम्माननीय प्रधानमन्त्रीज्यूको तर्फबाट प्रधानमन्त्री कार्यालय, राष्ट्रपति कार्यालय योजना आयोगलगायतका विषयहरूमा सबै कुराहरूलाई प्रष्ट पार्ने कोसिस गरें । र पुनः सबै माननीय सदस्यहरूलाई छलफलमा सहभागी हुनुभो' छलफलपछिको जवाफपछिको प्रश्न गर्ने क्रममा पनि अत्यन्त सकारात्मक जिम्मेवारीपूर्वक सुझाव दिनुभो', केही सरकारको ध्यानाकर्षण गराउनुभो' ती सबै

कुराहरूको लागि आफ्ना तर्फबाट र सम्माननीय प्रधानमन्त्रीज्यूको तर्फबाट सम्माननीय अध्यक्षज्यूमार्फत हार्दिक आभार व्यक्त गर्दै म आफ्नो भनाइ टुङ्ग्याउँछु । धन्यवाद ।

(१६:०२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, रक्षा मन्त्रालयसहित राष्ट्रिय योजना आयोग प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, विनियोजन विधेयक, २०८० अन्तर्गत मन्त्रालयगत विभिन्न शीर्षकहरूमाथिको छलफल यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म विनियोजन विधेयक, २०८० अन्तर्गत मन्त्रालयगत विभिन्न शीर्षकहरूमाथि माननीय सदस्यले राख्नुभएको खर्च कटौतीका प्रस्तावहरूलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, सर्वप्रथम माननीय इन्दिरा देवी गौतमद्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत वन तथा वातावरण शीर्षकको खर्च रकम घटाई १ रुपियाँ कायम गरियोस् भनी राख्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु ।

(१६:०३ बजे) **माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- वातावरण मन्त्रालयअन्तर्गत विनियोजित रकमको खर्च कटौतीको प्रस्ताव गरेको थिएँ । म त्यो मेरो सम्बोधन नभएको हुँदा उक्त खर्च कटौती रकम फिर्ता लिन चाहन्नँ । हवस् त, धन्यवाद ।

(१६:०३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय इन्दिरा देवी गौतमले पेस गर्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनुभएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने माननीय सदस्यहरूको बहुमत भएकोले माननीय इन्दिरा देवी गौतमले राख्नुभएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय भगवती न्यौपानेद्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय शीर्षकको खर्च रकम घटाई १ रुपियाँ कायम गरियोस् भनी राख्नुभएको खर्च कटौतीका प्रस्तावहरू फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु ।

(१६:०४ बजे) <u>**माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**</u>:- सम्माननीय अध्यक्षज्यू, विषय संवेदनशील थियो । महिला, बालबालिका ज्येष्ठ नागरिक र अपाङ्गता र त्यस्तै कानुन निर्माणका सवाल तर मन्त्रीज्यू संवेदनशील बन्न सक्नुभएन । सम्बोधन गर्नुभएन । त्यसकारणले म मेरो प्रस्ताव फिर्ता लिन चाहन्नँ । धन्यवाद ।

(१६:०४ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय भगवती न्यौपानेले पेस गर्नुभएको खर्च कटौतीका प्रस्तावहरू फिर्ता लिन नचाहनुभएकोले उक्त खर्च कटौतीका प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने माननीय सदस्यहरूको बहुमत भएकोले माननीय भगवती न्यौपानेले राख्नुभएको उक्त खर्च कटौतीका प्रस्तावहरू बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय सोनाम गेल्जेन शेर्पाद्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत युवा तथा खेलकुद मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय शीर्षकको खर्चको रकमलाई घटाई १ रुपियाँ कायम गरियोस् भनी राख्नुभएको खर्च कटौतीको प्रस्तावहरू फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु ।

(१६:०५ बजे) **मानननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, मैले युवा तथा खेलकुद मन्त्रालयसम्बन्धी विधेयक शीर्षकहरूमाथि जुन किसिमको चाहिँ प्रस्ताव राखें । यो १ रुपियाँ कायम गरियोस् भनेर प्रस्ताव राखें । यो चाहिँ अलिकति संघीयता विरोधि पनि अलिकति यो systematic ढङ्गको बजेट विनियोजन नभा'को हुनाले मेरो प्रस्ताव चाहिँ फिर्ता लिन चाहन्नँ । धन्यवाद ।

(१६:०५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सोनाम गेल्जेन शेर्पाले पेस गर्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनुभएकोले उक्त खर्च कटौतीका प्रस्तावहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय सोनाम गेल्जेन शेर्पाले राख्नुभएको उक्त खर्च कटौतीका प्रस्तावहरू बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय सुमित्रा वि.सी. द्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत सहरी विकास मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई १ रुपियाँ कायम गरियोस् भनी राख्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु ।

(१६:०६ बजे) **माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, मैले यो सहरी विकास मन्त्रालयअन्तर्गतको खर्च कटौती गरी १ रुपियाँ कायम गरियोस् भनेर भन्या थिएँ । मेरो कुरोमा सम्बोधन नभ'को कारणले म यो खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहदिनँ । धन्यवाद ।

(१६:०६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय नरपति लुवारको तर्फबाट माननीय सुमित्रा वि.सी.ले प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत "उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्" भनी राख्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु ।

(१६:०७ बजे) **माननीय श्री सुमित्रा वि.सी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, मैले यो उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको, मन्त्रालयअन्तर्गतको विनियोजित विधेयकमा माननीय नरपति लुवारको तर्फबाट खर्च कटौती गरी एक रुपैयाँ कायम गरियोस् भन्ने प्रस्ताव राखेको थिएँ । यसको पनि हाम्रो उद्देश्यअनुसार नभएको कारणले म फिर्ता लिन चाहन्न । हवस्त, धन्यवाद ।

(१६:०८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय नरपति लुवारको तर्फबाट माननीय सुमित्रा वि.सी.ले पेस गर्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनुभएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय नरपति लुवारको तर्फबाट माननीय सुमित्रा वि.सी.ले राख्नुभएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय गोपाल भट्टराईद्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत "भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय शीर्षकको खर्च

रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्" भनी राख्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु ।

(१६:०९ बजे) **मानननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, मैले यो प्रस्ताव सङ्गीतासम्बन्धी स्थानीय तहमा जानुपर्ने अधिकारहरू कटौती भएका छन् । त्यसको प्रयास Process गरिएन भनेर राखेको थिए । त्यसको कुनै जवाफ आएन त्यो भएर म फिर्ता लिन्न । धन्यवाद ।

(१६:०९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय गोपाल भट्टराईले पेस गर्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनुभएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय गोपाल भट्टराईले राख्नुभएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय रामचन्द्र राईद्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत "भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्" भनी राख्नुभएको खर्च कटौतीका प्रस्तावहरू फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु ।

(१६:१० बजे) **माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, भौतिक पूर्वाधार मन्त्रालयले प्रस्तुत गरेको विनियोजन विधेयक सन्तुलित छैन । समन्यायिक छैन भनेर यसलाई एक रुपैयाँ गरियोस् भनेर खर्च कटौतीको प्रस्ताव राखेको थिए ।

यसलाई यो सन्दर्भलाई सम्बोधन नभएको र कुनै पनि खालको अर्को सुधार नभएकोले मेरो खर्च कटौतीको प्रस्ताव यथावत छ । धन्यवाद ।

(१६:१० बजे) **सम्माननीय अध्यक्षः**- माननीय रामचन्द्र राईले पेस गर्नुभएको खर्च कटौतीका प्रस्तावहरू फिर्ता लिन नचाहनुभएकोले उक्त खर्च कटौतीका प्रस्तावहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय रामचन्द्र राईले राख्नुभएको उक्त खर्च कटौतीका प्रस्तावहरू बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय शारदा देवी भट्टद्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत "सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्" भनी राख्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु ।

(१६:११ बजे) **माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)ः**- सम्माननीय अध्यक्ष महोदय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत ०८० को लागि मैले गरेको खर्च कटौतीको प्रस्ताव सही र समय सापेक्षिक हुँदा खर्च कटौतीको प्रस्ताव, उक्त प्रस्ताव म फिर्ता लिन चाहन्न । धन्यवाद ।

(१६:१२ बजे) **सम्माननीय अध्यक्षः**- माननीय शारदा देवी भट्टले पेस गर्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनुभएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय शारदा देवी भट्टले राख्नुभएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय दिल कुमारी रावल थापा "पार्वती"द्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत "स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र गृह मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्" भनी राख्नुभएको खर्च कटौतीका प्रस्तावहरू फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु ।

(१६:१२ बजे) **माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, स्वास्थ्य मन्त्रालय र गृह मन्त्रालयको विनियोजन शीर्षकको खर्च कटौतीको प्रस्ताव फिर्ता नलिने जानकारी गराउँछु । धन्यवाद ।

(१६:१२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय दिल कुमारी रावल थापा "पार्वती"ले पेस गर्नुभएको खर्च कटौतीका प्रस्तावहरू फिर्ता लिन नचाहनुभएकोले उक्त खर्च कटौतीका प्रस्तावहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय दिल कुमारी रावल थापा "पार्वती"ले राख्नुभएको उक्त खर्च कटौतीका प्रस्तावहरू बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय भैरव सुन्दर श्रेष्ठद्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत "उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्" भनी राख्नुभएको खर्च कटौतीका प्रस्तावहरू फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु ।

(१६:१३ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, मैले यो ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, त्यसै गरेर राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालयका विनियोजन शीर्षकहरूमाथि जुन प्रस्तावहरू राखेको थिएँ । त्यो प्रस्तावहरूमा हाम्रो कुराहरू सम्बोधन नभएको कारणले मैले आफ्नो खर्च कटौतीको प्रस्ताव यथावत राख्न चाहन्छु । धन्यवाद ।

(१६:१४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय भैरव सुन्दर श्रेष्ठले पेस गर्नुभएको खर्च कटौतीका प्रस्तावहरू फिर्ता लिन नचाहनुभएकोले उक्त कटौतीका प्रस्तावहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय भैरव सुन्दर श्रेष्ठले राख्नुभएको उक्त खर्च कटौतीका प्रस्तावहरू बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

मानननीय सदस्यहरू, अब म माननीय विमला घिमिरेद्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत "खानेपानी मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्" भनी राख्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु ।

(१६:१४ बजे) **माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्मानननीय अध्यक्षज्यू, आर्थिक वर्ष २०८०/०८१ मा खानेपानी मन्त्रालयको विनियोजित बजेट हेर्दा दिगो विकासका लक्ष्यअनुसार जनतालाई शुद्ध खानेपानी आपूर्ति गर्न नसक्ने खालको भएको र यस विषयमा सम्मानित सदनमा माननीय मन्त्रीज्यूले दिनुभएको जवाफसमेत चित्तबुझ्दो नभएकोले मेरो खर्च कटौतीको प्रस्ताव फिर्ता नगर्ने जानकारी गराउँदछु । धन्यवाद ।

(१६:१५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय विमला घिमिरेले पेस गर्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनुभएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय विमला घिमिरेले राख्नुभएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

मानननीय सदस्यहरू, अब म माननीय डाक्टर विमला राई पौड्यालद्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत "अर्थ मन्त्रालय र रक्षा मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्" भनी राख्नुभएको खर्च कटौतीका प्रस्तावहरू फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु ।

मानननीय सदस्यहरू, माननीय डाक्टर विमला राई पौड्याल अनुपस्थित हुनुभएकोले यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय डाक्टर विमला राई पौड्यालले राख्नुभएको उक्त खर्च कटौतीका प्रस्तावहरू बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय दीपा गुरुङद्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत "श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्" भनी राख्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु ।

(१६:१७ बजे) **माननीय श्री दीपा गुरुङ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले विनियोजन गरेको विधेयकमा विनियोजन गरेको रकममा सम्पूर्ण रकम घटाई रु. १ रुपैयाँ कायम गरियोस् भन्ने प्रस्ताव उचित जवाफ नआएकोले फिर्ता लिन चाहन्न । धन्यवाद ।

(१६:१७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय दीपा गुरुङले पेस गर्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनुभएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय दीपा गुरुङले राख्नुभएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय ईन्दु कडरियाद्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्" भनी राख्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु ।

(१६:१८ बजे) **<u>माननीय श्री ईन्दु कडरिया (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत विनियोजन विधेयकको खर्च घटाई एक रुपैयाँ कायम गरियोस् भनी आफुले पेस गरेको प्रस्तावको मन्त्रीज्यूबाट चित्त बुझ्दो जवाफ नआएकोले म यो प्रस्ताव फिर्ता नलिने घोषणा गर्दछु । धन्यवाद ।

(१६:१८ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय ईन्दु कडरियाले पेस गर्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनुभएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय ईन्दु कडरियाले राख्नुभएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय कुमार दसौदीद्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत "कृषि तथा पशुपन्छी मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ

कायम गरियोस्" भनी राखुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु ।

(१६:१९ बजे) **मानननीय श्री कुमार दसौदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत खर्च कटौतीको प्रस्ताव फिर्ता नलिने बेहोरा जानकारी गराउदँछु । धन्यवाद ।

(१६:१९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय कुमार दसौदीले पेस गर्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनुभएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय कुमार दसौदीले राखुभएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विनियोजन विधेयक, २०८०" को दफा २ देखि १० सम्म र सोसँग सम्बन्धित अनुसूची १ र २ "विनियोजन विधेयक, २०८० को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको दफा २ देखि १० सम्म र सोसँग सम्बन्धित अनुसूची १ र २ बहुमतले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विनियोजन विधेयक, २०८०" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**<u>प्रस्तावना</u>:** आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यको लागि सङ्घीय सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस ऐनको नाम "विनियोजन ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन सम्वत् २०८० साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विनियोजन विधेयक, २०८० को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको प्रस्ताव र नाम बहुमतले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विनियोजन विधेयक, २०८०" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विनियोजन विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१६:२१ बजे) **माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विनियोजन विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्ताव यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

(१६:२२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विनियोजन विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विनियोजन विधेयक, २०८०" बहुमतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक आजै १३ मिनेटपछि बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक आजै १३ मिनेटपछि बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १६:२२ बजे ।**